हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com


सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।


राष्ट्रिय संस्करण | विचार: युगपुरुषको शासकीय कौशल | अन्तर्राष्ट्रिय फुटबलबाट बेल र लोरिसको सन्न्यास २४




वर्ष १२२ | अङ्क २४० | २०७९ साल पुस २७ गते बुधवार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४३ पोहेलागा ४ | 2023 January 11 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ





# एकता
# उत्कृष्टताको लागि

कुल सम्पत्ति
रु. ४७१ अर्ब+

कुल पूँजी
रु. ५८ अर्ब+

कुल निक्षेप
रु. ३६० अर्ब+

कुल कर्जा
रु. ३१९ अर्ब+

शाखा सञ्जाल
१९६ वटा

एक्सटेन्सन काउन्टर
५९ वटा

ए.टी.एम.
१७९ वटा

ग्राहक संख्या
३० लाख

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समृद्धिको पथमा सँगै अघि बढ्दै

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

राष्ट्रिय संस्करण | विचार | युगपुरुषको शासकीय कौशल | अन्तर्राष्ट्रिय फुटबलबाट बेल र लोरिसको सन्न्यास २४

वर्ष १२२ | अङ्क २४० | २०७९ साल पुस २७ गते बुधवार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४३ पोहेलागा ४ | 2023 January 11 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ



# मनमोहनपछि 'प्रचण्ड'लाई ऐतिहासिक समर्थन

**नारायण काफ्ले**
*काठमाडौँ, पुस २६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधि सभामा अत्यधिक समर्थनसाथ विश्वासको मत पाउनुभएको छ। २७५ सदस्यीय प्रतिनिधि सभामा प्रधानमन्त्री 'प्रचण्ड'ले २६८ मत पाउनुभयो। प्रधानमन्त्रीको विपक्षमा दुई साना दलका तर्फबाट दुई मत मात्र पऱ्यो।

'प्रचण्ड'लाई सदनको दोस्रो ऐतिहासिक समर्थन हो। यसअघि नेकपा (एमाले)का तर्फबाट तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सदनमा रहेको उपस्थितिको शतप्रतिशत मत पाउनुभएको थियो। अधिकारीले २०५१ पुस ७ गते प्रतिनिधि सभामा भएको मतदानमा १९८ मत पाउनुभएको थियो। २०५ सदस्यीय तत्कालीन प्रतिनिधि सभामा मतदानमा उपस्थित सबै सदस्यको मत अधिकारीले पाउनुभएको थियो। सभाध्यक्षबाहेक उक्त मतदानका क्रममा छ सदस्य अनुपस्थित भएको प्रतिनिधि सभाद्वारा प्रकाशित संसदीय विवरण पुस्तिकामा उल्लेख छ।

२०५१ सालको राजनीतिक कालखण्डपछि उक्त ऐतिहासिक मत कुनै पनि प्रधानमन्त्रीले पाएका छैनन्। २८ वर्षपछि प्रधानमन्त्री प्रचण्डले सदनमा उपस्थित दुई जनाबाहेक सबैको मत पाउनुभएको हो। 'प्रचण्ड'लाई आफ्नो दल नेकपा (माओवादी केन्द्र)बाहेक सदनका सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहित नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी दलले विश्वासको मत दिएका छन्। यस्तै प्रतिनिधि सभाका स्वतन्त्र सांसद अमरेशकुमार सिंह, योगेन्द्र मण्डल, लालवीर चौधरी र प्रभु साहले पनि प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिनुभएको छ।

प्रतिनिधि सभामा कांग्रेसका ८९, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका तीन सदस्य छन्। जसमध्ये कांग्रेसबाहेकका अन्य दलका सबै सदस्य उपस्थित थिए। नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले भने विपक्षमा मत दिनुभयो। कांग्रेस, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले भने प्रधानमन्त्रीको समर्थनमा विश्वासको मत दिए पनि सरकारमा सामेल नहुने संसद्बाटै घोषणा गरेका छन्। यसअघि पनि केही साना दलले संसद्बाट प्रधानमन्त्री चुन्ने क्रममा पक्षमा मत दिए पनि सरकारमा सहभागी भएका थिएनन्।

मतदानका क्रममा नेपाली कांग्रेसका तीन सदस्य भने अनुपस्थित हुनुभएको छ। अम्बिका बस्नेत, किशोरसिंह राठौर र मनोरमा शेरचन मतदानमा अनुपस्थित हुनुभएको हो। भ्रष्टाचार मुद्दामा निलम्बनमा परेका कारण कांग्रेसका टेकबहादुर गुरुङको मताधिकार छैन। सभाध्यक्षको भूमिकामा रहनुभएका ज्येष्ठ सदस्यले मताधिकार प्रयोग गर्न पाउनुहुन्न।

### राष्ट्रिय सहमतिको विकल्प छैन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय सहमतिको विकल्प नभएको बताउनुभएको छ। मङ्गलबार प्रतिनिधि सभामा दलहरूसँग विश्वासको मत माग्दै उहाँले भन्नुभयो, "राष्ट्रका आधारभूत विषयमा म राष्ट्रिय सहमतिको विकल्प देख्दिनँ।"

प्रधानमन्त्री 'प्रचण्ड'ले निषेध, अपमान र प्रतिशोध नभई, सहमति, सहकार्य र आपसी विश्वासको राजनीतिलाई अघि बढाउन प्रतिबद्ध रहेको बताउनुभयो। देशमा वामपन्थी र लोकतान्त्रिक शक्ति मिलेर नै परिवर्तन भएको भन्दै उहाँले भन्नुभयो, "१०४ वर्ष लामो राणा शासन होस् वा ३० वर्ष लामो पञ्चायती निरङ्कुशता, वाम–लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो। राष्ट्रिय सङ्कटका संवेदनशील क्षणहरूमा पनि वामपन्थी र लोकतान्त्रिक शक्ति एकै ठाउँमा उभिएका छौँ। हामी मिल्दा देश अगाडि गएको छ, नमिल्दा सङ्कटतिर।"

विस्तृत शान्ति सम्झौता, १२ बुँदे समझदारी, संविधान सभा र सङ्घीय लोकतान्त्रिक गणतन्त्र पनि सहकार्यकै परिणाम भएको प्रधानमन्त्री 'प्रचण्ड'ले बताउनुभयो। उहाँका अनुसार देशको कायापलट गर्ने हो भने लगभग ६० खर्ब विकास खर्च जुटाउनुपर्छ। त्यसका लागि पनि विश्वासपूर्ण सहकार्य जरुरी छ। राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, प्रमुख आर्थिक विषय एवं रणनीतिक पूर्वाधारलगायतका विषयमा राष्ट्रिय सहमतिको विकल्प छैन।

उहाँले भन्नुभयो, "निरपेक्ष गरिबीमा रहेका झन्डै ५० लाख नेपालीलाई त्यहाँबाट निकाल्न, लाखौँ युवालाई विदेशबाट फर्काएर स्वदेशमै आत्मसम्मानको जीवन दिन पनि हामीबीच सहकार्य हुनैपर्छ। अब पहुँच होइन, विधिको शासन सुरु गर्नु छ।"

सरकारलाई समर्थन गरेका दलहरूबीच बनेको न्यूनतम साझा कार्यक्रम सरकार सञ्चालनको एउटा आधार बनेको प्रधानमन्त्रीले बताउनुभयो। सो अवसरमा प्रधानमन्त्री प्रचण्डले "भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सरल र सहज सार्वजनिक सेवाको प्रत्याभूति, सरकारी सेवामा 'टाइम कार्ड' र अनलाइन प्रणाली पनि सरकारका प्राथमिकता हुनेछन्," भन्नुभयो।

- २०५१ सालमा मनमोहन अधिकारीले सदनमा उपस्थित सदस्यको शतप्रतिशत मत पाउनुभएको थियो । २८ वर्षपछि प्रधानमन्त्री प्रचण्डले उपस्थितमध्ये दुई जनाबाहेक सबै सदस्यको मत पाउनुभयो ।
- १०४ वर्ष लामो राणा शासन होस् वा ३० वर्ष लामो पञ्चायती निरङ्कुशता वाम-लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो ।
- प्रतिनिधि सभामा कांग्रेसका ८९, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका तीन सदस्य छन् ।



तस्बिर : सुजन गुरुङ

## सभामुखको निर्वाचन माघ ५ गते

**इश्वरचन्द्र झा**
*काठमाडौँ, पुस २६ गते*

प्रतिनिधि सभाका सभामुखको निर्वाचन माघ ५ गते हुने भएको छ। प्रतिनिधि सभाको मङ्गलबार बसेको बैठकमा ज्येष्ठ सदस्य पशुपतिशमशेर राणाले माघ ५ गते सभामुखको निर्वाचन गर्ने मिति तोक्नुभएको हो।

प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सभाको पहिलो बैठक पुस २५ गते बसेको थियो। बैठकको निर्देशनअनुसार अब सचिवालयका महासचिव डा. भरतराज गौतमले चुनावी कार्यतालिका प्रकाशन गर्नुहुनेछ। माघ ३ गते निर्वाचन कार्यतालिका प्रकाशन गर्न बैठकले नै निर्देशन दिएको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले माघ ३ गते सभामुखको निर्वाचनसम्बन्धी कार्यक्रम सार्वजनिक हुने बताउनुभयो। उहाँले भन्नुभयो, "माघ ४

» बाँकी पृष्ठ २ मा

## कांग्रेस विश्वासको मत दिएर प्रतिपक्ष

**अशोक अधिकारी**
*काठमाडौँ, पुस २६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच सोमबार साँझ भएको भेटवार्ताले नेपाली राजनीति नयाँ मोडतर्फ अघि बढेको छ। प्रधानमन्त्री 'प्रचण्ड'को अनुरोधअनुरूप पार्टीभित्र फरक मत हुँदाहुँदै पनि सभापति देउवाले संसद्मा विश्वासको मत दिने निर्णय गराउनुभएको हो।

यससँगै प्रधानमन्त्री 'प्रचण्ड' र कांग्रेस सभापति देउवाबीच पुस १० गते पाँचदलीय गठबन्धन टुटेपछि बढेको अविश्वासको पनि अन्त्य भएको छ। कांग्रेस पदाधिकारीबीच मङ्गलबार बिहान भएको छलफलमा विश्वासको मत दिने विषयमा सहमति जुट्न नसकेपछि केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा सभापति देउवाले प्रधानमन्त्री 'प्रचण्ड'लाई विश्वासको मत दिने प्रस्ताव गर्नुभयो। बैठकबाट उहाँको प्रस्ताव पारित भएपछि कांग्रेस संसदीय दलको बैठकबाट अनुमोदन गरिएको थियो। सभापति देउवाको प्रस्तावमा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री प्रकाशमान सिंह, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसी र केन्द्रीय सदस्य प्रदीप पौडेलले फरक मत राख्नुभएको छ।

महामन्त्री शर्माले भन्नुभयो, "पार्टीभित्र फरक मत, निर्णय कार्यान्वयनमा एकरूपता, कांग्रेस संसदीय दलबाट अनुमोदन भएको प्रस्ताव संसद्मा विश्वासको मत दिएर कार्यान्वयन भयो।"

### प्रमुख प्रतिपक्षी कांग्रेस

उपसभापति पूर्णबहादुर खड्काले समग्र मुलुकको परिस्थिति मूल्याङ्कन गर्दै नेपाली कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "२०५१ सालमा पनि मनमोहन अधिकारीलाई विश्वासको मत दिएर नेपाली कांग्रेस प्रतिपक्षमा बसेको थियो। अहिले पनि प्रमुख प्रतिपक्षको भूमिका सुरक्षित छ भनेर बोलेरै भोट हालेका छौँ।"

खड्काले विश्वासको मत दिन कुनै सम्झौता नगरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले यो विशेष निर्णय गरेका हौँ। तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीलाई पनि त्यतिबेला मुलुकको विशिष्ट परिस्थितिलाई ध्यानमा राखेर विश्वासको मत दिएका थियौँ। अहिले पनि विशिष्ट परिस्थितिलाई बुझेर विश्वासको मत दिएका छौँ।"

उपसभापति खड्काले विश्वासको मत दिनु यो सरकार जोगिने र नजोगिनेसँग सम्बन्धित नरहेको बताउनुभयो। उहाँले नेपाली कांग्रेसले चुनावी अभियानका दौरानमा गरेका प्रतिबद्धताअनुरूप विश्वासको मत दिएको बताउनुभयो। उहाँले अहिले मुलुकको परिस्थितिको विश्लेषण गरेरै कांग्रेस यो निर्णयमा पुगेको पनि प्रस्ट पार्नुभयो। उहाँले मुलुकको आर्थिक अवस्था, मुलुकको जटिलता, संविधान र लोकतन्त्रको रक्षा, स्थिरता, शान्ति प्रक्रियालाई पूर्णता दिन जनतामाझ गरेका प्रतिबद्धता पूरा गर्न यो विशेष निर्णय भएको बताउनुभयो।

### प्रतिपक्षविहीन हो ?

प्रमुख प्रतिपक्षका रूपमा सदनमा बस्दै आएको नेपाली कांग्रेसले पनि विश्वासको मतको पक्षमा भाग लिएपछि संसद् प्रतिपक्षविहीन भएको बहस चलेको छ। विश्वासको मत दिएपछि नैतिक रूपमा प्रतिपक्ष भन्न नमिल्ने तर्क कतिपयले गरेका छन् तर संवैधानिक र कानुनी रूपमा भने स्पष्ट व्यवस्था छैन। राष्ट्रिय जनमोर्चा र नेमकिपाबाहेक अन्य दल सत्तापक्ष कि प्रतिपक्ष भन्ने बहस सतहमा आएको छ।

सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिकसम्बन्धी ऐनले सरकार गठनका क्रममा समर्थन गरेका बाहेकका दलका नेतालाई विपक्षी दलको नेतामा परिभाषित गरेको छ। विपक्षी दलको नेताको परिभाषामा 'मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलबाहेक प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दस प्रतिशत वा सोभन्दा बढी सदस्य भएका दलहरूमध्ये सबैभन्दा बढी सदस्य भएको दल' उल्लेख छ तर अन्य कानुनमा विश्वासको मत दिएमा प्रतिपक्षमा बस्न मिल्ने वा नमिल्ने भन्ने कुनै स्पष्ट व्यवस्था छैन।

- सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिकसम्बन्धी ऐनले सरकार गठनका क्रममा समर्थन गरेका बाहेक दलका नेतालाई विपक्षी दलको नेतामा परिभाषित गरेको छ ।

## हुलाकी सडक निर्माण अवरुद्ध

**भउचप्रसाद यादव**
*काठमाडौँ, पुस २६ गते*

वन तथा निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा हुलाकी सडक आयोजनाको काम अवरोध हुने भएको छ। हुलाकी सडक निर्देशनालयका अनुसार वन तथा निकुञ्जमा पर्ने २५० किलोमिटर सडकखण्डमा आयोजनाको काम अगाडि बढ्न सकेको छैन।

सो क्षेत्रमा आयोजनाको काम अगाडि बढ्न नसक्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न नहुने देखिएको छ। सडकमार्फत कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी तराई/मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्यसहित सरकारले हुलाकी राजमार्गलाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेर काम अगाडि बढाएको हो।

वन र निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा तथा केही वर्षयता कोभिड-१९ को महामारीका कारण निर्धारित समयमा काम सम्पन्न हुन नसक्ने देखिएको हुलाकी सडक निर्देशनालयको भनाइ छ। निर्देशनालयका प्रमुख धर्मेन्द्र झाले सम्बन्धित निकायले काम गर्ने अनुमति नदिँदा आयोजनाको काम अपेक्षित रूपमा अगाडि बढ्न नसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "काम गर्न अनुमति नपाउँदा वन तथा निकुञ्ज क्षेत्रको २५० किलोमिटर क्षेत्रमा काम अगाडि बढाउन सकिएको छैन। जसले गर्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न नहुने देखिएको छ।"

पटकपटक आग्रह गर्दा पनि वन तथा निकुञ्ज क्षेत्रमा काम गर्न अनुमति पाउन नसकेको उहाँको भनाइ छ। सरकारले आर्थिक वर्ष २०७९/८० सम्ममा यस राजमार्गको निर्माण कार्य सम्पन्न गर्ने निर्धारित समय तय गरेको छ। अब आर्थिक वर्ष २०८२/८३ सम्म आयोजनाको म्याद थप गरी सो अवधिमा काम सम्पन्न गरिने उहाँको भनाइ छ। आयोजनाको अहिलेसम्मको भौतिक प्रगति ८२.५ प्रतिशत छ।

» बाँकी पृष्ठ २ मा




# अनुदानका चुला भए बेवारिसे

सिमकोट गाउँपालिकाभित्र छनोटमा परेका सबै घरधुरीले चुलो पाएको भर्पाईसमेत कार्यालयमा पेस गरेका कारण सेवाग्राहीले चुलो पाएको विश्वासमा थियौँ । अब हामी यसको खोजी गर्छौं ।

**राजन रावत**
*हुम्ला, पुस २६ गते*

सिमकोटका बासिन्दाका लागि निःशुल्क उपलब्ध गराउन ल्याइएका ३५७ वटा सुधारिएका चुला नौ महिनादेखि खार्पुनाथमा बेवारिसे बनेका छन् । गत वैशाखमा ती चुलालाई सलिसल्लाबाट खच्चडमा ढुवानी गरिएको थियो । ढुवानीको जिम्मा पाएको कम्पनीले खार्पुनाथ गाउँपालिकामा थन्क्याइदिएपछि ती चुला बेवारिसे बनेका हुन्।

खार्पुनाथ गाउँपालिकाकी कार्यपालिका सदस्य जसमती शाहीले सिमकोट गाउँपालिकाका लागि ल्याइएका चुला आफ्नो घरछेउमा बेवारिसे अवस्थामा राखिएको बताउनुभयो । "गत वैशाखमा ती ल्याइएका थिए । ती कसका लागि ल्याइएका हुन् भन्ने थाहा हुन सकेको छैन," उहाँले भन्नुभयो।

तीमध्ये ११७ थान खार्पुमा त्यत्तिकै मिल्काइएको छ भने २४० थाना ट्याक्टरमालिक कुल रावतले सिमकोट लगेको भए पनि हालसम्म कसैलाई दिनुभएको छैन। उहाँले ती चुलो खार्पुबाट ट्याक्टरमा राखी सिमकोट ल्याउनुभएको थियो। ती चुला आफ्नो घरमा राख्नुभएको छ।

उहाँले ती चुला ढुवानी गर्दाको भाडा र आफ्नो घरमा सुरक्षित राख्दाको घरभाडा नपाएको गुनासो गर्दै भन्नुभयो, "जबसम्म ढुवानी भाडा र घरभाडा हात पर्दैन, तबसम्म चुला कसैलाई पनि दिइँदैन।"

चुलामा 'नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा लक्षित वर्गमा वितरण' भनी लेखिएको छ । चुला सिमकोट गाउँपालिकाका लक्षित वर्गका लागि ल्याइएको भए पनि कुन वडा वा बस्तीका लागि ल्याइएका हुन् भन्ने यकिन भएको छैन । उता खार्पुमा खुला आकाशमुनि बेवारिसे बनाइएका चुला घामपानीका कारण खिया लागिसकेका छन्।



तस्बिर : राजन रावत

**खार्पुमा बेवारिसे रहेका सुधारिएका चुला ।**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक रणबहादुर थापाले गत आर्थिक वर्ष २०७७/७८ मा सिमकोट गाउँपालिकाका लागि छनोट भएका घरधुरीका लागि टेन्डर प्रक्रियाद्वारा छनोट गरी ती चुला खरिद गरिएको बताउनुभयो । उहाँका अनुसार सिमकोटसम्म पुऱ्याउन जिम्मा लिएको कम्पनीले लक्षित वर्गलाई वितरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

उहाँले प्रतिचुलो आठ हजार पाँच सयका दरले एक हजार ११६ घरधुरीका लागि वितरणको जिम्मा गाल्भा निर्माण सेवासँग सम्झौता भएको जानकारी दिनुभयो । अझै ७५९ चुलाको अत्तोपत्तो छैन। सो कार्यक्रमका लागि केन्द्रले ९४ लाख ९४ हजार पाँच सय रुपियाँ लगानी गरेको छ । "सिमकोट गाउँपालिकाका छनोट भएका सबै घरधुरीले चुला पाएको भर्पाईसमेत कार्यालयमा पेस भएकाले सेवाग्राहीले चुलो पाएको विश्वासमा थियौँ," उहाँले भन्नुभयो, "अब हामी यसको खोजी कार्य थाल्नेछौँ।"

सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले सोबारे सुरुमा आफूलाई केही पनि थाहा नभएको र धेरैले जिज्ञासा राख्न आएपछि फाइल खोज्ने क्रममा ती चुला वितरण कार्य सम्पन्न भइसकेको थाहा पाएको बताउनुभयो। "दुई वर्षअघि नै पाइसक्नुपर्ने चुला अझैसम्म कसैले पनि पाएको देखिएन। अब यसको छानबिन सुरु गर्छौं।"

खरिद तथा ढुवानीको जिम्मा पाएको गाल्भा निर्माण सेवाका प्रतिनिधि कृष्ण केसीले भौगोलिक विकटता र हिमपातका कारण सबै चुला हुम्लामा पुऱ्याउन नपाएको तर्क गर्दै विस्तृत कुरा गाउँपालिकाको कार्यालयमा गएर बुझ्न भन्नुभयो।

# 'आधुनिक राष्ट्र निर्माण इतिहासको विशिष्ट अध्याय'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २७ गते*

राष्ट्रपति विद्यादेवी भण्डारीले साना राज्यहरूको एकीकरणबाट आधुनिक राष्ट्रको निर्माण हुनु इतिहासको विशिष्ट एवं गौरवपूर्ण अध्याय भएको बताउनुभएको छ।

पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस २०७९ को अवसरमा शुभकामना सन्देश दिनुहुँदै राष्ट्रपति भण्डारीले एकीकरणले तयार गरेको आधारभूमिमा उभिएर सार्वभौम, स्वतन्त्र, समावेशी, लोकतान्त्रिक गणतन्त्र नेपालसम्मको यात्रा तय गर्न सफल भएको बताउनुभयो। उहाँले जारी गर्नुभएको शुभकामना सन्देशमा भनिएको छ, "तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले सुरु गरेको नेपाल निर्माणको अभियानलाई पुर्खाले अगाडि बढाएको हुनाले स्वतन्त्र र सार्वभौम अस्तित्व कायम रहेको ऐतिहासिक यथार्थलाई सबैले आत्मसात् गर्नुपर्दछ।"

हालका उपलब्धिहरूमा गौरवबोध गरिरहँदा इतिहासमा पूर्वजहरूले गरेका त्याग र बलिदानप्रति सम्मान व्यक्त गर्नुपर्ने पनि राष्ट्रपति भण्डारीले बताउनुभयो। "लामो इतिहासको कालखण्डमा घटेका घटनालाई उही समयको सापेक्षतामा परिशीलन गर्दै तिनका सकारात्मक पक्षबाट आजको पुस्तालाई प्राप्त हुने मार्गदर्शन ग्रहण गर्नु मानव सभ्यताको शाश्वत अभ्यास हो," सन्देशमा भनिएको छ, "आफ्नो इतिहासका उपलब्धिप्रति कृतज्ञ हुने समाजले मात्र आफू र आफ्ना सन्ततिमाथि न्याय गर्न सक्दछ भन्ने सत्यलाई हामी सबैले मनन गर्नुपर्दछ।"

एकता दिवसबाट सुदृढ देशभक्तिको भावनामा एउटा बलियो आयाम थप्न योगदान मिल्ने आफूले विश्वास लिएको पनि भण्डारीले बताउनुभयो। तत्कालीन समयमा पृथ्वीनारायण शाहले दिएका उपदेश वर्तमान सन्दर्भमा पनि उत्तिकै मननीय रहेको बताउँदै उहाँले सन्देशमा भन्नुभएको छ, "स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न, जनतालाई अधिकारसम्पन्न बनाई राज्यसँग अपनत्वको भाव कायम राख्न तथा कुशल परराष्ट्र सम्बन्ध सञ्चालन गर्न समेतका बहुआयामिक क्षेत्रमा हामीले पृथ्वीनारायण शाहका उपदेशलाई सर्वकालिक सन्दर्भ सामग्रीका रूपमा लिन सक्दछौँ।"

# कांग्रेस बैठक सर्‍यो

**गोरखापत्र समाचारदाता**
*ललितपुर, पुस २६ गते*

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक माघ १५ गते बस्ने भएको छ। यही पुस २८ गते बिहीबार अपराह्न १ बजेका लागि निर्धारित बैठक माघ १५ गतेका लागि सारिएको हो।

राष्ट्रिय सभा सदस्य एवं कांग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलले समसामयिक राजनीतिक विषय र नयाँ सरकार गठनपछि कांग्रेसको रणनीतिसहित विभिन्न विषयमा बैठकमा छलफल हुने बताउनुभयो। बैठकमा निर्वाचनको समीक्षा हुने बताउँदै उहाँले भन्नुभयो, "गठबन्धन गरेर चुनावमा गए पनि सरकार गठनका क्रममा पाँच दलको गठबन्धन टुट्यो, यसको समीक्षासहित समसामयिक विषयमा छलफल हुनेछ।"

# सैनिक पुरस्कृत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले प्रकृति संरक्षणमा योगदान पुर्‍याउने सैनिक अधिकारी सहित सैनिक जवानलाई प्रकृति संरक्षण पदक प्रदान गर्नुभएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूको सुरक्षा जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका सैनिकलाई पदकसहित प्रशंसापत्र प्रदान गर्नुभएको हो। सैनिक मुख्यालय जङ्गीअड्डामा बुधबार आयोजित विशेष समारोहमा सेनापति शर्माले एकजना रथी, १२ जना अधिकृत, दुई जना पदिक तथा अन्य दर्जाका दुई गरी १७ जना सैनिकलाई प्रकृति संरक्षण पदक प्रदान गर्नुभएको हो।

मन्त्रिपरिषद्को २०७५ साल जेठ १३ गतेको निर्णयले प्रकृतिको संरक्षणमा विशेष योगदान पुर्‍याएबापत पदकसहित सम्मान गर्ने निर्णय गरेको थियो। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार २०७९ असोज ३ गते संविधान दिवसको अवसरमा दुई हजार ८८७ जना सकलदर्जालाई पदक प्रदान गर्ने घोषणा भएको थियो। हालसम्म १६ हजार १३६ जनाले सो पदक प्राप्त गरिसकेका छन्।

# साइकलमा व्यापार गर्न प्रतिबन्ध

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

काठमाडौँ महानगरपालिकाले साइकल र ठेलागाडामा व्यापार गर्न प्रतिबन्ध लगाएको छ। महानगरपालिकाले मङ्गलबार एक सूचना जारी गर्दै ठेलागाडा वा साइकलमा सामान राखेर व्यापार व्यवसाय गर्न रोक लगाएको हो।

महानगरको सूचनामा उल्लेख छ, "सडकपेटीमा अनधिकृत रूपमा व्यापार व्यवसाय गर्ने, निजी प्रयोगका सामग्री राख्ने, ठेलागाडा वा साइकलमा सामान राखी व्यापार व्यवसाय गर्नेलगायतको कार्य गरी सार्वजनिक आवागमनमा अनधिकृत रूपमा बाधा अवरोध पुगेको छ।" महानगरले निषेध गरेको कार्य गरेमा कानुनबमोजिम कारबाही हुने सूचनामा जनाइएको छ।

"काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका सडकपेटी (फुटपाथ) वा अन्य सार्वजनिक स्थलमा जुनसुकै तरिकाले व्यापार व्यवसाय गरेमा वा फुटपाथलाई अनधिकृत रूपमा प्रयोग वा कब्जा गरेमा त्यस्तो मालसामान, अनुचित प्रयोग वा व्यापार प्रयोजनार्थ राखिएको अन्य संरचना, सामग्री वा मालसामान जफत गरिनेछ," सूचनामा भनिएको छ।



तस्बिर : सागर बस्नेत

राष्ट्रपति विद्यादेवी भण्डारी मङ्गलबार राजधानीमा आयोजित रारा राष्ट्रिय म्युजिक अवार्ड कार्यक्रममा स्रष्टाहरूलाई सम्मान गर्नुहुँदै।

# प्रधानमन्त्री आज गोरखा आउनुहुने

**गोरखा समाचारदाता**
*गोरखा, पुस २६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बुधबार गोरखा आउनुहुने भएको छ। गोरखा निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएका उहाँ प्रधानमन्त्री भएपछि पहिलो पटक गोरखा आउन लाग्नुभएको हो।

प्रधानमन्त्री प्रचण्ड बुधबारबाट सुरु हुने ११औँ गोरखा महोत्सवको उद्घाटन गर्न गोरखा आउन लाग्नुभएको हो। खेलकुद मैदान हरटारीमा महोत्सवको आयोजना हुँदै छ। यसैबीच प्रधान सेनापति प्रभुराम शर्मा पनि बुधबार गोरखा आउँदै हुनुहुन्छ। गोरखा नगरपालिका–६, ठूलो आँगनमा निर्मित पृथ्वीनारायण शाहको शालिक अनावरणका लागि उहाँ गोरखा आउन लाग्नुभएको हो।

सोही अवसरमा नेपाली सेनाले परम्परागत पोसाकमा परेड प्रदर्शन र राष्ट्रनिर्माताप्रति सलामी अर्पण गर्ने कार्यक्रम छ। उहाँले गोरखा नगरपालिका र नेपाली सेनाको सहकार्यमा निर्माण गरिएको



मनोग्राम उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ। करिब २२ लाख रुपियाँको लगानीमा निर्माण गरिएको मनोग्राममा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सालिक, नेपालको नक्सा र राष्ट्रिय झन्डा राखिएको छ। सो मनोग्राममा अब हरेक साँझ–बिहान नेपाली सेनाले परेड प्रदर्शन गर्नुका साथै राष्ट्र निर्माताप्रति सलामीसमेत अर्पण गर्नेछ।

# काठमाडौँ आइपुग्यो एकीकरण मार्ग पदयात्रा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

३०१औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा नेपाली सेनाले गोरखाबाट सुरु गरेको 'एकीकरण मार्ग पदयात्रा' काठमाडौँ आइपुगेको छ। विशेष टर्चलाइटसहित तत्कालीन फौजले प्रयोग गरेका पोसाक तथा हतियारसहितको सैनिक टोली मङ्गलबार बिहान काठमाडौँ आइपुगेको हो।

नेपाल एकीकरणका बेला पृथ्वीनारायण शाह र उहाँका फौजले मार्चपास गरेको पदमार्ग स्मरणमा सेनाको एकीकरण पदयात्रासहित टर्च र्‍यालीको आयोजना गर्ने गरिएको छ। नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीका अनुसार नेपाल एकीकरणका बेला स्थापना भएका श्रीनाथ कालीबक्स गण, पुरानो गोरख बदेवाणी (हालको बर्दबहादुर र सुवुज) गणले विशेष मार्चसहित टर्चर्‍याली काठमाडौँ ल्याएका हुन्।

बिहीबार गोरखाबाट हिँडेको एकीकरण मार्ग पदयात्रा गोरखाबाट धादिङको भर्‍याङभुरुङ, नुवाकोट र ककनी हुँदै काठमाडौँ आइपुगेको हो। र्‍यालीलाई विभिन्न स्थानमा बाजागाजा र फूलमालासहित स्वागत गरिएको थियो। नेपाल सरकारको नीति तथा कार्यक्रममा नेपाल एकीकरणका समयमा स्थापना भएका ऐतिहासिक किल्ला, गढीको संरक्षण तथा प्रवर्द्धन गर्ने नीतिअनुरूप नेपाली सेनाले वि.सं २०७६ पुस १ गतेदेखि एकीकरण मार्ग पदयात्रा सुरु भएको सेनाले जनाएको छ।

काठमाडौँको हनुमानढोकास्थित शार्दूल जङ्ग गणमा आइपुगेको र्‍यालीलाई विशेष बाजागाजा तथा झाँकीसहित बुधबार बिहान नगर परिक्रमा गरी सैनिक मुख्यालय जङ्गी अड्डामा रहेको पृथ्वीनारायण शाहको शालिकमा ल्याउने कार्यक्रम रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

सन् १७६८ देखि पृथ्वीनारायण शाहले गोर्खा राज्यको विस्तार गरी २४ स–साना राज्यलाई समाहित गरी नेपाल एकीकरण गरेको स्मरणमा नेपाली सेनाले गोरखाबाट टर्चसहितको र्‍याली काठमाडौँ ल्याउने गरेको हो। सन् १८१२ पृथ्वीनारायण शाह आफैँले कमान्ड गरेको फौजले नेपालको पूर्व टिस्टादेखि पश्चिमको काँगडासम्म सीमा विस्तार गरेको इतिहास छ।

# अख्तियारद्वारा २५ जनाविरुद्ध मुद्दा दायर

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न रहेको आरोपमा २५ जनाविरुद्ध मङ्गलबार विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको छ।

सल्यानको कालीमाटी गाउँपालिकामा आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सडक विस्तार तथा नाला व्यवस्थापन गर्ने क्रममा आर्थिक अनियमितता गरेको आरोपमा १० जनाविरुद्ध मुद्दा दायर गरिएको छ। मुद्दा दायर गरिएकामा गाउँपालिकाका तत्कालीन प्रशासकीय अधिकृत हरिबहादुर खत्री, इन्जिनियर टेकबहादुर केसी, योजना शाखा प्रमुख जयराम घर्ती, गाउँपालिकाका तत्कालीन उपाध्यक्ष तथा योजना अनुगमन तथा मूल्याङ्कन समितिका संयोजक सनसिल्ता डिसी, रोजगार संयोजक सुवास बुढाथोकी, वडा नं. ७ का अध्यक्ष नैनसिंह राना, सब–इन्जियिनर दिपेशबहादुर शाही रहेको आयोगले जनाएको छ।

सडक विस्तार नाला सुधार तथा ग्राबेल योजना रोजगार उपभोक्ता समितिका अध्यक्ष गणेश बुढा, सचिव कृष्ण कार्की र कोषाध्यक्ष गीताकुमारी बोहराविरुद्ध पनि मुद्दा दायर गरिएको आयोगले जनाएको छ। आरोपित सबैलाई पाँच लाख ६५ हजार ३०९ रुपियाँ बिगोबमोजिम कारबाहीको माग गरिएको छ। त्यस्तै महोत्तरीको बलवा नगरपालिकामा आर्थिक वर्ष २०७४/७५ मा विभिन्न सडक ढलानको क्रममा अनियमितता गरेको आरोपमा आयोगले मङ्गलबार नै सात जनाविरुद्ध मुद्दा दायर गरेको छ। मुद्दा दायर गरिएकामा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत स्वर्गीय बालवीर ठाकुर, तत्कालीन सब–इन्जिनियर हीरालाल मण्डल र जितकुमार यादव, सडक निर्माण अनुगमन समितिका अध्यक्ष रामसागर कपडी सुडी, सडकको बीचमा पर्ने भवन भत्काएर अर्को भवन निर्माणका लागि गठन गरिएको उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव क्रमशः राजी साहु सुडी, अशोककुमार पन्जियार र नजबुल खातुन रहेको विज्ञप्तिमा उल्लेख छ। सातै जनालाई जनही एक लाख आठ हजार ९५३ रुपियाँ बिगोबमोजिम कारबाहीको माग गरिएको छ।

त्यस्तै धनुषाको सबैला नगरपालिका वडा नं. ५ मा पनि आर्थिक वर्ष २०७७/७८ मा सडक निर्माणकै क्रममा काम नगरी नक्कली बिल र भर्पाई बनाएर रकम निकासा गरेर आर्थिक अनियमितता गर्ने काममा संलग्न भएको आरोपमा आयोगले पाँच जनाविरुद्ध मुद्दा दायर गरेको छ। मुद्दा दायर गरिएकामा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत स्वर्गीय बालवीर ठाकुर, नगरपालिकाका तत्कालीन इन्जिनियर रञ्जितकुमार यादव, सब–इन्जिनियर रञ्जित कुमर, वडा नं. ५ का तत्कालीन अध्यक्ष देवेन्द्रप्रसाद यादव, राहुल निर्माण सेवाका तत्कालीन सञ्चालक पुरुषोत्तमदास यादव रहेको जनाइएको छ। पाँचै जनालाई जनही एक लाख तीन हजार १९० रुपियाँ बिगोबमोजिम कारबाहीको माग गरिएको छ।

शिक्षा विकास तथा समन्वय एकाइ सुनसरीका तत्कालीन कार्यालय प्रमुख उपसचिव रमेशबहादुर दाहालसहित तीन जनाविरुद्ध पनि आर्थिक अनियमितता गरेको आरोपमा आयोगले मङ्गलबार नै विशेष अदालत काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। जिल्लाको बर्जु गाउँपालिका वडा नं. ६ स्थित श्री माध्यमिक विद्यालयमा छात्रा शौचालय निर्माणको क्रममा आर्थिक अनियमितता गरेको आरोपमा दाहालसहित एकाइका इन्जिनियर निरजकुमार झा तथा विद्यालयका प्रधानाध्यापक रामविलास यादवविरुद्ध पनि मुद्दा दायर गरिएको छ। तीनै जनालाई एक लाख ८६ हजार ७६५ रुपियाँ बिगोबमोजिम कारबाहीको माग गरिएको छ।

# सुनसान बन्दै सगरमाथा क्षेत्र

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

चिसो बढेसँगै विश्वको प्रमुख पर्यटकीय गन्तव्य सगरमाथा क्षेत्र सुनसान बन्दै गएको छ। सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालयका अनुसार यो वर्ष २५ हजार ३७ जना स्वदेशी तथा विदेशी पर्यटकले सगरमाथा क्षेत्रको भ्रमण गरेर फर्किएका छन्। जुन गत वर्षभन्दा ७० प्रतिशत बढी रहेको छ।

गत आर्थिक वर्ष २०७८/७९ को पहिलो पाँच महिनामा सात हजार ४६४ जना पर्यटकले खुम्बु भ्रमण गरेका थिए। चालू आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा २५ हजार २९ जना पर्यटक भ्रमण सकेर फर्किएका छन्।

निकुञ्जका सूचना अधिकारी मनोज मण्डलका अनुसार चिसो छल्न खुम्बु छाड्नेको सङ्ख्या बढेसँगै अहिले सगरमाथा क्षेत्र सुनसान बन्न थालेको छ। उहाँले भन्नुभयो, "गत वर्ष मङ्सिर १८ गते भारी हिमपात सुरु भए पनि यस पटक हिमपात अझै सुरु नहुँदा दैनिक एक/दुई समूह पर्यटक अनुमति लिन आउने गरेका छन्। स्थानीयसमेत खुम्बु क्षेत्रबाट काठमाडौँलगायतका ठाउँमा फर्कने क्रम बढेको छ।"

यस क्षेत्रका नागरिकको मुख्य आम्दानीको स्रोत नै पर्यटन भएकाले 'सिजन' सकिएसँगै व्यवसायी आगामी फागुनमा फर्किने गरी सगरमाथा



क्षेत्रबाट बाहिरिन थालेको उहाँको भनाइ छ।

नेपाल नागरिक उड्डयन कार्यालय लुक्लाका अनुसार प्रतिकूल मौसमका कारण पुस १४ गतेदेखि एक साता ठप्प रहेको लुक्लाको उडान मौसममा सुधार आएसँगै अहिले लुक्लाबाट फर्किने यात्रुको चाप अत्यधिक रहेकाले र दैनिक सातवटा उडान भइरहेका छन्।

निकुञ्जको तथ्याङ्कअनुसार चालू आर्थिक वर्षको साउनमा ३८५, भदौमा ६९०, असोजमा छ हजार ७३१, कात्तिकमा १३ हजार १५८ र मङ्सिरमा चार हजार ६५ जनाले सगरमाथा क्षेत्रको भ्रमण गरेका छन्। पाँच महिनाको अवधिमा २१ हजार ८५३ जना विदेशी र तीन हजार १७६ जना नेपाली पर्यटक सगरमाथा क्षेत्रको भ्रमण गरेर फर्किएका हुन्।

भ्रमण गर्ने विदेशी पर्यटकमध्ये एक हजार ९९० सार्क मुलुकका र १० हजार ८६३ अन्य मुलुकका रहेको निकुञ्जको तथ्याङ्कमा उल्लेख छ। निकुञ्जले पर्यटक प्रवेश शुल्कबाट पाँच महिनामा तीन करोड ५५ लाख ७७ हजार १७६ रुपियाँ राजस्व सङ्कलन गरेको छ। निकुञ्जले स्वदेशी नागरिकबाट प्रतिव्यक्ति एक सय, सार्क राष्ट्रका पर्यटकबाट एक हजार पाँच सय र अन्य मुलुकका पर्यटकबाट प्रतिव्यक्ति तीन हजार रुपियाँ प्रवेश शुल्क लिने गरेको छ। सगरमाथा राष्ट्रिय निकुञ्ज विश्वको सबैभन्दा उचाइमा रहेको निकुञ्ज हो। यहाँ सर्वोच्च शिखर सगरमाथासहित छ हजार मिटरभन्दा अग्ला ल्होत्से, नुप्से, चोयू, पुमोरी, आमादब्लम, थामसेर्कुजस्ता हिमचुचुराको दर्शन गर्न बर्सेनि हजारौँ पर्यटक पुग्ने गरेका छन्।

# दादुराविरुद्धको खोप लगाउन आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

नौदेखि १५ महिनासम्मका बालबालिकालाई दादुराविरुद्धको खोप लगाउन आग्रह

दादुरा रोगको महामारी भएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बालबालिकालाई दादुरा र रुबेलाविरुद्धको खोप लगाउन आग्रह गरेको छ। दादुराविरुद्धको खोप नलगाएकोले महामारी फैलिएको भन्दै खोप शाखा प्रमुख सागर दाहालले दादुराबाट बचाउन नौदेखि १५ महिना सम्मका बालबालिकालाई दादुराविरुद्धको खोप लगाउन आग्रह गर्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले बालबालिकालाई दादुरा र रुबेलाबाट बचाउन नौ महिना पुगेपछि पहिलो मात्रा र १५ महिना पुगेपछि दोस्रो मात्रा खोप लगाउन आग्रह गरेको छ। दुई डोज खोप लगाएमा यसको प्रभावकारिता ९७ प्रतिशत हुने भएकाले आफ्ना बालबालिकालाई दादुराविरुद्धको खोप लगाउन अभियान थाल्नुपर्ने केन्द्रका निर्देशक सुनीलराज शर्माले बताउनुभयो। कारणवश खोपको मात्रा लगाउन छुटेमा २४ महिनाभित्र दुवै खोपको मात्रा पूरा गराउन सकिने उहाँको भनाइ छ।

मिजल्स भाइरसका कारणबाट सर्ने दादुराले नेपालगञ्ज उपमहानगरपालिकामा महामारीको रूप लिएको छ। उक्त उपमहानगरपालिकामा ९० जनालाई दादुरा पुष्टि भइसकेको छ भने एक जनाको मृत्यु भएको छ। सरकारले दादुरा महामारी फैलिएका स्थानमा दादुरा रुबेलाविरुद्धको खोप अभियान पनि सञ्चालन गरेको छ। नेपालगञ्जमा धार्मिक र सांस्कृतिक कारणले गर्दा खोप नलगाएका बालबालिकामा दादुराले महामारीको रूप लिएको छ। त्यहाँ मुस्लिम धर्ममा आस्था राख्ने बालबालिकाले खोप लगाएका थिएनन्।

नेपालगञ्ज उपमहानगरपालिकाका स्वास्थ्य विभाग प्रमुख रामबहादुर चन्दले दादुरा फैलिएको स्थानमा खोप अभियान सुरु गरिएको जानकारी दिँदै तीन हजार बालबालिकालाई खोप लगाइसकेको बताउनुभयो। चन्दका अनुसार वडा नं. १, ५, ७, ८, ९, १०, ११, १४, १५, २२ तथा खजुराको वडा नम्बर २ मा समेत दादुराको महामारी फैलिएको छ।

# मध्यपुरमा पाँच 'मेगा प्रोजेक्ट'

**गोरखापत्र समाचारदाता**
*भक्तपुर, पुस २६ गते*

मध्यपुर थिमि नगरपालिकाले पाँच वर्षमा न्यूनतम पाँचवटा ठूला आयोजना सम्पन्न गर्ने भएको छ। व्यवस्थित र सुविधासम्पन्न सहर निर्माण गर्ने उद्देश्यले नगरपालिकाले त्यस्ता आयोजना सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेको छ। विगतमा स–साना मात्र योजना सञ्चालन गर्दा दिगो विकासका पूर्वाधार निर्माण हुन नसकेकाले नवनिर्वाचित जनप्रतिनिधिले नगरबासी सबैले अनुभूति गर्ने गरी 'मेगा प्रोजेक्ट' सञ्चालन गर्न लागेको हो।

नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले नगरपालिकाले मेगा प्रोजेक्ट सञ्चालनको काम प्रारम्भ गरिसकेको बताउनुभयो। उहाँका अनुसार अहिले नगरपालिकाले सञ्चालन गरेको नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा स्तरोन्नति गर्नका लागि कोरियाको संसदले अस्पताललाई एक अर्ब रुपियाँभन्दा बढी बजेट दिने निर्णय गरेको र सो बजेटबाट नगरपालिकाले दुई सयसम्मको शय्या विस्तार गरी सुविधासम्पन्न अस्पताल निर्माण गर्नेछ।

नेपाल विद्युत् प्राधिकरणसँग सहकार्य गरी नगरपालिकाको विभिन्न चोकमा भएको तारलाई भूमिगत गर्ने र सो कार्य मध्यपुर थिमिको पुरानो बस्तीबाट सुरु गरी तीन वर्षभित्र तारमुक्त नगरपालिका निर्माण गर्ने योजना बनाइएको छ। नगरप्रमुख श्रेष्ठले मनोहरा नदीको मुहानबाट दैनिक दुई करोड लिटर पानी दिन सक्ने क्षमता भएकाले उक्त पानीलाई शुद्धीकरण गरी नगरबासीलाई वितरण गर्ने र त्यसका लागि नगरपालिकाले १४ लाख लिटर क्षमताको पानीट्याङ्की कमेरोटारमा निर्माण गर्न लागेको बताउनुभयो।

फोहोर व्यवस्थापनका लागि नगरपालिकाले चार वर्षदेखि सञ्चालनमा ल्याएको रिकिसी प्रालिद्वारा सञ्चालित फोहोरबाट कम्पोस्ट मल बनाउने कार्यलाई थप व्यवस्थित गर्न नगरपालिकाले खुला क्षेत्रको सार्वजनिक जग्गा खोजी गरिरहेको भन्दै उहाँले अन्तरपालिका सहकार्य गरेर भए पनि फोहोर व्यवस्थापनको दिगो समाधान गर्ने रणनीतिमा लागेको बताउनुभयो।

नगरपालिकाले आफ्नै सुविधासम्पन्न प्रशासनिक भवन निर्माण गर्ने प्रक्रिया अगाडि बढाएको छ र त्यसका लागि अहिले जग्गाको खोजी गर्ने कार्य भइरहेको छ। जडीबुटीको मनोहरादेखि राधेराधेसम्म सडकको दायाँबायाँ बगैँचा निर्माण र सडक सौन्दर्यकरण गरी सडकमा बत्ती जडान गर्ने योजना नगरपालिकाले बनाएको छ।

## सभामुखको निर्वाचन...

गते मनोनयन दर्ता गर्ने समय दिइनेछ, दर्ता भएका मनोनयनको भोलिपल्टको बैठकमा निर्णयार्थ प्रस्तुत गरिनेछ।" त्यसरी निर्णयार्थ प्रस्तुत हुनुअघि प्रस्तावक र समर्थकले उम्मेदवारको पक्षमा प्रस्ताव पेस गर्ने तथा समर्थनका लागि सदनमा आग्रह गर्नेछन्। संवैधानिक व्यवस्थाबमोजिम प्रतिनिधि सभाका सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनेगरी निर्वाचन गर्नुपर्नेछ। प्रतिनिधि सभाका सभामुख र उपसभामुखमा फरक–फरक दलको प्रतिनिधि हुनुपर्ने व्यवस्था छ।

प्रतिनिधि सभा नियमावली, २०७५ अनुसार प्रकाशित निर्वाचन कार्यक्रममा निर्धारित समयभित्र कुनै सदस्यले कुनै अर्को सदस्यलाई सभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव दर्ता गर्नुपर्नेछ। त्यस्तो प्रस्तावको एक मात्र सूचना प्राप्त भएमा समर्थक सदस्यले बोलिसकेपछि अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावित सदस्य सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ।

सत्ता साझेदार दलबीच भएको सहमतिबमोजिम सत्ता साझेदार दलबाट नेकपा (एमाले)ले मात्रै सभामुख पदमा प्रस्ताव दर्ता गर्ने सहमति भएको छ। प्रधानमन्त्रीलाई विश्वासको मत दिएको नेपाली कांग्रेसले भने सभामुख पदका लागि प्रस्ताव दर्ता गर्ने/नगर्ने निर्णय गरिसकेको छैन तर एकभन्दा बढी प्रस्तावको सूचना प्राप्त भएमा प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्ने र समर्थक सदस्यले समर्थन गर्ने क्रम सकिएपछि सबै प्रस्तावउपर छलफल हुनेछ। छलफलपछि अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नेछन्।

## हुलाकी सडक...

अनुमतिको अभावमा प्रदेश १ र मधेश प्रदेशबाहेकका प्रदेशमा निकुञ्ज र वनजङ्गल क्षेत्रमा यो राजमार्ग निर्माणका लागि रेखाङ्कन गर्न बाँकी नै रहेको निर्देशनालय प्रमुख झाले जानकारी दिनुभयो। उहाँका अनुसार पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज (पूर्वी नवलपरासीसम्म), कपिलवस्तु र दाङ जिल्लामा पर्ने वनजङ्गल क्षेत्र, दाङ र बाँकेमा पर्ने वनजङ्गल क्षेत्र, कैलाली र कञ्चनपुरमा पर्ने शुक्लाफाँटा वन्यजन्तु निकुञ्ज क्षेत्रमा अझै पनि यो राजमार्गको रेखाङ्कन हुन सकेको छैन।

पूर्व–पश्चिम र उत्तर–दक्षिण गरी कुल एक हजार ८५७ किलोमिटर सडक निर्माण गर्नुपर्नेमा अहिलेसम्म कुल ९५० किलोमिटर सडकमा कालोपत्रेको काम सम्पन्न भइसकेको छ भने पाँच सय किलोमिटरको ठेक्का दिने कार्य सम्पन्न भई निर्माण कार्य भइरहेको सो आयोजनाले जनाएको छ। बाँकीको निर्माण ठेक्का लाग्न सकेको छैन। यस आयोजनाअन्तर्गत पूर्व–पश्चिम ९४५ किलोमिटर र उत्तर–दक्षिण ९१२ किलोमिटर सडकको लम्बाइ रहेको छ।

### १३५ वटा पुल निर्माण

हुलाकी सडक आयोजनाअन्तर्गत सानाठूला गरी कुल २५० वटा पुल निर्माण गर्नुपर्नेमा अहिलेसम्म १३५ वटाको निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् भने ६५ वटा पुल निर्माणाधीन छन्। बाँकी ५० वटाको निर्माण ठेक्का लाग्न बाँकी रहेको निर्देशनालय प्रमुख झाको भनाइ छ।

आर्थिक वर्ष २०७४/०७५ सम्म सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यसहित राष्ट्रिय गौरवका आयोजनामा समेत सूचीकृत यस राजमार्गको निर्माण कार्य आर्थिक वर्ष २०६३/०६४ मा सुरु गरिएको थियो। अहिलेसम्म यो राजमार्ग निर्माण शीर्षकमा भारत सरकारको छ अर्ब ३५ करोड रुपियाँ अनुदानसहित जम्मा ४६ अर्ब २८ करोड रुपियाँ विनियोजन भएकोमा अहिलेसम्मको कुल खर्च ५४ अर्ब रुपियाँ रहेको आयोजना प्रमुख झाले जानकारी दिनुभयो। चालू आर्थिक वर्ष २०७९/०८० मा यस आयोजनाका लागि छ अर्ब ७२ करोड रुपियाँ विनियोजन गरिएको छ।

चिठीपत्र आदानप्रदान गर्ने उद्देश्यसहित राणा शासनकालमा हुलाकी सडकको अवधारणामा यस राजमार्गको निर्माण अगाडि बढाइएको थियो। तराई/मधेशका २० वटा जिल्ला हुँदै निर्माण भइरहेको हुलाकी राजमार्गले त्यस क्षेत्रका ७५ प्रतिशत गाउँबस्तीलाई सडक सञ्जालसँग जोडेर झन्डै आधा जनसङ्ख्यालाई प्रत्यक्ष लाभ पुर्‍याउने छ।

### नेपाल र भारतबीच समझदारी

पहिलो चरणमा यस राजमार्गको ६०७ किलोमिटर सडक निर्माणका लागि २७ जुन २००६ मा नेपाल र भारतबीच समझदारी–पत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। समझदारी–पत्रमा नेपाल सरकारकातर्फबाट तत्कालीन परराष्ट्र सचिव भोजराज घिमिरे र नेपालका लागि भारतका तत्कालीन राजदूत शिवशङ्कर मुखर्जीले हस्ताक्षर गर्नुभएको थियो। त्यसैगरी दोस्रो चरणको सडक निर्माणका लागि १५ जनवरी २०१० मा नेपाल र भारतबीच समझदारी–पत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। समझदारी–पत्रमा नेपाल सरकारका तत्कालीन परराष्ट्रमन्त्री सुजाता कोइराला र भारतका तत्कालीन विदेशमन्त्री एम कृष्णामूर्तिले हस्ताक्षर गर्नुभएको थियो।

# ‘सरकार मालिक होइन, सेवक बन्नेछ’



**सम्माननीय सभामुख महोदय,**

नवनिर्वाचित प्रतिनिधि सभाको यो गरिमामय अधिवेशनमा म सार्वभौम संसद्का सबै माननीय सदस्यलाई हार्दिक अभिवादन र सफल कार्यकालको पुनः शुभकामना व्यक्त गर्दछु। जुन संविधानको जगमा यो संसद् खडा छ, त्यो हजारौँ महान् शहीदहरूको बलिदान, बेपत्ता र घाइते योद्धाहरू, लाखौँ कर्मवीरको त्याग, तपस्या र सङ्घर्षको परिणाम हो। म सबैभन्दा पहिले उहाँहरूप्रति कृतज्ञता र उहाँहरूको सङ्कल्पप्रति सम्मान व्यक्त गर्दछु। हामी उहाँहरूको बलिदानले बाँधिएका छौँ। उहाँहरूको सङ्कल्पले हामीलाई डगमगाउन र विचलित हुन दिनेछैन। नयाँ प्रतिनिधि सभाको गठनसँगै नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम मेरो नेतृत्वमा विभिन्न राजनीतिक दलको सहभागितामा सरकार गठन भएको छ। यो विश्वासका लागि दलहरूलाई धन्यवाद दिँदै म आज यो सार्वभौम संसद्मा सामाजिक न्याय, सुशासन र समृद्धिको सङ्कल्पसहित प्रधानमन्त्रीमा विश्वासको मत माग्न उपस्थित भएको छु।

**सभामुख महोदय,**

प्रधानमन्त्रीका रूपमा म निषेध, अपमान र प्रतिशोध होइन, सहमति, सहकार्य र आपसी विश्वासको राजनीतिलाई अघि बढाउन प्रतिबद्ध छु। यो देशमा जति पनि सार्थक परिवर्तन भएका छन्, वामपन्थी र लोकतान्त्रिक शक्ति मिलेर भएका छन्। एक सय चार वर्ष लामो राणा शासन होओस् वा तीस वर्ष लामो पञ्चायती निरङ्कुशता, वाम–लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो। मैले यही रोस्टममा उभिएर भनेँ, यो सङ्कटमा अब संसद्मा कुनै पक्ष–प्रतिपक्ष छैन। प्रतिपक्षको नेता हुँदैहुँदै पनि म उद्धार र पुनर्निर्माण मात्र होइन, संविधान निर्माणमा पनि राष्ट्रिय सहमति जुटाउन अग्रसर भएँ। मलाई गर्व छ, त्यसले राष्ट्रलाई सुखद परिणाम पनि दियो।

देश अहिले पनि सङ्कटमै छ। साना सङ्कटको समयमै समाधान नखोजेपछि तिनैले ठूला सङ्कट जन्माउँछन्। आर्थिक सूचकाङ्कहरू सकारात्मक छैनन्। प्रधानमन्त्रीका रूपमा मेरो एउटा जिम्मेवारी हुनेछ तर आजसम्म निरपेक्ष गरिबीमा रहेका झन्डै पचास लाख नेपालीलाई त्यहाँबाट निकाल्न पनि हामी वामपन्थी र लोकतान्त्रिक शक्तिहरू मिल्नैपर्छ। लाखौँ युवालाई विदेशबाट फर्काएर स्वदेशमै आत्मसम्मानको जीवन दिन पनि हामीबीच सहकार्य हुनैपर्छ। अब पहुँच होइन, विधिको शासन सुरु गर्नु छ। देशको कायापलट गर्ने हो भने लगभग साठी खर्ब विकास खर्च जुटाउनुपर्छ। त्यसका लागि पनि हामीबीच विश्वासपूर्ण सहकार्य जरुरी छ। राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, प्रमुख आर्थिक विषय एवं रणनीतिक पूर्वाधारलगायतका राष्ट्रका आधारभूत विषयमा म राष्ट्रिय सहमतिको विकल्प देख्दिनँ। इतिहासका सबै उतारचढावको स्मरण गर्दै देशमा सुशासन, समृद्धि र तीव्र आर्थिक क्रान्तिका लागि यसपटक सिङ्गो देश एक ठाउँमा उभिन र पूरै विश्वलाई नेपालको रूपान्तरणको सन्देश दिन म विशेष अपिल गर्दछु।

**सभामुख महोदय,**

म यस पटक ठूलो आत्मस्वीकारोक्ति र आत्मसमीक्षासहित यो रोस्टममा उभिएको छु। म यसअघि नौ/नौ महिना दुई पटक प्रधानमन्त्री भएँ। आज यो स्वीकार गर्न मलाई कुनै सङ्कोच छैन, पहिलो पटक प्रधानमन्त्री हुँदा मसँग न अनुभव थियो, न टिम। विभाजित मनोदशामा थिएँ र पार्टीभित्रैको सङ्घर्षमा बढी रुमल्लिएँ। सिक्दासिक्दै, भित्र र बाहिरका घेराबन्दीसँग जुध्दाजुध्दै एउटा अप्रिय अवस्थामा मैले प्रधानमन्त्रीबाट राजीनामा दिएँ। तैपनि मैले त्यसबेला सुरु गरेका मध्यपहाडी लोकमार्ग, उत्तर–दक्षिण कोरिडोर, गरिब किसानको ऋण–मिनाहा र विद्युतीकरणमा तीव्रताले राष्ट्रिय जीवनमा आज पारेको प्रभावबाट थोरै भए पनि सन्तोष हुन्छ।

मेरो दोस्रो कार्यकाल वैदेशिक सम्बन्धमा ठूलो उतारचढाव आएका बेला सुरु भयो। मधेश आन्दोलनमै थियो। संविधानको सफल कार्यान्वयनमा धेरैलाई विश्वास थिएन। संविधान संशोधनको प्रयासबाट मैले मधेशलाई विश्वासमा लिएँ र स्थानीय निकायको निर्वाचन गरेर संविधान कार्यान्वयनको विश्वासपूर्ण सुरुवात गरेँ। मूल्यवृद्धि नियन्त्रणमै राखेर आर्थिक वृद्धिदर ७ प्रतिशत कट्यो र एउटा आर्थिक मानक बन्यो। लोडसेडिङ अन्त्य भयो। त्यसअघि कहिल्यै पालना नहुने राजनीतिक सहमतिको मैले अक्षरशः पालना गरेँ र अत्यन्त इमानदारीका साथ सत्ता–हस्तान्तरण गरेँ। त्यसरी मैले हाम्रो राजनीतिमा एउटा नैतिक मानक पनि कायम गरेँ। मलाई लाग्छ, मेरो त्यो छोटो कार्यकाल सफल कार्यकालका रूपमा इतिहासमा दर्ज भएको छ। आज परिस्थितिवश तेस्रो पटक प्रधानमन्त्रीका रूपमा विश्वासको मतका लागि अनुरोध गर्न म यो सम्मानित संसद्मा उभिएको छु।

मैले भनिहालेँ, म यस पटक फरक सङ्कल्पका साथ संसद्सामु उभिएको छु।

**सभामुख महोदय,**

सरकारलाई समर्थन गरेका दलहरूबीच न्यूनतम साझा कार्यक्रममा एउटा सहमति बनेको छ र त्यो सरकार सञ्चालनको एउटा आधार बन्नेछ। सबै विवरण बोझिलो होला, त्यसैले सङ्क्षेपमा मेरा केही प्राथमिकता संसद्मा राख्ने अनुमति चाहन्छु। सबै नागरिकलाई छ महिनाभित्रै नागरिकताको सुनिश्चितता, एक वर्षभित्रै राष्ट्रिय परिचयपत्रको वितरण अनि सुशासन, प्रभावकारी सेवा प्रवाह र समृद्धिका लागि नीतिगत र संरचनागत सुधार सरकारको अठोट हो। न्यायपालिकाको शुद्धीकरण र सुधार अनि भ्रष्टाचार नियन्त्रण मेरो प्रतिबद्धता हुनेछ। नागरिक प्रशासन र सुरक्षा निकायलाई सक्षम, व्यावसायिक र जनताप्रति उत्तरदायी बनाउन विज्ञ सम्मिलित उच्चस्तरीय कार्यदल गठन अनि सेवा–प्रवाहको गुणस्तर र प्रभावकारिता बढाउन संसद्को पहिलो अधिवेशनबाटै कम्तीमा एक दर्जन नयाँ ऐन तर्जुमा या विद्यमान ऐनमा समयानुकूल परिमार्जनको सङ्कल्प पनि म दोहऱ्याउँछु। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सरल र सहज सार्वजनिक सेवाको प्रत्याभूति, सरकारी सेवामा ‘टाइम कार्ड’ र अनलाइन प्रणाली पनि सरकारका प्राथमिकता हुनेछन्।

यो सम्मानित संसद्लाई मैले प्रस्ट भन्नुपर्छ, हामी आर्थिक अनुकूलतामा छैनौँ। यो वर्ष विश्व अर्थतन्त्रको एक तिहाइ हिस्सा मन्दीको मारमा पर्ने प्रक्षेपण छ अर्कोतिर स्वदेशकै आर्थिक सूचकहरू पनि उत्साहजनक छैनन्। राजस्व वार्षिक लक्ष्यको करिब २५ प्रतिशत मात्र र अनुदानसहितको स्रोत करिब २७ प्रतिशत मात्र सङ्कलन भएको छ। चालू खर्च करिब ३३ प्रतिशत र पुँजीगत खर्च जम्मा ११ प्रतिशत छ। वैदेशिक अनुदानको वार्षिक लक्ष्य जम्मा ६ प्रतिशत पूरा भएको छ। आयकरसमेत लक्ष्यबमोजिम उठेको छैन। लक्ष्यअनुसार राजस्व नउठ्दा, पुँजीगत खर्च नहुँदा र बेरुजु बढिरहँदा वित्तीय प्रशासनको पूरै चक्र समस्याग्रस्त छ। तैपनि म सबैखालका आमूल सुधारबाट आगामी पाँच वर्षमा आर्थिक वृद्धिदर दुई अङ्कको नजिक पुऱ्याउने सङ्कल्प यो सम्मानित संसद्सामु व्यक्त गर्दछु र यहाँहरूको पूर्ण सहयोगको अपेक्षा गर्दछु।

आर्थिक पुनरुत्थानका प्याकेज कार्यक्रममार्फत लगानीमैत्री वातावरणको निर्माण तथा पुँजीगत खर्चको अभिवृद्धि गर्दै आर्थिक गतिविधिको विस्तार र समष्टिगत आर्थिक स्थायित्व मेरो लक्ष्य हुनेछ। बैङ्किङ प्रणालीमा विद्यमान तरलता सङ्कुचनको समस्यालाई सम्बोधन गर्न वित्तीय तथा मौद्रिक उपकरणहरूको उपयोग गरिनेछ। वैदेशिक मुद्रा सञ्चितिमा परेको चापलाई सम्बोधन गर्न तरलता र कर्जा प्रवाहको शिथिलतालाई सुधार गरिनेछ। आर्थिक पूर्वाधार विकासमा सरकारी लगानी बढाइनेछ। व्यावसायिक वातावरणमा सुधार ल्याउँदै लगानीका लागि पुँजीको सहज उपलब्धता हुने प्रबन्ध मिलाइनेछ। सहकारिताको माध्यमबाट बचतलाई प्रोत्साहन गर्दै स्वरोजगार प्रवर्द्धन एवं आयआर्जनका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

**सभामुख महोदय,**

म दोस्रो पटक प्रधानमन्त्री हुँदा दैनिक २० घण्टासम्म लोडसेडिङ थियो। औद्योगिक क्षेत्र मात्रै होइन, जनजीवन नै अस्तव्यस्त थियो। त्यो स्थितिमा उज्यालो नेपाल अभियान घोषणा गरियो। कतिपय सब–स्टेसनमा तीन सिफ्टमा चौबिसै घण्टा काम हुने वातावरण मिलाइयो र लोडसेडिङलाई इतिहासको विषय बनाइयो। त्यसले अन्धकार मात्र हटाएन, राष्ट्रको आत्मविश्वास पनि बढायो। आज प्राधिकरण नाफामा गएको छ। आज हामी विद्युत् बेचेर विदेशी मुद्रा कमाउने ठाउँमा पुगेका छौँ। मेरो प्रश्न छ, सडकमा पनि किन तीन सिफ्टमा काम हुन सक्दैन ? भवन निर्माणमा किन चौबिसै घण्टा काम हुन सक्दैन ? म संसद्सँग वाचा गर्दछु, प्राधिकरणको त्यो अनुभव अब सबै पूर्वाधार निर्माणमा लागू गरिनेछ।

प्रशासनिक खर्चमा मितव्ययिता, बजेटमा अनुशासन, सार्वजनिक खर्चको उपलब्धि र उत्पादकत्व वृद्धि, राजस्व चुहावटमा कडा नियन्त्रण सरकारका प्राथमिकता हुनेछन्। कर सहभागिता र परिपालना बढाउन प्रवर्द्धनात्मक कार्यक्रमका साथसाथै नियमनमा समेत जोड दिइनेछ। सार्वजनिक ऋणको छनोटपूर्ण उपयोग गर्दै दिगोपना कायम गरिनेछ। सार्वजनिक संस्थानको व्यवस्थापन सुधारका साथै व्यवसाय विस्तारमा जोड दिइनेछ। नेपाललाई आकर्षक र प्रतिस्पर्धात्मक लगानी गन्तव्य बनाउने मेरो सङ्कल्प छ। औद्योगिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाइने छ। वित्तीय, मौद्रिक, पुँजीबजार, सहकारी, बीमा र निजी कम्पनीका निकायहरूबीच आवश्यक समन्वय गरी निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न नीतिगत, संस्थागत तथा प्रक्रियागत सुधार यो सरकारका लक्ष्य हुनेछन्। राजस्व प्रशासन करदातामैत्री हुनेछ। कर छली, आयातमा न्यून बीजकीकरण, चोरीपैठारी, तस्करी तथा हुन्डी कारोबारजस्ता गतिविधिको अन्त्य गर्दै कर प्रणालीलाई थप प्रगतिशील तथा व्यवसायमैत्री बनाइनेछ। आर्थिक स्थायित्व कायम गर्न औद्योगिक नीति, सरकारी वित्त नीति, राजस्व नीति र मौद्रिक नीतिबीच तादात्म्यता अनि सरकार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा द्रुत विकासको वातावरण निर्माण यो सरकारको सङ्कल्प हुनेछ। कानुनी, प्रक्रियागत, प्रणालीगत तथा संरचनागत सुधारबाट वैदेशिक लगानी आकर्षित गरिनेछ। विनिमय दर जोखिम व्यवस्थापन गर्न भरपर्दो हेजिङ सेवाको सुरुवात गर्दै देशको सार्वभौम साख मूल्याङ्कन (सोभेरन क्रेडिट रेटिङ) यथाशीघ्र अघि बढाइनेछ। वैदेशिक व्यापारमा आएको शिथिलतालाई सम्बोधन गर्दै निर्यात वृद्धिमा जोड दिइनेछ। राष्ट्रिय पुँजीको विकास र आर्थिक आत्मनिर्भरताका लगि स्वदेशी उत्पादनमा जोड दिनु सरकारको प्राथमिकता हुनेछ। स्वदेशी कच्चा पदार्थमा आधारित र आयात प्रतिस्थापन गर्ने प्रकृतिका उपभोग्य वस्तुहरूको उत्पादनमा जोड दिइनेछ र रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाइनेछ।

कृषि, प्राकृतिक स्रोत, ज्ञान र उच्च प्रविधिमा आधारित उद्योगको विकासबाट औद्योगिक उत्पादन बढाई निकासी वृद्धि गरिनेछ। पुँजीको अभावमा उद्यमशीलता निरुत्साहित हुन दिइने छैन। उद्योग व्यवसाय दर्ताका लागि सुरुकै बिन्दुबाट सबै प्रकारका स्वीकृतिहरूको उपलब्धता सुनिश्चित गर्न टाइमकार्ड अनि स्वरोजगारी, स्टार्टअप र विभिन्न व्यवसायले सिर्जना गर्ने रोजगारी मापनका लागि ‘जबमिटर’को व्यवस्था गरिनेछ।

**सभामुख महोदय,**

हरेक वर्ष एउटै समाचार बन्छ, मलको अभाव। म आज यो संसद्मा दृढताका साथ प्रतिबद्धता जनाउँछु, अबदेखि आपूर्तिको चक्रअनुसार चाहिएको समयमा प्राप्त हुनेगरी मल खरिद गरिनेछ र सँगसँगै मल कारखाना स्थापनाको पनि तयारी गरिनेछ। शिक्षा क्षेत्रका लागि बृहत् गुरुयोजना सरकारको उच्च प्राथमिकता हुनेछ। सबै पालिकामा आधारभूत अस्पताल र प्रदेशहरूमा विशिष्टीकृत अस्पताल र मेडिकल कलेजहरू बनाइनेछ। गुणस्तरीय सेनेटरी प्याडका लागि आर्थिक प्रत्याभूति, गुणस्तरीय प्रसूति सेवाको सुनिश्चितता, चिकित्सकहरूको सङ्ख्यामा वृद्धि, चिकित्सक र नर्सलाई सरकारी सेवामा आकर्षित गर्न सेवा सुविधामा पुनरवलोकनका लागि सरकार प्रतिबद्ध हुनेछ। स्वास्थ्यकर्मीलगायत विशिष्टीकृत सेवाका श्रमिकहरूका सरोकारलाई सम्बोधन गर्न श्रम ऐनमा आवश्यक संशोधन गरिनेछ। सबै क्षेत्रको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताका लागि अधिकारसम्पन्न प्राधिकरण बनाइनेछ। खाद्य, आवास र स्वच्छ खानेपानीलाई जनताको मौलिक हकका रूपमा स्थापित गरिनेछ।



आगामी तीन वर्षमा सतह तथा भूमिगत सिँचाइबाट तराई–मधेशको थप तीन लाख हेक्टर जमिनमा सिँचाइ पुऱ्याइनेछ। सिँचाइको बिजुली महसुलमा थप छुट दिइनेछ। विद्युत् उत्पादन विस्तार र निर्यातमार्फत आर्थिक वृद्धिदर बढाइनेछ र इन्धनमाथिको परनिर्भरता घटाइनेछ। गार्हस्थ्य उपभोगका निम्ति वर्षायाममा मासिक ५० युनिट र हिउँदयाममा मासिक ३० युनिट विद्युत् निःशुल्क उपलब्ध गराइनेछ। पाँच वर्षमा विद्युत् उत्पादन क्षमता ६५०० मेगावाट र प्रतिव्यक्ति विद्युत् खपत ७०० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य सरकारले लिनेछ। विद्युत् महसुलको समायोजन गर्दै एक वर्षभित्रै शतप्रतिशत नागरिककहाँ बिजुली पुऱ्याइनेछ।

ज्येष्ठ नागरिक, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति तथा लक्षित वर्ग र क्षेत्रका बालबालिका गरी पाँच वर्षमा ६० लाखले सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था हुनेछ। आर्थिक वृद्धिका आधारमा सबै प्रकारका भत्ता वृद्धि बढाइनेछ र पाँच वर्षको अवधिमा न्यूनतम ज्याला मासिक रु. २५ हजार पुऱ्याइनेछ। वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइनेछ। प्रशासनिक अकर्मण्यता र आपसी समन्वय अभावका कारण सिर्जना हुने कृत्रिम अभाव, कालोबजारी, व्यावसायिक एकाधिकारलगायतका सुशासनविरोधी क्रियाकलाप नियन्त्रण गर्न, जनताका गुनासोलाई तत्काल सम्बोधन गर्न र नियमित संयुक्त अनुगमनका लागि सम्बन्धित निकायका प्रतिनिधि रहेको प्रधानमन्त्री निगरानी कार्यक्रम सञ्चालन गरिनेछ। लोककल्याणकारी कार्यक्रमहरू सीमान्त जनतासम्म पुग्ने ग्यारेन्टी गरिनेछ।

**सभामुख महोदय,**

स्वेच्छा वा रहरले कोही गरिब र भूमिहीन हुँदैन। मान्छे गरिब हुन्छ, अवसरमा पहुँच नभएर, आधारभूत सुविधा नपाएर। एउटै नेपाली पनि छतविहीन नहोस्, मेरो इमानदार प्रयास रहनेछ। हाम्रो ग्रामीण अर्थतन्त्र महिलाले धानेका छन्। तर, राज्यले तिनलाई उचित प्रोत्साहन दिन सकेको छैन। रेमिट्यान्स पठाएर देश बचाइरहेको युवालाई राज्यले न सुरक्षा दिन सकेको छ, न सम्मान। म यो अवस्था बदल्नेछु। भूमिको वैज्ञानिक व्यवस्थापन र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता मेरो उद्देश्य हुनेछ। हरेक जिल्ला सदरमुकामलाई रणनीतिक सडक सञ्जालमा जोडिनेछ र हरेक पालिकालाई पक्की सडकबाट केन्द्रमा जोडिने छ। निर्माणाधीन राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरू पाँच वर्षभित्रै सम्पन्न गरिनेछन्। यातायात व्यवस्थापन प्राधिकरण गठन हुनेछ।

डाटा सर्भरमा आत्मनिर्भरता र साइबर सुरक्षाको सुनिश्चिततासहित फाइभ–जी प्रविधि प्रयोगमा ल्याइनेछ। विद्यालय, अस्पताल, सरकारी कार्यालय, वित्तीय संस्था, सपिङ कम्प्लेक्सलगायत सार्वजनिक सेवा प्रवाह हुने सार्वजनिक स्थलहरूमा इन्टरनेट सुविधा निःशुल्क हुनेछ। आधुनिक खेल पूर्वाधारमा जोड दिँदै खेलाडीहरूको वृत्तिविकासका कार्यक्रमहरू ल्याइनेछ। पर्यटन पुनरुत्थानका लागि विशेष प्याकेज घोषणा गरिनेछ। जलवायु परिवर्तनको मुद्दालाई अन्तर्राष्ट्रियकरण गरिनेछ। महिला सहभागिता, सशक्तीकरण र समावेशिता सरकारको प्रमुख लक्ष्य हुनेछ। शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम अविलम्ब सम्पन्न गरिनेछ। शहीद र बेपत्ता परिवारलाई उचित सम्मान र परिपुरणको व्यवस्था गरिनेछ। द्वन्द्वकालका घाइतेहरूलाई उपचार, रोजगारी, स्वरोजगारका अवसरसँग जोडिनेछ। द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति र पुनर्स्थापनाका कार्यक्रम ल्याइनेछ। सँगसँगै तराई–मधेशलगायतका आन्दोलनका क्रममा अन्यायपूर्ण ढङ्गले बन्दी बनाइएकाको कानुनसम्मत रिहाइका लागि ठोस अग्रसरता लिइनेछ।

सङ्घीयता कार्यान्वयन र जनताको हितमा राज्य संयन्त्रको परिचालन हुनेछ। राष्ट्रिय हितको रक्षा गर्दै स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन मेरो प्रतिबद्धता हुनेछ। त्यसलाई मैले ‘प्रो–नेपाल’ नीति भन्ने गरेको छु। दुवै छिमेकी र सबै मित्रराष्ट्रहरूसँग सन्तुलित, विश्वसनीय र मैत्रीपूर्ण सम्बन्धमा मेरो जोड हुनेछ। सीमाको प्रभावकारी व्यवस्थापन र सीमा समस्याको समाधान मेरो प्राथमिकता हुनेछ।

**सभामुख महोदय,**

यसबीचमा मैले सचिवहरूको बैठक राखेर सोधेँ, राहदानी लिन बिहान दुई बजेदेखि लाइनमा बस्न परेपछि नागरिकले कसरी राज्यमाथि भरोसा गर्छन् ? सवारीचालक अनुमतिपत्र लिन पनि वर्षौं कुर्नुपर्ने कारण के हो ? सरकारी अस्पताल र सामुदायिक विद्यालयको स्तर किन खस्कियो ? प्रविधिको यति धेरै विकास भइसक्दा पनि सरकारी अस्पतालमा नाम दर्ता गर्नसमेत घण्टौँ किन लाग्छ ? सरकारी अस्पतालमा सामान्य शल्यक्रिया गराउन पनि तीन–चार महिना किन कुर्नुपर्छ ? अस्पतालका प्रयोगशाला र परीक्षण उपकरण किन महिनौँसम्म बन्दैनन् ? अनुदानका सामग्री स्टोरमा किन थन्किन्छन् ? मैले सचिवज्यूहरूलाई भनिसकेको छु, सेवा प्रवाहलाई सहज र विकासको गतिलाई तीव्र बनाउन नीतिगत समस्या समाधानको जिम्मा म लिन्छु तर नतिजामुखी कार्यसम्पादनको जिम्मा तपाईंहरूले लिनुपर्छ।

सरकार फेरिइरहने तर जनताको जीवनस्तर नफेरिने निराशाजनक चित्र अब बदल्नु छ। त्यसका लागि सरकार मालिक होइन, सुनिने, देखिने र जनताले अनुभूत गर्ने सेवक बन्नु छ। प्रदेश र स्थानीय तहमा तत्काल कर्मचारीको व्यवस्था हुनेछ। सङ्घीय निजामती ऐन अविलम्ब यसै अधिवेशनमा पेस गर्नेगरी तयारी गर्न मैले निर्देशन दिइसकेको छु। मन्त्रिपरिषद्को पहिलो बैठकमै भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीतिलाई परिणाममा देखिने गरी कार्यान्वयन गर्ने निर्णय भइसकेको छ।

रणनीतिक महत्त्वका विकास आयोजनाहरूको कार्यान्वयन गर्न जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन तथा ठेक्का व्यवस्थापनमा हुने ढिलाइ कम गरी निर्णय प्रक्रियामा शीघ्रता ल्याउन छुट्टै कानुनी व्यवस्था गरिनेछ। युटुलिटी कोरिडोरसम्बन्धी कानुनी व्यवस्था गरी पूर्वाधारमा साझेदारी गर्ने व्यवस्था मिलाइनेछ। पुँजीगत खर्च बढाउन आयोजना व्यवस्थापनलाई नतिजामुखी बनाउनुका साथै अन्तरनिकाय समन्वय प्रभावकारी बनाइनेछ। विकास आयोजनाको अनुगमनलाई नतिजामा आधारित बनाइनेछ। राष्ट्रिय महत्त्वका आयोजनाहरूको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको एक्सन–रुमको उपयोगसमेत गर्दै म आफैँले पनि नियमित रूपमा अनुगमन गर्नेछु।

**सभामुख महोदय,**

कानुनका छिद्र देखाउने, काममा ढिलासुस्ती गर्ने र अनावश्यक झन्झट दिने काम यो सरकारलाई स्वीकार्य छैन। सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा प्रविधिमैत्री बनाई जनतालाई चुस्त र नागरिकमैत्री सरकारको अनुभूति दिलाउन राष्ट्रसेवकलाई जिम्मेवार र उत्तरदायी बनाइनेछ। राहदानी, राष्ट्रिय परिचयपत्र र सवारीचालक अनुमतिपत्र वितरणमा हाल देखिएको समस्यालाई तत्काल समाधान गरिनेछ। एकै प्रकृतिको विवरण फरकफरक निकायबाट सङ्कलन गर्नुको सट्टा डाटा साझेदारी र अन्तरआबद्धताको भरपर्दो प्रणाली निर्माण गरी सेवा प्रवाहलाई छिटो, छरितो, मितव्ययी र झन्झटमुक्त बनाइनेछ। विपन्न नागरिक उपचार सुविधा तथा स्वास्थ्य बीमा सेवालाई सर्वसुलभ र नियमित बनाइनेछ। स्वास्थ्य बीमाको दायरा विस्तार गरिनेछ। सरकारी एवं सार्वजनिक जग्गाको संरक्षण गर्न एकीकृत विद्युतीय अभिलेख तयार गरिनेछ।

मुलुकको विकासमा योगदान गर्न सक्ने उमेरमा नागरिक विदेशिनुपर्ने तर वृद्धावस्थाको सामाजिक सुरक्षाको व्यवस्था राज्यले गर्नुपर्ने जटिल अवस्था विद्यमान छ। यो परिस्थितिबाट बाहिर निस्कन स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न निजी क्षेत्रसमेतको सहभागितामा ठोस कार्यक्रम सञ्चालन गरिनेछ। निजी क्षेत्रको विकासका लागि आवश्यक नीतिगत र कानुनी सुधार, आर्थिक पूर्वाधार विकासमा सरकारी लगानीको वृद्धि, व्यावसायिक वातावरणमा सुधार, सहकारिताको माध्यमबाट बचतलाई प्रोत्साहन अनि स्वरोजगार प्रवर्द्धन सरकारका उद्देश्य हुनेछन्।

पर्यटकीय पूर्वाधारको निर्माण र सेवाको गुणस्तरमा सुधार सरकारको मुख्य जोड हुनेछ। गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण क्षमतामा सञ्चालन र स्रोतको सुनिश्चिततासहित निजगढमा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण मेरो प्राथमिकता हुनेछ। मलाई थाहा छ, मिडिया उद्योग सङ्कटमा छ। म विश्वास दिलाउँछु, यो सङ्कटमा सरकारले मिडिया उद्योगलाई एक्लै छाड्नेछैन। सञ्चारकर्मीहरूको हक र हित पनि सरकारको उच्च प्राथमिकतामा हुनेछ। पछिल्ला दिनमा सेयर बजारमा आएको सकारात्मक परिवर्तनलाई मैले नयाँ सरकारप्रति जनताको भरोसाको सङ्केतका रूपमा लिएको छु। तीव्र आर्थिक विकास र न्यून मुद्रास्फिति सरकारको लक्ष्य हुनेछ। लाइनमुक्त देश मेरो सङ्कल्प हो। म विश्वास दिलाउँछु, देशका हरेक नागरिकलाई लाग्नेछ, सरकार मेरो अभिभावक हो, मेरो पक्षमा छ र मेरा लागि केही गरिरहेको छ।

राष्ट्रसेवकलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी व्यावसायिक, प्रतिस्पर्धी र दक्ष बनाइनेछ। तीनवटै तहका सरकारको मौजुदा कर्मचारीको दरबन्दीको पुनरवलोकन गरी सेवा प्रवाह गर्ने निकायमा पर्याप्ति जनशक्तिको व्यवस्था गरिनेछ। जिम्मेवारी लिने तर लक्ष्यअनुसार राजस्व असुली र विकासका काम गर्न नसक्ने पदाधिकारीलाई कार्यसम्पादन मूल्याङ्कनसँग जोडिनेछ। सरकारी पदाधिकारीले परराष्ट्र मन्त्रालयको जानकारीबिनै विदेशी कुटनीतिज्ञलाई भेट्ने काम अब हुन दिइने छैन। भ्रष्टाचार नियन्त्रण र निवारण सरकारको प्राथमिकता हुनेछ। बुस्टर डोज खोपका लागि भ्याक्सिनको तत्काल प्रबन्ध गर्न लगाइसकिएको छ। शीतलहर र हिमपातबाट जनता जोगाउन आवश्यक प्रबन्ध गर्न सम्बन्धित तहमा निर्देशन दिइसकिएको छ।

**सभामुख महोदय,**

हिजो हामीभित्र जुन आवेग थियो, परिवर्तनको जुन सङ्कल्प थियो अब त्यसलाई त्यही घनत्वका साथ जगाउन र राष्ट्र निर्माणमा लाग्न म प्रतिबद्ध छु। यो सम्मानित सदनलाई मेरो अनुरोध छ, सरकारमा म त्यही आवेग जगाएर आफू, देश र यो संसद्लाई पनि प्रमाणित गर्न चाहन्छु। सम्भव छैन, सकिँदैन, केही हुँदैन भन्ने निराशा र नकारात्मक बोधलाई यो सरकारमा कुनै ठाउँ हुनेछैन। म यो संसद्सँग विश्वासको मत पनि नितान्त सकारात्मक र रचनात्मक हस्तक्षेपका लागि मागिरहेको छु।

**सभामुख महोदय,**

मलाई कुनै द्विविधा छैन, एउटा कप्तान केवल एउटा टिमका रूपमा सफल हुन्छ। मैले लिएका लक्ष्य सरकारका घटक मात्र होइन, सिङ्गो संसद्लाई साथसाथै लैजान सके मात्र पूरा हुनेछन्। म संसद्मा पूर्ण विश्वास र आपसी सद्भावको वातावरणको पक्षमा छु। मैले हिजो पनि भनेँ, हाम्रा मतभेदहरूसमेत मर्यादित हुनेछन्।

म सबै दल र माननीय सदस्यहरूलाई आग्रह गर्दछु, आउनुहोस्, यस पटक संसद्मा नयाँ अध्याय सुरु गरौँ। म बिनाकुनै पूर्वाग्रह सबै राजनीतिक दलहरूसँग सहकार्यका लागि प्रतिबद्ध छु। सिङ्गो सदनको साझा प्रधानमन्त्रीका रूपमा मलाई राष्ट्र–निर्माणको नेतृत्व गर्ने एउटा मौका मिलोस्। हामी सबैले आ–आफ्ना ठाउँबाट जनतासँग विकासको प्रतिबद्धता गरेका छौँ। आज त्यही प्रतिबद्धताका लागि हामी सबै एक ठाउँमा उभिन नसक्ने केही छैन।

मैले हिजो पनि संसद्मा भनेँ, जनताको हामीमाथिको समर्थन ससर्त छ। हीन भावनाको ठाउँमा आशा र आत्मविश्वास जगाउनु छ। आर्थिक क्रान्तिको साझा सङ्कल्पबाट समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्नु छ। इतिहास आजैबाट सुरु हुन्छ म भन्दिनँ। आजसम्मका उपलब्धिलाई संस्थागत गर्दै र सबैप्रति कृतज्ञता व्यक्त गर्दै म एउटा परीक्षा दिन चाहन्छु। हिजो क्रान्ति सुरु गर्दा जुन आवेग मसँग थियो, बीचमा केही अलमलिएजस्तो देखिए पनि आज त्यही आवेग र अठोटका साथ म यो रोस्टममा उभिएको छु। तेस्रो पटक प्रधानमन्त्रीमा नाम लेखाउन वा सिंहदरबारमा अर्को कार्यकालको फोटो झुन्ड्याउन मात्र म यहाँ उभिएको छैन। म विश्वास दिलाउँछु, हरेक पटक संसद्मा म उपलब्धिका डाटा र रिपोर्ट कार्डका साथ उपस्थित हुनेछु। मलाई विश्वासको मत दिएकोमा संसद्का हरेक माननीय सदस्यले गर्व गर्ने वातावरण बनाउनेछु। सबैको साथ र सहयोग लिएर राष्ट्र–निर्माणमा होमिन यो सम्मानित सदनसँग प्रधानमन्त्रीका रूपमा म विश्वासको मतका लागि अनुरोध गर्दछु।

**धन्यवाद।**

***(प्रधानमन्त्री पुष्पकमल दाहालले मङ्गलबार संसद्मा विश्वासको मत माग्दा गर्नुभएको सम्बोधनको सम्पादित अंश – सम्पादक)***



काम पूरा नभएसम्म
त्यो असम्भव प्रतीत हुन्छ ।
- नेल्सन मण्डेला

## सम्पादकीय

# प्रममाथि विधायिकी विश्वास

**प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधि सभाबाट अधिक मतका साथ विश्वास प्राप्त गर्नुभएको छ। विपक्षमा रहेको नेपाली कांग्रेससमेतले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएसँगै नेपाली राजनीति सहकार्यको नयाँ युगमा प्रवेश गरेको छ। सरकारले संसद्मा विश्वासको प्राप्त गरेको विगतका भन्दा अनुपम परिघटनाले नेपाली राजनीति सहमति, सहकार्य तथा विश्वासमा अगाडि बढ्ने सम्भावनाको ढोका खुलेको छ। प्रधानमन्त्री प्रचण्डमाथि संसद्मा देखिएको भारी विश्वास देशको समग्र विकास र सुशासनमा प्रतिविम्बित हुँदा मुलुकले नयाँ मार्गचित्र कोर्ने विश्वास बढेको छ। विधायिकामा अपार विश्वास हासिल गर्न प्रधानमन्त्री प्रचण्डले देखाउनुभएको लचकता र संवादको संस्कृतिले नेपाली राजनीतिमा नयाँ आयाम थपेको छ। संसद्को सबैभन्दा ठूलो तथा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससँग एक दिनअघि मात्र प्रधानमन्त्री प्रचण्डले गर्नुभएको संवाद फलदायी भयो। प्रचण्ड नेतृत्वको सरकारलाई प्रतिपक्षसमेतले विश्वासको मत दिएसँगै नेपाली राजनीतिमा धेरै पछि यस प्रकारको संयोग जुरेको हो। यस अर्थमा केहीलाई छोडेर वर्तमान सरकारले लगभग सबै राजनीतिक दल तथा विधायकको पूर्ण विश्वास पाएको छ।**

**मङ्गलबार संसद्मा भएको विश्वासको मतमा उपस्थित २७० मध्ये २६८ जना संसद् सदस्यले विश्वासको मत प्रदान गरेबाट सरकार जिम्मेवारी तथा गहनतामा थप वृद्धि भएको स्थिति स्पष्ट भएको छ। यही पृष्ठभूमि यो सरकारलाई राष्ट्रिय सहमतिको सरकारका रूपमा समेत कतिपयले बुझ्न सक्ने भएका छन्। नेपालको संसदीय राजनीतिमा यो अवसर नयाँ सरकारप्रतिको अभूतपूर्व घटना पनि हो। प्रधानमन्त्री प्रचण्डले मङ्गलबार संसद्मा विश्वासको मत माग्ने क्रममा यथार्थपरक विषयवस्तुलाई जोड दिनुभएको छ। सहमतिको राजनीतिलाई अगाडि बढाउने बताउँदै विगतका आफ्ना कमीकमजोरीको आत्मसमीक्षा तथा आत्मस्वीकारोक्तिका साथ प्रधानमन्त्री प्रचण्डले यथार्थपरक मूल्याङ्कन गर्नुभएको छ। नेपालको राजनीति लोकतान्त्रिक तथा वामपन्थी शक्तिको यथार्थपरक सहकार्यबाट अगाडि बढ्ने वातावरण अब तयार भएको छ। मुलुकमा ठूला राजनीतिक परिवर्तन आएको तथ्यलाई समेत प्रधानमन्त्रीले जोड दिनुले पनि प्रमुख राजनीति दलबीच विश्वासको वातावरण अझै घनीभूत हुने अपेक्षा गर्न सकिन्छ।**

**वर्तमान सरकारलाई नेपाली कांग्रेसका तर्फबाट समेत विश्वासको मत प्राप्त भएबाट यसले सरकारलाई थप सहज ढङ्गले सञ्चालन गर्न नैतिक बल उपलब्ध हुनेछ। कांग्रेसले विश्वासको मत दिने सन्दर्भमा संविधानको पूर्ण रक्षाका निम्ति विश्वासको मत दिएको तथ्य यहाँ स्मरणीय छ। सरकारको कामकारबाहीका गुण र दोषका आधारमा समर्थन र विरोधको नीति निर्धारण गर्ने कांग्रेसको भनाइले संसद् प्रतिपक्षीविहीन नभएको तथ्य पनि मननीय छ। कांग्रेसको यस कदमले नेपालको संसदीय राजनीतिमा दूरगामी प्रभाव पार्नेमा दुईमत देखिँदैन।**

**सोमबार मात्र सात दलीय गठबन्धनको सरकारले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दै आमजनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुको सम्बोधन गरेको छ। यसअनुरूप सरकार गठन भएको एक वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने, छ महिनाभित्र नेपाली नागरिकका सन्तानले नागरिकता नपाउने अवस्थाको अन्त्य, हालसम्मका भ्रष्टाचार काण्डको छानबिन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। यसले आमनेपालीको चाहनालाई प्रतिविम्बित गरेको मान्न सकिन्छ। यसैगरी आर्थिक सङ्कट समाधान गर्न न्यूनतम साझा कार्यक्रममा केन्द्रित हुने, निजी क्षेत्रको लगानी प्रवर्द्धन र त्यसको नीतिगत सुधारमा जोड दिनुका अतिरिक्त बन्द उद्योग सञ्चालनमा ल्याइने, ६० वर्षमाथिकालाई नसर्ने रोगको निःशुल्क उपचार गरिने, सगरमाथा संवादका रूपमा अन्तर्राष्ट्रिय रूपमा भइरहेको जलवायु परिवर्तनका मुद्दामा केन्द्रित हुने, लिम्पियाधुरा, कालापानी, सुस्तालगायत अतिक्रमित भूमि फिर्ता ल्याउन प्रभावकारी कूटनीतिक प्रयास गरिनेजस्ता प्रतिबद्धता गरिएबाट न्यूनतम साझा कार्यक्रमप्रति आमविश्वास बढेको छ।**

**संसद्मा प्रतिनिधित्व गर्ने लगभग सबै राजनीतिक दल तथा स्वतन्त्र सांसदबाट समेत विश्वास मत प्राप्त गरिसकेको अवस्थामा यो सरकार सबै नेपाली तथा दलको साझा विश्वासको सरकारका रूपान्तरण भएको छ। विशेषगरी प्रधानमन्त्री प्रचण्डले विश्वास मत माग्दा संसद्मा गर्नुभएका प्रतिबद्धता कार्यान्वयनको महत्त्वपूर्ण अवसरसमेत हो यो। सरकारसँग आमनेपाली जनताको ठूलो आशा तथा भरोसा रहेको तथ्य सर्वविदितै छ। राष्ट्रिय स्वाभिमान, राष्ट्रियता, संविधान रक्षा, अर्थतन्त्र सुधार, आमजनताका सहज दैनिक जीवनयापन, विकास निर्माणमा तीव्रतालगायतका महत्त्वपूर्ण विषयमा वर्तमान सरकार केन्द्रित हुनेछ भन्ने अपेक्षा आमनेपालीको छ। मुलुकको समृद्धिको दिशामा सरकार प्रतिबद्ध र क्रियाशील हुने भरोसालाई विश्वासको मतले स्पष्ट गरेको छ।**

# युगपुरुषको शासकीय कौशल



बद्रीप्रसाद दाहाल

विशाल नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाह हिम्मतिला राष्ट्रस्रष्टा र दूरदर्शी द्रष्टा थिए। स्रष्टा तथा द्रष्टाका रूपमा रहेका उनी कूटनीतिक चातुर्यता, सुशासक, पारदर्शी, जवाफदेही, राष्ट्रियताका सबालमा स्वाभिमानी तथा आँटिला थिए। सबै जनतामा समभाव राख्ने व्यावहारिक शासक भएकै कारण उनी विशाल एकीकृत नेपालका जन्मदाता बन्न पुगे। उनी बाउन्न वर्ष मात्र बाँचेर पनि नेपालको माटोमा सबै कालखण्डका लागि चर्चित, अनुकरणीय तथा वन्दनीय युगपुरुष भएर स्मरणीय बनेका छन्।


पृथ्वीनारायण बीस वर्षका हुँदा उनका पिताको अवसान भएकोले उनी गोरखाका राजा बन्न पुगे। विशेष त्यतिखेर नेपालको पश्चिमी भागमा (गण्डकी र कर्णाली क्षेत्रमा) बाइसे चौबीसे राज्य थिए भने उपत्यकामा कीर्तिपुर, ललितपुर, भक्तपुरमा मल्ल राजाहरूको राज चलेको थियो। त्यस्तै पूर्वतिर माझ किराँत पल्लो किराँतमा किराँतीको राज थियो भने दक्षिणतिर सेन वंशको राज्य थियो। त्यतिखेर नेपालभरमा ५२ भन्दा बढी राज्य देखिन्छन्। यस्तो स्थितिमा राजा भएका पृथ्वीनारायणले बाह्र सय घरधुरी भएको छ महिना पनि खान नपुग्ने गरिब गोरखा राज्यलाई सबैभन्दा शक्तिशाली नायक राज्य बनाउन भित्रैदेखि कुत्कुत्यायो। यस क्रममा आफ्ना छिमेकी राज्यसित कूटनीतिक सम्बन्ध कायम गरी महत्त्वपूर्ण व्यापारिक मार्ग बनेको नुवाकोट दुई पटक लगाएर जितेपछि उपत्यकामा प्रवेश गरे। तीनपल्ट लगाएर कीर्तिपुर जितेपछि उपत्यकाका सबै राज्य हात लगाए। त्यसपछि उनी दक्षिण र पूर्वी नेपालका विभिन्न राज्यमाथि हमला गरेर एकीकरण अभियानलाई तीव्र पारी बाइसे चौबीसे राज्यमा पनि आधिपत्य जमाउने अभियानलाई द्रुत गति दिए।

यसरी उनको नेपाल एकीकरणको सपनाअनुसार गोर्खा राज्यको नायकत्वमा देशको भौगोलिक कायाले पूर्वमा टिष्टा नदी, पश्चिममा सतलज र दक्षिणमा मगधसम्म आफूलाई फैलाउन सफल बनायो। बृहत्तर एकीकृत नेपालको रचना गर्ने क्रममा उनले देशभित्रका राज्यहरू र अङ्ग्रेज साम्राज्यसित पनि लड्न पर्‍यो। पश्चिम नेपालको एकीकरण अभियान पूरा गर्दा नगर्दै उनलाई कराल कालले वि.सं १८३१ माघे सङ्क्रान्तिको दिन इहलीला समाप्त गरायो नुवाकोटको देवीघाटमा। अवसान हुने समयअघि उनले आफ्ना भाइभारदारलाई राखेर बृहत्तर नेपाललाई सबल बनाउन उपदेश दिएका थिए, जसलाई 'पृथ्वीनारायणको दिव्योपदेश' भनेर पुकारिन्छ। यसलाई अर्को शब्दमा पृथ्वीगीताको रूपमा चिनिन्छ। यो आकारमा सानो भए पनि यसभित्रका सूत्रहरू राज्य सञ्चालनका हेतु गम्भीर तथा विशाल कूटनयिक, राजनयिक, आर्थिक, सामाजिक सद्भाव, राष्ट्रिय एकताका अनुपम गीताग्रन्थ बन्न पुगेको छ। झन्डै उनका सन्तानले ७२ वर्षसम्म एकीकरण अभियानलाई अघि बढाइरहे। सुगौली सन्धिपछि यसमा ब्रेक लाग्यो।

### दिव्योपदेश वा पृथ्वीगीता

दूरदर्शी, कुशल शासक पृथ्वीनारायणको अनुभूति र उदात्त सपनाको सङ्कलन हो 'दिव्योपदेश'। नेपालको सन्दर्भमा यो पृथ्वीनारायण- गीता वा सबल नेपाल देश चलाउने कौशलताको वरद सूत्रहरूको सङ्ग्रह हो। जसमा देशले अख्तियार गर्ने आन्तरिक एवं बाह्यनीति, कूटनीति वा राजनय, व्यापार पारवहन, निर्यातआयातको सन्तुलन र निर्यातप्रधान अर्थतन्त्रको देश बनाउने सपना तथा भावी दृष्टिकोणको प्रक्षेपण छ। त्यसैगरी खेतीयोग्य जमिनको रक्षा, खानी उत्खनन, सैनिकको सुसङ्गठन, राष्ट्रियताको रक्षा, धर्मसंस्कृति भाषा मौलिकताबारे सचेत रहने आदि अनगिन्ती पक्षको दिग्दर्शन छ यो नेपाल गीताभित्र।

नेपालका सुकरात भनेर ख्याति कमाएका निर्भीक वरिष्ठ शोधक, इतिहासविद्, प्राध्यापक नयराज पन्तको सम्पादकीय



दूरदर्शी, कुशल शासक पृथ्वीनारायणको अनुभूति र उदात्त सपनाको सङ्कलन हो 'दिव्योपदेश'। जसमा देशले अख्तियार गर्ने आन्तरिक एवं बाह्यनीति, कूटनीति वा राजनय, व्यापार पारवहन, निर्यातआयातको सन्तुलन र निर्यातप्रधान अर्थतन्त्रको देश बनाउने सपना तथा भावी दृष्टिकोणको प्रक्षेपण छ।

## सन्दर्भ : पृथ्वीजयन्ती

नायकत्वमा भूमिका खण्ड र मूल पाठसहित गरी ७६ पृष्ठ भएको प्रचलित नेपाली भाषामा लेखिएको २०५८ माघ ४ गते प्रकाशित यो पुस्तक (दिव्योपदेश सङ्ग्रह) नेपालमा सुशासन दिन्छु, समृद्ध नेपाल र सुखी नेपाली बनाउँछु भन्ने अठोट कुनै शासक प्रशासकले बोकेको छ भने यो ग्रन्थ उसको सिरानीमा हुनुपर्छ। कार्यालय जानअघि र फर्किसकेपछि यसको पुनर्पठन गरिरहनुपर्छ।

**उदाहरणका लागि केही दिव्य उपदेशका सूत्र मूल पाठबाट प्रचलित नेपालीमा :**

१, 'नेपाले राजाले चिन्नन् र पक्रनन् भनी स्याखु ओडी रापतीका तीरैतीर भानु जैसी, कुलानन्द जैसी अरू थरघर पनि साथैमा थिए। चन्द्रागिरिमा आइपुगेपछि नेपाल कुन हो भनी सुध्याएँ र त्यो भादगाउँ हो, त्यो पाटन हो, त्यो काठमाडौँ हो भनी देखाए। मेरो मनमा यी तीनै शहरका राजा हुन पाए त हुँदो हो भन्ने यस्तै परिरहेको थियो। उसै बेलामा ऊ दुवै जैसीले हजुरको मनोकाञ्छ्या अभिलाषा पुग्ला महाराज! भने। मलाई आश्चर्य लाग्यो र मेरा पेटका कुरा कसो गरी जान्यौ र त्यसो भन्यौ भनी मैले भन्दा जसै नेपालमा नजर दिनुभएथ्यो उसै वेला मोचमा बाहुली दिँदा मनमा नेपालको राजा हुन पाए त हुँदो हो भन्ने जस्तो परेछ भनी हजुरमा बिन्ती गरेको हो भने। यो कुरा पुग्ला भनी मैले भन्दा हजुरले गौ, ब्राह्मण, अतिथि, फकीर, देवदेवताको मान्यता बहुतै राख्नुभएको छ, हाम्रा हातमा सरस्वतीको वरदान छ, हजुरलाई नेपालको राज्य अवश्य हुनेछ भने।' यो कथनले पृथ्वीनारायणको विशाल नेपालको कल्पनाको तस्विर र मनोविज्ञ भारदारहरूको ढाढसलाई कति मधुर प्राकृत ध्वनिमा ध्वनित भएको देखिन्छ।

२, 'चेपेको खावा लिगलिगको आड गरी राखेका मेरा तीन वीर छन्। तिनलाई बोलावटको रुक्का लेखन जैसीभन्दा, तिनको नाम के हो भनी सुध्याए र रणजित् बस्न्यात, मानसिंह रोकाहा, वीरभद्र पाठक मैधीमा रातदिन गरी आइपुग भनी लेखी पठाएँ र आइपुगे। तिनछेउ एकान्त गरेँ र भनेँ। दिग्बन्धन सेनसित हाँक दिई आएँ नेपाल पनि देखी आएँ हान्नाको मनसुवा पनि राखी आएँ, तिमीहरू के भन्छौ भनी मैले भन्दा हान्नुहोस् महाराज भनेर सल्लाह दिए। मैले भनें जसै अर्काको छत्रभङ्ग गर्न म जान्छु, मेरो छत्रभङ्ग गर्न अर्को आयो भने कसो होला ? भनी मैले भन्दा हजुरका हात्तीहौवा यी बाईसी चौबीसी आए भने चेपेमा रगतको नदी बहाउँला महाराज भने र एकान्तबाट उठी गोरखा गयौँ।' यसबाट बुझिन्छ कि पृथ्वीको अदम्य शौर्यता र बफादार भारदारको समुचित सङ्गठन कति भरपर्दो थियो। अनि कुनै कुराको निर्णय गर्न मपाइँत्व त्यागेर उनको सर्वसम्मतिमा चल्ने उदार भाव कति उच्चकोटिको सुझबुझको प्रतीक भएर मुखर छ।

३, 'आफ्नो देशको जिनिस जडीबुटी देश (विदेश) लैजानू र नगद खैँचनू। प्रजा मोटा (धनी) भए दरबार बलियो रहन्छ'। उत्पादनवृद्धि, निर्यात प्रवर्द्धन र आयात न्यूनीकरणको कति पोटिलो र तारिफ गर्नलायक सूत्र छ उनको।

४, 'उप्रान्त यो राज्य दुइ ढुङ्गाको तरुल जस्तो रहेछ'। हाम्रो भू-अवस्थितिको कति वास्तविक चित्रण छ यसमा। हाम्रो परराष्ट्रनीतिको स्वरूप कस्तो हुनुपर्छ भन्ने सटीक विम्ब छ यसमा।

५, चीनका वादशाहसित ठूदो घा (सम्झौता वा सन्धि) राख्नू, दख्खिनका समुद्रका वादशाहसित घा त राख्नू तर त्यो महाचतुर छ। हिन्दुस्तान दबाइरहेछ। सरजमीनमा परिरहेछ। हिन्दुस्तान जम्यो( मिल्यो) भने कठिन पर्ला भनी किल्ला खोज्न आउनेछ। सन्धिसर्पन हेरी गढी तुल्याई राख्नू र रस्तारस्तामा भाँजा हालिराख्नू। एक दिन त्यो बल आउनेछ। जाई (गई) कटक(लडाइँ) नगर्नू, झिकी कटक गर्नू। चूरेघाँटीमा खूपै काटिनेछ। पाँचसात पुस्तालाई खजाना पनि मिल्नेछ। श्रीगङ्गाजीको साँध पनि लाग्न्यै छ। लडाइँमा पुगेन भने लालोपोतो र अनेक कलछल गरीकन पनि आउनेछ'

यसरी भावी दूरदूरान्तसम्मका नेपाली सन्ततिलाई होसियार, जागा र सचेतना दिने छिमेकनीति उनको खरो अनुभव, बाउन्न थप्पड र त्रिपन्न घुस्साकै परिणति हो।

मुलुकको हर पक्षमा आफ्ना भोगाइ, अनुभव, शास्त्रवचन, सज्जनका सहमति विदेशीका तिकडम बाउन्नभन्दा बढी राजाहरूको व्यवहार सबैको गहिरो अध्ययन, चिन्तन र मननबाट प्रत्युत्पन्न पृथ्वीनारायणका यी वाणी सार्वकालिक समयका मुलुकको उत्तरदायित्व लिने पात्रका लागि गीताहार हुन्, गायत्री मन्त्र हुन् र दिव्य उपदेश सङ्ग्रह पनि। यो ग्रन्थ र पृथ्वीनारायणको चरित्र नेपालको अस्तित्व बचाउने नारायण कबचकै प्रतिरूप हो। त्यसैले त राष्ट्रगुरु योगी नरहरिनाथकै सक्रियतामा २००९ सालबाट थालनी भएको पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसले तीन सय एकौँ वर्ष प्रवेश गरेको छ (३०१ औँ) यो पावन तिथिमा महान् योद्धा, प्रखर राष्ट्रवादी सुशासक, नेपाल एकीकरणका महानायक एवं युगपुरुषमा मेरो भावपूर्ण श्रद्धाञ्जलि! उनको दिव्योपदेश पृथ्वीगीताको उम्दा पठनीय, चिन्तनीय र मननीय ग्रन्थ हो !!

# तराई मधेश एकीकरणमा राष्ट्रनिर्माता



रामनारायण देव

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले विभिन्न राज्य रजौटामा विभाजित नेपाललाई एकीकरण गरे। त्यसअघिका केही राजाले एकीकरण प्रयास नगरेका होइनन् तर सफल हुन सकेका थिएनन्। सेनकालीन राजा मुकुन्द सेन र लोहाङ सेनले राज्य विस्तार गरे पनि तिनीहरूले आआफ्ना छोरालाई भागबण्डा लगाइ पुर्ख्यौली सम्पत्तिका रूपमा प्रयोग गरे। त्यसभन्दा अघि भक्तपुरका राजा यक्ष मल्लले पनि दक्षिण हरिहरक्षेत्र पाटलीपुत्र (पटना) सम्म राज्य विस्तार गरे पनि छोराहरूलाई काठमाडौँ उपत्यका कान्तिपुर, पाटन र भक्तपुरका राज्य भाइमाझ भागबण्डा गरिदिए।

गोरखाका राजा पृथ्वीनारायणले राज्य विस्तार नगरी एकीकरण गरे। त्यसैले उनी राष्ट्रनिर्माता कहलिए। तत्कालीन गोरखा सानो राज्य थियो। बलियो साधन र स्रोतको अभाव रहे पनि त्यहाँका राजा पृथ्वीनारायण निकै साहसी र दूरदर्शी थिए। त्यतिबेला भारतमा अङ्ग्रेजले इस्ट इन्डिया कम्पनीको रूपमा शासन गरिरहेको थियो। वरिपरिका राज्यमाथि आक्रमण गरी कम्पनी सरकारमा विलीन गराउने अभियान उनीहरूले चालेका थिए। त्यसैले नेपालमाथि पनि गिद्धे दृष्टि लगाएका थिए। यसको जानकारी पृथ्वीनारायणलाई भइसकेको थियो। त्यसैले उनी विभिन्न राज्य रजौटालाई एकीकरण गरी विशाल नेपाल बनाउन चाहन्थे। वि.सं. १८०० मा राज्याभिषेकपछि १९ वर्षको उमेरमै एकीकरणको अभियान थाले। सर्वप्रथम वि.सं. १८०१ असोज १५ गते नुवाकोटमाथि आक्रमण गरी एकीकरण आरम्भ गरे। वि.सं. १८११ साउन २१ गते नगरकोट र दहचोकमाथि आक्रमण गरेका शाहले त्यसपछि विशाल मकवानपुर राज्यमाथि आक्रमण गर्दा ठूलो सङ्घर्ष गर्नुपर्‍यो। मकवानपुर राजाको सहयोगमा आएका बङ्गालका नबाव मिरकासिमको सेनासित गोर्खाली सेनाको कैयौँ दिनसम्म युद्ध चल्यो र बङ्गाली सेना पराजित भए।

पृथ्वीनारायणले वि.सं. १८२२ चैत ३ गते कीर्तिपुरमाथि आधिपत्य जमाए। कान्तिपुरका राजा जयप्रकाश मल्लको सहयोगार्थ अङ्ग्रेजी फौज आएको थाहा पाएपछि गोर्खाली सेनाले सिन्धुलीगढीलाई चारैतिरबाट घेरा हाली आक्रमण गर्‍यो। त्यस युद्धमा हजारौँले मृत्युवरण गरे भने कति ज्यान जोगाएर भागे। वि.सं. १८२५ असोज १५ गते कान्तिपुर (काठमाडौँ) माथि गोर्खाली फौजले सजिलैसित विजय हासिल गरी एकीकरण गरे। त्यसको लगत्तै ललितपुर र भक्तपुर पनि गाभियो।

पहाडी भूभाग एकीकरण गरेपछि पृथ्वीनारायणले तराईका मकवानपुर राज्यअन्तर्गत रहेका भूभागमाथि आक्रमण गरी एकीकरण गर्ने योजना बनाए। सन् १७६७ सेप्टेम्बरमा सिन्धुलीको लडाइँमा हारेर कप्तान किनलक फर्किंदा पृथ्वीनारायणले केही हलुका महसुस गरे। सिन्धुलीबाट कप्तान किनलक तल्लहट्टीमा आएर बारा, पर्सा र रौतहटमा मालपोत तहसिल गर्थे। बागमती नदीदेखि पूर्वपट्टि रौतहट, सर्लाही र महोत्तरी तथा पश्चिमका बारा, पर्सा, मकवानपुर राज्यमा भएकाले त्यो गोरखा राज्यमा एकीकरण भएपछि स्वतः नेपालमा गाभियो। सन् १७६७-७० का बीचमा बङ्गाल र विहारको अवस्था परिवर्तन भइरह्यो। सन् १७६७ मा किनलक हटेर गएपछि सन् १७६९ मा बङ्गालको गभर्नरमा कार्टियरको नियुक्ति भयो।

मकवानपुर मालका सुब्बा दीनानाथ उपाध्याय (दाहाल) चतुर र देशभक्त थिए। उनका पिता पुर्खासमेत मकवानपुर राजाका पालादेखि मालपोत विभागमा काम गर्दै आएका र उनी पनि यसै विभागका कारिन्दा हुनाले त्यहाँ रहेका सबै कागजपत्रका बारेमा जानकारी थियो। मकवानपुरमा गोर्खालीको अधिकार भएपछि उनी पनि गोर्खाली बनेका थिए। मालपोतसम्बन्धी काममा निपुण भएकाले पृथ्वीनारायणले उनलाई मकवानपुर मालका सुब्बामा नियुक्त गरे।

पृथ्वीनारायणले ठूलो त्याग र बलिदान गरी तराई मधेश एकीकरण गरी विशाल नेपालको नासो स्थानीयलाई नै सुम्पिए। त्यसैले यसको अखण्डता, स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गर्नु सबै राष्ट्रवादी नेपालीको कर्तव्य हो।

बङ्गाल, बिहारका घटनाबारे पृथ्वीनारायणलाई राम्रो ज्ञान थियो। त्यस समय अङ्ग्रेजहरूको शक्ति गलेकाले र काठमाडौँ उपत्यका पनि आफ्नो अधीनमा आइसकेको हुँदा तल्लहटी (तराई) को समस्याको समाधान गर्ने प्रयासमा लागेका थिए। त्यसैले सुब्बा दीनानाथ उपाध्यायलाई काठमाडौँ झिकाइ परामर्श गरे। मकवानपुरका राजाले मुगल सम्राट् औरङ्गजेबका समयदेखि प्रतिवर्ष १४ हातको एक हात्ती तथा चौध तमसुकको एक हात मालपोत स्वरूप दिल्लीका बादशाहलाई दिल्लीमा पठाउने गरिएको थियो। पछि मुर्सिवादको नबावको हातमा सत्ता आएपछि यिनै नबावहरूको पटनामा रहेका अफिसरहरूलाई १२ तमसुकको एक हात र साढे १२ हातको हात्ती बुझाउने गरेको थियो। यसै स्रेस्ताका आधारमा पृथ्वीनारायणले दीनानाथलाई अङ्ग्रेजसित सम्झौता गरी तराईको समस्या समाधान गर्ने निर्णय गरे।

यस कामका लागि पृथ्वीनारायणले आवश्यक कागजपत्रका साथ सुब्बा दीनानाथलाई खटाए। सन् १७७१ को जनवरी पहिलो साता तराईको महोत्तरी जिल्लासँग जोडिएको दरभङ्गा जिल्लाका हाकिम मेजर केलीसमक्ष पुगेर उनले आफू आउनाको उद्देश्य बताए। केलीले पनि उपाध्यायलाई पटना पठाइदिए। पटना पुगेर उनले त्यहाँका कौन्सिल हाकिमसमक्ष पृथ्वीनारायणले पठाएको पत्र पेस गरे। त्यसपत्रमा 'पर्सादेखि महोत्तरीसम्मको तलहट्टी (तराई) मकवानपुरका राजाहरूको अधीनमा थियो। अब मकवानपुरका राज्यमाथि मेरो अधिकार कायम भएकाले उक्त क्षेत्रहरू पनि मेरा अधिकारभित्र आएका छन्। मकवानपुरका राजाहरूले तिरेसरहको मालपोत म पनि तिर्न तयार छु, त्यसैले मेरो अधिकार कायम होस्' भनी उल्लेख गरिएको थियो।

यसका जवाफमा पटना काउन्सिलका प्रमुखले सम्बन्धित स्रेस्ता जाँचेपछि सुब्बा दीनानाथका दाबीलाई स्वीकार गरी औरङ्गजेबका समयदेखि बुझाउँदै आएको चौध तमसुकको एक हात र चौध हातको हात्तीका साथ गतवर्षको बक्यौता रकम १५ हजार रुपियाँ माग गरे। हुन त आधा तलहट्टी (तराई) को मालपोत सन् १७६७ देखि किनलकले र पूर्वपट्टिको आधा जति उपाध्यायले उठाउने गर्थे। तापनि सधैँका लागि कचिङ्गल समाप्त होस् भनी बक्यौता १५ हजार उपाध्यायले दिन स्वीकार गरे। यसप्रकार विवादको टुङ्गो लाग्यो। यस वर्षदेखि नापबमोजिमको हात्ती र १५ हजार दिने कबुलियत गरिदिए। सन् १७७१ अप्रिल महिनामा किनलकले आफ्ना मातहतका सैनिक फिर्ता गरे। सुब्बा दीनानाथले पनि रकम बुझाइ कबुलियत फिर्ता लिए। पछि मेजर केलीले रौतहटतिरको तौतर प्रगन्नाको बारे विवाद उठाएपछि त्यो पनि समाधान भयो। यसरी पूर्वी मध्य तराईका समस्या समाप्त भई अङ्ग्रेजले उक्त भूभाग नेपाललाई सुम्पे।

त्यसपछि पूर्वी पहाड र पूर्वी तराईका क्षेत्र पृथ्वीनारायणका सेनापति अभिमानसिंह बस्नेतको नेतृत्वमा कब्जा गरियो। मकवानपुरका राजा हेमकर्ण सेनले आफ्ना भाइ जगत् सेनलाई चौदण्डी र माफ किराँतको राज्य प्रशासन चलाउन जिम्मा दिएका थिए। पछि मकवानपुर टुक्रिएर सन् १७३५ चौदण्डी राज्य बनेको थियो। जगत् सेनपछि मुकुन्द सेन (तेस्रो) विक्रम सेन र कर्ण सेन राजा हुनुभयो। पछि पृथ्वीनारायणका सेनाले कर्ण सेनलाई पराजित गरेको थियो। यसरी पूर्वी तराईका सप्तरी, सिराहा, मोरङ र झापा जिल्लालाई पृथ्वीनारायणले विजय गरे। विजय पाएका राज्यहरूमा पृथ्वीनारायणले आफ्नो भाषा र संस्कृति नलादेर स्थानीयलाई प्रोत्साहन गरे। उनले सप्तरीका स्थानीय जमिन्दारहरूलाई मैथिली भाषामा सनद जारी गरेका थिए। जुन यसप्रकार छ-


"स्वस्तिश्री गिरीराजचक्र चूडामणि नरनारायण विविध विरुदावली विराजमान मान्नोनत श्रीमन्महाराजाधिकार श्री श्री श्री श्री श्री पृथ्वी नारायण शाहदेव, देवानासमक्ष भर विजयनाम आगे जीतु राउत के प्रगन्ना चेखन्त, मौजे कालाबन्जर अङ्क १ से जे तरह सौ देलरहे से सहित हम उगाद बकस क देल है। अप्पन खातिर जितु के सभ माफ क देल है। मौकदमी सेहो जितु राउत के देल है अप्पन खातिर वैसु हजुर के सेवा करु-

इति सम्बत १८१९ साल फागुन सुदी रोज १ हरिहरपुर शुभम्।

त्यसैगरी जनकपुरका महन्थ सुमरन दासलाई वि.सं. १८२८ मैथिली भाषामा तथा विजयपुर (धरान) लालमोहर गर्नुभएको थियो। यसरी राष्ट्रनिर्माता पृथ्वीनारायणले तराई मधेश एकीकरण गरी विशाल नेपालको नासो नेपालीलाई सुम्पिए। यसको अखण्डता, स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गर्नु सबै राष्ट्रवादी नेपालीको कर्तव्य हो। पृथ्वीनारायण नेपाली र राष्ट्रियता तथा राष्ट्रिय एकताका प्रतीक हुन्।

## १०० वर्ष अधिको गोर्खापत्र

१९७० साल मार्ग २ गते सोमबार



**८० लाख.**

युक्तप्रदेशका दुर्भिक्ष पिडित कृषकहरू गैन्हलाई तकावीऋण अर्थात् किस्ताकिस्तामा बुझाउनुपर्ने ऋण दिनालाई भारत सर्कारले युक्तप्रदेशका छोटालाठ्लाई ८० लाख रुपिञा दिन निश्चय गरेकाछन्. बङ्गबासीभने युक्तप्रदेशका दुर्भिक्ष पीडतहरूको कष्ट ८० लाख रुपिञालेपनि सोरैआना निवारण हुनशक्तैन भन्ने राय दिनछ.

## चिन्तन

**रागी कर्मफलप्रेप्सुर्लुब्धो**
**हिंसात्मकोशचिः ।**
**हर्षशोकान्वितः कर्ता**
**राजसः परिकीर्तितः ॥**

कर्मफल चाहने लोभी, अर्कालाई
पीडा दिंदा हर्षित हुने, अपवित्र,
हर्ष-शोकले नछाडेको रागी छ
भने त्यो कर्ता रजोगुणी हो।

**- श्रीमद्भगवद्गीता**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

## वस्तुगत प्रश्नोत्तर

१. **२२औँ संस्करणको आहा रारा पोखरा गोल्डकप-२०७९ को उपाधि कसले जित्यो ?**

✍ सङ्कटा क्लब

- वि.सं. २०७९ पुस २३ मा पोखरा रङ्गशालामा भएको फाइनलमा सङ्कटाले पाहुना टोली भुटनिज युथ स्पोर्टस् क्लब अमेरिकालाई अतिरिक्त समयमा ३-२ ले पराजित गरेको। यससँगै सङ्कटाले दोस्रो पटक प्रतियोगिताको उपाधि हात पारेको।
- सहारा क्लब पोखराको आयोजनामा भएको २२औँ संस्करण प्रतियोगिताको उपाधिसँगै विजेता सङ्कटाले १२ लाख रुपियाँ पुरस्कार हात पारेको। त्यस्तै उपविजेता भुटनिज युथले छ लाख रुपियाँ हात पारेको।
- प्रतियोगितामा सङ्कटा क्लबका कप्तान सुनील बल सर्वोत्कृष्ट खेलाडी घोषित भएका।

२. **गाईको प्रतिमासहितको स्तम्भ कहाँ निर्माण गरिएको छ ?**

✍ गाईघाट (त्रियुगा न.पा., उदयपुर)

- राष्ट्रिय जनावर गाई (सँगै बाच्छो रहेको)को प्रतिमासहित निर्मित सो स्तम्भ २०७९ पुस २३ मा अनावरण गरिएको।

३. **२०७९ मङ्सिर ४ मा सम्पन्न निर्वाचनपश्चात् सङ्घीय संसद्को पहिलो बैठक कहिले सम्पन्न भयो ?**

✍ वि.सं. २०७९ पुस २५



४. **गुल्मी जिल्लाको रेसुङ्गा विमानस्थलमा 'प्रुभिङ फ्लाइट' कहिले भएको हो ?**

✍ वि.सं. २०७९ पुस २४

- गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका-१०, सिमीचौरमा निर्माण भएको रेसुङ्गा विमानस्थलमा पुस २४ मा तारा एयरले सफल परीक्षण उडान गरेको।
- क्याप्टेन सन्दीप शाह नेतृत्वको टोलीले तारा एयरको ट्विनअटर जहाज काठमाडौँबाट रेसुङ्गा विमानस्थलमा अवतरण गराई प्रुभिङ फ्लाइट गरिएको हो।
- विमानस्थल निर्माणको परिकल्पना २०३९ सालमा भए पनि २०६३ सालमा शिलान्यास भएको थियो। २०७१ सालबाट नियमित कार्य भएर २०७५ सालमा धुले धावनमार्गमा परीक्षण उडान हुँदै अहिले पक्की धावनमार्गमा 'प्रुभिङ' उडान भएको हो।
- कुल ३३ करोड रुपियाँको लागतमा निर्माण गरिएको यो विमानस्थलको लम्बाइ ५२० मिटर र चौडाइ २० मिटर रहेको। १५६ रोपनी क्षेत्रफलमा फैलिएको रेसुङ्गा विमानस्थल समुद्र सतहदेखि एक हजार ५२६ मिटरको उचाइमा अवस्थित रहेको। विमानस्थलमा २०७५ जेठ २५ गते धुले परीक्षण उडान भएको थियो।

५. **पब्जी मोबाइल विश्वकप-२०२३ मा नेपालले कुन स्थान हासिल गरेको छ ?**

✍ द्वितीय

- इन्डोनेसियामा भएको खेलमा नेपालको डीआरएस टोलीले द्वितीय स्थान हासिल गरेको।
- प्रतियोगितामा तुर्किसको एसटुजी टोली १९० अङ्क प्राप्त गर्दै विजेता बनेको। नेपालको डीआरएसले १५८ अङ्क प्राप्त गरेको।

६. **त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन कहिले गर्ने निर्णय गरेको छ ?**

✍ वि.सं. २०७९ चैत ५

७. **काठमाडौँ जिल्ला प्रशासन कार्यालयले प्रदान गर्ने प्रमुख सेवामा 'टाइम कार्ड' लागू गर्ने व्यवस्था कहिलेदेखि गरेको हो ?**

✍ वि.सं. २०७९ पुस २१

- जिल्ला प्रशासन कार्यालयले हाल दस प्रकारका सेवामा टाइम कार्ड लागू गरेको हो।
- प्रशासन कार्यालयले नागरिकतादेखि मुद्दा फैसलासम्ममा टाइम कार्डको व्यवस्था लागू गरेको।
- टाइम कार्ड व्यवस्था लागू भएपछि सबै कागजात पूरा गरिसकेपश्चात् १५ मिनेटमै राहदानी, ३० मिनेटमा राष्ट्रिय परिचयपत्र तथा एक घण्टामै नागरिकता पाउने व्यवस्था गरिएको कार्यालयले जनाएको।
- त्यस्तै सबै कागजात पूरा गरी राजस्व बुझाएपछि ३० मिनेटमै संस्था नवीकरण गर्ने पनि कार्यालयले जनाएको। साथै ६० दिनमा मुद्दाको फैसला दिने गरी कार्य गरिने कार्यालयले जनाएको।
- ललितपुर जिल्ला प्रशासन कार्यालयले एक साताअघिदेखि नै राहदानी र राष्ट्रिय परिचयपत्रका सेवामा टाइम कार्डको व्यवस्था लागू गरेको र यो व्यवस्था क्रमशः अन्य सेवामा पनि विस्तार गर्ने जनाएको।

८. **दशौँ राष्ट्रिय ज्ञानमाला सम्मेलन कहिले र कहाँ सम्पन्न भयो ?**

✍ वि.सं. २०७९ पुस २३-२५, बनेपा (काभ्रे)

- सम्मेलनको नारा 'बुद्धको उपदेश अनुसरण गरौँ, चित्तलाई परिशुद्ध गरौँ' रहेको।
- वि.सं. १९९४ मा धम्मालोक भन्ते तथा अमृतानन्द भन्तेहरूद्वारा स्वयम्भूमा ज्ञानमाला भजन खलः स्थापना गरी सुरु भएको अभियान देशभर विस्तारित भएको। वि.सं. २०५१ चैत १८ मा नेपाल राष्ट्रिय ज्ञानमाला समिति स्थापना भएको।
- बदलिँदो समाज, युवापुस्तामा घट्दै गएको धर्म र संस्कृतिप्रतिको चाहनालाई बढावा दिँदै बुद्धको 'बहुजन हिताय बहुजन सुखाय'को नीति पालना गराउन कार्यक्रमले सहयोग गर्ने अपेक्षा गरिएको।

९. **बागमती प्रदेशको मुख्यमन्त्रीमा को नियुक्त भएका छन् ?**

✍ शालिकराम जम्कट्टेल

- जम्कट्टेल वि.सं. २०७९ पुस २५ मा उक्त पदमा नियुक्त भएका। उनी यसअघि २०७४ मा बनेको पहिलो प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानुनमन्त्री थिए। ४२ महिना मन्त्री भएपछि नेकपा विमाजनसँगै बाहिरिएका उनी तीन महिनापछि नै एकीकृत समाजवादीका राजेन्द्र पाण्डे नेतृत्वको सरकारमा १५ महिना आर्थिक मामिला तथा योजनामन्त्री बनेका थिए।


१०. **ग्लोबल आईएमई र बैङ्क अफ काठमाडौँ आपसमा मर्ज भई एकीकृत कारोबारको सुरुवात कहिलेदेखि भएको हो ?**

✍ वि.सं. २०७९ पुस २५

- मर्जरपछि ग्लोबल आईएमई बैङ्कको नामबाट एकीकृत कारोबार सुरु भएको।
- मर्जरसँगै पुँजी तथा व्यवसायको आकारका हिसाबले ग्लोबल आईएमई बैङ्क लिमिटेड देशकै सबैभन्दा ठूलो बैङ्क बनेको।
- मर्जरपश्चात् बैङ्कको सम्पत्ति पाँच खर्ब पाँच अर्ब, कुल पुँजी ५७ अर्ब र चुक्ता पुँजी ३५ अर्ब ७७ करोड रुपियाँ पुगेको। त्यस्तै कुल निक्षेप चार खर्ब र कुल कर्जा तीन खर्ब ७९ अर्बभन्दा बढी पुगेको बैङ्कले जनाएको।
- ग्लोबल आईएमई बैङ्क लिमिटेडमा २१ वटा बैङ्क तथा वित्तीय संस्था आपसमा गाभिएर सबैभन्दा ठूलो संस्था बनेको हो। यस बैङ्कमा हालसम्म पाँचवटा वाणिज्य बैङ्क, १० वटा विकास बैङ्क तथा छवटा फाइनान्स कम्पनी समाहित भएका हुन्।

११. **२३ दशमलव ५ डिग्री उत्तरी अक्षांश रेखालाई के भनिन्छ ?**

✍ कर्कट रेखा



- २३ दशमलव ५ डिग्री दक्षिणी अक्षांश रेखालाई मकर रेखा भनिन्छ।
- ६६ दशमलव ५ डिग्री उत्तरी अक्षांशलाई सुमेरु वृत्त र ६६ दशमलव ५ डिग्री दक्षिणी अक्षांशलाई कुमेरु वृत्त भनिन्छ।

१२. **नेपाल संवत्‌को थालनी कसले गरेका हुन् ?**

✍ शङ्खधर साख्वा



- नेपाल संवत्‌को थालनी वि.सं. ९३६ (११३५ वर्षपहिले)मा शङ्खधर साख्वाले गरेका हुन्।
- विक्रम संवत्‌को थालनी राजा विक्रम आदित्यले गरेका हुन्। यो संवत् इस्वी संवत्‌भन्दा ५७ वर्ष अघि छ।
- ग्रेगोरियन क्यालेन्डरअन्तर्गत प्रचलित संवत् इस्वी संवत् हो; जसअनुसार जनवरी १ लाई नयाँ वर्षका रूपमा मनाउने गरिन्छ।
- चन्द्रपात्रोअनुसार तिथिका आधारमा विभिन्न पर्व मनाइने हुँदा नयाँ वर्ष पनि तिथिकै आधारमा मनाइन्छ भने सौर्य पात्रोअनुसार गतेका हिसाबले पर्वहरू मनाइने हुँदा नयाँ वर्ष पनि निश्चित गतेमा नै मनाउने गरिन्छ।

१३. **ब्रेल लिपिका आविष्कारक लुई ब्रेलको जन्म कहाँ भएको हो ?**

✍ फ्रान्स

- दृष्टिविहीनले लेखपढका लागि प्रयोग गर्न सक्ने ब्रेल लिपिका आविष्कारक लुई ब्रेल हुन्।
- सानो उमेरमै आँखाको ज्योति गुमाउन पुगेका ब्रेलले १५ वर्षकै उमेरमा सन् १८२४ मा यो लिपिको विकास गरेका थिए।
- सन् १८०९ जनवरी ४ मा फ्रान्समा जन्मिएका लुई सन् १८५२ अगस्ट ६ मा ४२ वर्षको उमेरमा यस संसारबाट सदाका लागि बिदा भएका।

१४. **लामो समयका लागि कम ब्याजदरमा प्राप्त हुने ऋणलाई के भनिन्छ ?**

✍ सफ्ट लोन

१५. **प्रभु बैङ्क र सेन्चुरी कमर्सियल बैङ्कबीच मर्ज भई एकीकृत कारोबारको सुरुवात कहिलेदेखि भएको हो ?**

✍ वि.सं. २०७९ पुस २६

- दुई बैङ्क एकआपसमा गाभिएपश्चात् प्रभु बैङ्कको नामबाट एकीकृत कारोबार भएको।

१६. **विश्व व्यापार सङ्गठनलाई कसको उत्तराधिकारी संस्था मानिन्छ ?**

✍ GATT

१७. **पृथ्वीको भित्री भागमा रहेको तापबाट उत्पन्न शक्तिलाई के भनिन्छ ?**

✍ जियोथर्मल ऊर्जा

१८. **सहकारीको अवधारणा कहिले र कुन देशबाट आएको हो ?**

✍ सन् १७६१, स्कटल्यान्ड

१९. **भुओ पर्व कहाँ प्रचलनमा रहेको छ ?**

✍ हुम्ला

- हुम्लाबासीले परम्परादेखि नै मनाउँदै आएको 'भुओ' पर्व सल्लाका झरोको (लोस्टो) राँको बालेर गाउँको सार्वजनिक स्थान (चौपारी)मा मनाउने गरिन्छ।
- स्थानीय पहिरनमा सजिएका पुरुषले रातभरि चुट्किला गीत गाएर जाग्राम बस्दै सो पर्व मनाउँदै आइएको।
- मानिस मृत्यु नभएका प्रत्येक घरबाट सल्लाको झरो बालेर पुरुष भुओ पर्व मनाउन र साथै गाउँको सार्वजनिक स्थानमा गएर गीत गाउँदै नाच्ने काम धुमधामका साथ हुने गरेको। मृत्यु भएको घरमा जुठो लागेको भन्दै उक्त घरबाट भने पर्व मनाउन जाने गरिँदैन।
- सार्वजनिक स्थानमा गाउँका पुरुष जम्मा भएर नाचगान गर्ने र त्यसपछि भुओ मनाउने स्थानमा गएर पूजापाठ गर्ने गरिन्छ।
- त्यसअघि पुरुष आ-आफ्नो कुटुम्ब पर्ने छिमेकीको छोरी चेलीसँग पानी माग्ने र छोरी चेलीले घरको छतबाट पानी छर्ने कार्य हुन्छ। यसलाई भसी माग्ने भनिन्छ। पानीले भिजेपश्चात् गाउँबासीले दाउरा जम्मा गरेर आगो बालेको स्थानमा गएर आगो ताप्ने गरिन्छ। त्यसपछि रातभर आगो ताप्दै नाचगान गरी रात बिताउने र बिहान सबेरै नुहाएर आफन्त तथा मान्यजनको घरघरमा गएर ढोगभेट गर्ने प्रचलन रहेको छ। भुओ खेल्न गएका पुरुष ढोगभेट गर्न आफन्तको घरघरमा जाने र सगुनपात खुवाउने चलन पनि रहेको छ।

२०. **सापेक्षतावादको सिद्धान्त पत्ता लगाउने वैज्ञानिक को हुन् ?**

✍ अल्बर्ट आइन्सटाइन

२१. **गण्डकी प्रदेशको मुख्यमन्त्रीमा को नियुक्त भएका छन् ?**

✍ खगराज अधिकारी

- वि.सं. २०७९ पुस २५ मा अधिकारी मुख्यमन्त्रीमा नियुक्त भएका। अधिकारीले सोही दिन पद तथा गोपनीयताको शपथ लिई पदभार ग्रहण गरेका।

२२. **सार्क राष्ट्रका कुन व्यक्तित्वलाई गुरुदेव भनी चिनिन्छ ?**

✍ रवीन्द्रनाथ टैगोर (भारत)

२३. **एउटा कागजमाथि सिक्का राखेर कागजलाई तान्दा कागज मात्र आई सिक्का जहाँको तहीँ रहनु न्युटनको चालसम्बन्धी कुन नियमसँग सम्बन्धित छ ?**

✍ पहिलो नियम

**प्रस्तुतकर्ता : टंक के.सी.**

## विषयगत प्रश्नोत्तर

# विद्युतीय मतदानका फाइदा र बेफाइदा




१. **राष्ट्रिय सभा सदस्य गठन तथा निर्वाचन प्रक्रियाका बारेमा उल्लेख गर्नुहोस्।**

✍ राष्ट्रिय सभा नेपालको सङ्घीय संसद्को माथिल्लो सदन हो। यसमा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा निर्वाचित ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिलासहित तीन जना गरी कुल ५९ जना सदस्य रहन्छन्। राष्ट्रिय सभाका सदस्यको पदावधि छ वर्षको हुन्छ। यो स्थायी सदन भएकाले एक तिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुन्छ। तसर्थ प्रत्येक दुई वर्षमा राष्ट्रिय सभाको निर्वाचन गर्नुपर्ने अवस्था रहन्छ।

**राष्ट्रिय सभाको गठन तथा निर्वाचन प्रक्रियालाई नेपालको संविधान र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ ले आधार प्रदान गरेका छन्। राष्ट्रिय सभामा निर्वाचित हुने ५६ जनाको निर्वाचन निम्नअनुसार हुन्छ :**

- प्रत्येक प्रदेशमा गठन हुने निर्वाचक मण्डलले प्रत्येक प्रदेशका लागि गोप्य मतदानबाट समान आठ जना सदस्य निर्वाचित गर्दछन्।
- निर्वाचक मण्डलमा रहने प्रदेश सभा सदस्यको मतभार ४८ र गाउँपालिका तथा नगरपालिकाबाट प्रतिनिधित्व गर्ने सदस्यको मतभार १८ रहेको छ। यद्यपि यो मतभार पछिल्लो जनगणनाको आधारमा परिवर्तन हुन सक्ने अवस्था रहन्छ।
- निर्वाचक मण्डलका प्रत्येक सदस्यले देहायका चार समूहका लागि देहायमा उल्लेख गरेबमोजिम आठ जनासम्मलाई मतदान गर्न सक्दछन्।

क) महिला समूहबाट प्रतिनिधित्व गर्ने सदस्यका लागि दिइने एक-एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीन जना,
ख) दलित समूहबाट प्रतिनिधित्व गर्ने सदस्यका लागि दिइने एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने एक जना,
ग) अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यका लागि दिइने एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने एक जना,
घ) अन्य सदस्यका लागि दिइने एक-एक मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीन जना,

- कुनै एक जना सदस्यको पद रिक्त भई पदपूर्तिका लागि निर्वाचन गर्दा जुन समूह र तरिकाबाट निर्वाचित भएको हो, सोही समूह र तरिकाबमोजिम मतदाताले दिने एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने एक जना निर्वाचित हुने गरी निर्वाचन गर्नुँपर्दछ।
- निर्वाचनको मिति निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले तोकी राजपत्रमा **प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ।**

२. **स्थानीय तहको प्रशासकीय प्रमुखसम्बन्धी कानुनी व्यवस्था उल्लेख गर्दै प्रचलित कानुनले व्यवस्था गरेअनुसार प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस्।**

✍ नेपालको संविधानले राज्यशक्तिलाई सङ्घ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरी अभ्यास गर्ने प्रबन्ध गरेको छ। स्थानीय तहलाई शासकीय एकाइका रूपमा परिभाषित गरी कार्यकारिणी, व्यवस्थापकीय र सीमित न्यायिक अधिकार प्रदान गरिएको छ। स्थानीय सरकारको प्रशासकीय प्रमुखका रूपमा प्रमुख प्रशासकीय अधिकृत नामको पद रहने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा छ। साथै प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानुनबमोजिम हुने र सो नहुञ्जेलसम्मका लागि निजामती सेवाको अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गर्ने व्यवस्था रहेको छ। स्थानीय कानुनबाट काम, कर्तव्य र अधिकार नतोकेसम्मका लागि स्थानीय सरकार सञ्चालन ऐनले प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार निम्मानुसार हुने भनी उल्लेख गरेको पाइन्छ :

- स्थानीय सभा र कार्यपालिकाको सचिव भई कार्य गर्ने,
- सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने,
- अध्यक्ष वा प्रमुखको निर्देशनमा रही वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यन्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,
- कोष तथा आर्थिक कारोबारको हिसाब, अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने,
- लेखापरीक्षण गराउने र बेरुजु फर्स्योट गर्ने, गराउने,
- आयोजनाको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकामा पेस गर्ने,
- चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा लगत अद्यावधिक गर्ने, गर्न लगाउने,
- अध्यक्ष वा प्रमुखको निर्देशनमा सभा र कार्यपालिकाको बैठक बोलाउने र बैठकसम्बन्धी कार्य गर्ने, गर्न लगाउने,
- कार्यपालिकाको निर्णय प्रमाणित गर्ने,
- सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित राख्ने,
- न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णयसम्बन्धी मिसिल संरक्षण गर्ने, गर्न लगाउने,
- गाउँपालिका तथा नगरपालिकाको आर्थिक तथा प्रशासनिक नियन्त्रण गर्ने,
- खरिद योजना तयार गरी खरिदसम्बन्धी कार्य गर्ने, गराउने,
- सभा र कार्यपालिकाले तोकेका कार्य वा अधिकार प्रत्यायोजनबमोजिम प्राप्त जिम्मेवारी निर्वाह गर्ने।
- यसरी प्रमुख प्रशासकीय अधिकृतको नियुक्तिको सम्बन्धमा कानुनबमोजिम हुने भनिए तापनि कुन तहले कानुन बनाउने भन्नेमा स्पष्टता रहेको देखिँदैन। तथापि काम, कर्तव्य र अधिकार स्थानीय कानुनले स्पष्ट पार्ने भनी प्रस्ट रूपमा उल्लेख भएको पाइन्छ।

३. **सङ्घीय शासन व्यवस्थालाई प्रभावकारी बनाउन नेपाल सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई सहयोग गर्नुपर्ने विषयहरू प्रचलित कानुनको व्यवस्थालाई विचार गर्दै उल्लेख गर्नुहोस्।**

✍ नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा जिम्मेवारी बाँडफाँट गरेको छ। यी कार्य जिम्मेवारी सहकारिता, सहअस्तित्व, समन्वय र परस्पर सहयोगको सिद्धान्तमा आधारित रही सम्पादन गर्नुपर्ने अवस्था रहेको छ। संविधानको धारा २३२ (८) ले नेपाल सरकारले आफैँ वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्ने तथा त्यस्तो निर्देशनको पालना गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुने भनी उल्लेख गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले यसलाई थप व्यवस्थित गर्दै नेपाल सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई देहायका विषयमा सहयोग गर्नुपर्ने भनी उल्लेख गरेको छ।

- गाउँपालिका तथा नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जमा सुरु हुनुअगावै बजेट सीमा र राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता एवं मापदण्डसहितको मार्गदर्शन उपलब्ध गराउने,
- स्थानीय तहको क्षेत्राधिकारमा पर्ने समानान्तर संरचना खारेज गरी गाउँपालिका र नगरपालिकाको विषयगत शाखाको क्षमता विकास गर्ने,
- विषयगत मन्त्रालयले आफ्नो अधिकार क्षेत्रअन्तर्गतका आयोजना सञ्चालन गर्दा सम्बन्धित गाउँपालिका तथा नगरपालिकासँग समन्वय गर्ने,
- नेपाल सरकार र प्रदेश सरकारको क्षेत्राधिकारमा पर्ने कुनै आयोजनामा लागत प्रभावकारिता र दिगोपनासमेत विचार गरी गाउँपालिका तथा नगरपालिकाबाट कार्यान्वयन गराउने र त्यसका लागि स्रोतसाधनको हस्तान्तरण गर्ने,
- नेपाल सरकारले नमुना कानुनको ढाँचा निर्माण गरी स्थानीय कानुन निर्माणमा सहयोग गर्ने,
- गाउँपालिका तथा नगरपालिकाको निर्णय कार्यान्वयनमा सहयोग गर्ने,
- गाउँपालिका तथा नगरपालिकाको सशक्तीकरणका लागि आवश्यक प्राविधिक वा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने,

४. **विद्युतीय मतदान (ई-भोटिङ) भन्नाले के बुझिन्छ ? विद्युतीय मतदानका फाइदा र बेफाइदा उल्लेख गर्नुहोस्।**

✍ विद्युतीय मतदान यन्त्र प्रयोग गरी वा इन्टरनेटको माध्यमबाट हुने मतदान कार्यलाई विद्युतीय मतदान भनिन्छ। यसमा निर्वाचन अधिकारीको निगरानीमा मतदान स्थलमा राखिएका विद्युतीय मतदान यन्त्रबाट मतदाता स्वयं उपस्थित भई मतदान गर्ने प्रक्रिया तथा संसारको जुन कुनै स्थानबाट मतदाताले इन्टरनेट उपयोग गरी निर्वाचन अधिकारीसमक्ष मत जाहेर गर्ने प्रक्रिया अवलम्बन हुन्छ।

**क) फाइदा**

- मतदान, मतगणना र मतपरिणाम घोषणा गर्न कम समय लाग्ने,
- मतदान र मतगणनाको गल्ती न्यूनीकरण हुने,
- बदर मत न्यून वा शून्य हुने,
- फरक क्षमता भएका वा निरक्षर व्यक्तिको मतदानमा पहुँच वृद्धि हुने,
- निर्वाचनमा हुने धाँधली वा बुथ कब्जा हुने सम्भावना न्यून हुने,
- वातावरणीय दृष्टिले उपयुक्त हुने,
- विद्युतीय प्रणालीमा तथ्याङ्क सुरक्षित हुने हुँदा प्रक्रियागत त्रुटि सच्याउन सकिने,
- दीर्घकालमा मितव्ययी ठहरिन सक्ने।

**ख) बेफाइदा**

- सीमित सङ्ख्याका उम्मेदवार र पदका लागि मात्र प्रयोग गर्न सकिने,
- आममतदाताको चेतनास्तर र प्रविधिप्रतिको उन्मुखता न्यून भएका कारण व्यावहारिक उपादेयता कम हुन सक्ने,
- प्रविधिजन्य हेराफेरी र छलछामको जोखिम रहने,
- ह्याकरबाट निर्वाचनमाथि आक्रमण हुने खतरा रहने,
- सुरुमा महँगो पर्ने र प्रविधि मर्मत खर्चिलो हुन सक्ने अवस्था रहने,
- महत्त्वपूर्ण राष्ट्रिय सूचना तथा तथ्याङ्कमा बाह्य मुलुकका कम्पनीको पहुँच भई मुलुकको सार्वभौमसत्ता र सुरक्षामा चुनौती निम्तिने जोखिम रहने।

५. **दिगो विकास लक्ष्यअन्तर्गत भोकमरी अन्त्यसम्बन्धी लक्ष्य कार्यान्वयन गर्न स्थानीय तहले के कसरी योगदान गर्न सक्दछन् ? उल्लेख गर्नुहोस्।**

✍ सन् २०३० सम्ममा हासिल गर्ने गरी तय गरिएका विकास र समृद्धिका सत्रवटा विश्वव्यापी साझा कार्यसूची नै दिगो विकास लक्ष्यहरू हुन्। दिगो विकासका १७ वटा लक्ष्यमध्ये लक्ष्य नम्बर दुई विश्वबाट भोकमरी अन्त्य गर्ने विषयसँग सम्बन्धित छ। यसले सन् २०३० सम्म भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। स्थानीय तहहरूको संवैधानिक जिम्मेवारीलाई विचार गर्दा स्थानीय तहहरूले दिगो विकास लक्ष्य नम्बर दुई कार्यान्वयन गर्ने सम्बन्धमा गर्न सक्ने योगदान यस प्रकार उल्लेख गर्न सकिन्छ :

- स्थानीय तहमा कृषि तथा पशुपालनसम्बन्धी नीति र कानुनको तर्जुमा तथा कार्यान्वयन,
- कृषि तथा पशुपालनको बजार विकास,
- कृषि सडक, साना सिँचाइ आयोजनाजस्ता स्थानीय पूर्वाधारको निर्माण तथा नियमित मर्मत सम्भार,
- कृषि जमिन, स्थानीय चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन,
- कृषि प्रसार सेवा सञ्चालन गरी कृषिको आधुनिकीकरण, बजारीकरण र व्यवसायीकरण गर्न प्रोत्साहन,
- पशुपालन विकास कार्यक्रममार्फत पशु नश्ल सुधार तथा व्यवस्थापन, पशु बीमा तथा ऋणको सहजीकरण, पशुपन्छीजन्य सेवा र पशुस्वास्थ्य सेवाको व्यवस्थापन,
- पशु हाटबजार, पशु वधशाला तथा चिस्यान गृहको नियमन तथा व्यवस्थापन,
- स्थानीय तहमा खाद्य असुरक्षा तथा कुपोषण पहिचान गर्न यससम्बन्धी सूचना तथा तथ्याङ्क प्रणालीको विकास र उपयोग,
- विद्यालय तथा स्वास्थ्य चौकीमार्फत पोषण कार्यक्रम सञ्चालन, समन्वय र सहयोग,
- स्थानीय स्तरमा उत्पादित वस्तुको उपभोग, खाद्य वस्तुको पोषण तत्त्वको संरक्षण, खाना खाने व्यक्तिगत आनीबानीमा सुधारसम्बन्धी शिक्षा र सचेतना विस्तार,
- स्थानीय स्तरमा क्रियाशील निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था र सामुदायिक सङ्घसंस्थासँग समन्वय र सहकार्य।

६. **निजी क्षेत्र भन्नाले के बुझ्नुहुन्छ ? निजी क्षेत्रका विशेषताहरू चर्चा गर्नुहोस्।**

✍ नाफा कमाउने उद्देश्यसहित व्यक्ति, समूह वा संस्थाद्वारा स्थापित तथा सञ्चालित औद्योगिक, व्यापारिक एवं व्यावसायिक संस्थालाई समष्टीमा निजी क्षेत्र भनिन्छ। व्यक्तिगत तवरले सञ्चालित साना तथा मझौला व्यवसाय, साझेदारी फर्म, व्यावसायिक घरानाद्वारा सञ्चालित ठूला उद्योग, नाफा बाँड्ने उद्देश्यसहित संस्थापित कम्पनीहरू तथा औद्योगिक, व्यापारिक, व्यावसायिक हकहितको पैरवी गर्न स्थापना गरिएका विषयगत सङ्घ, सङ्गठनहरू निजी क्षेत्रको दायराभित्र पर्दछन्। निजी क्षेत्रलाई अर्थतन्त्रको इन्जिनका रूपमा समेत लिइन्छ। यसले सरकारको नीतिगत दायराभित्र रही वस्तु तथा सेवाको उत्पादन, वितरण तथा व्यवस्थापन गर्दछ। पूर्वाधार विकासमा सरकारसँग साझेदारीसमेत गर्छ।

**निजी क्षेत्रका विशेषता**

- मुनाफाका लागि लगानी गरी उद्यम स्थापना र सञ्चालन गर्ने,
- वस्तु तथा सेवाको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गर्ने,
- उद्यमशील संस्कृति प्रवर्द्धन र जोखिम मोल्ने क्षमता,
- मितव्ययी र कार्यकुशल कार्यशैली,
- अनुसन्धान, विकास, नवप्रवर्तनमार्फत व्यावसायिक सफलतामा जोड,
- रणनीतिक योजना निर्माण र कार्यान्वयन,
- स्रोत साधनको महत्तम उपयोग,
- नतिजामूलक अनुगमन र मूल्याङ्कन,
- बजारोन्मुख र ग्राहककेन्द्रित व्यवहार,
- रोजगारी र राजस्व सिर्जना,
- संस्थागत सामाजिक उत्तरदायित्वप्रति सचेत,

उल्लिखित विषयहरू आदर्श निजी क्षेत्रका विशेषता हुन्। मुलुकको राजनीतिक, आर्थिक, सामाजिक एवं कानुनी परिवेशअनुसार निजी क्षेत्रका चरित्र फरक-फरक हुन सक्दछन्। नाफा बढाउने सोचले अभिप्रेरित हुँदा सरकारी नीति र कानुनको परिपालना नगर्ने, कानुनका छिद्र खोजी फाइदा लिने, प्रतिस्पर्धा सीमित पार्ने, राजस्व छली गर्ने, कामदार एवं श्रमिकको श्रम शोषण गर्नेजस्ता गलत अभ्यासमा संलग्न हुने जोखिम पनि यस क्षेत्रसँग रहन्छन्। तसर्थ सरकारको नियमन क्षमता सुदृढ गरी स्वच्छ, प्रतिस्पर्धी र जिम्मेवार निजी क्षेत्रको विकास गर्नु आवश्यक देखिन्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित
माझी भाषा पृष्ठ

# सुनकोसि ३ र माभि्फ समुदायका पार्त प्रभाब

• सकुन्ताला माभि्फ

समयसाङे सप्पइ चिज परिबर्त हखिहाछ्ल आछो। कताकपय परिबर्तनेन हाम्र समाचलइ बन्ल प्रभाब पार्ल आछो हन्लासी कताकपय परिबर्तनेन हाम्र समाचलइ नाबन्ल प्रभाब पार्ल आछो। मुख्यतय प्रकृतिक स्रोत, साधन जदालइ खोला, बन जङ्गल अदाल चिजक आधुनिकरनक परिबर्तनेन कुनेन कुने रुपेन हाम्र समाचलइ प्रत्यच्छे असर पुरइ हास्ल हखो। बिसेस गरिके लदि जोल छेउछाउका बेस्त हुनान माभि्फ समाचका धेरे असर पार्दा सको। बिकासका नामका अख सरकारक बिबिन्ने खालक आयोजना बनाइत सोच बड्नि आछो।

तर हाराक असर कोन समाचका कताक परो ,कोन समाचक अस्तित्व जटिल बन्रा सको, कोनालइ बड्का असर परो, कोनालइ फाइदा पुगो, कोनालइ घाटा हखो हन्त हिसापकिताप गर्त चलन बइने। अख नेपाल सरकारेन बिबिन्ने ठउँका बगेल पानिलइ थुनिके जलासय बनाइत, सिचाइक लागि



प्रयोग गर्त र बिजुलि निकाल्राक लागि प्रकिया अगि बराइल आछो।

सुनकोसि मरिन डाइभर्सन, सुनकोसि २ र सुनकोसि ३ को चर्चा र परिचर्चा हख्ल बेलाका माभि्फ समुदायका गोग्चानलइ धेरे चिन्ता पर्ल आछो। कुनइ समाचक गोग्चे खुसिन गद्गद् हख्ल आछो हन्लासिन कुनइ आफ्न अस्तित्तो मेटारा लागेन हनिके चिन्तान सताइल अबस्था आछो।

> लुभुघाटसिन सिपाघाटसम्म ६ ओटा माभि्फक डोङा तार्त घाटका नामेन चिनित प्रतेक घाटेन माभि्फक अस्तित्तो गाँसेल आछो।

अख सुनकोसि ३ जलासयक चर्चा बरि चलेल आछो। अन आयोजनाक लागि कोनान लगानि गरो हन्त कइनिक छिनोफानो हख्ल त बइने तर बनो हन्त पक्कापक्कि हखिसकेल आछो। किदाकि आयोजना सुरु हख्त कामक पहिल खुड् किल पार गरिसकेल अबस्था आछो। सिन्धुलि, रामेछाप, काभ्रे, सिन्धुपाल्चोक जिल्लाक बिसेस गरि असर पार्त आयोजनाक बाताबरनिय मुल्याङ् कन प्रतिबेदन आइसकेल आछो। हाइ प्रतिबेदनका सप्पेभन्दा बामन जातिक बडि छेति पुगो, दोस्रोका तमाङ र तेस्रो माभि्फ समुदायलइ छेति पुगो हनिके उल्लेख गर्ल हुनान हाइ प्रतिबेदन उपर माभि्फ समुदायक बड्का आपति आछो। अन जलासय १८० मिटर अग्लो र १५५ मिटर लाम बाँध निर्मान रामेछाप र काभ्रेक सिमाना लुभुघाटका बन्त हुनान माभि्फ संस्कार,संस्किरिति हखेल लुभुघाटक माभि्फ बस्तिका बड्का छेति पुग्रा सको।

लुभुघाटसिन सिपाघाटसम्म ६ ओटा माभि्फक डोङा तार्त घाटका नामेन चिनित प्रतेक घाटेन माभि्फक अस्तित्तो गाँसेल आछो। हाइ घाट र माभि्फक सम्बन्ध हन्ल नङ र मासुक भने आछो। जोना ठउँका घाट आछो हाइ ठउँका माभि्फ जातिक जनघनत्तो बड्का हखो।

अदाल गरि लदि छेउछाउका बेस्त, लदिक पाथर, बालुवासाङे खेल्त, लदि वारपार गर्त, लदिका माख्लि मारिके जोबान धान्त माभि्फक दुख कोनान बुज्रा सको। बगेल पानिसाङे अस्तित्तो गाँसेल हुनान माभि्फ समुदायक बड्का असर परो। अन्य जातिक कुरि र जग्गा मात्तइ नाओ हन्लासिन माभि्फ जातिक धर्म, सम्स्कार, सम्स्किरिति, भासा आदि सप्पे कइनि नाइत हुनान सप्पेभन्दा बड्का माभि्फ समुदायका असर पर्त हुनान आयोजनान धेरे ध्यान पुर्‍याउरा आबस्यक आछो। नेपालभरक सप्पेभन्दा धेरे जनसंङ्ख्या हखेल इन्द्रावति गउँपालिका वडा नम्बर ११ बोडगउँ माभि्फक जनघनत्व बड्का हख्ल गउँ हाइ पिनि जलासयक डुबानका परो।

अदाल खालक आयोजनाबाटे सप्पेभन्दा बड्का माभि्फ समुदायका असर पर्त हुनान बेलइका माभि्फ समुदाय एकजुट हख्रा जरुरि आछो। आइ.एफ्ल.ओ.१६९ र सम्युक्त रास्ट सङ्घ घोसनापत्रका पच्छे रास्ट हखेल नेपालेन आदिबासि अधिकारक बिसयका बन्ल काम गर्ल सक्ल बइने। हाइ हुनान माभि्फ समुदाय नइ अन कइनि धेरे ध्यान पुर्‍याउरा आबस्यक आछो आफ्न अधिकारक लागि आफे नइ सचेत हख्रा जरुरि आछो।

अधिकारक लागि आफे एकजुट हखिके जुट्रा परो। बिबिन्ने समिति बनाइके हाँइ एकिकिरित बस्ति निर्मान बनारा आबस्यक आछो। धर्म, सस्कार, संस्किरिति सम्रछेनक लागि सप्पे जुट्रा परो। सप्पानलइ अदाल खालक हस्तछेपबाटे छुटकारा देरा आबस्यक आछो। हामिन पाइल अधिकारलइ पालन गर्त र आफ्न कर्तब्बे पिनि पुरा गर्दा जरुरि आछो।

# फेरि बन्नि मेलम्चि समिति

मेलम्चि खानेपानि आयोजना सन्चालन गर्त बिस बर्सअघि गठन अख्ल मेलम्चि खानेपानि विकास समिति फेरि गठन गर्ल आछो। मेलम्चिक दोस्रो चरनक योजना सन्चालन र काठमाडु उपत्यकाक लागि बइकल्पिक स्रोतक खोजि समेत गर्त समिति फेरि गठन गर्त लाग्ल हो। नोयाँ समतिक नाउ 'मेलम्चि तथा काठमाडु उपत्यका खानेपानि समिति' प्रस्ताब गर्ल आछो। फेरि गठन प्रस्ताब अर्थ मन्तारालयबाटे सहमति लिइके कानुन मन्तालइ पठाइल आछो।

चालु बर्सक बजेट बक्तब्यका अर्थकन्तिरि जनार्दन सर्मान मेलम्चि समिति खारेजिक घोसना गर्ल आछेन। खानेपानि मन्तालयन पुरानो सम्रचनालाइ निरन्तरता देरापर्त प्रस्ताब गर्लकक अर्थ मन्तालयन नोया सन्रचना बनाइल हो। सरकारेन आयोजनाक नितिगत निर्नय गर्त र आयोजनाक कामलाइ सजिलो बनाइत २०५५ सालका विकास समिति गठन गर्ल आछेन। मेलम्चि आयोजना पुरा अखेन निनि पानि राजधानि आइसक्ल हन्नि अर्थमन्तिरि सर्मान गत जेठ १५ क बजेटमार्फत बिकास समिति खारेजिक घोसना गर्ल आछेन्।

पुरानो समिति खारेजि घोसना अखन पिनि कार्यान्वियन नाअख्ल कारन मेलम्चिक थप काम अघि बढाइत अप्ठेरो पर्ल आछो। घोसना कार्यान्वियन नाअख्ल कारन आयोजना निर्मानिका अख्ल खर्च भुक्तानि देरा सक्ल नासक्ल अधिकारिहरूक भनाइ आछो। आयोजनाक कर्मचारिन तलबसमेत खारा पाइल बइने। खानेपानि मन्तालयक सहसचिब तथा प्रबक्ता सोभाकान्त पउडेलेन कानुन मन्तालयन कानुनि बिसय मात्र चारा हुनान नोया समितिक फाइल चारइ मन्तिरि परिसद् नारा बताइल। नोया समितिका सात जना सदस्य अख्रा ब्यबस्था आछो। खानेपानि मन्तालयका सचिब समितिक अध्यक्छे अख्ल ब्यबस्थालाइ निरन्तरता दिल आछो हने सदस्य सचिब आयोजनाक कार्यकारि निर्देसक अखो। समितिका काठमाडु महानगरपालिकाक मेयरक प्रतिनिधित्व हक्नि आइलका अब हने प्रमुख प्रसासकिय अधिक्रित अखो। सरोकार समिति र प्रभाबित छेत्रका पर्त स्थानिय तहक मेयर वा अध्यछे बिकास समितिक सदस्य अख्रा ब्यबस्था प्रस्ताबका गरिल आछो।

| ब.क्र.नं. | मिति | अन्तर्वार्ता कार्यक्रम | ब.क्र.नं. | मिति | अन्तर्वार्ता कार्यक्रम |
|---|---|---|---|---|---|
| १-६ | २०७९।१०।२५ | दिनको २:०० बजे | ७-१२ | २०७९।१०।२६ | दिनको ११:०० बजे |
| १३-१७ | २०७९।१०।२६ | दिनको २:०० बजे | | | |

## सूचना नं. ८४४/०७९-८०

**सेवा, समूह, उपसमूह :-** कृषि, ला.पो.एण्ड डे.डे. **पद :-** नायव पशु सेवा प्राविधिक **श्रेणी/तह :-** रा.प. अनं. द्वितीय
**लिखित परीक्षा सञ्चालन मिति :-** २०७९/६/१ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।
**लिखित नतिजा प्रकाशन मिति :-** २०७९/९/२१

| विज्ञापन नं. (०७८-७९) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १६३६५ | खुला | १ | ६३ | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ८३००१२ | कमलराज ओली | खुला | २ | ८३००६९ | नविनकुमार जोशी | खुला |
| ३ | ८३००६२ | प्रकाशसिंह धामी | खुला | | | | |

**अन्तर्वार्ता हुने मिति र समय :** २०७९/१०/२७ गते दिनको ११:०० बजे । **अन्तर्वार्ता हुने स्थान:** लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय ।

## सूचना नं. ८४५/०७९-८०

**सेवा, समूह, उपसमूह :-** वन, ने.पा.एण्ड वा.ला. **पद :-** सिनियर गेम स्काउट **श्रेणी/तह :-** रा.प. अनं. द्वितीय
**लिखित परीक्षा सञ्चालन मिति :-** २०७९/५/२६ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।
**लिखित नतिजा प्रकाशन मिति :-** २०७९/९/२१

| विज्ञापन नं. (०७८-७९) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १६३६६ | मधेसी | १ | ४ | २ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ८३००१९ | विरेन्द्रसिंह ठाकुर | मधेसी | २ | ८३००११ | हृदयकुमार राम हरिजन | मधेसी |

**अन्तर्वार्ता हुने मिति र समय :** २०७९/१०/२७ गते दिनको २:०० बजे । **अन्तर्वार्ता हुने स्थान:** लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय ।

## सूचना नं. ८४६/०७९-८०

**सेवा, समूह, उपसमूह :-** विविध **पद :-** सहायक कम्प्युटर अपरेटर **श्रेणी/तह :-** रा.प. अनं. द्वितीय
**लिखित परीक्षा सञ्चालन मिति :-** **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।
**लिखित नतिजा प्रकाशन मिति :-** २०७९/९/२१

| विज्ञापन नं. (०७८-७९) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १६३६७ | आ.प्र. | २ | ० | ० |

**कुनै पनि उम्मेदवार उपस्थित नभएको ।**

## सूचना नं. ८४७/०७९-८०

**सेवा, समूह, उपसमूह :-** विविध **पद :-** सहायक कम्प्युटर अपरेटर **श्रेणी/तह :-** रा.प. अनं. द्वितीय
**लिखित परीक्षा सञ्चालन मिति :-** २०७९/५/२३ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।
**लिखित नतिजा प्रकाशन मिति :-** २०७९/९/२१

| विज्ञापन नं. (०७८-७९) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १६३६८ | खुला | ४ | ३३७ | ९ |
| १६३६९ | महिला | १ | | ६ |
| १६३७० | आ.ज. | १ | | ७ |
| १६३७१ | दलित | १ | | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ८३०५०४ | उज्जवल पुनमगर | खुला, आ.ज. | २ | ८३०६४९ | एलिना काफ्ले | महिला |
| ३ | ८३०६९७ | ऐश्वर्य रावत | महिला | ४ | ८३०७०० | कुमारी रेनु शाही | महिला |
| ५ | ८३०५५१ | कुसुम चौधरी | आ.ज. | ६ | ८३०४५३ | टिकाराम थारु | आ.ज. |
| ७ | ८३०६६७ | दिपांशु चौधरी | आ.ज. | ८ | ८३०७३५ | धनबहादुर धामी | खुला |
| ९ | ८३०४७९ | धुर्वराज जोशी | खुला | १० | ८३०५३९ | नरेश सुनार | दलित |
| ११ | ८३०५८१ | नवराज गौतम | खुला | १२ | ८३०३०७ | निर्मला खड्का | महिला |
| १३ | ८३००७९ | बोमबहादुर खत्री | खुला | १४ | ८३०६११ | भक्तराज भट्ट | खुला |
| १५ | ८३००९३ | रामसिंह पुजारा | खुला | १६ | ८३०१०५ | विक्रम थापा | खुला, आ.ज. |
| १७ | ८३०१०७ | शर्मिला चौधरी | महिला, आ.ज. | १८ | ८३०३८२ | सिता सार्की | महिला, दलित |
| १९ | ८३०१९१ | सुरेश लुवार | दलित | २० | ८३०७३० | हर्कराज भट्ट | खुला |
| २१ | ८३०१२० | ज्ञानकुमार गमुवा | आ.ज. | | | | |

**प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता हुने मिति र समय :** **प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता हुने स्थान :** लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय ।

| ब.क्र.नं. | मिति | प्रयोगात्मक परीक्षा | अन्तर्वार्ता कार्यक्रम | ब.क्र.नं. | मिति | प्रयोगात्मक परीक्षा | अन्तर्वार्ता कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| १-६ | २०७९।१०।२९ | बिहान ८:०० बजे | दिनको ११:०० बजे | ७-११ | २०७९।१०।२९ | बिहान ९:०० बजे | दिनको २:०० बजे |
| १२-१६ | २०७९।११।१ | बिहान ८:०० बजे | दिनको ११:०० बजे | १७-२१ | २०७९।११।१ | बिहान ९:०० बजे | दिनको २:०० बजे |

## सूचना नं. ८४८/०७९-८०

**सेवा, समूह, उपसमूह :-** स्वास्थ्य, हे.ई **पद :-** अ.हे.व. **श्रेणी/तह :-** चौथो
**लिखित परीक्षा सञ्चालन मिति :-** २०७९/५/२४ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय ।
**लिखित नतिजा प्रकाशन मिति :-** २०७९/९/२१

| विज्ञापन नं. (०७८-७९) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १६३७२ | खुला | १ | ६४ | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ८३००१९ | कल्पजाकुमारी जोशी | खुला | २ | ८३००२० | प्रकाश चौलागाई | खुला |
| ३ | ८३०१२३ | मनोहर कार्की | खुला | | | | |

**अन्तर्वार्ता हुने मिति र समय :** २०७९/११/२ गते दिनको ११:०० बजे । **अन्तर्वार्ता हुने स्थान:** लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय ।

# केन्द्रीय कार्यालय, कमलपोखरी

## लिखित परीक्षा नतिजा प्रकाशन शाखा

## पुनर्योग सम्बन्धी सूचना

## सूचना नं. ८७५/०७९-८०

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको वि.नं. १६६९५-१६७०१/०७७-७८ (खुला/समावेशी), रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरहको मिति २०७९/९/८ गते प्रकाशित लिखित परीक्षाको नतिजामा चित्त नबुझाई तपसिलमा उल्लेखित उम्मेदवारहरुले पुनर्योग गराई पाउँ भनी पेश गर्नु भएको निवेदन उपर कारवाही हुँदा साविक नतिजामा कुनै पनि परिवर्तन नभएको व्यहोरा पुनर्योग समितिको मिति २०७९/९/२२ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | रोल नं | उम्मेदवारको नाम थर | क्र.सं. | रोल नं | उम्मेदवारको नाम थर | क्र.सं. | रोल नं | उम्मेदवारको नाम थर | क्र.सं. | रोल नं | उम्मेदवारको नाम थर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८७६३५७ | विदुर आचार्य | २ | ८७०६१९ | धिरज राउत | ३ | ८७२३३४ | जयलाल बुढाथोकी | ४ | ८७७४३६ | रेशम तामाङ |
| ५ | ८७२८५१ | देवका तिम्सिना | ६ | ८७०६८३ | द्रुवप्रसाद अधिकारी | ७ | ८७२९४१ | विजयप्रसाद घिमिरे | ८ | ८७०९१४ | सुमन खड्का |
| ९ | ८७०८४७ | भरतबहादुर शाही | १० | ६५००९३ | निरज दाहाल | ११ | ५०३६१ | भानुभक्त रेग्मी | १२ | ८७२३९६ | सुन्दर पन्थी |
| १३ | ८७१०८६ | लेखनाथ अर्याल | १४ | ८७०३७४ | राजकुमार नायक | १५ | ६५०२४३ | जनकबहादुर बोहरा | | | |

www.psc.gov.np

# मुख्यमन्त्री जम्कट्टेलद्वारा शपथ एमाले र राप्रपाबाट मन्त्री

सात दलमध्ये पाँच दलका ७० जना प्रदेश सभा सदस्यको समर्थनमा जम्कट्टेल मुख्यमन्त्री बन्नुभएको हो, माओवादी केन्द्र संसदीय दलका नेता जम्कट्टेललाई एमाले, राप्रपा, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको समर्थन

**मकवानपुर समाचारदाता**
*हेटौँडा, पुस २६ गते*



तस्बिर : राममणि दाहाल
**मुख्यमन्त्री शालिकराम जम्कट्टेल प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट पद तथा गोपनीयताको शपथ लिँदै ।**

बागमती प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएका शालिकराम जम्कट्टेलले मङ्गलबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले यहाँ आयोजित कार्यक्रममा नवनियुक्त मुख्यमन्त्री जम्कट्टेललाई शपथग्रहण गराउनुभएको हो। मुख्यमन्त्री जम्कट्टेलले शपथसँगै पहिलो चरणमा तीन सदस्यीय मन्त्रिमण्डल गठन गर्नुभएको छ। मुख्यमन्त्रीको सिफारिशमा प्रदेश प्रमुख शर्माले नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक/एक जना मन्त्री नियुक्ति गर्नुभएको हो।

नेकपा (एमाले)बाट बागमती प्रदेश एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट संसदीय दलका नेता उद्धव थापा मन्त्रीमा बन्नुभएको छ। मन्त्री थपलिया र थापालाई मुख्यमन्त्री जम्कट्टेलको उपस्थितिमा प्रदेश प्रमुख शर्माले शपथग्रहण गराउनुभएको थियो। शपथग्रहणपछि मुख्यमन्त्री जम्कट्टेलले सत्ता गठबन्धनमा रहेका दलहरूसँग छलफल गरी मन्त्रालयको भागबण्डा गरिने जानकारी दिनुभयो।

बागमती प्रदेशमा प्रतिनिधित्व गर्ने सात दलमध्ये पाँच दलका ७० जना प्रदेश सभा सदस्यको समर्थनमा जम्कट्टेल मुख्यमन्त्री बन्नुभएको हो। माओवादी केन्द्रका संसदीय दलका नेता जम्कट्टेललाई एमाले, राप्रपा, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको समर्थन रहेको छ। यस प्रदेशमा एमालेका २७, माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका सात र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेश सभा सदस्य रहेका छन्।

### मन्त्रालयको सङ्ख्या घटाउन कार्यदल

मुख्यमन्त्री जम्कट्टेलले मङ्गलबार मुख्यमन्त्रीको कार्यभार सम्हाल्नुभयो। उहाँले प्रदेशका मन्त्रालयहरूको सङ्ख्या घटाउने पहिलो निर्णय गर्नुभएको छ। साथै पुस मसान्तभित्र सङ्घीय सरकारसमक्ष समपूरक र विशेष अनुदानका योजनाहरू पठाउने निर्णय मुख्यमन्त्री जम्कट्टेलले गर्नुभएको छ।

यस्तै नवगठित मन्त्रिपरिषद्को पहिलो बैठकले प्रदेश सरकारको प्रवक्तामा आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियालाई जिम्मेवारी दिने निर्णय गरेको छ। मुख्यमन्त्री जम्कट्टेलको अध्यक्षतामा मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारका लागि आवश्यक भवनलगायतका प्रादेशिक संरचनाहरू निर्माण गर्न जग्गा प्राप्तिका लागि यसअघिको सरकारले निर्णयसहित सङ्घीय सरकारलाई गरेको सिफारिसउपर पहल गर्ने निर्णय गरिएको छ।

जग्गा प्राप्तिका लागि पहल गर्न प्रदेशका प्रमुख सचिव मुकुन्दप्रसाद निरौलालाई जिम्मेवारी दिने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता थपलियाले जानकारी दिनुभयो। मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री जम्कट्टेलले गर्नुभएको पहिलो निर्णयको स्वामित्व लिँदै कार्यान्वयन गर्ने निर्णयसमेत गरेको छ। सुशासनका लागि मन्त्रालयको सङ्ख्या घटाउने र मन्त्रालयको सङ्ख्या घटाउन अध्ययन गरी प्रतिवेदन बनाउन प्रदेशका प्रमुख सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ।

## चिसो बढेसँगै रोल्वालिङ क्षेत्र सुनसान

**चरीकोट समाचारदाता**
*चरीकोट, पुस २६ गते*

चिसो बढेसँगै दोलखाको गौरीशङ्कर गाउँपालिकाको रोल्वालिङ क्षेत्र सुनसान बनेको छ। चिसोका कारण दैनिकी कष्टकर हुनुका साथै सो क्षेत्रका मानिसको जनजीवन प्रभावित भएको छ। सो क्षेत्रमा हिउँ नपरे पनि बिहानैदेखि हुस्सु लाग्ने गरेको छ। चिसो बढ्दै गएपछि गाउँपालिका वडा नं. ९ को नागाउँ, वेदिङ, क्याल्चे र सुमुर्चेमा रहेका होटल बन्द भएका छन्।

होटल व्यवसायीहरू गाउँ छाडेर राजधानी काठमाडौँलगायत स्थानतिर लागेका छन्। कतिपय स्थानीयवासीहरू गाई, चौँरी र व्यापार हेर्ने मान्छे राखेर चिसो छल्न काठमाडौँ लागेको स्थानीय दोर्जेछिरी शेर्पाले बताउनुभयो। गत वर्षको भन्दा यो वर्ष राल्वालिङ क्षेत्रमा पर्यटकको चाप बढेको भए पनि स्थानीयले होटल बन्द गरेर हिँडेका कारण पर्यटकलाई समेत समस्या भएको छ।

कतिपय पर्यटकले होटल व्यवसायीलाई काठमाडौँबाट बोलाएर भए पनि खाने बस्ने व्यवस्था गर्ने गरेको स्थानीयवासीले बताएका छन्। त्यस क्षेत्रका होटल व्यवसायीले विभिन्न विकल्प प्रयोग गरेर भए पनि १२ महिनै बस्ने हो भने वर्षैभरी पर्यटकको घुँइचो लाग्ने त्यस क्षेत्रमा घुम्न पुग्नुभएका जीवन लामाले बताउनुभयो। चिसोका कारण अहिले सो क्षेत्रमा पर्यटक खासै देखिँदैनन्। यहाँ घुम्न आएका पर्यटक पनि होटलहरू बन्द रहेका कारण गन्तव्यमा पुग्न समस्या हुने गरेको छ।

## इन्टरनेट फोनको पहुँच बढाइँदै

**चितवन समाचारदाता**
*चितवन, पुस २६ गते*

नेपाल टेलिकम भरतपुर कार्यालयले पुरानो प्रविधि र तारबाट वितरण हुँदै आएको ल्यान्डलाइन फोनलाई पूर्णरूपले हटाउने तयारी गरेको छ। पछिल्लो प्रविधिको प्रयोगका कारण पुरानो तामाको तारबाट सञ्चालन हुँदै आएका ल्यान्डलाइन फोनमा समस्या धेरै आउने र मर्मत गर्नको लागि समेत सामानको अभाव हुन थालेपछि फाइबर नेटबाट सञ्चालन हुने टेलिफोनलाई प्राथमिकता दिन थालिएको हो।

टेलिकमको सुरुवातको समयबाट सञ्चालनमा आएका ल्यान्डलाइन फोन अहिले आठ सयको सङ्ख्यामा छन्। “१२ हजार पाँच सयको सङ्ख्यामा रहेका यस प्रकारका फोन हटाएर आठ सयमा झारेका छौँ,” नेपाल टेलिकम भरतपुरका कार्यालय प्रमुख नवीनकुमार मिश्रले भन्नुभयो। अब हामीले आउँदो माघ २२ गते हुने नेपाल टेलिकमको वार्षिक उत्सवको अवसर पारेर जिल्लामा सबै ल्यान्डलाइन फोन (पुरानो प्रविधिको) हटाएर फाइबर नेटबाट सञ्चालन हुने फोनको व्यवस्था गरिनेछ। अहिले पनि भरतपुर र यस आसपासमा नेटफोनको प्रयोग वृद्धि भएको जानकारी दिँदै फाइबर नेटबाट टेलिफोन चलाउनेहरू १५ हजारको सङ्ख्यामा रहेको प्रमुख मिश्रले बताउनुभयो।

फाइबर नेट जडान गरेपछि इन्टरनेट, टेलिभिजन, टेलिफोन र प्रयोगकर्ताको मोबाइलमा हरेक दिन तीन सय एमबीको डाटा प्याकको सुविधा पाइने भएकाले यसैमा उपभोक्ताको रुचि वृद्धि भएको छ। एउटै माध्यमबाट चार सुविधा भएपछि यसको प्रयोग वृद्धि भएको कार्यालयले जानकारी दिएको छ। एडीएसएलबाट नेटको प्रयोग घट्दो क्रममा रहेको कार्यालयले जनाएको छ। फाइबर नेटमा स्पिड धेरै हुने, राम्रोसँग नेट सञ्चालन हुनेगर्दछ। पुरानो प्रविधिको तारबाट इन्टरनेट सुस्त हुने भएकाले ग्राहक पनि फाइबर नेटतर्फ आकर्षित भएको कार्यालयले जानकारी दिएको छ।

प्रविधिमा आएको विकासले गर्दा पनि टेलिकमले नयाँ प्रयोग गर्दै आएको छ। जिल्लाको भरतपुर, नारायणगढ, रत्ननगर, भण्डारालगायतका क्षेत्रमा फाइबर नेटको सुविधा छ। चितवनका सातवटा पालिकामध्ये पाँचवटा पालिकामा फाइबर नेटको सुविधा पुगेको कार्यालय प्रमुख मिश्रले जानकारी दिनुभयो। माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा भने फाइबर नेटको सुविधा अहिले नपुगे पनि त्यस क्षेत्रमा लैजाने योजना रहेको कार्यालयले जानकारी दिएको छ। नेपाल टेलिकमले पछिल्लो समय पुरानो ल्यान्डलाइन फोन हटाएर फाइबर नेटको फोन जडान गर्न लगाएपछि यसमा समस्या आउन थालेको उपभोक्ताहरूले गुनासो गर्न थालेका छन्। लोडसेडिङ भएको समयमा फोन नचल्ने, अन्य समयमा पनि समस्या आइरहने, डायल टोन नआउने, बोल्दा बोल्दै काटिनेलगायतको समस्या आउने गरेको उपभोक्ताको गुनासो रहेको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, संखुवासभा

जग्गा अधिग्रहण गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९/०९/२७

विदुषी योगमाया आयूर्वेद विश्वविद्यालयको लागि आवश्यक पर्ने साविक मनकामना गा.वि.स. वडा नं. ७ हाल खाँदबारी नगरपालिका वडा नं. ९ का तपशिल बमोजिमका जग्गा विदुषी योगमाया आयूर्वेद विश्वविद्यालयको नाममा स्थायी रुपमा अधिग्रहण गर्न प्रक्रिया अघि बढाउन जग्गा प्राप्ति ऐन २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिको मिति २०७९।०९।२६ को बैठकबाट प्रतिरोपनी रु. १,००,०००।- (एक लाख) मुआब्जा निर्धारण भइसकेकोले मुआब्जा रकम पाउने ठहरिएका तपशिल बमोजिमका कित्ताका जग्गाहरु सम्बन्धित सरोकारवाला व्यक्तिहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित जग्गाधनीहरुले आफै वा अख्तियारप्राप्त वारेसमार्फत मुआब्जा बुझ्नका लागि आफ्नो निस्सा प्रमाण (जग्गाधनी प्रमाणपूर्जा, तिरो तिरेको रसिद, नागरिकताको प्रतिलिपी, वडा कार्यालयको सिफारिस) सहित रु. १० को टिकट टाँसी जिल्ला प्रशासन कार्यालय, संखुवासभामा रितपूर्वकको निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। जग्गा प्राप्ती ऐन २०३४ को दफा १८ (२) बमोजिम मूल्यमा चित्त नबुझे १५ (पन्ध्र) दिनभित्र गृह मन्त्रालयमा निवेदन दिन सकिनेछ।

**प्रतिरोपनी रु. १,००,०००।- (एक लाख) मूल्य कायम गरिएका जग्गाहरुको विवरण:**

| क. सं. | जग्गा धनिको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कित्ता नं | क्षेत्रफल ब.मी. | प्राप्त हुने क्षेत्रफल | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुशिला पराजुली | शेरबहादुर | मान बहादुर | मनकामना ७ | २३२२ | ०१२६२ | ससिम | |
| २ | सुशिला पराजुली | शेरबहादुर | मान बहादुर | मनकामना ७ | ६८४ | ००३५५ | ससिम | |
| ३ | सुशिला पराजुली | शेरबहादुर | मान बहादुर | मनकामना ७ | ७६५ | ००१५० | ससिम | |
| ४ | एपेक्स कन्ट्रक्सन प्रा.लि | | | मनकामना ७ | ७५८ | २५२४५ | ससिम | |
| ५ | एपेक्स कन्ट्रक्सन प्रा.लि | | | मनकामना ७ | ६७६ | ०१९७० | ससिम | |
| ६ | एपेक्स कन्ट्रक्सन प्रा.लि | | | मनकामना ७ | ८०१ | ०२१६० | ससिम | |
| ७ | एपेक्स कन्ट्रक्सन प्रा.लि | | | मनकामना ७ | ७५९ | ०१६९५ | ससिम | |
| ८ | एपेक्स कन्ट्रक्सन प्रा.लि | | | मनकामना ७ | ६७७ | ०३९८० | ससिम | |
| ९ | सिता देवि श्रेष्ठ/जेनी शाक्य | किरण/दिपेन्द्र | कुलबहादुर/विरेन्द्र | मनकामना ७ | २३२१ | १०१८ | ससिम | |
| १० | राजन कुमार बास्तोला | तुलशी प्रसाद | दुर्गा प्रसाद | मनकामना ७ | १७२८ | १०१७५ | ससिम | |
| ११ | इन्द्र कुमार श्रेष्ठ | गोपिलाल | धनबहादुर | मनकामना ७ | ७६१ | ०१०६० | ससिम | |
| १२ | मुकुन्द प्रसाद तिम्सिना | टिका दत्त | सुर्यदत्त | मनकामना ७ | ७६२ | ०२६०० | ससिम | |
| १३ | मुकुन्द प्रसाद तिम्सिना | टिका दत्त | सुर्यदत्त | मनकामना ७ | ७६६ | ००१९० | ससिम | |
| १४ | मुकुन्द प्रसाद तिम्सिना | टिका दत्त | सुर्यदत्त | मनकामना ७ | १२७९ | ०५८४१.६८ | ससिम | |
| १५ | मुकुन्द प्रसाद तिम्सिना | टिका दत्त | सुर्यदत्त | मनकामना ७ | ६७८ | ०२१०० | ससिम | |
| १६ | सुमन कुमार श्रेष्ठ | चित्र कुमार | चामु नारायण | मनकामना ७ | ७६३ | ००३७० | ससिम | |
| १७ | सुमन कुमार श्रेष्ठ | चित्र कुमार | चामु नारायण | मनकामना ७ | ६७९ | ०३७४० | ससिम | |
| १८ | सौजन एण्ड श्रेया हाउजिङ प्रा.लि. | | | मनकामना ७ | ७६४ | ०५२९० | ससिम | |
| १९ | सौजन एण्ड श्रेया हाउजिङ प्रा.लि. | | | मनकामना ७ | ६८३ | ००५९५ | ससिम | |
| २० | तिलक बहादुर तामाङ | सल बहादुर | जहर सिं | मनकामना ७ | १९३९ | २२८०.६६ | ससिम | |
| २१ | जिवन तामाङ | सुरेन्द्र बहादुर | विष्णु कुमार | मनकामना ७ | १९३८ | ०१५२६ | ससिम | |
| २२ | सुरेन्द्र कुमार तामाङ | विष्णु बहादुर | जस विर | मनकामना ७ | ६८१ | ००५७५ | ससिम | |
| २३ | सुरेन्द्र कुमार तामाङ | विष्णु बहादुर | जस विर | मनकामना ७ | १२५५ | ०९९८० | ससिम | |
| २४ | केशर बहादुर श्रेष्ठ | जोग विर | पदमलाल | मनकामना ७ | ८०३ | ००७८५ | ससिम | |
| २५ | रत्नबहादुर श्रेष्ठ | डिल्लीमान | हरीबहादुर | मनकामना ७ | ६६७ | १८० | ससिम | |
| २६ | रत्नबहादुर श्रेष्ठ | डिल्लीमान | हरीबहादुर | मनकामना ७ | ६६८ | ४९५ | ससिम | |
| २७ | धन माया श्रेष्ठ | जोग विर | हरीबहादुर | मनकामना ७ | ८०४ | ०१०३० | ससिम | |

नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

**कविता गोष्ठी**

मिति : २०७९/०९/२७ गते

यस प्रतिष्ठानद्वारा अन्तर्राष्ट्रिय आदिवासी मातृभाषा दशकको अवसरमा सन् २०२३ फेब्रुअरी २१ तारिखका दिन मातृभाषा कविता बाचन हुने भएकाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्रमा इच्छुक स्रष्टाहरूलाई निम्न ठेगानामा कविता प्रेसित गर्नुहुन यो सूचना जारी गरिएको छ।

**कविताका मापदण्डरू**
क) अप्रकाशित रचना बढीमा १५० शब्दसम्म।
ख) मातृभाषाको कवितासँगै अनिवार्य रूपमा सम्पर्क नेपाली भाषामा समेत अनुवाद गरिएको हुनुपर्नेछ।
ग) कविता प्रिति फन्ट र १४ साइजमा टाइप गरिएको र स्रष्टाको सम्पर्क ठेगाना (फोन र इमेल) उल्लेख गरिएको हुनुपर्नेछ।

**विस्तृत जानकारीका लागि** :
फोन नं. ०१-५१८३२५२
**Email :** mail@nfdin.gov.np : saringurung@yahoo.com

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरवार, काठमाडौं।

**आवेदन पेश गर्ने सम्वन्धी सूचना**

सूचना प्रकाशन मिति: २०७९/०९/२७

१. राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली मार्फत सुरक्षित तवरले नागरिकको विवरण प्रमाणीकरण एवम् अन्तर प्रणाली आवद्धता सम्वन्धी कार्यविधि, २०७९ को दफा ११ को उपदफा (२) बमोजिम प्रमाणीकरण सेवा प्रदायकको रुपमा काम गर्न इच्छुक संस्थाहरुले उक्त कार्यविधिको अनुसूची-२ मा उल्लिखित शर्तहरु परिपालना गरी एवम् आवेदन शुल्क राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार शाखाको खाता नं. ००१००१०६२००००० मा जम्मा गरी यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा आवेदन पेश गर्न हुन सम्वन्धित सबैमा यसै सूचना मार्फत जानकारी गराइन्छ।
२. कार्यविधि विभागको वेभसाईट www.donidcr.gov.np मार्फत डाउनलोड गर्न सकिने तथा यस सम्वन्धमा थप जानकारी आवश्यक भएमा विभागको सूचना प्रविधी शाखाको फोन नम्बर ०१-४२००८९४ वा मोबाइल नं: ९८५१०६४९६८ मा सम्पर्क गर्न हुन अनुरोध छ।

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, नारायणगढ

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७९।०९।२७)

नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं. ०२ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने श्री चन्द्र लाल थापाको मिति २०७३।०७।१४ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. १६२०१०००५२६३७०१० खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा नाता पर्ने ऐ ऐ बस्ने श्री गंगा बहादुर थापाले यस बैंकमा मिति २०७९।०७।१५ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय नारायणगढमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, नारायणगढ

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७९।०९।२७)

चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ११ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने श्री टिकाराम ढकालको मिति २०७९/०९/१४ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. १६२०१०००६००८३०१० खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा नाता पर्ने ऐ.ऐ. बस्ने हरी प्रसाद ढकाल र ईन्द्र प्रसाद ढकालले यस बैंकमा मिति २०७९/०२/०९ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय नारायणगढमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७९।०९।२७

नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयको मसलन्द तथा स्टेसनरी खरिदका लागि पेस हुन आएका दरभाउपत्रहरू मध्ये तल उल्लेखित दरभाउपत्र दाताको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ र नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १५६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | दरभाउपत्र आह्वानको सूचना प्रकाशित मिति | दरभाउपत्र नं. | कामको विवरण | छनोट भएको दरभाउपत्र दाता | कबोल अङ्क (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १. | २०७९।०८।१९ | वि.ग्रा.से.नि.(प्र) २०७९/०८०-०१ | मसलन्द तथा स्टेसनरी सामान सप्लाई | श्री अभिषा इन्टरप्राइजेज एन्ड जनरल सप्लायर्स, चावहिल, काठमाडौँ। | रु.९,५३,४१६।३१ |

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबारमार्ग, काठमाडौँ

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं, बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति - २०७९।०९।२७

गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका सारभूत रूपमा प्रभावग्राह्य न्यूनतम मूल्याङ्कित बोलपत्रहरू स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्र दाताहरूलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

| सि. नं. | सूचना नं./ प्याकेज नं. | सूचना प्रकाशित मिति | कामको विवरण | बोलपत्र दाताको नाम | कबोल गरेको रकम रु. (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| 1. | 12-58-079-80-NCBG-KMC | 2079-08-20 | Supply and Delivery of Printing Accessories at KMC (Re-notice) | M.S.Printing Solution, KMC-32 | Rs. 8,694,850.00 |

**नोट** : मिति २०७९/०९/१९ गतेको गोरखापत्रमा प्रकाशित सूचना नम्बर 13–64–079–80–NCBG–KMC को Supply and Delivery of Biometric Device at KMC कार्यका लागि Bid Bond Amount रु. ३,००,०००/- (तीन लाख) हुनुपर्नेमा अन्यथा भएकोमा सच्याइएको छ।

खरिद एकाइ

# 'प्रदेशको आधारशिला निर्माण गरेँ'



तस्बिर : प्रकाशविक्रम शाह

**सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री त्रिलोचन भट्ट र मन्त्रीहरू प्रदेश सरकारको प्रथम कार्यकालबारे जानकारी दिन मङ्गलबार आयोजित सञ्चारकर्मी भेटघाट तथा धन्यवाद कार्यक्रममा ।**

**कैलाली समाचारदाता**
*धनगढी, पुस २६ गते*

सुदूरपश्चिम प्रदेशका मुख्मन्त्री त्रिलोचन भट्टले आफू निष्कलङ्क भएर बिदा भएकोमा खुसी व्यक्त गर्नुभएको छ। "मुख्यमन्त्री भएदेखि निष्कलङ्क भएर जानुपर्छ भन्ने सोचेको थिएँ, सफल पनि भएँ," प्रदेश सरकारको प्रथम कार्यकालबारे जानकारी दिन मङ्गलबार आयोजित सञ्चारकर्मी भेटघाट तथा धन्यवाद कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो, "काम गर्दा विवादित पनि हुन्छन्, मेरो कार्यकालमा त्यस्तो केही भएन।"

मुख्यमन्त्री भट्टले आफूले पाँच वर्षसम्म स्थायी सरकार दिएको, प्रदेशको आधारशिला तयार गरेको र परिणाममुखी काम गरेको दाबीसमेत गर्नुभयो। "हामी आउँदा कानुन, मुख्यमन्त्री, मन्त्रालय र मातहतका कार्यालयका भौतिक संरचना, कर्मचारी थिएनन्", उहाँले पाँच वर्षअघि मुख्यमन्त्री हुँदाको बेला सम्झँदै भन्नुभयो, "अहिले हामीसँग आवश्यक पर्ने कानुन, भौतिक संरचना छन्।" मुख्यमन्त्री भट्टले स्वास्थ्य, शिक्षा, सडक, कृषि, जनता आवास, खानेपानीका क्षेत्रमा परिणाममुखी काम गरेको पनि बताउनुभयो।

"नजिकको सरकारसँग जनताका धेरै अपेक्षा हुन्छन्, त्यो मूल्याङ्कन हुँदै जाला," उहाँले भन्नुभयो, "हामीले गर्न खोजेको काम राजधानी निर्माण पनि थियो तर जग्गा प्राप्तिको अधिकार सङ्घ सरकारसँग भएकाले त्यो काम हुन सकेन।" उहाँले सङ्घ सरकारले जग्गाको स्वामित्व नदिँदा राजधानी निर्माणको काम हुन नसकेको पनि प्रष्ट पार्नुभयो।

उहाँले तत्कालीन प्रदेश सभामा रहेका मुख्य दल नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को समर्थन र सहकार्यमा विभिन्न बेलामा काम गर्न पाउनु पनि सुखद संयोगको कुरा भएको बताउँदै त्यस्तो संयोग अरू प्रदेश सरकारका मुख्यमन्त्रीले नपाएको आशय व्यक्त गर्नुभयो।

हुन पनि उहाँले सुरुमा नेकपा (माओवादी केन्द्र)का नेता भट्टले सुरुमा एमाले, पछि नेकपा, नेकपा फुटेपछि समाजवादी र अन्तिममा नेपाली कांग्रेस तथा एकीकृत समाजवादीको समर्थन पाउनुभएको थियो। उहाँले सात पटक मन्त्रिपरिषद् हेरफेर गर्नुभएको थियो।

एक/एक सदस्य रहेका जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले भने उहाँलाई कहिल्यै समर्थन गरेनन्। मुख्यमन्त्री भट्टले आगामी दिन पार्टी निर्माणमा लगाउने बताउँदै पार्टीले दिएको जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। मुख्यमन्त्री भट्टले सो अवसरमा प्रदेश सरकारको प्रथम कार्यकालको सङ्क्षिप्त प्रगति विवरण पनि सार्वजनिक गर्नुभएको थियो।

## पाँच वर्षमा ७६९ किमि सडक कालोपत्रे

**धनगढी समाचारदाता**
*धनगढी, पुस २६ गते*

सुदूरपश्चिम प्रदेश सरकारले पाँच वर्षको अवधिमा प्रदेशमा ७६९ किलोमिटर सडक कालोपत्रे गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयले मङ्गलबार पत्रकार सम्मेलन गरेर सो जानकारी दिएको हो। आफू आउनुभन्दा अगाडि चार सय र आफ्नो पालामा ३६९ किलोमिटर सडक कालोपत्रे भएको भौतिक पूर्वाधार विकासमन्त्री दीर्घबहादुर सोडारीले बताउनुभयो।

यसैगरी प्रदेश गौरवका नौवटा सडक कालोपत्रे तथा स्तरोन्नति गर्ने कार्य भएको जनाइएको छ। प्रदेशभरि दुई हजार ३१४.५० किलोमिटर ग्राभेल तथा कच्ची सडक निर्माणको कार्य भएको मन्त्रालयले जनाएको छ। यस्तै आफ्नो पालामा ६६ वटा सडक तथा पुलको बहुवर्षीय ठेक्का स्वीकृत, धनगढीको क्याम्पस रोडदेखि कैलाली पुलसम्म सडक कालोपत्रे गर्न ठेक्का आह्वानको कार्य भएको मन्त्री सोडारीले बताउनुभयो।

उहाँले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि ६४.७० किलोमिटर तटबन्धन निर्माण भएको जानकारी दिनुभयो। यसअघि १५७ किलोमिटर तटबन्ध प्रदेश सरकारले बनाएको थियो। यसैगरी पाँच वर्षमा प्रदेश सरकारले २० हजार ४३७ हेक्टर जमिनमा सिँचाइ सुविधाको व्यवस्था गरेको छ। आफ्नो पालामा मात्रै सात हजार ४९३ हेक्टर जमिनमा सिँचाइ सुविधा भएको मन्त्री सोडारीले बताउनुभयो।

यस्तै पाँच वर्षमा दुई लाख ८६ हजार ३८३ जनसङ्ख्यालाई स्वच्छ खानेपानीको सुविधा प्रदान गर्ने कार्य भएको मन्त्रालयले जनाएको छ। १६९ वटा सामुदायिक भवन निर्माण गरिएका छन्। मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत तीन हजार ८८४ जनता आवास निर्माण भएको जनाइएको छ। आफ्नो पालामा मात्रै ८८८ वटा जनता आवास निर्माण भएको मन्त्री सोडारीले बताउनुभयो।

यसैगरी पाँच वर्षमा ४२ वटा झोलुङ्गेपुल निर्माण गरिएको छ। आफ्नो पालामा ११ वटा झोलुङ्गेपुल बनेको मन्त्रीले बताउनुभयो।

## सुक्खा पहिरोको जोखिममा पारतोला बस्ती

**बाजुरा समाचारदाता**
*बाजुरा, पुस २६ गते*



बाजुराको खप्तड छेडेदह गाउँपालिका-५ को पारतोला बस्ती सुक्खा पहिरोको जोखिममा रहेको छ। हिउँदको महिनामा बस्तीको माथिबाट सुख्खा पहिरो जान थालेपछि अहिले त्यो बस्ती पहिरोको जोखिममा रहेको हो।

खप्तड छेडेदह गाउँपालिका-५ का स्थानीय जमुना रावतले, गत बर्खामा गाउँमाथिबाट आएको पहिरो हिउँदमा पनि खस्न थालेपछि पारतोला बस्ती जोखिममा रहेको बताउनुभयो।

पारतोला बस्तीका स्थानीयलाई हिउँदमै पहिरोले पुर्छ कि भन्ने चिन्ता छ, बस्ती जोगाउनका लागि स्थानीय सरकारलाई माग गर्दै आए पनि अहिलेसम्म केही सुनुवाइ नभएको रावतले बताउनुभयो। खप्तड छेडेदहको-५ को पारतोला, डोगडीलगायतका अन्य दर्जनौं बस्ती पनि बाढीपहिरोको उच्च जोखिममा छन्।

वर्खा बाढीले वारिपारि काट्दै जाने र हिउँदमा गाउँमाथिबाट पनि पहिरो आउन थालेपछि हिउँद बर्खामै ती बस्ती पहिरोको जोखिम रहँदै आएका हुन्। हिउँदमा पहिरो नलाग्ला भन्ने सोचमा गाउँ फर्केका सो बस्तीका स्थानीयहरू सुक्खा पहिरोले पनि त्रसित बन्दै गएका छन्।

खप्तड छेडेदह गाउँपालिका-५ का वडा अध्यक्ष जित रावतले गत साउनदेखि भदौसम्म लगातार परेको झरीका कारण सुरु भएको त्यो पहिरो पुसको महिनामा पनि बग्न थालेपछि पारतोला बस्तीका झन्डै पचासभन्दा बढी घरपरिवार पहिरोको जोखिममा रहेको बताउनुभयो।

उहाँ भन्नुहुन्छ, "केही वर्ष पहिला त्यो ठाउँमा पहिरो रोक्न घाँस तथा बीच बीचमा ग्याबिन राखेका थियौं। माथिबाट आएको पहिरोले त्यो सबै बगायो। तटबन्धन गरेर पनि पहिरो नरोकिएपछि अहिले त्यो बस्तीलाई तुरुन्त अन्य ठाउँमा स्थान्तरण गर्नुबाहेक अन्य केही विकल्प देखिन्न।"

खप्तड छेडेदह गाउँपालिकाको स्वास्थ्य संयोजक नरबहादुर रावतले बस्तीसँगै रहेको डोगडी स्वास्थ्यचौकीसमेत सुक्खा पहिरोको उच्च जोखिममा रहेको बताउनुभयो।

उहाँले चिसोका कारण अहिले यहाँका अधिकांश गाउँमा रुघाखोकीका बिरामी बढ्दै गएका छन्। पहिरोको डरैडरमा स्वास्थ्य संस्थामा आएका ती बिरामीलाई स्वास्थ्यकर्मीहरू उपचार गर्न बाध्य छन्। गत बर्खाको समयमा त्यस स्वास्थ्य चौकीको दुई कोठा पहिरोले पुरिँदा लाखौ रुपियाँको स्वास्थ्य सामग्रीसहित औषधि पुरिएको थियो।

हिउँदमा गएको सुक्खा पहिरोले खासै समस्या नभए पनि बर्खाको समयमा भने त्यसले डोगडी स्वास्थ्यचौकीलाई निकै क्षति गर्ने गरेको संयोजक रावतले बताउनुभयो।

त्यसको पूर्वतयारीका लागि स्थानीय तहको विपत् व्यवस्थापन समितिलाई र त्यहाँका स्थानीयवासीलाई सजग रहन आग्रह गरेको जिल्ला प्रशासन कार्यालय बाजुराले जनाएको छ।

त्यो बस्तीलाई अन्य सुरक्षित ठाउँमा स्थानान्तरणका लागि गृह मन्त्रालयलाई समेत जानकारी गराइसकेको जिल्ला प्रशासन कार्यालय बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्र विष्टले बताउनुभयो।

## मदिरा नियन्त्रणमा महिला सक्रिय

**दार्चुला समाचारदाता**
*दार्चुला, पुस २६ गते*

महिलाविरुद्ध हुने घरेलु हिंसा वृद्धि हुनुमा मदिरा सेवन प्रमुख कारण रहेको भन्दै लेकम गाउँपालिका-३, लालीका महिला मदिरा नियन्त्रणमा सक्रिय बनेका छन्। महिलाहरूले प्रहरीसँगै हातेमालो गरेर मदिरा नियन्त्रणको अभियान थालेका हुन्।

लालीका स्थानीय महिला रेखा भट्टले भन्नुभयो, "मदिराले दिनदिनै घर झगडा हुनुका साथै सामाजिक, आर्थिक र पारिवारिक रूपमा विभिन्न समस्या निम्तिन थालेकाले मदिरा नियन्त्रणको अभियान थालेका छौँ।" सोमबार प्रहरीको रोहबरमा महिला समूहको बैठक बसेर मदिरा नियन्त्रणका लागि विभिन्न विषयमा छलफल गर्दै ओसारपसार, बिक्रीवितरण र सेवन गर्ने गराउनेलाई कडा कारवाही गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो।

मदिरा निषेधित लेकम गाउँपालिकाका विभिन्न गाउँमा अवैध मदिराको बिक्रीवितरण र सेवन हुने गरेको छ। मदिराका कारण घरेलु हिंसा र अपराधका घटनाहरू बढेका छन्।

लाली क्षेत्रमा मदिरा ओसारपसार गर्नेलाई १५ हजार, बेचबिखन गर्नेलाई १० हजार, सेवन गर्नेलाई ५ हजार, कुटपिट गर्नेलाई तीन हजार, गालीबेइज्जती गर्नेलाई दुई हजार पाँच सय जरिवाना गर्ने गरेर निर्णय गरिएको स्थानीय एवं लेकम गाउँपालिका उपाध्यक्ष माधवी जोशीले बताउनुभयो।

## दुर्घटनामा थप दुई नेपालीको मृत्यु

**धनगढी समाचारदाता**
*धनगढी, पुस २६ गते*

भारतको लखनउमा भएको बस दुर्घटनामा परी ज्यान गुमाउने नेपालीको सङ्ख्या पाँच पुगेको छ। घटनास्थलमा तीन जनाको ज्यान गएको थियो भने दुई जना गम्भीर घाइतेको पनि मृत्यु भएको जिल्ला प्रशासन कार्यालय कैलालीले जानकारी दिएको छ। उपचारका क्रममा मृत्यु हुनेमा टीकापुर नगरपालिका-१, टीकापुर बस्ने ३५ वर्षीय हरि साउद र कञ्चनपुरको पुनर्बास नगरपालिकाका २५ वर्षीय दीपक सुनार रहेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिनुभयो।

नेपाली कामदार चढेको आरजे २७ पीए ५७०३ नम्बरको बस लखनउ क्षेत्रमा दुर्घटना हुँदा घटनास्थलमै चार जनाको ज्यान गएको थियो। सोमबार बिहान करिब ४ बजेतिर भएको दुर्घटनामा परी टीकापुर नगरपालिका-१ का ५५ वर्षीय चन्द्र साउद, ४५ वर्षीय ललित साउद र २० वर्षीया निर्मला बोहराको ज्यान गएको थियो।

### भूल सुधार

मिति २०७९ पुस २४ गतेको गोरखापत्र दैनिकमा प्रकाशित आशय सम्बन्धी नेपाल विद्युत प्राधिकरण प्रदेश नं. २ ग्रामीण विद्युतीकरण आयोजना, लट ३, बर्दिवास महोत्तरीको आशय सम्बन्धी सूचनामा भूलवस लोगो अन्यथा पर्न गएकोमा भूलसुधार गरिएको छ।

## चिसोले प्रभावित बन्दै परीक्षा

**बाजुरा समाचारदाता**
*बाजुरा, पुस २६ गते*

जिल्लाका नौवटै स्थानीय तहका २४७ वटा विद्यालयले अहिले आन्तरिक दोस्रो त्रैमासिक परीक्षा सञ्चालन गर्दै आएका छन्। वैशाख २० गतेबाट भर्ना सकेर पढाइ सुरु गर्दै आएका विद्यालयले असारमा पहिलो त्रैमासिक परीक्षा पूरा गरेपछि पुस २२ गतेबाट दोस्रो परीक्षा सञ्चालन गरेका हुन्।

पुसको पहिलो सातादेखि बाजुरामा अत्यधिक चिसो बढ्दै गएपछि विद्यालयले सञ्चालन गरेको सो परीक्षामा सहभागी हुन विद्यार्थीलाई कठिनाइ भएको छ। विद्यालयले सधैँ कक्षाकोठाको एक बेन्चमा दुई जना राखेर लिने परीक्षालाई अहिले चिसोका कारण बालबालिकालाई चौरमा बसालेर परीक्षा लिन थालेका छन्।

त्रिवेणी नगरपालिकाको खिन्नै आधारभूत विद्यालय कक्षा आठमा अध्ययनरत छात्र विनोद साउदले चिसोका कारण कक्षाकोठामा बसेर परीक्षा दिन समस्या भएपछि बाहिर घाममा बसेर परीक्षा दिन थालेको बताउनुभयो।


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०७९/०९/२७**

यस विभागबाट तपशिल बमोजिमका परामर्श सेवा खरिद कार्यको लागि मिति २०७९/०३/०९ मा प्राविधिक तथा आर्थिक प्रस्ताव माग सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका प्रस्तावहरुको प्राविधिक प्रस्ताव मुल्यांकनमा सफल भएका प्रस्तावदाताहरुको आर्थिक प्रस्ताव खोली प्राविधिक/आर्थिक प्रस्तावको संयुक्त मूल्यांकनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने तपशिल बमोजिमको आर्थिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही रहेकाले प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८(२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | Contract ID | सफल परामर्शदाताको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | DUDBC/CS/QCBS/09/078/79 | EcoCode Nepal-GES-FBC | २२,७५,४८१.०० |

**संक्षिप्त सूचिमा राखिएको बारे**

यस विभागको मिति २०७९/०६/१३ को गोर्खापत्रमा प्रकाशित Invitation for Expression of Interest (EOI) Contract ID DUDBC/CS/QCBS/03/079/80 (Preparation of Detail Engineering Report of GP Koirala National Center for Respiratory Disease, Tanahu, Nepal) को परामर्शकार्यमा उच्चत्तम अंक प्राप्त गर्ने आशयपत्रदाताहरुको संक्षिप्त सूची विभागको website: www.dudbc.gov.np मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**बागमती प्रदेश कार्यालय**
हेटौंडा, मकवानपुर

**डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशन सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७९।०९।२७**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०९/१८ र मिति २०७९/०९/१९ गते प्रकाशित सूचना तथा यस बागमती प्रदेश कार्यालयको मिति २०७९/०९/२२ गतेको डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्तितर्फ रिक्त कोटाका लागि आवेदन दिने सम्बन्धी सूचना अनुसार प्राप्त आवेदनहरू डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९ बमोजिम आवश्यक रुजु गरी योग्यता क्रमानुसार प्रशिक्षार्थी छनोट गरी नतिजा प्रकाशन तथा भर्नाका लागि सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ। यस सम्बन्धी विस्तृत सूचना तथा नतिजा परिषद् परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np र यस कार्यालयको वेबसाइट www.ctevtbagmati.org.np मा हेर्न सकिनेछ।

**- निर्देशक**



नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय सुर्खेतमा Optical Aerial Fiber(24 core) खरिद कार्य गर्नको लागि

**शिलबन्दी दरभाउपत्र आव्हानको सुचना**

शिलबन्दी दरभाउपत्र नं.: NDCL /PDSKT/SQ -05/2079-80
प्रथम पटक प्रकाशित मिति: २०७९/०९/२७

यस प्रादेशिक निर्देशनालय सुर्खेतमा Optical Aerial Fiber(24 core) खरिद कार्य गर्नुपर्ने भएकोले आपुर्ति गर्न इच्छुक सप्लायर, कम्पनी, फर्म वा संस्थाहरुबाट फर्म दर्ता, मु.अ.कर (VAT) दर्ता तथा २०७७/२०७८ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपि सहित दरभाउपत्रमा उल्लेखित सम्पूर्ण शर्तहरुको अधिनमा रहि तपशीलमा उल्लेखित मिति र समय भित्र यस निर्देशनालयमा रितपुर्बक शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागी अनुरोध गरिन्छ।

तपसिल

| सि.नं. | विषय | दस्तुर, स्थान, मिति र समय |
|---|---|---|
| १. | दरभाउपत्र फारामको मुल्य | रु. ३,०००.०० (तीन हजार मात्र) पछि फिर्ता नहुने गरी दरभाउपत्र वापतको शुल्क कम्पनीमा नगदै वा कुमारी बैंक, नेपालगन्जमा रहेको कम्पनीको राजश्व खाता नं.: ०२४००१४६५४२००००१ मा जम्मा गर्न सकिने। |
| २. | दरभाउपत्र फाराम पाइने र दर्ता गर्ने स्थान र कार्यालय | नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय सुर्खेत भवन, कर्णाली प्रदेश, बिरेन्द्रनगर, सुर्खेत . |
| ३. | दरभाउपत्र फारम बिक्रि सुरु मिति | मिति २०७९/०९/२७ |
| ४. | दरभाउपत्र फाराम खरिद गर्न सकिने अन्तिम मिति र समय | मिति २०७९/१०/११ गते कार्यालय समय भित्र। |
| ५. | सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | मिति २०७९/१०/१२ गते (दिनको ११:४५ बजेसम्म)। |
| ६. | सिलबन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान | मिति २०७९/१०/१२ गते (दिउँसो १२:०० बजे) स्थान: प्रादेशिक निर्देशनालय सुर्खेत भवन, कर्णाली प्रदेश, बिरेन्द्रनगर, सुर्खेत। |
| ७. | जमानत वापत राख्नुपर्ने रकम | न्युनतम रकम ने.रु. १,७५,०००.०० को बैंक भौचर (नबिल बैंक, बिरेन्द्रनगर शाखाको खाता नं. ०५८०१०१७५०१३४७) वा नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त वाणिज्य बैंकबाट सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिले कम्तिमा ९० दिनको म्याद रहेको यस निर्देशनालयको नाममा जारी सक्कल बैंक जमानी पत्र (Bid security)। |

नोट: उपरोक्त तोकिएका दिनहरुमा बिदा पर्न गएमा सो को भोलिपल्टको कार्यदिन कायम हुनेछ।

नेपाल टेलिकम
प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेश,
बिरेन्द्रनगर, सुर्खेत
फोन नं.: ०८३-५९०५०१/५९०५०६



Manthali Municipality
Office of the Municipal Executive
Manthali, Ramechhap
Bagmati Province, Nepal

**INVITATION FOR BIDS**

First Date of Publication : 2079/09/27 B.S. (2023/01/11 A.D.)

**IFB No: MM/RCH/WORKS/NCB/03/079/080**

1. Manthali Municipality,Manthali, Ramechhap invites electronic bids from registered eligible national bidders for the following construction works under National Competitive Bidding .Some of the qualification criteria are mentioned below.

| S.N. | Contract ID No. | Description of Works | Total Estimated Amount (excl. VAT and with PS) (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee in (NRs.) | Bid Validity and Bid Security Validity | Last Date of Bid Submission | Intended completion date after date of agreement. |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MM/RCH/WORKS/NCB/11/079/080 | Construction of Ward Office Building, Ward No. 1, Manthali | 7,750,495.84 | 240,000.00 | 3000.00 | 90/120 Days | 12:00 PM on 2079/10/27 BS | 5 months |

**For Bid Purchase fee Deposition :**
Name of Bank : Rastriya Banijya Bank, Manthali Branch, Manthali, Ramechhap
Account No. : 1680100301010002 (Internal Revenue)

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Municipal Executive,Manthali, Ramechhap Telephone: 048-540532 and Email: manthalinapa071@gmail.com , ito.manthalimun@gmail.com , Website : www.manthalimun.gov.np and may visit the EGP section of Public Procurement Monitoring Office (PPMO) website (www.bolpatra.gov.np/egp)

Chief Administrative Officer

# मुख्य उपलब्धिमा सुशासनको दाबी

नवीन शाही
*सुर्खेत, पुस २६ गते*

कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले आफ्नो नेतृत्वमा गठित सरकारले हासिल गरेका उपलब्धि सार्वजनिक गर्नुभएको छ।

मङ्गलबार कर्णालीवासीका नाममा सम्बोधन गर्दै उहाँले कर्णालीमा सुशासन कायम गर्नुका साथै छ 'ब' कार्यान्वयनमा ल्याइएको बताउनुभएको छ। नयाँ सरकार गठनका लागि एक दिन मात्रै समय बाँकी रहेका बेला मुख्यमन्त्री शाहीले आफूले गरेका काम सार्वजनिक गर्नुभएको हो। कर्णालीका प्रदेश प्रमुख तिलक परियारले बुधबार साँझ ५ बजेभित्र सरकारको मुख्यमन्त्रीमा दाबी गर्न समयसीमा तोक्नुभएको छ।

२०७८ कात्तिक १६ गते शाही मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो। उहाँले आफ्नो कार्यकालमा तीन तहका दुईवटा निर्वाचन सम्पन्न गराउनुपर्ने चुनौतीका बीच ४३५ दिनको अवधिमा अपेक्षित उपलब्धि हासिल गर्न सकिएको बताउनुभयो। छोटो समयमै केही परिवर्तन भएको उहाँको दाबी छ।

मुख्यमन्त्री शाहीले कर्णालीमा अवरुद्ध विकास पूर्वाधारहरूको निर्माण, छ 'ब' कार्यान्वयन, सुशासन र कानुन निर्माण, स्थानीय तहसँगको समन्वयलगायतका क्षेत्रमा महत्त्वपूर्ण काम गरिएको जनाउनुभयो।

प्रदेशको विकास र समृद्धिको आधारका रूपमा रहेको छ 'ब' (वन, बाटो, बजार, बिजुली, विचार र व्यवस्थापन)मा प्रदेश सरकारले प्राथमिकताका साथ काम गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कर्णाली टाइमलाई कार्यान्वयनमा ल्याउन सकिएको छ। हामीले कर्णाली प्रदेशको काम, कारबाही र विकासको मोडेललाई 'ब्रान्डिङ' गरेका छौँ। हिजोको 'नेपाली टाइम' भन्ने र हरेक क्रियाकलाप निर्धारित समयभन्दा ढिला गरी सुरु गर्ने संस्कार अन्त्य भएको छ।"



तस्बिर : नवीन शाही
**सरकारले प्राप्त गरेका उपलब्धि सार्वजनिक गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाही।**

कर्णालीमा १७ वटा विधेयक र ३२ वटा नीति, कार्यविधि, मापदण्ड तथा निर्देशिका तर्जुमा गरिएको छ। मुख्यमन्त्री शाहीले भन्नुभयो, "कर्णाली प्रदेश निजामती सेवासम्बन्धी विधेयक, प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका सर्त र सुविधासम्बन्धी विधेयकलगायत १२ वटा विधेयक तर्जुमा गरी प्रदेश सभामा प्रस्तुत गरिएकोमा पहिले पेस भएका समेत गरी जम्मा १७ वटा विधेयक प्रदेश सभाबाट पारित भएका छन्।" उहाँले खाद्य अधिकार तथा सम्प्रभुता नियमावलीसहित चारवटा नियमावलीमा समसामयिक संशोधन र ३२ वटा नीति/कार्यविधि/मापदण्ड/निर्देशिका तर्जुमा भएको बताउनुभयो। उहाँले आफ्नो अवधिमा ४४ मन्त्रिपरिषद् बैठकबाट १२६ वटा निर्णय भएको जानकारी दिनुभयो।

स्थानीय तहका र प्रदेशका ५९० रिक्त पदमा विभिन्न तहका कर्मचारी नियुक्तिका लागि सिफारिस गर्नुका साथै अधिकृत तहका कर्मचारी छनोटका लागि विज्ञापन गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको उहाँले जनाउनुभयो। उहाँले आगामी दिनमा जनशक्ति अभावका कारण काम भएन भन्ने समस्या अन्त्य भएको र प्रदेशमा स्वास्थ्य सेवालाई प्रभावकारी, सरल, सहज, सुलभ र गुणस्तरीय बनाउन प्रदेश स्वास्थ्य सेवा ऐन कार्यान्वयनमा ल्याइएको बताउनुभयो। मुख्यमन्त्री शाहीको कार्यकालमा 'कर्णाली घोषणापत्र'समेत जारी गरिएको छ। लैङ्गिक हिंसा तथा सामाजिक समावेशीकरणका लागि ऐक्यबद्धता तथा प्रतिबद्धतास्वरूप साझा कर्णाली घोषणापत्र जारी गरिएको हो।

कर्णालीमा एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधिअन्तर्गत ३९४ जना विद्यार्थीलाई छोरी–बुहारी उच्च शिक्षा, जेहेनदार उच्च शिक्षा, अपाङ्गता भएका, दलित, द्वन्द्वपीडित, शहीदका छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराइएको मुख्यमन्त्री शाहीले जानकारी दिनुभयो। उहाँले 'एक विद्यालय एक स्वास्थ्यकर्मी'कार्यक्रम सञ्चालन कार्यविधिअन्तर्गत एक सय सामुदायिक विद्यालयमा स्वास्थ्यकर्मी परिचालन गरिएको बताउनुभयो। स्वास्थ्य क्षेत्रको सुधारका लागि कर्णाली प्रदेश कोभिड–१९ आकस्मिक योजना, दूरचिकित्सा सेवा (टेलिमेडिसिन) तथा अनलाइन स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरेको बताउनुभयो। प्रदेश सरकारको सहयोगबाट स्थानीय तहका पाँच आधारभूत अस्पतालको पूर्वाधार विकास, ७३ सामुदायिक स्वास्थ्य एकाइ तथा २० बर्थिङ सेन्टर सञ्चालनमा आएको जानकारी उहाँले दिनुभयो।

शैक्षिक सुधारका निम्ति आर्थिक वर्ष २०७८/७९ सम्म प्रदेशभरका सामुदायिक विद्यालयमा थप ३१६ वटा कक्षाकोठा निर्माण भई १२ हजार ६४० विद्यार्थीले पक्की भवनमा अध्ययन गर्ने अवसर पाएको शाहीले बताउनुभयो। १०औँ राष्ट्रिय खेलकुदलाई कर्णालीमा आयोजना गर्न प्रदेश रङ्गशालाको ५० प्रतिशत काम सम्पन्न हुनुका साथै भौतिक पूर्वाधार निर्माणका कार्यहरू भइरहेको पनि उहाँले जानकारी दिनुभयो।

# निर्वाचन ऐन सुधारका लागि संसद्मा पठाइने

सल्यान समाचारदाता
*सल्यान, पुस २६ गते*

निर्वाचन आयोगका आयुक्त डा. जानकीकुमारी तुलाधरले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र विश्वसनीय बनाउन सबैको सहयोग आवश्यक हुने बताउनुभएको छ। उहाँले आयोगले निर्वाचन हुनुअघि, निर्वाचनका समय र निर्वाचनपश्चात् निरन्तर काम गरिरहेको भन्दै निर्वाचनमा सबैको विश्वास कायम गर्न आवश्यक कानुनसमेत बनाउन सुझाव सङ्कलन गरिरहेको जनाउनुभयो।

निर्वाचन आयोगले सोमबार सल्यानमा आयोजना गरेको प्रदेश तथा प्रतिनिधि सभा निर्वाचन–२०७९ को समीक्षामा आयुक्त डा. तुलाधरले निर्वाचन आयोगले नयाँ निर्वाचन कानुन ल्याउने तयारी गरिरहेको बताउनुभयो। उहाँका अनुसार स्थानीय तह, प्रदेश र प्रतिनिधि सभा निर्वाचनको अनुभवका आधारमा सरोकारवालासँग सुझाव सङ्कलन गरी नयाँ कानुनको तयारी भइरहेको छ।

निर्वाचन आयोगका प्रवक्ता सालिकराम पौडेलले निर्वाचन प्रणालीमा सुधार गर्न दलहरू जिम्मेवार बन्नुपर्ने बताउनुभयो। गएको मङ्सिरमा सम्पन्न प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनका समयमा प्रयोग भएका सफल अभ्यास र चुनौतीलाई आगामी दिनमा सिकाइका रूपमा लिई निर्वाचनलाई कम खर्चिलो, मितव्ययी बनाउन आचारसंहिता पालनालाई कडाइ गर्दा शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न भएको पौडेलको भनाइ छ।

जिल्ला अदालत सल्यानका न्यायाधीश गिरिराज गौतमले दल र उम्मेदवारले पालना गर्ने आचारसंहितालाई प्रभावकारी कार्यान्वयन गर्न सके निर्वाचन मर्यादित हुनसक्ने जनाउनुभयो। प्रमुख जिल्ला अधिकारी विपिन आचार्यले निर्वाचन स्थल, मतदान केन्द्रको पुनर्निर्धारण गर्नुपर्ने बताउनुभयो। उहाँका अनुसार सल्यानका कालीमाटी, दार्मा, कुमाख र बागचौर क्षेत्रमा रहेका मतदान केन्द्रमा मतदान गर्न आउन तीन घण्टासम्म हिँड्नुपर्ने भएकाले पायक पर्ने ठाउँमा केन्द्र निर्धारण गर्न आवश्यक छ।

कार्यक्रममा सहभागी राजनीतिक दल, पर्यवेक्षक संस्थाका प्रतिनिधि, निर्वाचनमा खटिएका मतदान अधिकृत, मतदाता शिक्षा कार्यकर्ता र सुरक्षा निकायका प्रतिनिधिले मतदाता नामावली, मतदान केन्द्र, जनशक्ति, वित्तीय व्यवस्थापन, सूचना प्रविधिको प्रयोग, मतपत्र व्यवस्थापन, मतगणना र परिणाम घोषणालगायतमा समूह बनाएर छलफल गरेका थिए।

निर्वाचन आयोगले सातै प्रदेशका सात जिल्ला सल्यान, रुकुम, बैतडी, ताप्लेजुङ, स्याङ्जा, दोलखा र काठमाडौँ पुगेर निर्वाचन समीक्षा गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगका उपसचिव सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार समीक्षाबाट प्राप्त सुझाव सङ्कलन गरी नयाँ बन्ने निर्वाचन कानुनमा समेटिनेछ।


## बढुवा समितिको सचिवालय
### सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना

लोक सेवा आयोगको देहायको बढुवा सूचना नं., सेवा, समूह र श्रेणीको रिक्त पदमा ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०७९/०९/२६ को निर्णयानुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारहरुलाई बढुवाको लागि सिफारिश गर्ने निर्णय भएकोले निजामती सेवा ऐन,२०४९ को दफा २४च. को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

ब. सू. नं. १४-०७९/८०,नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.द्वितीय श्रेणी

| यो.क्र.नं. | संकेत नं | उमेद्वारको नाम थर |
|---|---|---|
| १ | १७९६३६ | चुडामणि चापागाई |
| २ | ११३०३७ | सुभद्रा गौतम |
| ३ | १५९९६८ | सत्य नारायण साह |
| ४ | १७०७९२ | पदम प्रसाद बजगाई |
| ५ | १९१७३८ | जग्दिश चन्द्र नेपाली |
| ६ | १३५०१६ | लक्ष्मी नाथ दवाडी |
| ७ | १११७९८ | हरिकृष्ण फुयाल |
| ८ | A१५१२५६ | राम बहादुर तामाङ |
| ९ | १७४९७६ | ध्रुब प्रसाद नेपाल |
| १० | १४७२९१ | भूमिश्वर ढकाल |
| ११ | १८१८४९ | ईश्वर प्रसाद आचार्य |
| १२ | १२८१०६ | दिनेश त्रिपाठी |
| १३ | १४४७३४ | छविरमण भट्टराई |
| १४ | १५०७१० | संजय कुमार पोखरेल |
| १५ | १७१८४६ | विष्णुभक्त सिग्देल |
| १६ | १४६४१४ | रोशन कुमार कठायत |
| १७ | १४६४५४ | गोविन्द प्रसाद पौडेल |
| १८ | ८९१ | सुरण प्रसाद शर्मा पौडेल |
| १९ | १४५०९८ | औलाख बहादुर आले |
| २० | १४१११५ | कमल बहादुर कार्की |
| २१ | १४५६०० | मोहन कुमार घिमिरे |
| २२ | १४५०९७ | पूर्ण बहादुर के.सी. |
| २३ | १४३२५४ | राज कुमार अधिकारी |
| २४ | १४५८४२ | राजमणि निरौला |
| २५ | A१४९५५५ | अशोक कुमार महर्जन |
| २६ | १४३४७३ | भागीरथा गैरे |
| २७ | १५४८९० | नवराज ढकाल |
| २८ | १५९४४० | भोला खड्का |

ब. सू. नं. १५-०७९/८०,नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.द्वितीय श्रेणी

| यो.क्र.नं | संकेत नं | उमेदवारको नाम थर |
|---|---|---|
| १ | १२००५२ | देवराज पोखरेल |
| २ | १०४०६१ | राजन रेग्मी |
| ३ | १२२७९६ | बिनोद धमला |
| ४ | १३४०५२ | विष्णुप्रसाद भुसाल |
| ५ | १२६३६३ | राजेन्द्र आचार्य |

## पशुपति क्षेत्र विकास कोष
### सञ्चालक परिषद्, देवउद्यान गौशाला
### सिलबन्दी दरभाउपत्र रद्द गरेको सूचना

(सूचना प्रकाशित मिति : २०७९।९।२७)

पशुपति क्षेत्र विकास कोष मातहतको किरियापुत्री सेवा केन्द्रमा रहेको चमेना गृह भाडामा दिने कार्यका लागि पशुपति क्षेत्र विकास कोषद्वारा मिति २०७९/३/२१ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको सिलबन्दी दरभाउपत्र मिति २०७९/५/५ को निर्णय बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सबै सरोकारवालामा जानकारी गराइन्छ।

## नेपाल विद्युत प्राधिकरण
### वितरण तथा ग्राहक सेवा निर्देशनालय
### गण्डकी प्रादेशिक कार्यालय
### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०७९।०९।२७)

१. सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
बाग्लुङ वितरण केन्द्र (फोन नं. ०६८–५२२४७७, इमेल: baglung@nea.org.np)

| क्र.सं. | सिलबन्दी दरभाउपत्र /बोलपत्र नं. | कार्य विवरण |
|---|---|---|
| 1 | NEA-BDC-2079/080-06 (SQ) | Relocation of HT/LT electrical line from galkot to tarakhola of Baglung district. |

For details please visit *www.bolpatra.gov.np/egp* & For further information please contact respective offices.

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
## वातावरण विभाग
बबरमहल, काठमाडौं
मिति २०७९/०९/२७

### आशयपत्र (Expression of Interest-EOI) आव्हानको सूचना

यस विभागको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहाय अनुसारको परामर्श सेवा खरिद गर्ने प्रयोजनार्थ विद्युतीय माध्यमबाट राष्ट्रियस्तरमा खुल्ला आशयपत्र आव्हानका लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी विस्तृत सूचना विभागको website: www.doenv.gov.np बाट तथा आशयपत्र सम्बन्धी कागजात सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website: www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ।

तपसिल

| क्र.सं. | कामको विवरण | IFB No. |
|---|---|---|
| १. | **Annual Maintenance Contract** (17 air quality monitoring stations including ICIMOD handover stations) | DoEnv-EOI-01/ 2079-80 |

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
## नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय
### आशयको सूचना
मिति : २०७९।०९।२७

यस कार्यालयको मिति २०७९/०९/०९ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार रीतपूर्वक पर्न आएका दरभाउपत्रहरू मिति २०७९/०९/२५ गते सोमबार कार्यालय समय दिनको २:०० बजे दरभाउपत्र दाताहरूको समेत रोहबरमा खोली मिति २०७९/०९/२६ गते मूल्याङ्कन गर्दा तपसिलको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि छनोट भएको हुँदा स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै दरभाउपत्र दाताहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | दरभाउपत्रको विवरण | दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क. सहित) वार्षिक |
|---|---|---|---|
| १ | नेपाल स्काउटका लागि सुरक्षा सेवा खरिदको सिलबन्दी दरभाउपत्र। | Intel Security Service (P.) Ltd., Budhanagar-10, Nayabaneswor, Kathamandu | जम्मा कबोल अङ्क रु.१४,४५,१००।– (अक्षरुपी चौध लाख पैँतालीस हजार एक सय रुपैयाँ मात्र। |

## ललितपुर महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पुल्चोक ललितपुर, बागमती प्रदेश, नेपाल
प्रकाशित मिति : २०७९/९/२७

यस ललितपुर महानगरपालिका कार्यालयको मिति २०७८/११/२९ मा हेभी सवारी चालक र सफाईकर्मी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा प्रकाशित सूचना बमोजिम यस कार्यालयमा करार सेवाद्वारा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी मापदण्ड २०७८ बमोजिम प्रारम्भिक योग्यताक्रमको सूचीको लागि छनौट भएका उम्मेदवारहरुको अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा सञ्चालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि ललितपुर महानगरपालिका कार्यालयको सामान्य प्रशासन महाशाखामा सम्पर्क गर्नु हुन साथै यस कार्यालयको वेभसाईट **www.lmc.gov.np** हेर्नु हुन अनुरोध छ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

मधेश प्रदेश सरकार — फोन नं. ०४१–५९१०१६
## महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
जनकपुरधाम, नेपाल
### बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०७९।०९।२७

यस मन्त्रालयबाट मिति २०७९/०३/१६ गतेको PPMO को E-Procurement Portal मार्फत बोलपत्र सम्बन्धी सूचना बमोजिम रीतपूर्वक E-Bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्न यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (पीएस र भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | MOWCYS/ NCB/01-078-79 | Construction of Covered Hall & Improvement of Playground at Barahathwa Municipality-02, Sarlahi | Ganapati Baba Nirman Sewa Pvt. Ltd., Dhulikhel Nagarpalika-6, Kavre | ६,३३,९२,२९६।३८ | |
| 2 | MOWCYS/ NCB/02-078-79 | Construction of Sport Stadium at Dhankaul Rural Municipality, Sarlahi. | Babu Ratna Construction, Khapichhen-9, lalitpur | ११,००,२७,७८३।९२ | |

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय धनुषा
### जग्गाको मुआब्जा दाबी गर्ने सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति : २०७९/०९/२७)

एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा.लि. (SAPDC) को ४०० के. भी. प्रसारण लाईन आयोजना बाट धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. ४, ५ र ७ मा ४०० के.भि. प्रसारण लाईन निर्माण गर्नकालागि टावर मुनि र स्टोरको तपसिल बमोजिमको जग्गा स्थायी रुपले प्राप्ति गर्नुपर्ने भएकोले जग्गा प्राप्ति गर्ने सम्बन्धमा जग्गा प्राप्ती ऐन, २०३४ को दफा ९ र १० बमोजिमको सूचना मिति २०७८/११/२६ र २०७९/०९/०१ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको र सोही ऐनको दफा १३ बमोजिम गठन भएको मुआब्जा निर्धारण समितिको मिति २०७९/०९/१७ को निर्णयबाट मुआब्जा रकम निर्धारण भएको हुँदा सम्बन्धित जग्गा धनीहरुको मुआब्जा दावी गर्नकालागि आ-आफ्नो हकदैया वा भोगचलन सम्बन्धी निस्सा तथा प्रमाण सहित (जग्गाधनी सक्कल प्रमाण पुर्जा, नागरिकताको प्रतिलिपी, तिरो तिरेको रसिद आादि) रु. १० को टिकट टाँसी रीतपुर्वकको निवेदन यस कार्यालयमा दिनकालागी जग्गा प्राप्ती ऐन, २०३४ को दफा १८ को प्रयोजनार्थ यो सचना प्रकाशित गरिएको छ।

**तपसिल**
**स्थान : धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. ४, ५ र ७**

| क्र. सं. | टावर नं. | साविक गा.वि.स. | जग्गाधनिको नाम | बावु/पतिको नाम | बाजे/ससुराको नाम | कित्ता न. | हालको क्षेत्रफल | | | | टावर फाउन्डेशनमा पर्ने अधिग्रहण गरिने क्षेत्रफल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बिघा | कठ्ठा | धुर | कन्मा | बिघा | कठ्ठा | धुर | कन्मा |
| १ | MCT X-ARM (DDE) र Store को लागी | ढल्केवर २ क | दिपनारायण यादव | सहदेव यादव | फौदार यादव | २५१ | ० | २ | १० | ० | ० | २ | १० | ० |
| | | ढल्केवर २ क | मर्दो गोवार्नि | दिपनारायण यादव | सहदेव यादव | २५३ | ० | ६ | १७ | ० | ० | २ | ६ | ० |
| | | ढल्केवर २ क | मायादेवी यादव गुवार | राधे यादव | सुखदेव यादव | ८४६ | ० | १ | ० | ० | ० | १ | ० | ० |
| | | ढल्केवर २ क | मायादेवी यादव गुवार | राधे यादव | सुखदेव यादव | ८४७ | ० | १ | ० | ० | ० | १ | ० | ० |
| | | ढल्केवर २ क | रामजिवन यादव | सुखदेव यादव | फौदार यादव | ८४५ | ० | ० | ५ | ० | ० | ० | ५ | ० |
| | | ढल्केवर २ क | रामजिवन यादव | सुखदेव यादव | फौदार यादव | ८४८ | ० | १० | ० | ० | ० | १ | ८ | ० |
| | | ढल्केवर २ क | असर्फि यादव | सुखदेव यादव | फौदार यादव | ८४४ | ० | १ | ५ | ० | ० | १ | ५ | ० |
| | | ढल्केवर २ क | शिवदेवी वरही | प्रमोदकुमार वडही | झिगुंर वडही | ६७२ | ० | ३ | ० | ० | ० | ३ | ० | ० |
| २ | 331/A | पुष्पलपुर ९घ, ७ | मोना मैनाली | कृष्ण हरी मैनाली | कासिनाथ मैनाली | ४८ | ० | १६ | ५ | ० | ० | १ | २ | ८ |
| | | | नभेटिएको | नभेटिएको | नभेटिएको | ४९ | | | | | ० | १ | १ | ० |
| | | | डोटे कामी | डम्बर बहादुर | | २२० | ० | ६ | १५ | ० | ० | ० | ११ | ० |
| | | | निर्मला मैनाली | कृष्णहरी मैनाली | | २ | १ | २ | १६ | ० | ० | ० | १० | ० |
| ३ | 333/B | नकटाझिझ ९ग | गौर बहादुर ग्लान | नर बहादुर ग्लान | | १३७ | | | | | ० | ० | ३ | ८ |
| | | | गौर बहादुर ग्लान | नर बहादुर ग्लान | | ५१ | | | | | ० | १ | ५ | ० |

## समाचार सङ्क्षेप

### सडक बालबालिकालाई विद्यालय

**गुल्मी,** (गोरखापत्र), पुस २६ गते । गुल्मीमा सडक बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन विद्यालय पठाउने निर्णय गरिएको छ । विगत चार महिनाअघि जिल्लाको महेन्द्र माध्यमिक विद्यालयमा स्थापना गरिएको मिनी होस्टेलमा बस्दै आएका १८ जना सडक बालबालिकाको आचरणमा सुधार आएपछि विद्यालय पठाउने निर्णय गरिएको हो ।

जिल्ला समन्वय समितिका प्रमुख द्रोणबहादुर खत्रीको अध्यक्षतामा बसेको बैठकले मिनी होस्टेलमा बस्दै आएका बालबालिकालाई जिल्लाको सदरमुकाम तम्घासमा रहेका विभिन्न विद्यालयमा अध्ययनका लागि पठाउने निर्णय गरिएको जिल्ला समन्वय समितिका निमित्त समन्वय अधिकारी सिर्जना मिश्राले जानकारी दिनुभयो ।

होस्टेलमा बस्दै आएका बालबालिकामध्ये महेन्द्र नमुना माध्यमिक विद्यालयमा सात जना, सिद्धबाबा माध्यमिक विद्यालयमा तीन जना, उपल्लो तम्घास माध्यमिक विद्यालयमा तीन जना, रेसुङ्गा माध्यमिक विद्यालयमा तीन जना, समता स्कुल र बालमन्दिरमा एक/एक जनाले अध्ययन गर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरिएको छ ।

सडक बालबालिकाको अहिले आचारण परिवर्तन भएसँगै सामान्य अवस्थामा फर्किएकाले शिक्षाको पहुँचमा ल्याउन यस्तो निर्णय गरिएको हो ।

### पर्यटकीय स्थलमा सडक

**प्युठान** (गोरखापत्र), पुस २६ गते । माघेसङ्क्रान्तिमा दर्शन तथा स्नान गर्नका लागि जिल्लाका धार्मिक पर्यटकीय स्थल पुग्न सहज भएको छ । जिल्लाका धार्मिक पर्यटकीय स्थल स्वर्गद्वारी, गौमुखी, ऐरावती पुग्न सडक सञ्जालले सहज बनाएको हो ।

स्वर्गद्वारीमा खिचडी मेला अवलोकन गर्न, झिमरुक नदीको उद्गमस्थल गौमुखी, झिमरुक र माडी नदीको सङ्गम स्थल ऐरावतीमा स्नान गर्न भक्तजन पुग्ने गर्छन् । सडकको अवस्था सुधार भएपछि गौमुखी पुग्न बाह्रै महिना सहज भएको स्थानीय मित्र थापाले बताउनुभयो । "अहिले पनि सडक सुधारको काम भइरहेको छ," उहाँले भन्नुभयो, "माघीमा आउने भक्तजन सजिलोसँग आउन सक्छन् ।"

स्वर्गद्वारी पुग्ने सडक अहिले कालोपत्रे भइसकेको छ । जसले गर्दा भक्तजनलाई सहज भएको छ । स्वर्गद्वारीका प्रमुख प्रशासकीय अधिकृत हरि अधिकारीले माघ १ गते लाग्ने खिचडी मेलामा भारतीय भक्तजनसमेत आउने बताउनुभयो ।

झिमरुक र माडी नदी मिसिएको ठाउँ ऐरावतीमा अहिले कच्ची सडक पुगेको छ । ऐरावतीमा प्युठान, दाङ, अर्घाखाँचीका भक्तजनको भीड लाग्ने ऐरावती गाउँपालिका–१, का वडाध्यक्ष अमर रेश्मी मगरले बताउनुभयो ।

# ठेक्का नलगाउँदा खोलामा मनपरी



तस्बिर : दिवाकर पोखेल

**लमही नगरपालिका–८ स्थित कालीपुरुवा घाट पुलमुनि उत्खनन गर्दा खाडल परेको स्थान ।**

**दिवाकर पोखेल**
*देउखुरी, पुस २६ गते*

दाङको लमही नगरपालिका–८, कालीपुरुवामा भर्खरै निर्माण सम्पन्न पुलमुनि रातभर ट्याक्टरको लाम हुन्छ । पुलमुनि बालुवा उत्खनन गरी ढुवानी गर्नका लागि यसरी ट्याक्टर लाम लाग्ने गरेका हुन् । केही ट्याक्टरले नदीको किनारमा बालुवा थुपार्छन् भने बाँकी ट्याक्टर बालुवा बोकेर ठाउँठाउँ पुग्छन् ।

स्थानीयहरू ट्याक्टरको रातभरको आवाजले निदाउन पाउँदैनन् । नदीजन्य पदार्थको उत्खननमा निर्माण व्यवसायीदेखि विभिन्न व्यक्तिको संलग्न भएको आशङ्का गरे पनि नाम खुलेर स्थानीयहरू भन्न डराउँछन् । लमही नगरपालिका–८, सतबरियाका बिरु चौधरीले रातभर ट्याक्टरको आवाजले सुत्न नसकिएको बताए पनि कोको उत्खननमा संलग्न छन् भन्नेबारे आफूलाई जानकारी नभएको बताउनुभयो । लमही नगरपालिका–८, सतबरियादेखि राजपुर गाउँपालिका जोड्न निर्माण भएको पक्की पुलमुनि बालुवा उत्खनन गरिएको छ ।

सोही वडाको भत्तरकुण्डा खोलाबाट ढुङ्गा उत्खनन बढेको छ । वडा नं. ९ रिहारका शेरबहादुर केसीले पछिल्लो समय राप्ती नदी र अन्य खहरे खोलाबाट ढुङ्गा उत्खनन गर्ने र बिक्री गर्ने क्रम बढेको बताउनुभयो । राप्ती नदी र आसपासका खोलाबाट ढुङ्गाजन्य वस्तुको अवैध उत्खनन बढेको छ । यसलाई नियमन गर्ने निकाय स्थानीय सरकार, प्रहरी प्रशासन असफलजस्तै देखिएका छन् । उपभोक्ताले एक ट्याक्टर बालुवा लैजाँदा प्रहरीले निगरानी राख्ने तर चोरी गरेर ट्याक्टरका ट्याक्टर निकासी हुँदा निगरानी नगरिएको स्थानीयको गुनासो छ ।

स्थानीय सरकारले नदीजन्य वस्तुको उत्खननका लागि ठेक्का लगाउन ढिलाइ गरेकै कारण अवैध उत्खनन र चोरी बढेको देखिएको छ । नयाँ आर्थिक वर्ष सुरु हुने बेलामा नै यस प्रकारको प्रक्रिया र काम थाल्नुपर्ने भए पनि छ महिना पुग्नै लाग्दा बल्ल केही स्थानीय तहले यसमा काम गर्न थालेका छन् । विकास निर्माणको काम सुरु भएको छ । तर, नदीजन्य वस्तु सहज रूपमा नपाउँदा कामसमेत प्रभावित हुने अवस्थामा छ ।

जिल्लाका तीनवटा गाउँपालिकाले नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खननको अनुमति पाएका छन् । वातावरण प्रभाव मूल्याङ्कन भएका गढवा, राप्ती र राजपुर गाउँपालिकाले नदीजन्य पदार्थ उत्खननको अनुमति पाएका हुन् । गाउँपालिकाले वातावरण प्रभाव मूल्याङ्कन गरेपछि जिल्ला समन्वय समितिले अनुगमन गरेर राष्ट्रपति चुरे तराई मधेश विकास सञ्चालन समितिमा सिफारिस गरेका तीनवटा गाउँपालिकालाई अनुमति मिलेको छ ।

गढवा गाउँपालिकाका अध्यक्ष यमनारायण पोखेलले ढुङ्गाजन्य वस्तुको चोरी निकासीलाई रोक्ने प्रयास भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अझै रातिको समयमा चोरी भइरहेको छ भन्ने सूचना आएका छन्, अब ठेक्का खोलेका छौँ, बोलपत्र स्वीकृत भयो भने चोरी रोक्न सकिन्छ कि भन्ने छ ।"

# संयुक्त गौशाला निर्माण हुँदै

**गैँडहवा, कञ्चन र मायादेवी गाउँपालिकाको साझेदारी र लुम्बिनी विकास कोषको समेत सहयोगमा गौशाला बनाउने निर्णय**

**बुटवल समाचारदाता**
*बुटवल, पुस २६ गते*

रुपन्देहीका पाँचवटा पालिकाको साझेदारीमा गैँडहवा गाउँपालिकामा संयुक्त गौशाला निर्माण हुने भएको छ । छाडा पशुचौपाया व्यवस्थापनका लागि अन्तरपालिकाको साझेदारीमा पहिलो चरणमा दुई हजार पशु राख्न सकिने गौशाला निर्माणको तयारी थालिएको हो ।

रुपन्देही सैनामैना नगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका तथा गैँडहवा, कञ्चन र मायादेवी गाउँपालिकाको साझेदारी र लुम्बिनी विकास कोषको समेत सहयोगमा गैँडहवामा १८० बिघा क्षेत्रफलमा गौशाला बनाउने निर्णय भएको हो ।

गैँडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले अन्तरपालिका प्रमुख र अध्यक्षहरूको बैठकले लुम्बिनी गौशाला बनाउने सहमति गरेको बताउनुभयो । गैँडहवा तालको दक्षिणतर्फको पहवा मण्ठाधारी बाबा सामुदायिक वन क्षेत्रमा गौशाला बनाउने सहमति भएको छ । गौशाला निर्माणमा लुम्बिनी विकास कोषले समेत आर्थिक सहयोग गर्ने भएको छ ।

छाडा पशुचौपायाका कारण अन्तर्राष्ट्रिय पर्यटकीय स्थल लुम्बिनी क्षेत्रमा सडक दुर्घटना बढ्दै गएको, कृषकको बालीनालीको क्षति र मरेका पशुका कारण दुर्गन्ध फैलिने जस्ता समस्या भएपछि गौशाला निर्माणको अवधारणा अघि बढेको कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले बताउनुभयो । कञ्चन गाउँपालिकाका अध्यक्ष ढकालले पहिलो चरणमा लुम्बिनी विकास कोषले ५० वटा गाई राख्न मिल्ने सेड र पशु उपचार केन्द्र स्थापना गरिदिने सहमति भएको बताउनुभयो ।

गौशालालाई बुद्ध जन्मस्थल लुम्बिनी र रुपन्देहीकै ठूलो गैँडहवा तालसँग जोडेर पर्यटकीय दृष्टिले समेत विकास गरिने योजना रहेको छ । पहिलो चरणमा सबै पालिकाले २० लाखका दरले रकम सङ्कलन गरेर काम अघि बढाइनेछ ।

त्यसपछि प्रदेश र सङ्घीय सरकारसँग पनि थप बजेट माग गर्ने निर्णय भएको अध्यक्ष ढकालले बताउनुभयो । गौशाला बनाउने स्थान नजिकै गिद्धहरूको बासस्थान (जटायु रेस्टुरेन्ट)समेत रहेकाले कालगतिले गाईको मृत्यु हुँदा जटायु रेस्टुरेन्टमा पुऱ्याएर व्यवस्थापन गर्न सकिनेछ ।

गाईबस्तुको सिनो गिद्धको आहारा हुने र यसले इकोसिस्टममा योगदान पुऱ्याउने गैँडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले बताउनुभयो । गौशालाको काम अघि बढाउन गैँडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलको संयोजकत्वमा ११ सदस्यीय समितिसमेत गठन भएको छ ।

सो समितिमा पाँचवटै पालिकाका प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष एक/एक जना, सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृत, लुम्बिनी विकास कोषबाट एक जना र सामुदायिक वनबाट एक जना प्रतिनिधि सदस्य छन् ।

# सुत्केरीलाई घरमै कोसेली

**भैरहवा समाचारदाता**
*भैरहवा, पुस २६ गते*

रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले उपप्रमुख सुरक्षित मातृशिशु कार्यक्रम सुरु गरेको छ । कार्यक्रमअन्तर्गत पालिकामा रहेका सुत्केरी आमालाई शुभकामना सन्देशसहित 'उपप्रमुख सुत्केरी कोसेली भेट' उपलब्ध गराउन थालिएको छ ।

नगर उपप्रमुख उमा अधिकारीले पालिकाको वडा नम्बर १ बेलहियास्थित घरघरमा पुगेर सुत्केरीसँग कोसेली भेट गर्नुभएको छ । कोसेली झोलासहित घरघरमा पुगेर आमालाई कोसेली दिँदै उपप्रमुख अधिकारीले सुत्केरी भएको अवस्थामा उनीहरूको स्वास्थ्यका साथै नगरवासीको मुहारमा खुसी ल्याउनका लागि कोसेली भेट गरेको बताउनुभयो ।

नगरपालिकाबाट उपलब्ध गराइएको कोसेली झोलामा ज्वानो, घिउ, मह, सर्फ, डिटोल साबुन, जोनसन साबुन, जोनसन तेल, सेनेनटरी प्याड, झुल र मेक्सी रहेको छ । करिब तीन हजार रुपियाँ मूल्य बराबरको कोसेली एक सय दिनभित्रका सुत्केरी आमालाई उपलब्ध गराउन सुरु गरिएको हो ।

नगरपालिकाबाट कोसेली पाउनका लागि वडा कार्यालयमा निवेदन दिनुपर्ने, विवाह दर्ताको प्रमाण, न्यूनतम चार पटक गर्भवती जाँच गरिएको अस्पतालको कार्ड, आमा र बच्चाको खोपकार्ड, अस्पतालबाट जारी शिशुको जन्म प्रमाणपत्र, जन्मदर्ताको प्रमाण, बुबाआमाको नेपाली नागरिकताको प्रतिलिपि हुनुपर्ने नगरपालिकाले प्रावधान बनाएको छ ।

"यसले समयमै जन्मदर्ता गर्ने, स्वास्थ्य संस्थामा सुत्केरी हुने बानीको समेत विकास गर्नेछ," उपप्रमुख अधिकारीले भन्नुभयो । सुत्केरी अवस्थामा के खाने ? कति दिन आराम गर्ने ? कस्ता खानेकुरा खाएमा शरीरलाई फाइदा गर्छ ? जस्ता सन्देश लेखिएको पम्प्लेटसमेत कोसेली भेटमा उपलब्ध गराइएको छ । "यसले आमा र बच्चाको मृत्युदरलाई घटाउन पनि टेवा पुग्ने विश्वास लिएका छौँ," अधिकारीले भन्नुभयो ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**बागमती प्रादेशिक कार्यालय**
**नुवाकोट वितरण केन्द्र, नुवाकोट**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९।०९।२७**

| क्र.सं. | दरभाउपत्र नं. | कामको विवरण | छनोट भएका दरभाउपत्र दाता | कबोल अङ्क (भ्याट सहित) रु. |
|---|---|---|---|---|
| १ | NDC/2079/080/SSQ-02 | Supply and delivery of Stationery and Printing Materials. | M/S Paper print Pvt. Ltd., Kalanki-14, Kathmandu. | ६,९८,३४०।– |

**नेपाल विद्युत प्राधिकरण**
**बागमती प्रादेशिक कार्यालय**
**ट्रान्सफर्मर वर्कसप शाखा, लैनचौर**

**दरभाउपत्र रद्द गरिएको सूचना**

**प्रकाशित मिति : २०७९।०९।२७**

**दरभाउपत्र नं. PROK-TWB-SQ-2079/80-03RE**
**"Annual maintenance contract of 10 MVA transformer test bench"**
**सम्बन्धी दरभाउपत्र रद्द गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०७९।०९।२७**

यस कार्यालयबाट प्रकाशित सिलबन्दी बोलपत्रको सूचना अनुसार दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू मध्येबाट तल उल्लेख भएका कार्यको सिलबन्दी बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८ को दफा १५६ र सार्वजनिक, खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यको विवरण र बोलपत्र नं. | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु. (मू.अ.क. सहित) |
|---|---|---|---|
| १. | Construction of Shed for Electric Boiler Room and Toilet Mauntenence work at Kotre Pole plant,Tanahu (NEA-KPP-2079/80-STS-05) | श्री खनाल कन्स्ट्रक्सन, शुक्लागण्डकी–२, तनहुँ | १६,८९,७४४।९४ |

**नेपाल विद्युत प्राधिकरण**
**कोत्रे पोल प्लान्ट, तनहुँ**

लागूऔषधरहित परिवार : स्वस्थ जीवनको आधार

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय ओखलढुंगा**

**बोलपत्र आब्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७९/०९/२७**

यस कार्यालयबाट मिति गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०७९/०८/२० मा प्रकाशित सुचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याकिंत एवं सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२ र ३) को प्रयोजनको निम्ति सम्वन्धित सबैको जानकारीका लागि यो आशयको सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| DAO/OKHAL/W/NCB/01/079-080 | Construction of Compound Wall for District Administration Office, Okhaldhunga | सप्नावती निमार्ण सेवा सि.न.पा ४ ओखलढुंगा | १४९०८३०।५३ |

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय, गोरखा (३०६)**

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९।०९।२७**

गोरखा जिल्ला गण्डकी गाउँपालिका वडा नं. ४, गोरखा बस्ने श्री संते सार्कीको मिति २०७८।०५।३० मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी गण्डकी गाउँपालिका वडा नं. ४, बस्ने निज खातावालाको छोरा रेशम रम्तेलले यस बैंकमा मिति २०७९।०९।२५ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको मुआब्जा खाता नं. ३०६०१००००१६९४११३ मा भएको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय गोरखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैका लागि सूचित गरिएको छ ।

**Invitation for Electronic Bids for Supply, Delivery, Installation and Commissioning of ATM Machines**

Bid & Contract Identification No: **RBBL/GSD/G/FA/ATM-76/2079/80**
**(Date of publication : Poush 27, 2079/Jan 11, 2023)**

1. Rastriya Banijya Bank Ltd (RBBL) invites **electronic bids** from eligible bidders for the procurement of **Supply, Delivery, Installation and Commissioning of 76 Nos. ATM Machine** (IFB No: RBBL/GSD/G/FA/ATM/76/2079/80) under National Competitive Bidding- **Single Stage Two Envelope** procedures as specified in Public procurement acts & regulations.
2. **Under the Single Stage, Two Envelope Procedure**, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the **Technical Bid** and the other (ii) the **Price Bid**, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Bidder must submit their bid electronically only **Magh 27, 2079 (Feb 10, 2023) 12:00 Noon** Bidder can download the bidding documents for e-submission from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***. To submit bid electronically, bidder should deposit the cost of bidding document in the following account as specified below .
   **Information to deposit the cost of bidding document:**
   **Name of the Bank** : Rastriya Banijya Bank Ltd
   **Name of Branch** : Branch Office Thapathali
   **Office Account no.** : 9505062601
   **Amount** : **5,000.00** (Nepalese Rupees Five Thousand only)
   **Account Title** : Others Income
4. The electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at **Magh 27, 2079 (Feb 10, 2023), 12.30 P.M.** at the office of **RBBL, General Service Department,Central Office, Singhadurbar Plaza**.
5. Bids must be valid for a period of **90 Days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a ***minimum of NRs 11,52,590.00 (For Package A – Front Loading ATM )***, ***Nrs. 4,15,900.00 (For Package B [ Rear Loading ATM)*** and **Nrs. 15,68,500.00 (For both Packages – Front & Rear Loading ATM)** which shall be ***valid for minimum 30 days*** beyond the bid validity period .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bids will be evaluated separately for each package as indicated in uploaded e-bid document.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Rastriya Banijya Bank Ltd.**
**Central Office**
**General Service Department**

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षण अस्पताल, महाराजगञ्ज**
**(कर्मचारी प्रशासन शाखा)**

**सूचना**

**(प्रकाशित मिति : २०७९।०९।२७)**

यस अस्पतालका लागि आवश्यक उल्लेखित पदहरू करार सेवामा पदपूर्ति गर्नका लागि मिति २०७९।०९।०७ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार आवेदन फाराम बुझाउनुभएका आवेदकहरूको लिखित परीक्षा तपसिल बमोजिम सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मिति २०७९।१०।०२ गतेदेखि कर्मचारी प्रशासन शाखाबाट प्रवेश पत्र वितरण गरिने जानकारी गराइन्छ ।

**तपसिल**

**(परीक्षा मिति** : २०७९।१०।०६ गते शुक्रबार)
**परीक्षा केन्द्र** : महाराजगञ्ज नर्सिङ क्याम्पस महाराजगञ्ज

| सि.नं. | पद | परीक्षा समय |
|---|---|---|
| १ | मुख्य प्राविधिक सहायक (प्याथोलोजी) | बिहान १०:०० देखि ११:३० बजेसम्म |
| २ | मुख्य प्राविधिक सहायक (हेल्थ असिस्टेन्ट) | बिहान १०:०० देखि ११:३० बजेसम्म |
| ३ | मुख्य प्राविधिक सहायक (फार्मेसी) | दिनको १:०० देखि २:३० बजेसम्म |
| ४ | मुख्य प्राविधिक सहायक (बायोमेडिकल टेक्निसियन) | दिनको १:०० देखि २:३० बजेसम्म |

**अस्पताल प्रशासन**

**NEPAL ELECTRICITY AUTHORITY**
**(Government of Nepal Undertaking)**
**Transmission Directorate**
**Grid Development Department**
**Lalbandi-Salempur 132 kV Transmission Line Project**
**(Published Date: January 11, 2023)**

**Notice**

**Bid No: Procurement of Plant for Design, Supply, Installation, Testing and Commissioning of Nawalpur Chainpura 132 kV Transmission Line and Salempur 132/33/11 kV Substation at Chainpura**

Bid Identification No**: ICB-LNS-TLSS-078/79-01**

Three Bidders, who are **Technically Responsive** for the above Bids are as follows:

1. **SIGMA CON.-MSPL JV**
2. **CQNE JV**
3. **Stelmec-Gorkha JV**

Financial Proposal of the above bidders shall be opened on January 26, 2023 at 01:00 pm at Project office, Kharipati, Bhaktapur.

# समाचार सङ्क्षेप

## विद्यालयलाई स्मार्ट टीभी

**तनहुँ** (गोरखापत्र), पुस २६ गते । विद्यार्थीको शैक्षिकस्तर सुधार तथा पठनपाठनमा सहजीकरणका लागि तनहुँका एक समाजसेवीले विद्यालयलाई स्मार्ट टीभी सहयोग गर्नुभएको छ । व्यास–५, भुपुटोल निवासी मनकुमार प्रधान 'हरि'ले म्याग्दे गाउँपालिका वडा–१ स्थिति कुलज्योति प्राथमिक विद्यालयलाई उक्त टीभी सहयोग गर्नुभएको हो ।

सो विद्यालयको ५१औँ अभिभावक दिवस तथा २२औँ वार्षिकोत्सवको अवसर पारेर प्रधानले स्मार्ट टीभी सहयोग गर्नुभएको हो । दलित, गरिब, विपन्न र सीमान्तकृत समुदायका बालबालिका अध्ययन गर्न आउने भएकाले अध्ययनमा मद्दत पुऱ्याउन सहयोग गरेको प्रधानले बताउनुभयो ।

"डिजिटल युगमा विद्यार्थीको पढाइलाई केही सहज होस् भनेर सहयोग गरेको हुँ," प्रधानले भन्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष निरमाया सुनारलाई ३२ इन्चको स्मार्ट टीभी प्रदान गरिएको छ । विद्यालयका प्रधानाध्यापक पदमकुमार श्रेष्ठले स्मार्ट टीभीको सहयोगले अब टेलिभिजनबाट नै विद्यार्थीले अध्ययन गर्न सक्ने बताउनुभयो । "डिजिटल युगमा प्रविधिको प्रयोग महत्त्वपूर्ण हुन्छ, जसले गर्दा विद्यार्थीको प्रविधिप्रतिको क्षमता विकासमा सहयोग हुन्छ," प्रधानाध्यापक श्रेष्ठले भन्नुभयो ।

## एकता रचना वाचन

**पोखरा** (गोरखापत्र), पुस २६ गते । विगतको सरकारले कटौती गरेको राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको बिदालाई पुनः सुरु गर्नु वर्तमान समयको राजनीतिक उपलब्धि भएको पोखरामा आयोजित कार्यक्रमका सहभागी वक्ताले बताएका छन् । सरकारले पुस २७ गते ३०१औँ राष्ट्रिय एकता दिवसको अवसरमा सार्वजनिक बिदा घोषणा गरेकोमा सहभागीहरूले खुसीसमेत व्यक्त गरेका छन् ।

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालको संयोजनमा विश्व हिन्दु महासङ्घ कास्की र गीताञ्जलि साहित्य परिवारको आयोजनामा एकता रचना वाचन कार्यक्रममा सो कुरालाई जोड दिइएको हो ।

एकता दिवस मूल समारोह समितिका संयोजक शङ्कर खरालले जनस्तरको आवाजकै कारण सरकारले कटौती गरेको एकता दिवसको बिदालाई पुनः सुरु गर्नु प्राप्तिका रूपमा लिन आग्रह गर्नुभयो । साथै उहाँले रचना वाचनमा सहभागी कवि कलाकारलाई मूल समारोहमा प्रमाणपत्र प्रदान गरिने जानकारी गराउनुभयो ।

लोकनृत्य कलाकार सङ्घ कास्कीका सल्लाहकार बबिता गुरुङले हरेक व्यक्तिले आआफ्ना ठाउँबाट इतिहासलाई मेटिन नदिनका लागि पहल गर्न आवश्यक रहेको बताउनुभयो । स्वतन्त्र पत्रकार सङ्घ कास्कीका अध्यक्ष असफल गौतमले आकाशतिर फर्केर थुक्दाको छिटा कता जान्छ भन्ने चेतनास्तर नभएका राजनेताका कारण भित्तेपात्रोमा रहेको पुस २७ को बिदा झिक्ने र राख्ने शृङ्खलाबाट सबैले पाठ सिक्नुपर्ने धारणा राख्नुभयो ।

३०१औँ राष्ट्रिय एकता दिवस मूल समारोहकी प्रचार संयोजक पार्वता पौडेलले पृथ्वीनारायण शाहका दिव्य उपदेशलाई सबैले मनन् गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा गीताञ्जलि साहित्य परिवारका पूर्वअध्यक्ष शिवप्रसाद गौतम, समाजसेवी जगन्नाथ कोइराला, एकबहादुर केसी, हरिचन्द्र आचार्यले एकता दिवसबारे आफ्ना धारणा राखेका थिए ।

# मुख्यमन्त्रीले २९ गते विश्वासको मत लिने

**पोखरा समाचारदाता**
*पोखरा, पुस २६ गते*

गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएका खगराज अधिकारीले पुस २९ गते शुक्रबार विश्वासका मत लिनुहुने भएको छ । मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले २९ गते विश्वासको मत लिने निर्णय गरेको बिनाविभागीय मन्त्री हरिबहादुर चुमानले जानकारी दिनुभयो ।

सरकारले सकेसम्म छिट्टै नै विश्वासको मत लिई मन्त्रिपरिषद् विस्तार गरेर जनताको काम गर्न सुरु गर्ने निर्णय भएको सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री चुमानले बताउनुभयो । मुख्यमन्त्री अधिकारीले सोमबार प्रदेश प्रमुख पृथ्वीमान गुरुङसमक्ष ३३ जना प्रदेश सभा सदस्यहरूको समर्थन लिएर दाबी पेस गर्नुभएको हो ।

नेकपा (एमाले)का २२, नेकपा (माओवादी केन्द्र)का आठ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का दुई र नेकपा (एकीकृत समाजवादी)का एक


गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी ।

गरी ३३ सदस्यको समर्थन पाउने अधिकारीको विश्वास छ । गण्डकीमा पहिलो भएको नेपाली कांग्रेसका २७ सिट छन् । अधिकारीले विश्वासको मत पाउन ३१ मत पाउनुपर्छ ।

# मापदण्डविपरीतका बीस क्रसर बन्द

**तनहुँ समाचारदाता**
*तनहुँ, पुस २६ गते*

अवैध रूपमा सञ्चालनमा रहेका २० क्रसर उद्योग बन्द गराइएको छ । गत पुस २० गते गृह मन्त्रालयले मापदण्डविपरीतका क्रसर उद्योग बन्द गर्न परिपत्र गरेबमोजिम ती उद्योग बन्द गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

पुरानो मापदण्डअनुसार दर्ता भएको र हालको मापदण्डअनुसार नवीकरण नभएका तथा अन्य मापदण्ड पालना नगरी सञ्चालनमा रहेका २० वटा क्रसर उद्योगमा ताला लगाइएको जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला अनुगमन समितिका संयोजक शान्तिरमण वाग्लेले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी र १० वटै पालिकाको प्रमुखको सहभागितामा बसेको जिल्ला अनुगमन समितिको बैठकबाट मापदण्डविपरीत सञ्चालनमा रहेका क्रसर उद्योग बन्द गर्ने निर्णयअनुसार सबै क्रसर उद्योगमा ताला लगाएको समन्वय प्रमुख वाग्लेले जानकारी दिनुभयो ।

मन्त्रालयको परिपत्र प्राप्त गरेपछि गत पुस २१ गते जिल्लाका २० क्रसर उद्योग बन्द गरिएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले जानकारी दिनुभयो । ढुङ्गा, गिट्टी र बालुवा उत्खनन बिक्री, तथा व्यवस्थापन मापदण्ड २०७७ विपरीत कतिपय क्रसर उद्योग सञ्चालन हुँदै आएकाले बन्द गरिएको उहाँले जानकारी दिनुभयो । जिल्लामा ढुङ्गा, गिट्टी, रोडा तथा बालुवा उत्खनन् र प्रशोधन कार्यमा संलग्न क्रसर उद्योग २० वटा रहेकोमा सबै प्रचलित कानुनविपरीत रहेको गैरेले बताउनुभयो । शुक्लागण्डकी नगरपालिकामा मात्र १३ वटा क्रसर उद्योग रहेका छन् ।

शुक्लागण्डकीको कोत्रेमा रहेको बालुवा नेपालकै सबैभन्दा उत्कृष्ट भएकाले विदेशसमेत निर्यात हुँदै आएको गैरेले बताउनुभयो । भारतका अतिरिक्त कलाकत्ताबाट समुन्द्री बाटो हुँदै कतारलगायतका देशमा कोत्रेको बालुवा निर्यात हुँदै आएको उहाँले जानकारी दिनुभयो । क्रसर उद्योग बन्द हुँदा विकास निर्माण प्रभावित हुने भएको छ । भण्डारण गरी राखिएको समानसमेत बिक्री गर्न नपाइने भएको छ । पृथ्वीराजमार्गअन्तर्गतको पोखरा–मुग्लिन सडक फराकिलो पार्ने काम भने प्रभावित नहुने भएको छ । सडक विस्तारको कामका लागि आफ्नै क्रसर उद्योग सञ्चालनमा ल्याइएकाले प्रभावित नहुने गैरेले जानकारी दिनुभयो ।

२०७७ सालमा बनेको सरकारी मापदण्डअनुसार क्रसर उद्योग राजमार्ग, खोला वा नदी किनारबाट पाँच सय मिटर, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वका स्थान तथा सुरक्षा निकायबाट दुई किलोमिटर टाढा मात्र सञ्चालन गर्न पाइन्छ । त्यस्तै अन्तर्राष्ट्रिय सीमाबाट दुई किलोमिटर, वन तथा निकुञ्ज वा आरक्षण, घना बस्ती, हाइटेन्सन लाइनबाट दुई सय मिटर, ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट पाँच सय मिटर तथा चुरे पहाडको फेदीबाट एक हजार पाँच सय मिटर टाढा मात्र क्रसर उद्योग स्थापना वा सञ्चालन गर्न सरकारले अनुमति दिएको छ ।

व्यवसायीले भने नयाँ मापदण्डअनुसार क्रसर उद्योग सञ्चालन गर्न नसकिने बताएका छन् । क्रसर व्यवसायी निरज श्रेष्ठले तनहुँमा नयाँ मापदण्ड पालन गरी क्रसर उद्योग खोल्न मिल्ने खालको भूगोल नै नभएको बताउनुभयो । "कतै विद्यालय नजिक पर्छ, कतै वन जङ्गल नजिक पर्छ, कतै राजमार्ग नजिक पर्छ, सबै मापदण्ड पूरा गर्न सक्ने अवस्था छैन । यसले गर्दा व्यवसायीलाई मर्का परेको छ," बन्दीपुर गाउँपालिका डुम्रे निवासी व्यवसायी श्रेष्ठले भन्नुभयो । यस जिल्लाको शुक्लागण्डकी नगरपालिकामा १३, आँबुखैरेनी गाउँपालिकामा तीन, म्याग्दे गाउँपालिकामा तीन र बन्दीपुर गाउँपालिकामा एउटा क्रसर उद्योग सञ्चालनमा छन् ।

# थप तीन करोड बजेट विनियोजन

**दरबाङ समाचारदाता**
*म्याग्दी (दरबाङ), पुस २६ गते*

म्याग्दीको धौलागिरि गाउँपालिकाको हिउँदे अधिवेशन तथा अठारौँ गाउँ सभाले थप तीन करोड रुपियाँ बजेट विनियोजन गरेको छ । गाउँपालिका केन्द्र मुनामा सम्पन्न गाउँसभाले उपाध्यक्ष रेशम पुनले प्रस्ताव गर्नुभएको संशोधित तीन करोड ३४ लाख ११ हजार ६२० रुपियाँ बजेट सर्वसम्मत रूपमा पारित गरेको हो ।

पालिका उपाध्यक्ष पुनले गत आर्थिक वर्षमा खर्च हुन नसकेको नगद मौज्दात रहेको बजेटबाट विभिन्न १७ वटा शीर्षकमा विनियोजन गरिएको बताउनुभयो । गाउँपालिकाको निर्माणाधीन प्रशासकीय भवनलाई एक करोड, समपूरक विपत् कोषमा ५० लाख, मराङ खानेपानी योजनालाई ७३ लाख ३० हजार रुपियाँ विनियोजन भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव रिजालले बताउनुभयो ।

उहाँका अनुसार गुर्जा स्वास्थ्य चौकीलाई २३ लाख, लुलाङ वडा कार्यालय भवनलाई १२ लाख, लघु जलविद्युत् संरक्षणलाई १५ लाख, हिमपाइप खरिद गर्न १० लाख, ताकम वडा कार्यालय भवनलाई सात लाख ५० हजार, खिबाङ–खाम्ला सडकलाई १० लाख ३१ हजार ६२०, बाँसबोट मोटरबाटोलाई एक लाख ५० हजार विनियोजन गरिएको छ ।

त्यसैगरी खानेपानी पाइप खरिदलाई ३ लाख, अध्यक्ष कप खेलकुद प्रतियोगितालाई तीन लाख, लुलाङ आधारभूत विद्यालयलाई ७ लाख, सडक मर्मत १५ लाख, शैक्षिक प्रोफाइलका लागि एक लाख पचास हजार, म्याग्दी महोत्सवलाई एक लाख र महोत्सवमा खेलाडी सहभागिताका लागि एक लाख रुपियाँ बजेट विनियोजन भएको छ । गाउँपालिका अध्यक्ष प्रेम पुनले अधुरा आयोजनालाई पूर्णता दिन प्राथमिकता दिएर बजेट विनियोजन गरिएको बताउनुभयो । गाउँपालिकाले



तस्बिर : साधन घर्ती
धौलागिरि गाउँपालिकाको हिउँदे अधिवेशन तथा अठारौँ गाउँ सभा ।

वडामै पुगेर योजना सम्झौता गरेको अध्यक्ष पुनले जानकारी दिनुभयो ।

यसैगरी सभाले लेखा समितिका संयोजक देउप्रसाद छन्त्यालले प्रस्तुत गर्नुभएको बेरुजु फर्स्योटसम्बन्धी प्रतिवेदन पारित गरेको छ । वडा समितिबाट सिफारिस भएका केही योजनाहरूको शीर्षकान्तर गरिएको छ । चालू आर्थिक वर्षमा विनियोजन भएको ३०.६५ प्रतिशत खर्च भएको गाउँपालिकाले जनाएको छ । १२४ वटा योजनामध्ये हालसम्म ८२ वटा योजना सम्झौता भएको र आठवटा योजनाको अन्तिम किस्ता भुक्तानी भएको छ ।

### धौलागिरिको प्रशासकीय भवन निर्माण

धौलागिरि गाउँपालिकाको प्रशासकीय भवन निर्माण सुरु भएको छ । गाउँपालिकाको वडा नं. ३ स्थित घट्टेखोलामा उक्त भवन बनाउन थालेको हो । भवन निर्माणका लागि गत असार ३ गते प्रतिष्ठा–जुम्ली–माछापुच्छ्रे जेभीले सात करोड ७१ लाख ८९ हजार ६६६ रुपियाँमा ठेक्का सम्झौता गरेको गाउँपाकालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव रिजालले जानकारी दिनुभयो । ठेकेदार कम्पनीले गत मङ्सिर महिना १९ गतेदेखि भवन बनाउन थालेको हो । उहाँका अनुसार तीनतले भवनमा २७ वटा कोठा, एक/एकवटा सभाहल र बैठक कक्ष हुनेछन् । २०८० साल पुस ३ गतेसम्म भवन निर्माण सक्ने सम्झौता छ ।

निर्माण कम्पनीका प्रतिनिधि कलाधर आचार्यले जग्गा व्यवस्थापनको काम सकेर पिल्लर निर्माण थालिएको बताउनुभयो । भवन निर्माणका लागि आर्थिक वर्ष २०७६/७७ मा स्थानीयवासीहरूबाट १४ रोपनी जग्गा निःशुल्क प्राप्त भएको थियो । गाउँपालिका अध्यक्ष पुनले निर्धारित समयभित्रै भवन निर्माण गर्न गाउँपालिकाले सहजीकरण र समन्वय गरिरहेको बताउनुभयो ।

# तरुलबाट मनग्गे आम्दानी

**कावासोती समाचारदाता**
*कावासोती, पुस २६ गते*

पूर्वी नवलपरासीका किसान अचेल तरुल खन्न र बिक्री गर्न व्यस्त छन् । माघेसङ्क्रान्तिमा तरुल तथा चाकु खानुपर्ने हिन्दु परम्पराअनुसार पर्व नजिकिँदै गर्दा तरुलको व्यापार फस्टाएको छ ।

जमिनमुनि फल्ने फल तरुल शुद्ध र अर्गानिक फल हो । यसमा कुनै विषादी मिसिएको हुँदैन । यसमा रोग तथा कीराको आक्रमणसमेत नहुँदा खानका लागि उपयुक्त भएकाले पनि तरुलको माग बढेको हो । नवलपुरको पहाडी क्षेत्रको जङ्गल र खेतबारीमा उत्पादित तरुल तथा सखरखण्डको माग पोखरा र काठमाडौँसम्म हुने गरेको छ ।

नवलपुरको पहाडी क्षेत्रबाट अहिले दैनिकजसो करिब १० क्विन्टल तरुल कावासोतीमा मात्रै आउने गरेको तरुल थोक बिक्रेताका रूपमा काम गर्दै आउनुभएका व्यवसायी कृष्णबहादुर सारूले बताउनुभयो । कावासोतीसहित दलदले क्षेत्रमा समेत सोही मात्रामा तरुल पहाडी क्षेत्रबाट किसानले ल्याउने गरेको उहाँले बताउनुभयो । नवलपुरमा उत्पादन भएको तरुल स्थानीय बजारसँगै पोखरा र काठमाडौँमा खपत हुने गरेको उहाँको भनाइ छ । आफूले अहिले पहाडी क्षेत्रमा उत्पादन भएको तरुल दैनिक रूपमा पोखरा र काठमाडौँ पठाउने गरेको बताउनुभयो । एक हप्ताअघिदेखि तरुलको व्यापार सुरु भएको र अहिलेसम्ममा २० टन तरुलको व्यापार गरेको सारूले बताउनुभयो ।

नवलपुरको पहाडी क्षेत्र हुप्सेकोट गाउँपालिका, बुलिङटार गाउँपालिका र बौदिकाली गाउँपालिकामा तरुल उत्पादन हुनेगर्छ । यहाँ उत्पादित वनतरुल प्रतिकेजी १०० रुपियाँ, पन्जेतरुल ८० र मुढेतरुल ५० रुपियाँमा बिक्री हुने गरेको थोक बिक्रेता लालबहादुर सारू बताउनुहुन्छ । गत वर्ष जिल्लाबाट ४० टन तरुल निर्यात गरी राम्रो आम्दानी गरेको उहाँको भनाइ छ । डोकामा बोकेर एक किलोका पोकामा तरुल बिक्री गर्नेहरूले पनि दैनिक राम्रो आम्दानी गरेका छन् ।

# एउटै पालिकाबाट प्रदेशमा दुई मन्त्री

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, पुस २६ गते*

स्याङ्जाको पुतलीबजार नगरपालिकाबाट गण्डकी प्रदेश सरकारमा दुई मन्त्री बन्नुभएको छ । एक मुख्य मन्त्रीसहित चार जनाको मन्त्रिमण्डल बन्दा स्याङ्जाको एकै नगरपालिकाबाट दुई मन्त्री बन्नुभएको हो ।

पुतलीबजार वडा नं. १ की नेकपा (एमाले)की सीताकुमारी सुन्दास र वडा नं. ५ का राप्रपा गण्डकी प्रदेश अध्यक्ष पञ्चराम गुरुङ बिनाविभागीय मन्त्री बन्नुभएको हो । सुन्दास र गुरुङले मन्त्री भएसँगै सोमबार प्रदेश प्रमुख पृथ्वीमान गुरुङसँग पद तथा गोपनीयताको शपथ गर्नुभयो । ठूलाडिहीमा जन्मनुभएकी सुन्दास सानै उमेरमा आमाको प्रेरणाबाट विद्यार्थी राजनीतिमा होमिनुभएको थियो । विद्यार्थी, महिला सङ्घ, जनसांस्कृतिक मञ्च, जातीय मुक्ति समाज, पार्टी तल्लो तह हुँदै एमालेको नवौँ र दशौँ राष्ट्रिय महाधिवेशनबाट उहाँ केन्द्रीय सदस्य बन्नुभएको थियो ।

२०७४ सालमा जिल्ला समन्वय समितिको पहिलो महिला प्रमुख भएकी सुन्दास गत मङ्सिर ४ गते निर्वाचनमा क्षेत्र नं १ (क) बाट जनयुद्धताकाकी कमान्डर अमृता थापामगरलाई पराजित गर्दै प्रदेश सभा सदस्य बन्नुभएको हो । यस्तै विद्यार्थी जीवनमा कम्युनिस्ट राजनीति गर्नुभएका मन्त्री पञ्चराम गुरुङ वैदेशिक रोजगारीबाट फर्केसँगै राप्रपाको राजनीतिमा लाग्नुभएको थियो । करिब १९ वर्ष वैदेशिक रोजगारीमा रहनुभएका गुरुङ दस वर्ष पहिला राप्रपामा तत्कालीन महामन्त्री स्वर्गीय चन्द्रबहादुर गुरुङको प्रेरणाले राप्रपाको राजनीतिमा सक्रिय हुनुभएको हो ।

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**परीक्षा नियन्त्रण महाशाखा**
**बल्खु, काठमाडौँ, नेपाल**

**M.Ed. and MSSEd Second Semester परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सम्बन्धी सूचना**

यही २०७९ साल माघ ९ गतेदेखि सञ्चालन हुने शिक्षाशास्त्र सङ्काय अन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह M.Ed. and MSSEd Second Semester परीक्षाका लागि परीक्षा केन्द्र कायम गरिएको सम्बन्धी सूचना यस सङ्कायको वेबसाइट : www.tufoe.edu.np मा प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिएको छ ।

**सहायक डिन**

**मालपोत कार्यालय हुम्लाबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

हुम्ला जिल्ला सिमकोट गा.पा. वडा नं. २ बस्ने जसी बोहोराले मेरो कान्छो बुबा जय बोहोराका नाममा दर्ता स्रेस्ता कायम रहेको हुम्ला जिल्ला ठेहे गा.वि.स. वडा नं. २/क कि.नं. १५ क्षे.फ. ३८३ वर्गमिटर समेत जग्गा ज.ध. मेरो कान्छो बुबा जय बोहोराको मिति २०६५/१०/१८ मा परलोक भई विवाह समेत नगरेकोले निजहरूको शेषपछि हक खाने हकदार म विवाहित छोरी जसी बोहोरा मात्र रहेको भनी हकदारले नामसारी माग निवेदन गरेकोमा निवेदकको माग निवेदन बमोजिम नामसारी हुने जग्गा हो/होइन ? हकदार नाता प्रमाण पत्रमा उल्लेखित मात्र हुन् वा अरू पनि छन् ? निवेदक विवाहित छोरीको माग निवेदन बमोजिम ना.सा. नहुनुपर्ने कुनै कारण वा प्रमाण भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित उपस्थित हुनुहोला, अन्यथा नियमानुसार निवेदकका नाममा ना.सा. भइजाने व्यहोरा सूचित गरिन्छ ।

**पशुपति क्षेत्र विकास कोष, श्री पशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

श्री पशुपतिनाथ भण्डार तहविल कार्यालयका लगतमा दर्तावाला मोही रत्नमाया प्रजापती र दिनेश प्रजापतीका संयुक्त नाउँमा दर्ता रहेको भ.न.पा. वडा नं. १५ (ग) कि.नं. ५५८ को क्षेत्रफल ०–१०–२–० र ऐ.ऐ. कि.नं. ५६१ को क्षेत्रफल ०–५ – ३–० जग्गा कायम भएकोमा दर्तावाला मोही मध्ये रत्नमाया प्रजापतीको मिति २०७५/११/०८ मा परलोक भएको र मिति २०५३।०३।०८ मा निजको पति तुलसी प्रजापतीको मृत्यु भएकोले नाता प्रमाणित अनुसार निजका एकमात्र हकदार छोरा दिनेश प्रजापतीका नाउँमा आमा रत्नमायाको हकहिस्सा मात्र एकलौटी नामसारी गरिदिने सम्बन्धमा भ.पु. नगरपालिका वडा न ४ कार्यालयको च.नं. ६९६ मिति २०७९।०९।०१ को सिफारिस पत्र संलग्न राखी यस कार्यालयमा उपस्थित भई भ.पु. नगरपालिका साबिक वडा नं. १४ हालको परिवर्तित वडा नं. ४ निवासी दिनेश प्रजापतीले निवेदन माग गर्नु भएकोले उक्त जग्गा उपर उल्लेखित हकदार बाहेक अन्य कसैको हक भोग एवं हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण संलग्न गरी यस कार्यालयमा दावी उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**राष्ट्रिय सतर्कता केन्द्र**
**सिंहदरबार, काठमाडौँ**

**Laptop, Printer आदि सामानहरू खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९।०९।२७**

चालू आ.व. २०७९/८० का लागि यस केन्द्रलाई आवश्यक पर्ने **Laptop, Printer** आदि सामानहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजतप्राप्त इच्छुक फर्महरूबाट रीतपूर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । सिलबन्दी दरभाउपत्र आह्वानको विस्तृत सूचना यस कार्यालयको सूचना पाटी वा कार्यालयको वेबसाईट www.nvc.gov.np मा हेर्न सकिने वा कार्यालयको टेलिफोन नं. ०१४२००४८८/०१४२००९४३ बाट जानकारी लिन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

पानी उमालेर वा शुद्धिकरण गरेर मात्रै पिउने गरौं

**सूर्यविनायक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटुन्जे, भक्तपुर**
**बागमती प्रदेश, नेपाल ।**

**विद्युतीय दरभाउपत्र नं. ३/२०७९/०८०**
**दोस्रो पटक प्रकाशित मिति : २०७९।०९।२७**

आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गत सूर्यविनायक नगर अस्पतालको फार्मेसीमा बिक्रीका लागि आवश्यक औषधि तथा सर्जिकल सामग्रीहरू खरिद गर्नुपर्ने भएकोले यो विद्युतीय दरभाउपत्र आह्वान गरिएको छ । विद्युतीय दरभाउपत्र PPMO को वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेस गर्नुपर्नेछ ।

**दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय** : २०७९/१०/१२ गते समय दिउँसो ११ बजेसम्म ।
**दरभाउपत्र खोलिने मिति र समय** : २०७९/१०/१२ गते समय दिउँसो ११:१५ बजे ।
**तपसिल**

| विद्युतीय दरभाउपत्र नं. | औषधि/सर्जिकल सामग्रीहरू | बैंक जमानत रकम रु. | दरभाउपत्र दस्तुर रकम (फिर्ता नहुने) |
|---|---|---|---|
| स्वास्थ्य ३/०७९/०८०/०१ | Medicine Package A | ३३,५०० | रु. १,००० |
| स्वास्थ्य ३/०७९/०८०/०२ | Medicine Package B | १,५६,५०० | रु. ३,००० |
| स्वास्थ्य ३/०७९/०८०/०३ | Medicine Package C | १९,५०० | रु. १,००० |
| स्वास्थ्य ३/०७९/०८०/०४ | Medicine Package D | ३५,००० | रु. १,००० |
| स्वास्थ्य ३/०७९/०८०/०५ | Medicine Package E | ३१,००० | रु. १,००० |
| स्वास्थ्य ३/०७९/०८०/०६ | Medicine Package F | ५१,००० | रु. १,००० |
| स्वास्थ्य ३/०७९/०८०/०७ | Surgical Package | ८६,००० | रु. ३,००० |

**विस्तृत जानकारीका लागि नगरपालिकाको website: suryabinayakmun.gov.np मा हेर्नुहोला ।**

**प्रमुख प्रशासकीय अधिकृत**

**हार्दिक समवेदना**



**जन्म**
वि.सं.२००९।३।५

**स्वर्गारोहण**
वि.सं.२०७९।०९।१५

**स्व. कमला अर्याल**

यस संस्थानकी भू.पू. कर्मचारी **कमला अर्याल**को स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गोरखापत्र संस्थान परिवार**
धर्मपथ, काठमाडौँ

# आम्दा अस्पताल तोडफोड



तोडफोड भएको आम्दा अस्पताल दमक ।

**दमक समाचारदाता**
*दमक, पुस २६ गते*

दमकस्थित आम्दा अस्पताल तोडफोड भएपछि अस्पतालले उपलब्ध गराउँदै आएका सेवाहरू अवरुद्ध बनेका छन्। मङ्गलबार बिहान अस्पतालका विभिन्न विभाग तोडफोड र स्वास्थ्यकर्मीमाथि आक्रमण हुने अवस्था आएपछि बिरामीको भागदौड मच्चिएको थियो।

दुई दिनका एक शिशुको मृत्यु भएपछि आक्रोशित बनेका शिशुका परिवार तथा आफन्तले अस्पताल तोडफोड गरेका हुन्। गर्भवती महिलालाई राखेर सुत्केरी गराउने कार्यकक्ष केही दिन सञ्चालन नै गर्न नसकिने गरी तोडफोड भएको अस्पतालले जनाएको छ। सीसी क्यामरा पनि फुटाइएको छ।

एक्कासि औषधिदेखि लिएर सबै नै तोडफोड र छरपस्ट भएको अस्पताल प्रशासनले जनाएको छ। तोडफोड र होहल्ला मच्चिएपछि सुत्केरी गराउन आएका गर्भवती महिला एम्बुलेन्स चढ्दै अन्य अस्पताल गएका थिए।

अस्पतालका मेडिकल डाइरेक्टर डा. प्रकाश शर्माका अनुसार अस्पतालमा निकै ठूलो क्षति पुगेको छ। गर्भवती महिलाको जाँच र सुत्केरी गराउने गरिएको वार्डमा कुनै पनि सामग्रीहरू सद्धे अवस्थामा छैनन्, उहाँले भन्नुभयो। अस्पतालमा भौतिक रूपमा लाखौँको क्षति भएको र स्वास्थ्यकर्मीलाई काम गर्न नै डराउने अवस्था आएको भन्दै शर्माले घटनाको निष्पक्ष छानबिन हुनुपर्ने बताउनुभएको छ।

स्वास्थ्यकर्मीमाथि नै आइलागेपछि आफूहरूले माक्स लगाएर भागेको र पहिचान नहोस् भनेर अर्कै लुगा लगाएर बिरामीको कुरुवाजस्तो बनेर ज्यान बचाएको अस्पतालका एक चिकित्सकले बताउनुभयो। अस्पतालले बालक मारेको भन्दै आक्रोशित भीडले शल्यक्रिया कक्षमा समेत पसेर तोडफोड गर्ने प्रयास गर्न सुरु गरेपछि प्रहरी पुगेपछि मात्र आफूहरूको ज्यान बचेजस्तो लागेको ती चिकित्सकले जनाउनुभएको छ।

अस्पताल तोडफोडपछि जनपथ र सशस्त्र प्रहरीको टोली पुगेर अस्पताल तथा स्वास्थ्यकर्मीलाई सुरक्षा दिएको छ। घटनाको विषयमा अनुसन्धान सुरु गरिएको र प्रहरीलाई घटनाको विषयमा ढिला गरी जानकारी भएको इलाका प्रहरी कार्यालय दमकका प्रमुख दिलीप गिरीले बताउनुभयो।

# लोप हुँदै कोदो खेती

**भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ कृषि विकास अधिकृत वीरेन्द्रप्रसाद सिन्हाका अनुसार विस्थापित भएको बालीलाई दुई वर्षदेखि स्थापित गर्ने लक्ष्य राखिए पनि सफल हुन सकेको छैन।**

**अजयकुमार साह (रासस)**
*धनुषा, पुस २६ गते*



तीन दशकअघि धनुषाको मुख्य खाद्यान्न बाली कोदो (मडुवा) खेती अहिले लोप हुने अवस्थामा पुगेको छ। कोदो बालीलाई माडेर झारिने भएकाले मडुवा मात्रै भनेर पनि चिनिन्छ। व्यावसायिक खेती कम हुँदै गएपछि परम्परागत मुख्य खाद्यान्न बाली कोदो लोप हुने अवस्थामा पुगेको हो।

तीन दशकअघि धनुषाको ढल्केबर, बटेश्वर, सखुवा महेन्द्रनगर, दिगम्बरपुर, धारापानी, लवटोली, गोदार, तुलसी, भरतपुरलगायतका गाविसमा कोदो खेती गरिन्थ्यो।

स्वास्थ्यका लागि अत्यन्त उपयोगी मानिने कोदो बाली अहिले धनुषाको सीमित गाउँमा मात्र खेती गरिन्छ। रोटी र ढिँडोका लागि मात्र उत्तम ठानिने भए पनि अहिले स्वस्थ रहनका लागि भन्दै सहरी क्षेत्रका मानिसले यसका विभिन्न परिकार खाने गर्दछन्।

तत्कालीन ढल्केबर गाविस हाल मिथिला नगरपालिका–६, का दानबहादुर खड्काले भन्नुभयो, "पहिले मुख्य खाना नै कोदाको रोटी, ढिँडो हुन्थ्यो तर अहिले मुख्य खाना भात भएकाले कोदो खेती विस्थापित भएको छ,। अहिले कोदोको रोटी, ढिँडोभन्दा भात नै खाने चलन नै भयो।"

अहिले सहरी क्षेत्रमा यसको अत्यधिक माग भए पनि उत्पादन घट्दै गएको क्षीरेश्वरनाथ नगरपालिकाका किसान रामदेव यादवले बताउनुभयो। भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ कृषि विकास अधिकृत वीरेन्द्रप्रसाद सिन्हाका अनुसार विस्थापित भएको बालीलाई दुई वर्षदेखि स्थापित गर्ने लक्ष्य राखे पनि सफल हुनसकेको छैन। कोदोको माग धेरै भए पनि खेती गर्ने किसान नभएपछि माग अनुसार जिल्लामै आपूर्ति गर्न नसकेको उहाँले बताउनुभयो।

कोदोको महत्त्वका बारेमा थाहा नहुँदा कोदो खेतीप्रतिको आकर्षण घट्दै गएको हो। कोदोलाई औषधिका रूपमा समेत प्रयोग गरिनुका साथै निकै नै पोषिलो अन्नका रूपमा समेत लिइन्छ। अहिले कोदो देख्नै मुस्किल भएको मिथिला नगरपालिका पुष्पवलपुरका किसान गङ्गा महतोले बताउनुभयो।

क्षीरेश्वरनाथ नगरपालिका–८, दिगम्बरपुरका किसान राजेश महतो गाउँघरमा हेपिएको खाद्यान्न अहिले सहर बजारतिर खोजीखोजी खान थालिएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "पहिला पहिला खेतमा लटरम्म फल्ने कोदो अहिले औषधिका लागिसमेत भेटाउन मुस्किल भएको छ।" धान, गहुँ र मकै जस्तै कोदोलाई किसानले महत्त्व नदिएका कारण लोप हुँदै गएको जेटिए ममता बलम्पाकीको कथन छ। बलम्पाकीले उच्च पहाडी भेगमा मुड्के र डल्ले, मध्यपहाडमा डल्ले र झाँप्रे तथा तराईमा झाँप्रे जातको कोदो उत्पादन गर्न सकिने बताउनुभयो। मुड्के जातको कोदो स्वादका हिसाबले अत्यन्त उत्तम मानिन्छ।

किसानको आकर्षण घट्दै जाँदा जिल्लामै कोदो खेती लोप हुँदै गएको हो। धनुषाका अधिकांश क्षेत्रमा कोदोको उत्पादन राम्रो भए पनि किसानले हिजोआज खेती गर्न छाडेपछि विस्तारै गाउँघरमा कोदो खेती कम हुँदै गएको हो। किसानले खेती गर्न छाडेपछि अहिले बीउ पाउनसमेत मुस्किल हुन थालेको किसान बताउँछन्। केहीले फाट्टफुट्ट कोदो खेती गरेपनि घरायसी प्रायोजनका लागि मात्र गरेको पाइन्छ। पहिले जस्तो बिक्रीका लागि भनेर कोदो खेती गर्न किसानले छाड्दै गएका हुन्।

बीस वर्षअघिसम्म पुष्पवलपुरका किसान श्याम गोलेले आफ्ना गाउँका सबै खेतबारीमा कोदो लगाउने गर्नुहुन्थ्यो। कोदोको उत्पादन पनि राम्रै हुन्थ्यो तर पछिल्ला समयमा उहाँले कोदोको व्यावसायिक खेती विस्तारै छाड्दै जानुभएको छ। "कोदो खेतीमै निर्भर भएर खेती गर्न किसानले छाडिसकेका छन्, हिजोआज बरु बाख्रापालन, तरकारीलगायतका नगदे बाली, फलफूल खेतीतर्फ किसान आकर्षित हुन थालेका छन्", उहाँले भन्नुभयो।

कम मेहनतमा उत्पादन बढी हुने र पोषणयुक्त खाद्यान्न बालीभित्र पर्ने भए पनि कोदो खेती लोप हुने अवस्थामा पुगेको वटेश्वर गाउँपालिका–५, शान्तिपुरका किसान अमरबहादुर थिङ बताउनुहुन्छ। उहाँले पहिलेपहिले पाँच मुरीसम्म कोदो उत्पादन गरेको स्मरण गर्दै अहिले लगाउनै छाडेको बताउनुहुन्छ। "धेरै दुःख गर्न नपर्ने कोदो पाकेपछि घरमै खरिद गर्न व्यापारी आउँथे, दुई/चार पैसा पनि हुन्थ्यो अहिले त कोदो लगाउने जमिन वनमाराले भरिन थालेको छ", उहाँले भन्नुभयो।

परम्परागत रूपमै कोदोको ढिँडो, रोटी, पुवा र खोले बनाएर खाने चलन छ। सहर बजारमा कोदोको सुप बनाएर खाने गरिन्छ। कोदोबाट बिस्कुट, पाउरोटी जस्ता बेकरी बनाइन्छ। जाडोयाममा मरमसला वा मासु मिसाएर खोले खाने चलन छ। कोदो बालबालिकाका लागि सबैभन्दा उत्तम मानिन्छ। प्राथमिक स्वास्थ्य केन्द्र महेन्द्रनगरका सिनियर अहेव अशोक साहले कोदो पोष्टिक आहारको रूपमा सबैभन्दा राम्रो बाली भएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "कोदोको महत्त्वका बारेमा थाहा नहुँदा कोदो खेती गर्ने चलन हराएको हो। उच्च रक्तचाप र मधुमेहका बिरामीका लागि कोदो उत्तम मानिन्छ।"

कोदो खानाले यसमा भएको क्याल्सियमले गर्दा वृद्ध र बालकलाई चाहिने प्राकृतिक क्याल्सियमले गर्दा हाड मजबुत बन्न मद्दत पुग्छ। कोदोमा पाइने क्याल्सियम, फलाम, प्रोटिन रेशाको धनीको रूपमा लिइन्छ। यसले बोसोको मात्रा कम गराउँछ। मुटु, कलेजो र उच्च रक्तचाप भएका मानिसका लागि यो राम्रो खानाको रूपमा लिइन्छ। कम सिँचाइ, मल, मेहनतको प्रयोगले उत्पादन बढी लिन सकिने भए पनि कोदो खेतीको संरक्षण र जगेर्ना गर्नेतर्फ सम्बन्धित निकायले पहल गर्नुपर्ने देखिन्छ।

कृषिविज्ञ डा. श्रीभगवान् ठाकुरका अनुसार कोदो नेपालमा अन्न बालीमा धान, गहुँ, मकै पछिको चौथो स्थानमा पर्छ। यो बाली प्राचीन समयदेखि खाद्यान्नको रूपमा देखिँदै आएको छ। कोदो खेती घट्दै गए पनि यसमा पाइने क्याल्सियमलगायत हाम्रो शरीरलाई चहिने महत्त्वपूर्ण तत्वहरू पाइने हुनाले यसको माग सहरमा बढ्दो छ। कोदो उत्पादनमा नेपाल विश्वको १५औँ स्थानमा पर्छ। कोदो उत्पादन गर्ने देशमा भारत, चीन, युगान्डा, नेपाललगायत पर्छन्। विश्वको कुल उत्पादनको एक प्रतिशतमात्र नेपालले उत्पादन गर्छ।

## आमाघरको डीपीआर बनाउन सुरु

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, पुस २६ गते*

खिजिदेम्बा गाउँपालिका ओखलढुङ्गाले बनाउन लागेको आमाघरका लागि डीपीआरको काम सुरु गरिएको छ। बेसहारा व्यक्तिलाई आश्रय दिनका लागि बनाउन लागिएको आमाघरको डीपीआरको काम थालिएको हो। खिजिदेम्बा गाउँपालिकाका पूर्ण असक्त, अपाङ्गता, बेसहारा अनाथ बालबालिका, मानसिक अपाङ्गता भएका व्यक्तिसाथै बेसहारा ज्येष्ठ नागरिकका लागि आश्रय स्थलका रूपमा निर्माण गर्न लागिएको आमा घरको डीपीआरको काम थालिएको गाउँपालिका अध्यक्ष गम्बु शेर्पाले बताउनुभयो। गाउँपालिका–३ मा बन्न लागेको आमाघरको निर्माण स्थलमा चार जना इन्जिनियरले जग्गाको नापजाँचको तथा डीपीआरको काम गरिरहेको अध्यक्ष शेर्पाको भनाइ छ।

आमा घरको दुई वर्षभित्रमा निर्माण कार्य सक्ने गरी काम भइरहेको गाउँपालिकाले जनाएको छ। आमा घर निर्माणका लागि गाउँपालिकाले कार्यविधि बनाइसकेको छ। खिजिफलाटे बजारदेखि करिब एक किलोमिटर टाढा लक्षित नागरिकका लागि आमाघर बनाउन लागिएको हो।

## विद्यालय नआउने प्रअलाई हटाइयो

**शेरबहादुर राई**
*ओखलढुङ्गा, पुस २६ गते*

खिजिदेम्बा गाउँपालिका–९, पात्लेको जनता आधारभूत विद्यालयका प्रधानाध्यापकलाई पदबाट हटाइएको छ। विद्यालयमा नियमित उपस्थित नहुनुभएकाले प्रधानाध्यापक रामदेव चौधरीलाई प्रधानाध्यापकको जिम्मेवारीबाट हटाइएको हो।

नियमित तलब सुविधा लिने तर प्रधानाध्यापक नै पठनपाठनमा संलग्न नहुने र बिदामा बसेपछि लामो समय विद्यालयको सम्पर्कमा नरहने गरेकाले चौधरीलाई जिम्मेवारीबाट हटाइएको विद्यालय व्यवस्थापन समिति (विव्यस)का अध्यक्ष पेम्बा शेर्पाले बताउनुभयो। नियमित विद्यालयमा उपस्थित हुन र पठनपाठन प्रभावित नबनाउन विव्यसले पटक–पटक सचेत गराए पनि अटेर गरेकाले उहाँलाई बाध्य भएर प्रअबाट हटाउनु परेको अध्यक्ष शेर्पाको भनाइ छ।

यसअघि विद्यालयमा लामो समय अनुपस्थित हुनुभएका प्रधानाध्यापक चौधरीको तलब रोक्का गर्न गाउँपालिकामा चार पटक निवेदन दिएको भए पनि उहाँले मिलाएर तलब लिनुभएको अध्यक्ष शेर्पाले बताउनुभयो। स्थानीय तहको सहमतिमा विद्यालय व्यवस्थापन समितिका निर्णयले अर्कै प्रधानाध्यापक नियुक्ति गर्ने गरी उहाँलाई प्रअ पदबाट हटाइएको हो। विद्यालयको तथ्याङ्कअनुसार वर्षमा नौ महिना विद्यालय खुल्दा प्रअ चौधरी जम्मा ४३ दिनमात्रै हाजिर हुनुभएको छ। प्रअ चौधरी अनियमित हुनुभएपछि विद्यालयको आन्तरिक स्रोतबाटै तलब खुवाउने गरी अर्को शिक्षक राखेर पठनपाठन गराइएको थियो।

## बालबालिकालाई तालिम

**इनरुवा समाचारदाता**
*इनरुवा, पुस २६ गते*

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) १ नम्बर प्रदेश कार्यालय, विराटनगरको आयोजनामा बाल अधिकार समूहका सदस्यका लागि दुईदिने क्षमता अभिवृद्धि तालिम मङ्गलबार सीमावर्ती देवानगञ्ज गाउँपालिकामा सम्पन्न भएको छ। देवनागञ्जको जनता मावि मध्यहर्षाही र श्री अमरसिंह मावि साहेबगञ्जका बाल अधिकार चेतना समूहमा आवद्ध भएका बालबालिकालाई बाल अधिकारको ऐतिहासिक पृष्ठभूमि, नेपालको संविधानले बाल अधिकारका लागि गरेको व्यवस्था तथा बाल बालिकासम्बन्धी ऐन, यौन दुर्व्यवहार र त्यसविरुद्धको कानुनी उपचारको प्रक्रिया, नेतृत्व विकास, बाल अधिकार चेतना समूहको कार्य योजनालगायतका विषयमा सामूहिक रूपमा तालिम दिइएको इन्सेक १ नम्बर प्रदेश कार्यालयका प्रदेश संयोजक सोमराज थापाले बताउनुभयो।

जनता माविका प्रधानाध्यापक राजकुमार मेहताले तालिम कार्यक्रममा सहभागी बालबालिकालाई सिकेका कुरा आफ्नो विद्यालय र समाजमा सिकाउँदै व्यवहारमा उतार्ने विश्वास व्यक्त गर्नुभयो।

## प्रहरीलाई सरकारी मोटरसाइकल

**धनुषा समाचारदाता**
*धनुषा, पुस २६ गते*

शान्तिसुरक्षामा सहयोग पुऱ्याउन मधेश प्रदेश सरकारले प्रदेश प्रहरीलाई २४ थान मोटरसाइकल दिएको छ। गृह तथा सञ्चार मन्त्रालयले मङ्गलबार प्रहरीलाई मोटरसाइकल दिएको हो। मधेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले मोटरसाइकलका २४ थान साँचो हस्तान्तरण गर्नुभयो। उहाँले प्रदेश प्रहरी कार्यालय मधेश प्रदेशका प्रमुख एवं डीआइजी मसउद आलम खाँ, सशस्त्र प्रहरीका मधेश प्रदेश प्रमुख एवं डीआइजी गणेश ठाडा मगर र महोत्तरी जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत अशोक क्षेत्रीलाई साँचो हस्तान्तरण गर्नुभएको हो।

मन्त्री साहले सुरक्षा निकायलाई साधन स्रोत सम्पन्न बनाउन मन्त्रालयले सानो प्रयास गरेको र यसले शान्ति सुरक्षामा सहयोग पुग्ने बताउनुभयो। उहाँले २१औँ शताब्दीमा सुरक्षा निकायलाई कसरी स्रोत साधन सम्पन्न बनाउने भन्ने विषयमा मन्त्रालय गम्भीर रहेको बताउनुभयो।

मन्त्री साहले मोटरसाइकल हस्तान्तरण आफ्नो कार्यकालको अन्तिम कार्यक्रम रहेको भन्दै प्रहरी समायोजन र कर्मचारी समायोजन नहुँदा पनि मन्त्रालयले सफल रूपमा काम गर्न सकेको भनाइ राख्नुभयो।

कार्यक्रममा गृह तथा सञ्चार राज्यमन्त्री रुवीकुमारी कर्ण, गृह तथा सञ्चार मन्त्रालयका सचिव, मधेश प्रहरी प्रमुख खाँ, मटिहानी नगरपालिकाका नगरप्रमुख हरि मण्डलसहितले यस प्रकारको कार्यले प्रहरीलाई शान्ति सुरक्षा कायम गर्न मद्दत पुग्ने बताउनुभयो।

# नगरप्रमुखकै घरमा चलाइयो डोजर



तस्बिर : जनार्जन खत्री

मलङ्गवामा डोजर लगाएर सडक खाली गराइँदै ।

**सर्लाही समाचारदाता**
*सर्लाही, पुस २६ गते*

सर्लाही सदरमुकाम मलङ्गवामा नगरप्रमुखको घरमा पहिलोपटक डोजर चलाएर सडकको अतिक्रमण हटाउन सुरु गरिएको छ।

स्थानीयले सडकको १५ मिटरभित्र पर्ने घर तथा अन्य संरचना भत्काउन आनाकानी गर्दा लामो समयदेखि सडक विस्तार तथा निर्माणको काम ठप्प रहेको थियो। मङ्गलबार दिउँसो नगरप्रमुख नागेन्द्रप्रसाद यादवकै घरमा डोजर चलाइ सडकभित्र पर्ने संरचना भत्काइएको हो।

मलङ्गवास्थित जिल्ला समन्वय समिति (साविक जिविस) चोकदेखि बसपार्कसम्मको सडक यसअघि नै १५ मिटर कायम गरी ढलान गरिसकिएको छ तर त्यहाँदेखि अगाडि भने घर भत्काउने क्रममा विवाद हुँदा काम रोकिएको थियो।

नगरप्रमुख यादवले कृष्णामति माध्यमिक विद्यालयदेखि नेपाल बैङ्क, पुरानो भन्सार कार्यालय हुँदै राजश्री सिनेमा हलसम्मको सडकमा पर्ने घर तथा अन्य संरचना भत्काउन दुईवटा डोजर प्रयोग गरिएको जानकारी दिनुभयो। सडकको 'साइड क्लियर' भएपश्चात् ठेकेदारमार्फत सडक निर्माणको कामअघि बढाइने नगरप्रमुख यादवले बताउनुभएको छ।

नगरप्रमुख यादवले मङ्गलबार दिउँसो नगरपालिका कार्यालयमा पत्रकार सम्मेलन गरी सडक निर्माणको कार्यमा सहयोग गरिदिन सबैसँग आग्रहसमेत गर्नुभएको छ। सदरमुकाम अनि त्यसमाथि जिल्लाकै निकै पुरानो र पहिलो नगरपालिका भएर पनि मलङ्गवाको सडक, नालालगायत अन्य क्षेत्रमा विकास हुन नसकेको भन्दै आलोचना हुने गरेको छ।

जिविस चोकदेखि बसपार्कसम्मको सडक निर्माण पूरा हुँदा आवतजावतमा केही सहज भएको छ तर त्यहाँभन्दा अगाडिदेखि भने सडक अत्यन्तै साँघुरो र त्यसमा पनि सडकमै फुटपाथ पसल राख्दा पैदल यात्रुलाई हिँड्डुल गर्न र सवारीसाधन चलाउन अप्ठेरो हुँदै आएको छ।

# धनकुटामा परिचयपत्र वितरण

**हिले समाचारदाता**
*हिले, पुस २६ गते*

धनकुटामा गरिब घरपरिवार परिचयपत्र वितरण सुरु गरिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिब परिवार सूचीकृतमा परेका घरपरिवारलाई परिचयपत्र वितरण सुरु भएको हो। नेपालको २६ जिल्लामा वितरण गर्न लागिएको परिचयपत्र धनकुटामा पनि वितरण सुरु गरिएको हो। २०७४ सालमा सङ्कलित तथ्याङ्कको आधारमा परिचयपत्र वितरण सुरु भएको जिल्ला समन्वय अधिकारी सफल पोर्तेलले जानकारी दिनुभयो।

हालसम्म साँगुरीगढी गाउँपालिकामा वितरण सुरु गरिएको हो। गाउँपालिकामा सूचीकृत ३६५ परिवारलाई परिचयपत्र वितरण सुरु गरिएको गाउँपालिका अध्यक्ष जितेन्द्र रुम्दाली राईले जानकारी दिनुभयो। परिचयपत्रलाई तीन प्रकारमा विभाजन गरिएको छ। हरेक परिचयपत्रको रङ बेग्लाबेग्लै रहेको छ। अति गरिब परिचयपत्रको रङ रातो, मध्यम गरिब परिचयपत्रको रङ पहेलो र सामान्य गरिब परिचयपत्रको रङ निलो छ। यस पालिकामा अति गरिबमा सूचीकृत परिवारको सङ्ख्या ६७, मध्यम गरिब परिवारमा सूचीकृत १६२ र सामान्य गरिब परिवारमा सूचीकृत १३६ जना छन्।

साँगुरीगढी गाउँपालिका–७ का पर्शु राईले परिचयपत्र पाएपछि सरकारले सेवा सुविधा उपलब्ध गराउने अपेक्षा रहेको बताउनुभयो। सोही ठाउँका बाबुराम राई गरिबी परिचयपत्र दिएसँगै यसको उपयोगिताको विषयमा जानकारी हुनुपर्ने बताउनुभयो।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रकाशन गरेको गरिब परिवार सूचीकृत पुस्तिका अनुसार यो जिल्लाका सात स्थानीय तहमा अति गरिब, मध्यम गरिब र सामान्य गरिब गरी कुल तीन हजार ७२३ घरधुरी गरिब परिवारमा सूचीकृत भएका हुन्। मन्त्रालयले प्रकाशन गरेको गरिब परिवार सूचीकृत पुस्तिका अनुसार यहाँका स्थानीय तहअनुसार सबैभन्दा बढी धनकुटा नगरपालिकामा ८७५ गरिब परिवार रहेका छन्।

# क्रसरको विषयमा आरोप प्रत्यारोप

**जिससले सातबुँदे सुझावसहित गत हप्ता अनुगमन प्रतिवेदन जारी गरेपछि सुरु भएको विवाद अहिले सतहमा आएको हो ।**

**रवीन्द्र उप्रेती**
*बर्दिबास, पुस २६ गते*



विवाद, विरोध र बहसको केन्द्रमा रहँदै आएको क्रसर उद्योगलाई लिएर अहिले स्थानीय तह र जिल्ला समन्वय समिति (जिसस) आरोप प्रत्यारोपमा उत्रेका छन्। जिससले जिल्लामा सञ्चालित सबै क्रसर उद्योगलाई गैरकानुनी भएको आरोप लगाएको छ।

स्थानीय तहले जिससले अधिकार क्षेत्रको उल्लङ्घन गरेको भन्दै प्रतिक्रिया दिएका छन्। जिससले सात बुँदे सुझावसहित गत हप्ता अनुगमन प्रतिवेदन जारी गरेपछि सुरु भएको विवाद अहिले सतहमा आएको हो।

प्रतिवेदनलाई 'हस्तक्षेपकारी' भएको भन्दै स्थानीय तह अदातलसम्म पुगेका छन्। यसमा उच्च अदालत जनकपुरधामले उत्प्रेषण परमादेश जारी गरिसकेको छ।

घरेलु तथा साना उद्योग कार्यालयका अनुसार महोत्तरीमा अहिले क्रसर र वासिङ सेन्टर गरी १०५ वटा उद्योग सञ्चालनमा छन्। महोत्तरीमा १५ स्थानीय तह छन् तर यी सबै उद्योग बर्दिबास, गौशाला र भङ्गाहा, सीतापुर गरी तीन नगरपालिकाका रातु, मडाहा र बाँके नदी प्रणालीको बगर क्षेत्रमा सञ्चालित छन्।

जिसस महोत्तरीका प्रमुख सुमनलाल कर्ण नेतृत्वको टोलीले यी उद्योगको पुस ७, १० र १३ गते स्थलगत अनुगमन गरेको थियो। अनुगमन टोलीमा प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडी तथा सशस्त्र र नेपाल प्रहरीका एसपीहरू कृष्णप्रसाद पङ्गेनी र दीपेन्द्र गिरीको पनि सहभागिता रहेको जनाइएको छ।

अनुगमन समितिले मडाहा खोलाबाट गौशाला नगरपालिकाको एक थान जेसीबी र बालुवा भरिएको ट्याक्टर प्रहरी लगाएर नियन्त्रणमा लिइएको थियो। लगत्तै जिससले अनुगमन प्रतिवेदन जारी गर्दै 'आय स्रोतको नाममा स्थानीय तहले प्रभावकारी अनुगमन नगरी अवैध उत्खननलाई प्रोत्साहन दिएको' आरोप लगाएपछि स्थानीय तह प्रतिरोधमा उत्रेका छन्। वासिङ सेन्टरले क्रसिङ गरेको, नवीकरण नगरेको, मापदण्ड पूरा नगरेको, स्टक न देखाइ बिक्री, वितरण गरेको र कतिपय क्रसर बिना इजाजत सञ्चालनमा रहेको जस्ता आरोप जिससको छ।

"त्यस्ता उद्योगलाई उत्खनन, सङ्कलन, निकासी र बिक्री, वितरणमा रोक लगाइ स्टक परिमाणको विवरणसहित उद्योग सञ्चालनसम्बन्धि कागजात बुझाउन गरिएको निर्देशनको पालना भएन' भनी उल्लेख गरिनुका साथै प्रतिवेदनमा कानुन, मापदण्ड र अधिकार क्षेत्र उल्लङ्घनका बुँदा समेटिएका छन्।

जिसस महोत्तरी प्रमुख सुमनलाल कर्णले भन्नुभयो, "प्राकृतिक स्रोत र सम्पदा राष्ट्रको सम्पत्ति हो, अधिकार पायौँ भन्दैमा कसैले पनि नियम, कानुन र मापदण्डको उल्लङ्घन गर्न पाउँदैन। जिल्ला समन्वय समिति पनि संरक्षक हो भन्ने कुरा सबैले हेक्का राख्नुपर्छ।"

जिसस प्रमुखको आरोपको दुरासयपूर्ण भएको बर्दिबास तथा गौशालाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्री र दीपेन्द्र महतोको प्रतिक्रिया छ। क्षेत्रीले भन्नुभयो, "हामी नगरको नेतृत्वमा आएपछि प्रहरीले विगतमा जस्तो अवैध उत्खननमा संलग्न एउटा गाडी पनि पक्रेको छैन।"

सङ्घीय कानुनलाई नै चुनौती दिने गरी जिल्ला समन्वय समितिले कानुन बनाएर स्थानीय तहलाई सुझाव र निर्देशन जारी गर्ने काम नमिल्ने उहाँको जिकिर छ। नगरप्रमुख क्षेत्रीले भन्नुभयो, "कानुनको पालना र संवैधानिक सर्वोच्चताको सबैले सम्मान गर्नुपर्छ भनेर हामी अदालत गएका हौँ," यसबारेमा बढी बोल्नुभन्दा सम्मानित अदालतको निर्णयको सबैले पालना गर्नुपर्छ भन्ने हाम्रो धारणा हो।"

गौशाला नगरप्रमुख दीपेन्द्र महतोले जिससको अनुगमन र प्रतिवेदनले नगरपालिका र नगरप्रमुखलाई बदनाम गर्ने दुष्प्रयास गरेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, "प्राकृतिक स्रोत साधन र नदीनालाको संरक्षक स्थानीय तहको अधिकार क्षेत्रमा पर्छ।"

२०७२ मा स्थापित उद्योगका लागि २०७७ सालमा बनेको मापदण्ड लागू गर्न समस्या हुने गरेको छ।

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १०३५०० ▼ |
| तेजावी सुन | : | १०३००० ▼ |
| चाँदी | : | १३६५ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २११०.४२ ▼ |
| कारोबार रकम | : | ७,६५८,८२३,५७९ ▲ |
| कारोबार भएका सेयर | : | २०,८४३,९५२ |
| कारोबार सङ्ख्या | : | १०९,९६७ |
| कारोबार भएका कम्पनी | : | २५४ |

## एक करोडले चलाउँछन् केबल इन्टरनेट

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

केबलमार्फत इन्टरनेट प्रयोग गर्नेको सङ्ख्या करिब एक करोड पुगेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार असोजसम्म अप्टिकल फाइबर (केबल)मार्फत इन्टरनेट प्रयोग गर्नेको सङ्ख्या ९९ लाख ८७ हजार रहेको छ । निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायकले आक्रामक रूपमा बजार विस्तार गरिरहँदा अप्टिकल फाइबरको प्रयोग निरन्तर बढिरहेको हो ।

। वाइफाई तथा कम्प्युटरमा समेत फिक्स्ड इन्टरनेटका रूपमा जडान गर्न सकिने र परिवारका सदस्य सबैले चलाउन मिल्ने भएकोले केबल इन्टरनेटमा आकर्षण बढिरहेको देखिन्छ । प्रतिस्पर्धा तीव्र हुँदा केबल इन्टरनेटको मूल्य पनि घटेको र सरकारले समेत देशैभर ब्रोडब्यान्ड इन्टरनेट जडान गर्ने परियोजना करिब सम्पन्न गरिसकेकोले यसमा पहुँच बढ्दै गएको प्राधिकरणले जनाएको छ । प्राधिकरणले सातै प्रदेशमा अप्टिकल केबल बिछ्याउने परियोजना हालै मात्र सम्पन्न भएको जनाएको थियो । उक्त परियोजनाको कार्यान्वयनको जिम्मेवारी पाएका निजी सेवा प्रदायकले दुई वर्षपछि घरायसी प्रयोगकर्तालाई काठमाडौँकै प्रचलित मूल्यमा इन्टरनेट उपलब्ध गराउन सक्ने व्यवस्था प्राधिकरणले गरेको थियो । जसले गर्दा परियोजना सम्पन्न भएपछि घरायसी प्रयोगकर्ता पनि केबल इन्टरनेटमा जोडिन पुगेका हुन् ।

### एक वर्षमै १९ लाख बढे

प्राधिकरणको तथ्याङ्कअनुसार केबल इन्टरनेट प्रयोगकर्तामध्ये नेपाल टेलिकमले उपलब्ध गराइरहेको एफटीटीएच प्रयोगकर्ता आठ लाख ८६ हजार छन् । निजी क्षेत्रका सेवा प्रदायकले उपलब्ध गराएको केबल इन्टरनेटका प्रयोगकर्ता भने ९१ लाख नाघेका छन् । एक वर्षकै अन्तरमा केबल इन्टरनेट प्रयोगकर्ता १९ लाखले बढेको देखिन्छ । २०७८ कात्तिकसम्म यस किसिमका इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या ८० लाख ७८ हजार थियो ।

असोजसम्म देशभर इन्टरनेटको पहुँच भने जनसङ्ख्याको १३१ प्रतिशतमा पुगेको देखिन्छ । एउटै प्रयोगकर्ताले फरक–फरक सेवा प्रदायकको इन्टरनेट प्रयोग गर्दा पनि छुट्टै गणना हुने हुँदा जनसङ्ख्याभन्दा बढी इन्टरनेट पहुँच पुगेको देखिएको हो । यद्यपि नेपालमा सक्रिय इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या जनसङ्ख्याको ७० प्रतिशतसम्म पुगेको अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले देखाउँछ ।

कुल इन्टरनेट प्रयोगकर्तामध्ये केबलसमेत समावेश हुने फिक्स्ड इन्टरनेटको पहुँच जनसङ्ख्याको ३५ प्रतिशतसम्म पुगेको तथ्याङ्कले देखाउँछ । फिक्स्ड इन्टरनेटअन्तर्गत टेलिकमले उपलब्ध गराइरहेको एडीएसएल प्रयोगकर्ता पनि जोडिएका छन्, जसको सङ्ख्या तीन लाख ७० हजार छ ।

सबैभन्दा धेरैले मोबाइल इन्टरनेट प्रयोग गर्ने गरेको पाइएको छ । जसमध्ये थ्रीजी प्रयोगकर्ता करिब ९२ लाख छन् । त्यस्तै फोरजी प्रयोग गर्नेको सङ्ख्या एक करोड ८६ लाख २८ हजार पुगेको छ । दूरसञ्चार सेवा प्रदायकअनुसार गणना गर्दा नेपाल टेलिकमका थ्रीजी र फोरजी गरेर दुई करोड ५० हजार प्रयोगकर्ता छन् । त्यस्तै एनसेलका ८८ लाख ८५ हजार र स्मार्ट टेलिकमका १२ लाख ७५ हजार प्रयोगकर्ता छन् । सेवा विस्तार गर्न नसकेको स्मार्ट टेलिकमको प्रयोगकर्ता १२ लाख देखिए पनि सक्रिय प्रयोगकर्ताको सङ्ख्या भने एकदमै कम छ ।



*तस्बिर : कविन अधिकारी*

**ललितपुरको खोकनामा झोलुङ्गे पुलमा भारी बोकेर हिँड्दै एक युवक ।**

## पेट्रोलियम पदार्थको मूल्यमा स्वचालित प्रणाली लागू गरिने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*




उद्योग वाणिज्य तथा आपूर्ति सचिव मधु मरासिनीले पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा पूर्ण रूपमा स्वचालित प्रणाली लागू गरिने बताउनुभएको छ ।

नेपाल आयल निगमको ५३औँ वार्षिकोत्सवको अवसरमा मङ्गलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सचिव मरासिनीले स्वचालित मूल्य प्रणाली लागू नहुँदा निगमको वित्तीय अवस्था कमजोर हुँदै गएकाले अब पूर्ण रूपमा लागू गरिने बताउनुभएको हो ।

अन्तर्राष्ट्रिय बजारमा सन् २०२३ मा कच्चा तेलको मूल्य घट्ने देखिएकाले पनि स्वचालित मूल्य लागू गर्न सहज हुने उहाँले बताउनुभयो । पेट्रोलियम पदार्थको कारोबार गर्ने निगम एकाधिकार प्राप्त रहेको र व्यापारिक मोडेलको संस्था भएकाले आम्दानी बढेको हुनुपर्छ, सचिव मरासिनीले भन्नुभयो, "अहिले निगमको अवस्था कहाँ छ भनेर प्रश्न गर्नुपर्ने अवस्था आएको छ ।"

निगमप्रति उपभोक्ताको चासो बढेकाले संस्था सुधार गर्न कर्मचारीले दैनिक कम्तीमा पाँच वटा कामको प्रतिबद्धता गर्नुपर्ने र संस्थालाई कारोबार मात्र नभएर लगानी गर्ने हिसाबमा पनि अगाडि बढ्न उपयुक्त हुने बताउनुभयो । निगमको विकल्प भनेको गुणात्मक सुधारसँगै डिजिटल प्रविधिको प्रयोग गर्नु रहेको सचिव मरासिनीले बताउनुभयो । नेपालका पेट्रोल पम्पहरू फोहोर र अव्यवस्थित रहेको भन्दै सचिव मरासिनीले व्यवसायीलाई पूर्वाधार सुधार गरी सबै किसिमको सुविधा पाउने ठाउँको विकास गर्न आग्रह गर्नुभयो । इन्धन अत्यावश्यक वस्तु भएकाले भन्डारण र सुधारमा जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा निगमका कार्यकारी निर्देशक उमेशकुमार थानीले रुस–युक्रेन युद्धका कारण इन्धनको मूल्य बढेकाले आर्थिक चपेटामा निगम परेको बताउनुभयो । "स्वचालित मूल्य प्रणाली नियमित रूपमा लागू गरेको भए निगमको अवस्था कमजोर हुने थिएन," कार्यकारी निर्देशक थानीले भन्नुभयो, "अब ग्याससँगै अरू इन्धनमा स्वचालित मूल्य प्रणालीमा इन्धनको मूल्य तोक्न सबैको साथ र सहयोग आवश्यक छ ।"

गुणस्तरीय पेट्रोलियम पदार्थको नियमित रूपमा आपूर्ति सहज बनाउनु नै निगमको प्रमुख लक्ष्य रहेकाले इन्धन भण्डारण गृह निर्माण गर्न लागिएको कार्यकारी निर्देशक थानीले जानकारी दिनुभयो ।

### पूर्वाधार बढाइँदै

निगमको नीति तथा कार्यक्रमबमोजिम चालू आर्थिक वर्षमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा तीन हजार छ सय किलोलिटर क्षमताको अत्याधुनिक हवाई इन्धन डिपोको निर्माण, मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जमा दस हजार किलोलिटर क्षमताको पेट्रोल भण्डारण गृहको निर्माण र झापा र धनुषामा ग्यास बोटलिङ प्लान्ट र भण्डारण निर्माणसम्बन्धी प्राविधिक अध्ययन भइरहेको निगमले जनाएको छ ।

निगमले अमलेखगञ्ज–चितवन लोथर पेट्रोलियम पाइपलाइन, सिलगुढी–झापा पेट्रोलियम पाइपलाइन निर्माण, झापाको चारआलीमा भण्डारण गृह निर्माण तथा नेपालगञ्ज, धनगढी र सुर्खेतमा भण्डारण क्षमता अभिवृद्धिका लागि जग्गा प्राप्ति प्रक्रिया पनि अघि बढाएको जनाएको छ ।

यस्तै गरी गण्डकी प्रादेशिक कार्यालय पोखरामा निर्माणाधीन दस हजार किलोलिटर क्षमताको डिजलको भण्डारण गृह पनि शीघ्र निर्माण सम्पन्न गरी यसै आर्थिक वर्षमा सञ्चालनमा ल्याउन लागिएको निगमले जनाएको छ । हाल सञ्चालनमा रहेको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत पेट्रोलसमेतको आयात गर्ने प्रक्रिया अगाडि बढाएको निगमले जनाएको छ ।

कार्यक्रममा नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले निगम विधि प्रणालीमा भन्दा पनि निर्देशन व्यवस्थाले चलेका कारण उपभोक्तामा नकारात्मक सन्देश परेको आरोप लगाउनुभएको थियो । एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष कुशकुमार मल्लीले स्वचालित मूल्य प्रणालीअनुसार व्यवसायीको मुनाफा पनि त्यहीअनुसार समायोजित हुनुपर्ने बताउनुभयो । वार्षिक उत्सवको अवसरमा कर्मचारीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो ।

## प्रभु र सेञ्चुरीको एकीकृत कारोबार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

मर्जरका लागि सम्पूर्ण प्रक्रिया पूरा गरेका प्रभु बैङ्क र सेञ्चुरी कमर्सियल बैङ्कको मङ्गलबारदेखि एकीकृत कारोबार सुरु भएको छ ।

बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी नियमाबलीअनुसार एकीकृत कारोबार प्रभु बैङ्क लिमिटेडका नामबाट भएको छ ।

प्रतिनिधि सभा सदस्य तथा प्रभु बैङ्कका पूर्वअध्यक्ष देवीप्रकाश भट्टचनले एकीकृत कारोबारको औपचारिक उद्घाटन गर्नुभयो ।

बराबरी हैसियतमा गाभिएका दुवै बैङ्कको समझदारीअनुसार प्रभु बैङ्कका अध्यक्ष लीलाप्रकाश सिटौलाले बैङ्कको नेतृत्व सम्हाल्ने तथा सीईओ पनि प्रभु बैङ्कका अशोक शेरचन रहने बताइएको छ ।

मर्जरपछि बैङ्कको एकीकृत सम्पत्ति तीन खर्ब ४० अर्ब रुपियाँ नाघेको छ । संयुक्त चुक्ता पुँजी २३ अर्ब रुपियाँ माथि पुगेको छ भने बैङ्कको कुल निक्षेप दुई खर्ब ८४ अर्ब रुपियाँ र बैङ्कको एकीकृत कर्जा दुई खर्ब ५३ अर्ब रुपियाँ रहेको बैङ्कले जनाएको छ ।

## मलेसियाका श्रमिकको समस्या समाधान

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

पूर्वनिर्धारित काममा नलगाई मलेसियममा बन्धक बनाइएका भनिएका नेपाली श्रमिकको उद्धार तथा पुनर्स्थापना भएको मलेसियास्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासका अनुसार मलेसियाको प्लान्टेसनसम्बन्धी कम्पनीमा काम गर्ने १३ जना र कुखुरा आपूर्ति गर्ने कम्पनीमा काम गर्ने २८ जना नेपाली श्रमिक समस्यामा परेका थिए । मलेसियाका लागि नेपाली राजदूत दिल्लीराज पौडेलका अनुसार प्लान्टेसन क्षेत्रमा काम गर्ने भनेर पीआरएस फरेस्ट म्यानेजमेन्ट कम्पनीमा रोजगारीका लागि पुगेका १३ जना नेपालीले करारअनुसार काम तथा तलबसहित सेवासुविधा पाएका थिएनन् ।

श्रमिकले दूतावासमा गुनासो गरेपछि समस्याका बारेमा दूतावासले उक्त कम्पनीमा पठाउने म्यानपावर कम्पनीका प्रतिनिधि, रोजगारदाता र श्रमिक स्वयंसँग छलफल गरेर समस्या समाधान भएको राजदूत पौडेलले जानकारी दिनुभयो ।


म्यानपावर कम्पनी, रोजगारदाता, मलेसियन प्रहरीलगायतसँगको समन्वय र छलफलबाट समाधान भएको उहाँले बताउनुभएको छ ।

रोजगारदाता कम्पनीका मलेसियन एजेन्टले केलाङ सहरको एक भवनमा लगेर बन्धक बनाएका १३ जनामध्ये छ जना मङ्गलबार नेपाल फर्किएका छन् । बाँकी सात जना आउँदो शुक्रबार स्वदेश फर्किने दूतावासले जनाएको छ ।

कुखुरा आपूर्ति गर्ने कम्पनी होङ टिज इन्टरप्राइजेज कम्पनीमा काम गर्ने २८ जना युवाको पनि व्यवस्थापन भएको जनाइएको छ । दूतावासका अनुसार ती युवामध्ये सात जना बुधबार स्वदेश फर्किंदै छन् भने नौ जना पुनः त्यही काममा फर्किएका छन् । १२ जनाले स्वदेश फर्किने वा पुनः सोही काममा फर्किनेबारे निर्णय गरिसकेका छैनन् ।

होङ टिज इन्टरप्राइजेज कम्पनीमा काम गर्ने २८ जना नेपाली युवालाई कामका सिलसिलामा गालीगलौज तथा कुटपिट भएको दूतावासले जनाएको छ । रोजगारीका लागि गएको भदौ २३ गते उक्त कम्पनीमा पुगेका ती युवालाई कुटपिट भएपछि कम्पनीबाट निकालेर अन्यत्र ठाउँमा राखेको गुनासो म्यानपावर कम्पनीका प्रतिनिधि र श्रमिकले दूतावासमा राखेका थिए ।

श्रमिकमाथि कुटपिट गर्नेलाई मलेसियन प्रहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको सूचना दूतावासमा प्राप्त भएको राजदूत पौडेलले जानकारी दिनुभयो ।


माघ महिनाको मधुपर्क

- शहीदको सम्झनामा केही कविता
- माघीको अपनत्व र महत्वबारे डा. वीणा पौड्यालको आलेख
- समालोचनामा प्रोटोनिज्म सिद्धान्तबारे जेक मरिनाजको दृष्टिकोणको नेपाली अनुवाद
- दिलिप शाह, ध्रुव मधिकर्मी, डा. रवीन्द्र समीर, पुरुषोत्तम दाहाल, दीपेन्द्र दोङ तामाङ आदिका कथा, लघुकथा
- वंशी श्रेष्ठ, हरि अधिकारी, ज्ञान उदास, कृसु क्षेत्री, केशवराज आमोदी, रमेश श्रेष्ठ, महेश रेग्मी आदिका कविता, मुक्तक
- जयदेव गौतम, युवराज नयाँघरे, ज्ञानेन्द्र विवशका निबन्ध, संस्मरण

बजारमा

साथै नियमित स्तम्भसहित


## बजेट ल्याउन नसक्दा काम प्रभावित

**रौतहट समाचारदाता**
*रौतहट, पुस २६ गते*




आर्थिक वर्षको आधा अवधि पूरा हुन लाग्दा पनि रौतहटको बौधीमाई नगरपालिकाले हालसम्म चालू आर्थिक वर्ष २०७९/८० को बजेट ल्याउन नसक्दा नगरपालिकाद्वारा गरिने सम्पूर्ण काम प्रभावित बनेको छ ।

नगरपालिकाका विभिन्न समिति तथा उपसमिति गठन प्रक्रियामा कार्यपालिकाका सदस्यबीच मतभेद हुँदा नगर सभा नै सम्पन्न हुन सकेको छैन । नगर सभाले बजेट पारित गर्न नसकेपछि पालिकाका सम्पूर्ण काम प्रभावित बनेका छन् । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले असार १० गतेभित्र नीति तथा कार्यक्रम प्रस्तुत गरी बजेट ल्याउनुपर्ने प्रावधान छ । उक्त बजेट असार मसान्तभित्र बहुमत सदस्यबाट पारित गर्नुपर्छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामेश्वरराय यादवका अनुसार चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्न नगर सभा हुनुभन्दा अघि आठ पटकसम्म कार्यपालिकाको बैठक बस्यो । बैठकमा आर्थिक समिति, सामाजिक समिति, पूर्वाधार विकास समितिलगायत पाँचवटा मूल समिति र सातवटा उपसमिति गठन प्रक्रियामै कार्यपालिका सदस्यबीच मतभेद भएपछि नगर सभा प्रभावित भई बजेट रोकिएको हो ।

बजेट पारित नहुँदा पालिकाको दैनिक कार्य, आर्थिक तथा विकास निर्माणलगायतका सम्पूर्ण कार्य लथालिङ्ग छन् । शिक्षक र पालिकाका कर्मचारीले छ महिनादेखि तलब पाएका छैनन् भने विद्यालयका बालबालिका दिवा खाजाबाट वञ्चित छन् । पालिकाको विकास निर्माणको काम ठप्प छ । जिल्ला शिक्षक सङ्घका अध्यक्ष रामकृपाल यादव भन्नुहुन्छ, "लामो समयदेखि तलब खान नपाएपछि शिक्षक विद्यालय जान आलटाल गर्न थालेका छन् भने खाजाविहीन बालबालिका विद्यालय जान नै छोडेका छन् ।"

कार्यपालिका सदस्यहरूले पालिकाको ६० प्रतिशतभन्दा बढी बजेट माग गरेपछि बजेट पास हुन नसकेको नगरप्रमुख प्रदीप यादवको भनाइ छ । उहाँका अनुसार नगर सभा सम्पन्न गर्न आठ पटकसम्म कार्यपालिकाको बैठक बोलाइयो । बैठकमा सदस्यहरूको बीचमा समन्वय हुन सकेन ।

# बढ्यो कारोबार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

लगातार सुधारिएर २२ सयको बिन्दु नाघेको सेयर बजार परिसूचक मङ्गलबार फेरि ओरालो लागेको छ। नेप्से ओरालो लागे पनि कारोबार रकम सात अर्ब माथि रहेको छ। तेस्रो दिन सेयर बजारमापक नेप्से परिसूचक २१.३४ अङ्कले ओरालो लागेर २१९०.४२ को बिन्दुमा पुगेर रोकिएको छ। सेन्सेटिभ इन्डेक्स पनि ०.७७ अङ्कले ओरालो लागेर ४१९.१४ को बिन्दुमा पुगेर रोकिएको छ। समग्रमा तेस्रो दिनको नेप्से ०.९६ प्रतिशत र सेन्सेटिभ इन्डेक्स पनि ०.१८ प्रतिशतले ओरालो लागेको छ।

निरन्तर सुधारिएको सेयर बजारले २२ सयको बिन्दु नाघेको थियो। साताको दोस्रो दिन नेप्से परिसूचक ४७ अङ्कले उकालो लागेको थियो भने कारोबार रकमले पाँच अर्ब नाघेको थियो। सोमबार नेप्से परिसूचक ४७.१५ अङ्कले उकालो लागेर २२११.७६ को बिन्दुमा पुगेर रोकिएको थियो। सेन्सेटिभ इन्डेक्स पनि ८.६८ अङ्कले उकालो लागेर ४१९.९१ को बिन्दुमा पुगेर रोकिएको थियो। समग्रमा दोस्रो दिनको नेप्से २.१८ प्रतिशत र सेन्सेटिभ इन्डेक्स पनि २.११ प्रतिशतले उकालो लागेको थियो।

मङ्गलबार २५४ कम्पनीको दुई करोड आठ लाख ४३ हजार ९५२ कित्ता सेयर एक लाख नौ हजार ९६७ पटक खरिदबिक्री हुँदा सात अर्ब ६५ करोड ८८ लाख २३ हजार ५७९ रुपियाँ बराबरको सेयर कारोबार भएको छ। जुन अघिल्लो दिनको तुलनामा दुई अर्ब ३४ करोड रुपियाँले बढी हो।

सोमबार २५७ कम्पनीको एक करोड ४६ लाख ७६ हजार २०६ कित्ता सेयर ७४ हजार ५४३ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ३१ करोड ४३ लाख सात हजार ८५३ रुपियाँ बराबरको सेयर कारोबार भएको थियो। मङ्गलबार २१ करोड २१ लाख एक हजार ४३६ रुपियाँ बराबरको सेयर कारोबार भएर डादी ग्रुप पावर शीर्ष स्थानमा पुगेको छ। अपि पावरको २० करोड ६७ लाख आठ हजार ६९२ रुपियाँ, एनआईसी एसिया बैङ्कको १६ करोड ७२ लाख ४३ हजार २३३ रुपियाँ र शिवम् सिमेन्टको १६ करोड ३४ लाख २९ हजार ४९० रुपियाँ बराबरको सेयर कारोबार भएको छ।

## प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

### प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पाँचौँ तहका विभिन्न सेवा समूहका प्राविधिक तर्फका पदहरूको बुढवाद्वारा पदपूर्ति हुने पद सङ्ख्या सम्बन्धी सूचना

**सूचना नं. २०/२०७९-०८०** **मितिः- २०७९।०९।२७**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम सुदूरपश्चिम प्रदेश र अन्तर्गत निकायमा रिक्त रहेका पदहरूको पदपूर्तिका लागि प्राप्त माग र कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेशस्थित स्थानीय तहहरूमा रिक्त रहेका पदहरूको पदपूर्तिका लागि विभिन्न स्थानीय तहहरूबाट प्राप्त माग सङ्ख्याको प्रतिशत निर्धारण गरी कायम भएका अन्तरसेवा, आ.प्र. र बढुवाद्वारा पूर्ति हुने पद सङ्ख्याको विवरण आयोगको अभिलेखमा सुरक्षित राखिएको छ। बढुवा तर्फका उक्त पदहरूको पदपूर्ति प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

### प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पाँचौँ तहका विभिन्न सेवा समूहका प्राविधिक तर्फका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. २१/२०७९-०८०** **मितिः- २०७९।०९।२७**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम सुदूरपश्चिम प्रदेश र अन्तर्गत निकाय र कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेशस्थित स्थानीय तहहरूमा रिक्त भएका देहायका पदहरूमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | विज्ञापनको किसिम | पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५०१/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल | खुला | २ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे | | १ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल | | २० | |
| २ | ५०२/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल | महिला | १ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे | | १ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल | | २० | |
| ३ | ५०३/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल | आ.ज. | ४ | |
| ४ | ५०४/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल | दलित | १ | |
| ५ | ५०५/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ एन्ड आर्किटेक्ट | खुला | ३ | |
| ६ | ५०६/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ एन्ड आर्किटेक्ट | महिला | १ | |
| ७ | ५०७/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ एन्ड आर्किटेक्ट | दलित | १ | |
| ८ | ५०८/०७९-८० | प्राविधिक सहायक, कृषि, कृषि प्रसार | खुला | ४ | |
| | | प्राविधिक सहायक, कृषि, वागवानी | | ५ | |
| | | प्राविधिक सहायक,कृषि, बाली विकास | | १ | |
| | | प्राविधिक सहायक, कृषि, बाली संरक्षण | | १ | |
| | | प्राविधिक सहायक, कृषि, माटो विज्ञान | | १ | |
| | | प्राविधिक सहायक, कृषि | | १७ | |
| ९ | ५०९/०७९-८० | प्राविधिक सहायक, कृषि, वागवानी | महिला | १ | |
| १० | ५१०/०७९-८० | प्राविधिक सहायक, कृषि, मत्स्य | खुला | २ | |
| | | पशु सेवा प्राविधिक,कृषि, ला.पो.एन्ड डे.डे. | | १९ | |
| | | पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | | २४ | |
| ११ | ५११/०७९-८० | प्राविधिक सहायक, कृषि, मत्स्य | महिला | १ | |
| १२ | ५१२/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | खुला | ९ | |
| | | रेन्जर, वन, स्वायल एन्ड वाटर कन्जर्भेसन | | १ | |
| १३ | ५१३/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | महिला | २ | |
| | | रेन्जर, वन, स्वायल एन्ड वाटर कन्जर्भेसन | | १ | |
| १४ | ५१४/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | दलित | १ | |
| १५ | ५१५/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | थारु/राना थारु | १ | |
| १६ | ५१६/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | आर्थिक रूपले विपन्न खस आर्य | १ | |
| १७ | ५१७/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | आ.ज. | १ | |
| १८ | ५१८/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | पि.क्षे. | १ | |
| १९ | ५१९/०७९-८० | कम्प्युटर अपरेटर, विविध | खुला | ८ | |
| २० | ५२०/०७९-८० | कम्प्युटर अपरेटर, विविध | महिला | १ | |
| २१ | ५२१/०७९-८० | कम्प्युटर अपरेटर, विविध | दलित | १ | |
| २२ | ५२२/०७९-८० | प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | खुला | ४ | |
| २३ | ५२३/०७९-८० | प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | महिला | ६ | |
| २४ | ५२४/०७९-८० | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | खुला | ३ | |
| २५ | ५२५/०७९-८० | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | महिला | १ | |
| २६ | ५२६/०७९-८० | कविराज/आयुर्वेद सहायक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | खुला | ३ | |
| २७ | ५२७/०७९-८० | हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. | खुला | २३ | |
| २८ | ५२८/०७९-८० | हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. | महिला | १० | |
| २९ | ५२९/०७९-८० | हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. | आ.ज. | २ | |
| ३० | ५३०/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | खुला | २ | |
| **कुल जम्मा** | | | | **२१३** | |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता।

**लिखित परीक्षा मितिः-** पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ४००।- (चार सय) बुझाउनुपर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. २००।-(दुई सय) थप दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफुले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय वाणिज्य बैंक Select गर्ने र Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी भुक्तानी गर्ने।

**Online Payment (Connect IPS)** बाट दरखास्त दस्तुर भुक्तानी गर्न Online Payment, Select गरी Next मा Click गर्ने, त्यस पछि Connect IPS Login गरी तोकिएको रकम बुझाउनुपर्नेछ।

**बैंक भौचरबाट दरखास्त दस्तुर भुक्तानी गर्नः** Offline Payment Select गरी Next मा Click गर्ने, त्यसपछि Voucher Generate मा Click गर्ने, र भौचर Print गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ।

**(नोटः- CONNECTIPS को Direct URL www.connectips.com बाट तथा बैंकको भौचर प्रयोग गरी गरिएको रकम भुक्तानी मान्य हुनेछैन।**

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको **Master ID** र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** विद्युतीय दरखास्त पेस गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरि शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग ,हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। तोकिएको Format मा कागजात पेस नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ। प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ को दफा १२ बमोजिम दरखास्त पेस नभएमा वा लापरवाही तरिकाले पेस गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बाहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७९।१०।१७ गते सम्म र दोब्बर दस्तुर तिरी २०७९।१०।२४ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-** पुरुष उम्मेदवारको हकमा २०७९।१०।१७ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।

स्वास्थ्य सेवाका पदको हकमा वि.सं. २०७९।१०।१७ सम्म १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको। साथै बहालवाला स्थायी निजामती सेवाका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता परीक्षा हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

**सेवा, सर्त र सुविधाः-** प्रदेश तथा स्थानीय तहको प्रचलित कानून बमोजिम हुनेछ।

**सेवा सम्बन्धी मन्त्रालय/स्थानीय तह-** सेवा, समूह, उपसमूह सञ्चालन गर्ने सम्बन्धित प्रदेश मन्त्रालय/ स्थानीय तह ।

### आवश्यक न्यूनतम शैक्षिक योग्यताः

१. **सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२. **सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३. **सब-इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ एन्ड आर्किटेक्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
४. **प्राविधिक सहायक, कृषि, कृषि/कृषि प्रसार/ वागवानी/बाली विकास/बाली संरक्षण/माटो विज्ञान :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
५. **प्राविधिक सहायक, कृषि, मत्स्य :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशुविज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशुविज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
६. **पशु सेवा प्राविधिक, कृषि, ला.पो. एन्ड डे.डे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
७. **पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
८. **रेन्जर, वन, जनरल फरेस्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेस्ट मेन्सुरेसन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
९. **रेन्जर, वन, स्वायल एन्ड वाटर कन्जर्भेसन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१०. **कम्प्युटर अपरेटर, विविध :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त। वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि सञ्चालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त।
११. **प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१२. **पब्लिक हेल्थ नर्स, स्वास्थ्य, प.हे.न. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण
१३. **कविराज/आयुर्वेद सहायक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१४. **हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।
१५. **स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

### खुला तथा समावेशी परीक्षाका लागि विशेष सूचना

(१) खुला तथा समावेशी विज्ञापनमा दरखास्त दिने उम्मेदवार निजामती सेवा ऐन, २०४९ को दफा १०, प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
(२) खुला र समावेशी तर्फको लिखित परीक्षा एकै सिटिङ एकै मिति र समयमा हुनेछ। (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहका लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन।)
(३) खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ठ प्रकाशन गरिनेछ।
(४) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुन अगाडि प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तहहरूको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।
(५) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकता क्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
(६) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
(७) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) र उम्मेदवारले रोजेको प्रदेश तथा स्थानीय तहहरूको प्राथमिकता क्रम (Priority Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

### समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
ख) **मधेसीका हकमा** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।
ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
घ) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०५३ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचय पत्र।
ङ) **थारू/राना थारूको हकमा** राष्ट्रिय थारू आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारू आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
च) **आर्थिक रूपले विपन्न खस आर्यको हकमा** गरीब परिचय पत्र वा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य भनी प्रमाणित गराएको कागजात।
छ) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात।

### द्रष्टव्य :

क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
ख) समान पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले समान पदमा दरखास्त दिन पाइने छैन।
ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।
ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफूले दरखास्त दिएको सेवा समूह सम्बन्धी परिषद्मा दर्ता हुनुपर्ने पदहरू भएमा सो परिषद्मा दर्ता/नवीकरण भएको प्रमाणपत्रको सक्कल प्रति, स्तर वृद्धि भएको भए स्तर वृद्धि भएको पत्र तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।
च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेस गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेस गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेस गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।
छ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।
ज) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ।
झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
ञ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ।
ट) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ।
ठ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

**सम्पर्कः ०९१-५२७६००, Website:- http://psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com**

## रेश्मा सम्मानित



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

कमला कार्की स्मृति प्रतिष्ठानले आफ्नो आठौँ स्मृति दिवसमा मङ्गलबार राष्ट्रिय भलिबल खेलाडी रेश्मा भण्डारीलाई सम्मान गरेको छ। सो प्रतिष्ठानले प्रत्येक वर्ष क्षेत्रबाट राष्ट्रको मान, सम्मान र प्रतिष्ठा अन्तर्राष्ट्रियस्तरमा उँचो पार्न विशेष योगदान गर्ने व्यक्तिलाई सम्मान गर्दै आएको छ।

प्रतिष्ठानले भलिबल खेलाडी रेश्मालाई नगद १५ हजार एक रुपियाँ र प्रशंसापत्र प्रदान गरी सम्मान गऱ्यो। प्रतिष्ठानले भलिबल खेलाडी भण्डारीसँगै पत्रकारितातर्फ दी राइजिङ नेपालकी मञ्जिमा ढकाल, कलाकारतर्फ सितारवादक सीतामैयाँ राजवललाई पनि नगद पुरस्कारसहित सम्मान गरेको थियो।

## जुनियर उसु प्रतियोगिता हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

कालभैरव उसु क्वानले माघ ९ देखि ११ गतेसम्म त्रिपुरेश्वरस्थित सेमी कभर्ड हलमा प्रथम ग्रिनफिल्ड उपत्यकाव्यापी खुला जुनियर उसु प्रतियोगिता आयोजना गर्ने भएको छ। प्रतियोगितामा ४० भन्दा बढी क्वानका करिब तीन सय खेलाडी सहभागी हुने कार्यक्रमका संयोजक अमर पुलामीमगरले मङ्गलबार पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो। प्रतियोगितामा सान्सौ विधामा १८ र थाउलु विधामा १७ गरी कुल ३५ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ।

कालभैरव उसु क्वानका अध्यक्ष निकेश श्रेष्ठले जुनियरबाटै भविष्यमा प्रतिभावान् खेलाडी पहिचान गर्न सकिने र अरूलाई पनि यस्तो प्रतियोगिता आयोजना गर्न उत्प्रेरित गर्ने उद्देश्यले यो प्रतियोगिता आयोजना गर्न लागिएको बताए। करिब नौ लाख ९४ हजार अनुमानित बजेटमा हुन लागेको कालभैरव उसु क्वानका कोषाध्यक्ष विजय सिञ्जालीले जानकारी गराउनुभयो। प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने टिमलाई सिल्ड तथा प्रमाणपत्र प्रदान गरिनुका साथै थाउलु र सान्सौ विधाका उत्कृष्ट महिला र पुरुष खेलाडीलाई ट्रफीसहित सम्मान गरिने क्वानका सचिव हरिप्रसाद गोलेले जानकारी दिनुभयो।

# विराटनगर फाइनलमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

विराटनगर सुपर किङ्स मङ्गलबार दोस्रो क्वालिफायरमा जनकपुर रोयल्सलाई ३९ रनले हराएर नेपाल टी–२० लिगको फाइनलमा पुगेको छ। विराटनगर सुपर किङ्सले बुधबार लुम्बिनी अल स्टार्सविरुद्ध उपाधि भिडन्त गर्नेछ ।

लिग चरणका दुवै खेलमा जनकपुरले विराटनगरलाई पराजित गरेको थियो। जनकपुरले महत्त्वपूर्ण खेलमा भने विराटनगरलाई हराउन सकेन। त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको विराटनगर सुपर किङ्सले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १६७ रनको योगफल तयार पारेको थियो। जनकपुर रोयल्स जवाफमा पाँच बलअघि नै १२८ रनमा अलआउट भयो। वेस्ट इन्डिजका अलराउन्डर राज नान्ननले अलराउन्ड प्रदर्शन गरेपछि पनि विराटनगरको जित सम्भव भयो।

१५औँ ओभरमा पाकिस्तानका हुसेन तलट ३१ रनमा आउट भएपछि क्रिजमा आएका राजले १८ बलमा तीन चौका र दुई छक्कासहित ३३ रनको विस्फोटक पालि खेलेपछि विराटनगरको पालि राम्रो भएको हो। विराटनगरको पालि राम्रो हुनुमा प्रारम्भिक ब्याट्सम्यानद्वय गौरांशु शर्मा र अर्जुन साउदको पनि महत्त्वपूर्ण भूमिका रह्यो। गौरांशुले ४१ बलमा ४२ र अर्जुनले २६ बलमा ३५ रन बनाउनुभयो। यी दुवैले समान दुई चौका र दुई छक्का प्रहार गर्नुभयो। लयमा रहेका कप्तान रोहित पौडेल भने एक रनमै आउट हुनुभयो।

जनकपुरका लागि तेज बलर जितेन्द्र मुखियाले दुई तथा सराफुद्दिन असरफ,




तस्बिर : विकास द्वारे

**विराटनगर सुपर किङ्सका ब्याट्सम्यान अर्जुन साउद मङ्गलबार जनकपुर रोयल्सविरुद्ध ब्याटिङ गर्दै ।**

ललितनारायण राजवंशी र समिउल्लाह सिनवारीले एक/एक विकेट लिनुभयो।

जनकपुरले लक्ष्य पछ्याउने क्रममा राम्रो सुरुआत पाएको थियो। प्रारम्भिक असरफ चार रनमा छँदा रोहितको सीधा थ्रोमा रनआउट हुनुभयो। यद्यपि वेस्ट इन्डिजका दुई ब्याट्सम्यान ट्रेभन ग्रिफिथ र चाड्विक वाल्टनले दोस्रो विकेटका लागि ५६ रनको साझेदारी गरी जनकपुरलाई खेलमा फर्काउनुभएको थियो। विकेटकिपर ब्याट्सम्यान वाल्टनले ५१ रनको अर्धशतकीय पालि खेल्नुभयो। उहाँले ४७ बलको सामना गर्दै छ चौका प्रहार गर्नुभयो। कप्तान ग्रिफिथटले २४ बलमा चार चौका र एक छक्कासहित ३४ रन बनाउनुभयो। त्यसपछि भने खडक बोहरा (१४ बलमा १४ रन) बाहेक अन्य कुनै ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन नसकेपछि जनकपुरको पालि धराशायी भयो।

वेस्ट इन्डिजका बलर कियोन जोसेफ चार ओभरमा २७ रनसहित तीन विकेट लिएर सर्वाधिक सफल बलर बन्नुभयो। नन्दन यादव र राजले पनि दुई/दुई विकेट लिनुभयो। ब्याट र बल दुवैमा महत्त्वपूर्ण योगदान दिएपछि राज म्यान अफ दी म्याच पनि घोषित हुनुभयो। यसैगरी स्पिनर सूर्य तामाङ र हुसेनले पनि एक/एक विकेट लिनुभएको थियो।

## अन्तर्राष्ट्रिय फुटबलबाट बेल र लोरिसको सन्न्यास

**लन्डन,** पुस २६ गते। बेलायती फुटबलका महान् खेलाडीमध्ये एक मानिएका गारेथ बेलले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यासको घोषणा गर्नुभएको छ।

३३ वर्षीय बेलले पाँच पटक च्याम्पियन्स लिग उपाधि जित्नुभएको छ। सन् २०१३ मा रियल म्याड्रिडमा जाँदा बेल विश्वका सबभन्दा महँगा खेलाडी बन्नुभएको थियो। रियल म्याड्रिडमा बेल १३ करोड २० लाख डलरमा अनुबन्धित हुनुभएको थियो। त्यसपछि रियल म्याड्रिडमा बेल र क्रिस्टियानो रोनाल्डोको जोडी निकै घातक बनेको थियो।

बेल वेल्सको कप्तान पनि हुनुहुन्छ। वेल्सका लागि बेलले १११ खेल खेलेर ४१ गोल गर्नुभएको छ। बेलले आफ्नै ठूलो योगदानमा वेल्सलाई ६४ वर्षपछि विश्वकप फुटबल प्रतियोगितामा छनोट गराउनुभएको थियो। उहाँले कतार विश्वकपमा समूह चरणमा अमेरिकाविरुद्ध गोल पनि गर्नुभयो।

यसैगरी सन् २०१८ मा विश्वकप विजेता टिम फ्रान्सका गोलरक्षक ह्युगो लोरिसले पनि अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिनुभएको छ। उहाँले फ्रान्सका लागि १४५ खेल खेल्नुभएको छ। कतार विश्वकपमा फ्रान्स उपाधि रक्षा अभियानमा फाइनलमा अर्जेन्टिनासँग टाइब्रेकरमा हारेको थियो। सो टिमको कप्तानी लोरिसले नै गर्नुभएको थियो। ३६ वर्षीय लोरिसले व्यावसायिक फुटबलमा आफ्नो ध्यान केन्द्रित गर्ने बताउनुभएको छ। उहाँ अहिले टोटनहामसा आबद्ध हुनुहुन्छ। एपी



# न्यु डायमन्डलाई सफलता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

साबिक विजेता होङ्ग्वान्जी न्यु डायमन्ड युथ स्पोर्टस् क्लब सातौँ एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको अन्तिम चारमा स्थान बनाउन सफल भएको छ।

महिलातर्फ समूह 'ए'को मङ्गलबार भएको खेलमा न्यु डायमन्डले एभरेस्ट भलिबल क्लबमाथि २५–७, २५–१० र २५–१२ को सहज जित निकाल्दै छ अङ्कका साथ सेमिफाइनलमा स्थान बनाएको हो।

यस समूहबाट नेपाल पुलिस क्लबले पनि अन्तिम चारमा स्थान सुरक्षित गरिसकेको




छ। अब न्यु डायमन्ड र पुलिसबीचको खेलले समूह विजेताको टुङ्गो लाग्नेछ। आजै भएको महिलातर्फको अर्को खेलमा एपीएफले विजयी सुरुवात गरेको छ। एपीएफले गण्डकी प्रदेशलाई ३–० को जित निकाल्दै तीन अङ्क जोडेको छ। एपीएफले गण्डकीमाथि २५–१५, २५–१० र २५–११ अङ्कको जित निकालेको हो।

नेपाल भलिबल सङ्घको आयोजनामा भएको च्याम्पियनसिपको पुरुषतर्फको खेलमा नेपाल पुलिस क्लबले ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रलाई २५–१२, २५–२० र २५–११ ले पराजित गर्दै छ अङ्कका साथ अन्तिम आठमा स्थान सुरक्षित गर्न सफल भएको छ। यसअघि पुलिसले न्युटन भलिबल क्लबलाई पराजित गर्दै तीन अङ्क जोडेको थियो।

राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा भएको पुरुषकै अर्को खेलमा भारतीय खेलाडी सम्मिलित दावाँली मिलन क्लबले आफ्नो दोस्रो खेलमा मणिमुकुन्द भलिबल क्लबलाई ३–१ ले पराजित गर्दै अन्तिम आठमा स्थान बनाउन सफल भएको छ। दावाँलीले मणिमुकुन्दलाई २१–२५, २५–२१, २५–२२ र २५–२३ ले पराजित गरेको हो।

यस्तै अर्को पुरुषतर्फकै खेलमा गण्डकी प्रदेशले जित हात पारेको छ। गण्डकीले पहिलो पटक च्याम्पियनसिपमा सहभागिता जनाएको न्युटन भलिबल क्लबलाई २५–१२, २५–१७ र २५–२२ ले पराजित गर्दै तीन अङ्क जोडेको छ।

यस च्याम्पियनसिपबाट नेपाल भलिबल सङ्घले फागुनमा आयोजना गर्ने एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब लिग प्रतियोगिताका लागि आठ पुरुष र छ महिला क्लब छनोट हुनेछन्।

## एफसी खुमलटारमा क्यामरुनका खेलाडी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

पहिलो पटक शहीद स्मारक ए डिभिजन लिग खेल्ने क्रममा रहेको एफसी खुमलटारले क्यामरुनका दुई फरवार्ड मेसुके ओलुमोउ र स्टेफन विनोङसहित अर्का अफ्रिकी मिडफिल्डर थियोफोलिस आपोलाई पनि अनुबन्धित गरेको छ। मेसुके र विनोङको जोडीले केही वर्षदेखि नेपाली फुटबलमा आफ्नो प्रभुत्व जमाउँदै आउनुभएको छ। पछिल्लो 'ए' डिभिजन लिगमा यी दुवै खेलाडीले न्युरोड टिम (एनआरटी) बाट खेल्नुभएको थियो।

शहीद स्मारक ए डिभिजन लिगको नयाँ संस्करण फागुन १९ बाट सुरु हुँदै छ। यसपालिको ए डिभिजन लिग दोहोरो राउन्ड रोबिनका आधारमा हुनेछ।

# कला/साहित्य

## माघे सङ्क्रान्तिमा चाकु

**यलु जोशी**
*काठमाडौँ, पुस २६ गते*

माघेसङ्क्रान्तिको तयारीसँगै जाडोमा शरीर तताउनसमेत निकै उपयोगी मानिएको चाकुले यति बेला सबैलाई लोभ्याउने गरेको छ। माघेसङ्क्रान्तिमा खाइने प्रमुख परिकारमध्ये एक हो, चाकु। विशेष गरी काठमाडौँ उपत्यकामा नेवार समुदायले मौलिक र परम्परागत ढङ्गले चाकु बनाउने गरेको छ। काठमाडौँको असन, इन्द्रचोक, भक्तपुरका विभिन्न स्थान र ललितपुरको पाटनलगायत क्षेत्रका बासिन्दाले चाकु बनाउँदै आएका छन्।

पोसिलो चाकुलगायतका मिठाई बनाएर अन्नसँग साट्ने परम्परादेखि नै टोखामा चाकु बनाउने चलन पुर्खाले चलाएको स्थानीय ७७ वर्षीय चाकु व्यवसायी काशीलाल श्रेष्ठले बताउनुभयो। टोखाको पहिचान चाकुको परिकार बनाउने उहाँको पुर्ख्यौली व्यवसाय पुस्तान्तरण हुँदै पाँचौँ पुस्तासम्म आउँदा यसको चर्चा र खपतको दायरा पनि



उत्तिकै फराकिलो भएको छ। विशेषगरी माघेसङ्क्रान्तिका दिन उसिनेको सखरखण्ड, पिँडालु, घिउ, चाकु खाने परम्परा नेपालीका हरेक घरमा छ।

चाकु व्यवसायीले सादा चाकु, मसला चाकु, खुवा चाकु, स्पेसल चाकु, तिलको कालो, सेतो लडडु बनाउँछन्। चाकु उत्पादक बुद्धकुमार श्रेष्ठका अनुसार पछिल्लो समय मसलादार र स्पेसल चाकुको माग बढेको छ। मसलादार चाकुमा नरिवल मिसाइएको हुन्छ। विशेष चाकुमा नरिवल, खुवा, बदाम, काजु र गरम मसला मिसाइन्छ। मसला मिसाइएका विशेष चाकुको मूल्य अन्यभन्दा महँगो हुने




जानकारी श्रेष्ठले दिनुभयो। व्यवसायी श्रेष्ठका अनुसार ठूलो तामाको भाँडामा सखर–पानीलाई १२० देखि १३० डिग्री सेल्सियस तापक्रममा उमाल्ने र बाक्लो भएपछि त्यसलाई केही बेर चिसो बनाउन अर्को भाँडोमा खन्याउने गरिन्छ। त्यसपछि एउटा खम्बामा झुन्ड्याइएको किलामा अड्याएर चाकुको सुनौलो पहेँलो रङ आउन्जेल सरसर तानिन्छ। त्यसपछि प्याकिङ गरिन्छ। पकाएको सखर ज्यादै तातो हुने भएकाले चाकु बनाउन निपुण कालिगडले मात्र खम्बामा तान्ने काम गर्न सक्छन्।

संस्कृतिविद् चन्दा वज्राचार्यका अनुसार चिसो मौसममा चाकु खाँदा शरीरमा रोगसँग लड्ने क्षमता वृद्धि हुन्छ। माघेसङ्क्रान्तिमा काँचो घिउ र चाकु खाँदा शरीरलाई तापसँगै शक्ति प्राप्त हुने जानकारी दिँदै उहाँले भन्नुभयो, "अहिलेजस्तो लुगाको सहज अवस्था त्यति बेला थिएन। जाडो मौसममा मानिस चाकु प्रयोग गरेरै शरीर तातो बनाउँथे।" पोषणविद् डा. अरुणा उप्रेतीले चाकु खाँदा शरीरमा धेरै फाइदा हुनुका साथै रोगसँग लड्न सक्ने क्षमता विकास हुने जानकारी दिनुभयो। उहाँले बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मलाई जाडो महिनामा चाकु खुवाउनुपर्ने सुझाव दिनुभयो। बालबालिकालाई चिनीको साटो चाकु वा सखर दिन सके धेरै राम्रो हुने उहाँले बताउनुभयो।

कोरोना भाइरस सङ्क्रमणको जोखिमको यो अवस्थामा रोग प्रतिरोधात्मक क्षमता बढाउन चाकुको प्रयोग सबै उमेर समूहका मानिसका लागि उपयोगी हुने उहाँको सुझाव छ। चाकुमा चिसो मौसमले मानव शरीरमा पार्ने असरलाई रोकथाम गर्ने औषधीय गुण रहेकाले माघेसङ्क्रान्तिमा चाकु खानु सांस्कृतिक महत्त्वका साथै औषधि विज्ञानअनुसार पनि फाइदाजनक मानिन्छ। सुत्केरी महिला र शरीर कमजोर भएकाले चाकु खाएमा शरीरमा तागत दिने गर्छ।

## 'रिसाऊ बरु सहन्छु'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*



गायक शङ्कर थापा 'स्माइल' र गायिका शान्ति गजमेर सुनारको 'रिसाऊ बरु सहन्छु' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ।

गीतमा शब्द नवराज भुमरी आचार्यका छन्। सङ्गीत स्वयं थापाले भर्नुभएको छ। गीतमा उदयराज पौडेलले सङ्गीत संयोजन गर्नुभएको छ। भिडियोमा गायिका सुनार र प्रिन्स विश्वकर्माको अभिनय छ।

कालिञ्चोक वरपरका दृश्य समेटिएको भिडियोको छायाङ्कन सुजन श्रेष्ठले गर्नुभएको हो। प्रनव सुनार निर्माता रहेको गीतको भिडियो मुनाल शिशिर कोइरालाको निर्देशनमा तयार पारिएको हो।

**नेपाल राष्ट्र बैङ्क**

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०७९ साल पुस २७ गते (जनवरी ११, २०२३) बुधबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०.०० | रु १६०.१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३०.५६ | १३१.१६ |
| युरो | १ को रु. | १४०.२३ | १४०.८८ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १५८.९७ | १५९.७० |
| स्विस फ्रैङ्क | १ को रु. | १४१.८८ | १४२.५३ |
| अस्ट्रेलियन डलर | १ को रु. | ९०.०९ | ९०.५० |
| क्यानेडियन डलर | १ को रु. | ९७.५५ | ९८.०० |
| सिङ्गापुर डलर | १ को रु. | ९८.१२ | ९८.५७ |
| जापानी येन | १० को रु. | ९.९० | ९.९५ |
| चिनियाँ युआन | १ को रु. | १९.२७ | १९.३६ |
| साउदी अरब रियाल | १ को रु. | ३४.७७ | ३४.९३ |
| कतारी रियाल | १ को रु. | ३५.७५ | ३५.९१ |
| थाई भाट | १ को रु. | ३.९० | ३.९१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३५.५५ | ३५.७१ |
| मलेसियन रिङ्गिट | १ को रु. | २९.८६ | २९.९९ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को रु. | १२.५५ | १२.६१ |
| डेनिस क्रोनर | १ को रु. | १८.८५ | १८.९४ |
| हङकङ डलर | १ को रु. | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को रु. | ४२६.१० | ४२८.८७ |
| बहराइन दिनार | १ को रु. | ३४६.३१ | ३४७.९० |

**नोट:** यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# चर्चामा लोकदोहोरी गायक लामिछाने

**बुटवल समाचारदाता**
*बुटवल, पुस २६ गते*

पछिल्लो पुस्तामा नेपाली गीतसङ्गीत क्षेत्रका बहुचर्चित एवं सबैको मनमा बस्न सफल लोकदोहोरी गायक सरोज लामिछानेका गीत लोकप्रिय बन्दै गएका छन्।

सिन्धुपाल्चोकमा जन्मिएका गायक लामिछाने उत्तममणि र सावित्राका कान्छा छोरा हुनुहुन्छ। आफ्ना अब्बल सिर्जना र स्वरबाट नेपाली गीतसङ्गीतमा व्यावसायिक रूपमा सफल लामिछाने नेपाली आमदर्शकको रोजाइमा पर्नुभएको छ। यसै कारण साङ्गीतिक स्टेज सोहरूमा उहाँलाई रुचाइएको छ।

साङ्गीतिक बजारमा नेपाली लोकगीतले छुट्टै स्थान हासिल गरिसकेको छ। उहाँले पछिल्लो समय चन्द्रागिरिमा गीत सार्वजनिक गर्नुभएको छ। सो गीतको शब्द र सङ्गीत लामिछानकै हो



भने आरके मिलनले यसको एरेन्ज गर्नुभएको छ। दर्शकले यो गीत सरोज लामिछाने नामक युट्युब च्यानलबाट हेर्न सक्नेछन्।

यो गीत सरोज लामिछाने र मनकामना रोक्काको स्वरमा सजिएको छ। अमृत विश्वकर्माले नृत्य निर्देशन गर्नुभएको यस गीतमा प्रतिभा चाम्लिङको कोरियोग्राफी रहेको छ। गीतमा उनै प्रतिभा चाम्लिङ र शेखर रानाको जोडदार नृत्य छ।

लामिछानेका यसअघिका चर्चित गीत 'बदम खाको सुन्तला छोडाको', 'सालको पात हे माया', 'हे मेरो सानु', 'कोठा भाडा तिर्दिने मैले हो', 'मुसौरी', 'सान्दाजु', 'माछी कहाँ छ', 'दुई खोली दोभान', 'धानको बाला लसरी पसरी', 'मेरो माया मुरीका मुरी', 'जिन्दगी के छ र', 'बूढीकन्या' आदि हुन्।

यसैगरी दर्शक तथा श्रोताको माया पाएका लामिछानेका दुई सयभन्दा बढी गीत बजारमा आइसकेका छन्। उहाँ गायक मात्रै नभएर सञ्चारकर्मी पनि हुनुहुन्छ। उहाँले लामो समयदेखि रेडियो सिटी एफएममा 'स्वरका थुङ्गाहरू' कार्यक्रम सञ्चालन गर्दै आउनुभएको छ।

## गायक रोनितको 'दृष्टि'



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २६ गते*

युवा गायक रोनित खालिङ राईको स्वरमा समावेश 'दृष्टि' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ। पप शैलीको गीत गायक राई, पेम्बा र आकाशले मिलेर लेख्नुभएको हो। गीतमा पेम्बा र आकाशले सङ्गीत संयोजन गर्नुभएको छ। ग्रे म्याटर फिल्म्स्को प्रस्तुति रहेको गीतमा स्वयं गायक रोनित र तेन्जिन डोल्मा वज्राचार्य फिचर्ड हुनुहुन्छ।

विकास रञ्जितकारको छायाङ्कन र सम्पादन रहेको गीतको भिडियो दिवेज शाहले निर्देशन गर्नुभएको हो। गायक राईको युट्युब च्यानल 'रोनित खालिङ राई अफिसियल'मार्फत भिडियो सार्वजनिक गरिएको हो।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधानसम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्रि नं. १६६०–०१–९४४४४

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।




विराटनगर संस्करण | विचार | युगपुरुषको शासकीय कौशल | अन्तर्राष्ट्रिय फुटबलबाट बेल र लोरिसको सन्न्यास २४


वर्ष १२२ | अङ्क २४० | २०७९ साल पुस २७ गते बुधवार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४३ पोहेलागा ४ | 2023 January 11 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ



UNITED for Excellence



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समृद्धिको पथमा सँगै अघि बढ्दै

NEPAL INVESTMENT MEGA BANK LIMITED

www.nimb.com.np | Durbar Marg, Kathmandu | Phone: 01-4242530, 01-4228229 | info@nimb.com.np

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र


gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।



कोहलपुर संस्करण | विचार | युगपुरुषको शासकीय कौशल | अन्तर्राष्ट्रिय फुटबलबाट बेल र लोरिसको सन्न्यास २४

वर्ष १२२ | अङ्क २४० | २०७९ साल पुस २७ गते बुधवार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४३ पोहेलागा ४ | 2023 January 11 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ



हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।





विराटनगर संस्करण | विचार | युगपुरुषको शासकीय कौशल | अन्तर्राष्ट्रिय फुटबलबाट बेल र लोरिसको सन्न्यास २४



वर्ष १२२ | अङ्क २४० | २०७९ साल पुस २७ गते बुधबार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४३ पोहेलागा ४ | 2023 January 11 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ


# मनमोहनपछि ‘प्रचण्ड’लाई ऐतिहासिक समर्थन

**नारायण काफ्ले**
*काठमाडौँ, पुस २६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रतिनिधि सभामा अत्यधिक समर्थनसाथ विश्वासको मत पाउनुभएको छ। २७५ सदस्यीय प्रतिनिधि सभामा प्रधानमन्त्री ‘प्रचण्ड’ले २६८ मत पाउनुभयो। प्रधानमन्त्रीको विपक्षमा दुई साना दलका तर्फबाट दुई मत मात्र पऱ्यो।

‘प्रचण्ड’लाई सदनको दोस्रो ऐतिहासिक समर्थन हो। यसअघि नेकपा (एमाले)का तर्फबाट तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सदनमा रहेको उपस्थितिको शतप्रतिशत मत पाउनुभएको थियो। अधिकारीले २०५१ पुस ७ गते प्रतिनिधि सभामा भएको मतदानमा १९८ मत पाउनुभएको थियो। २०५ सदस्यीय तत्कालीन प्रतिनिधि सभामा मतदानमा उपस्थित सबै सदस्यको मत अधिकारीले पाउनुभएको थियो। सभाध्यक्षबाहेक उक्त मतदानका क्रममा छ सदस्य अनुपस्थित भएको प्रतिनिधि सभाद्वारा प्रकाशित संसदीय विवरण पुस्तिकामा उल्लेख छ।

२०५१ सालको राजनीतिक कालखण्डपछि उक्त ऐतिहासिक मत कुनै पनि प्रधानमन्त्रीले पाएका छैनन्। २८ वर्षपछि प्रधानमन्त्री प्रचण्डले सदनमा उपस्थित दुई जनाबाहेक सबैको मत पाउनुभएको हो। ‘प्रचण्ड’लाई आफ्नो दल नेकपा (माओवादी केन्द्र)बाहेक सदनका सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहित नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी दलले विश्वासको मत दिएका छन्। यस्तै प्रतिनिधि सभाका स्वतन्त्र सांसद अमरेशकुमार सिंह, योगेन्द्र मण्डल, लालवीर चौधरी र प्रभु साहले पनि प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिनुभएको छ।

प्रतिनिधि सभामा कांग्रेसका ८९, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका तीन सदस्य छन्। जसमध्ये कांग्रेसबाहेकका अन्य दलका सबै सदस्य उपस्थित थिए। नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले भने विपक्षमा मत दिनुभयो। कांग्रेस, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले भने प्रधानमन्त्रीको समर्थनमा विश्वासको मत दिए पनि सरकारमा सामेल नहुने संसद्‌बाटै घोषणा गरेका छन्। यसअघि पनि केही साना दलले संसद्‌बाट प्रधानमन्त्री चुन्ने क्रममा पक्षमा मत दिए पनि सरकारमा सहभागी भएका थिएनन्।

मतदानका क्रममा नेपाली कांग्रेसका तीन सदस्य भने अनुपस्थित हुनुभएको छ। अम्बिका बस्नेत, किशोरसिंह राठौर र मनोरमा शेरचन मतदानमा अनुपस्थित हुनुभएको हो। भ्रष्टाचार मुद्दामा निलम्बनमा परेका कारण कांग्रेसका टेकबहादुर गुरुङको मताधिकार छैन। सभाध्यक्षको भूमिकामा रहनुभएका ज्येष्ठ सदस्यले मताधिकार प्रयोग गर्न पाउनुहुन्न।

### राष्ट्रिय सहमतिको विकल्प छैन

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राष्ट्रिय सहमतिको विकल्प नभएको बताउनुभएको छ। मङ्गलबार प्रतिनिधि सभामा दलहरूसँग विश्वासको मत माग्दै उहाँले भन्नुभयो, “राष्ट्रका आधारभूत विषयमा म राष्ट्रिय सहमतिको विकल्प देख्दिनँ।”

प्रधानमन्त्री ‘प्रचण्ड’ले निषेध, अपमान र प्रतिशोध नभई, सहमति, सहकार्य र आपसी विश्वासको राजनीतिलाई अघि बढाउन प्रतिबद्ध रहेको बताउनुभयो। देशमा वामपन्थी र लोकतान्त्रिक शक्ति मिलेर नै परिवर्तन भएको भन्दै उहाँले भन्नुभयो, “१०४ वर्ष लामो राणा शासन होस् वा ३० वर्ष लामो पञ्चायती निरङ्कुशता, वाम–लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो। राष्ट्रिय सङ्कटका संवेदनशील क्षणहरूमा पनि वामपन्थी र लोकतान्त्रिक शक्ति एकै ठाउँमा उभिएका छौँ। हामी मिल्दा देश अगाडि गएको छ, नमिल्दा सङ्कटतिर।”

विस्तृत शान्ति सम्झौता, १२ बुँदे समझदारी, संविधान सभा र सङ्घीय लोकतान्त्रिक गणतन्त्र पनि सहकार्यकै परिणाम भएको प्रधानमन्त्री ‘प्रचण्ड’ले बताउनुभयो। उहाँका अनुसार देशको कायापलट गर्ने हो भने लगभग ६० खर्ब विकास खर्च जुटाउनुपर्छ। त्यसका लागि पनि विश्वासपूर्ण सहकार्य जरुरी छ। राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, प्रमुख आर्थिक विषय एवं रणनीतिक पूर्वाधारलगायतका विषयमा राष्ट्रिय सहमतिको विकल्प छैन।

उहाँले भन्नुभयो, “निरपेक्ष गरिबीमा रहेका झन्डै ५० लाख नेपालीलाई त्यहाँबाट निकाल्न, लाखौँ युवालाई विदेशबाट फर्काएर स्वदेशमै आत्मसम्मानको जीवन दिन पनि हामीबीच सहकार्य हुनैपर्छ। अब पहुँच होइन, विधिको शासन सुरु गर्नु छ।”

सरकारलाई समर्थन गरेका दलहरूबीच बनेको न्यूनतम साझा कार्यक्रम सरकार सञ्चालनको एउटा आधार बनेको प्रधानमन्त्रीले बताउनुभयो। सो अवसरमा प्रधानमन्त्री प्रचण्डले “भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सरल र सहज सार्वजनिक सेवाको प्रत्याभूति, सरकारी सेवामा ‘टाइम कार्ड’ र अनलाइन प्रणाली पनि सरकारका प्राथमिकता हुनेछन्,” भन्नुभयो।

- २०५१ सालमा मनमोहन अधिकारीले सदनमा उपस्थित सदस्यको शतप्रतिशत मत पाउनुभएको थियो । २८ वर्षपछि प्रधानमन्त्री प्रचण्डले उपस्थितमध्ये दुई जनाबाहेक सबै सदस्यको मत पाउनुभयो ।
- १०४ वर्ष लामो राणा शासन होस् वा ३० वर्ष लामो पञ्चायती निरङ्कुशता वाम-लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो ।
- प्रतिनिधि सभामा कांग्रेसका ८९, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका तीन सदस्य छन् ।



तस्बिर : सुजन गुरुङ

## सभामुखको निर्वाचन माघ ५ गते

**इश्वरचन्द्र झा**
*काठमाडौँ, पुस २६ गते*

प्रतिनिधि सभाका सभामुखको निर्वाचन माघ ५ गते हुने भएको छ। प्रतिनिधि सभाको मङ्गलबार बसेको बैठकमा ज्येष्ठ सदस्य पशुपतिशमशेर राणाले माघ ५ गते सभामुखको निर्वाचन गर्ने मिति तोक्नुभएको हो।

प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सभाको पहिलो बैठक पुस २५ गते बसेको थियो। बैठकको निर्देशनअनुसार अब सचिवालयका महासचिव डा. भरतराज गौतमले चुनावी कार्यतालिका प्रकाशन गर्नुहुनेछ। माघ ३ गते निर्वाचन कार्यतालिका प्रकाशन गर्न बैठकले नै निर्देशन दिएको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले माघ ३ गते सभामुखको निर्वाचनसम्बन्धी कार्यक्रम सार्वजनिक हुने बताउनुभयो। उहाँले भन्नुभयो, “माघ ४


» बाँकी पृष्ठ २ मा


## कांग्रेस विश्वासको मत दिएर प्रतिपक्ष

**अशोक अधिकारी**
*काठमाडौँ, पुस २६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच सोमबार साँझ भएको भेटवार्ताले नेपाली राजनीति नयाँ मोडतर्फ अघि बढेको छ। प्रधानमन्त्री ‘प्रचण्ड’को अनुरोधअनुरूप पार्टीभित्र फरक मत हुँदाहुँदै पनि सभापति देउवाले संसद्‌मा विश्वासको मत दिने निर्णय गराउनुभएको हो।

यससँगै प्रधानमन्त्री ‘प्रचण्ड’ र कांग्रेस सभापति देउवाबीच पुस १० गते पाँचदलीय गठबन्धन टुटेपछि बढेको अविश्वासको पनि अन्त्य भएको छ। कांग्रेस पदाधिकारीबीच मङ्गलबार बिहान भएको छलफलमा विश्वासको मत दिने विषयमा सहमति जुट्न नसकेपछि केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा सभापति देउवाले प्रधानमन्त्री ‘प्रचण्ड’लाई विश्वासको मत दिने प्रस्ताव गर्नुभयो। बैठकबाट उहाँको प्रस्ताव पारित भएपछि कांग्रेस संसदीय दलको बैठकबाट अनुमोदन गरिएको थियो। सभापति देउवाको प्रस्तावमा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री प्रकाशमान सिंह, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसी र केन्द्रीय सदस्य प्रदीप पौडेलले फरक मत राख्नुभएको छ।

महामन्त्री शर्माले भन्नुभयो, “पार्टीभित्र फरक मत, निर्णय कार्यान्वयनमा एकरूपता, कांग्रेस संसदीय दलबाट अनुमोदन भएको प्रस्ताव संसद्‌मा विश्वासको मत दिएर कार्यान्वयन भयो।”

### प्रमुख प्रतिपक्षी कांग्रेस

उपसभापति पूर्णबहादुर खड्काले समग्र मुलुकको परिस्थिति मूल्याङ्कन गर्दै नेपाली कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेको बताउनुभयो। उहाँले भन्नुभयो, “२०५१ सालमा पनि मनमोहन अधिकारीलाई विश्वासको मत दिएर नेपाली कांग्रेस प्रतिपक्षमा बसेको थियो। अहिले पनि प्रमुख प्रतिपक्षको भूमिका सुरक्षित छ भनेर बोलेरै भोट हालेका छौँ।”

खड्काले विश्वासको मत दिन कुनै सम्झौता नगरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “हामीले यो विशेष निर्णय गरेका हौँ। तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीलाई पनि त्यतिबेला मुलुकको विशिष्ट परिस्थितिलाई ध्यानमा राखेर विश्वासको मत दिएका थियौँ। अहिले पनि विशिष्ट परिस्थितिलाई बुझेर विश्वासको मत दिएका छौँ।”

उपसभापति खड्काले विश्वासको मत दिनु यो सरकार जोगिने र नजोगिनेसँग सम्बन्धित नरहेको बताउनुभयो। उहाँले नेपाली कांग्रेसले चुनावी अभियानका दौरानमा गरेका प्रतिबद्धताअनुरूप विश्वासको मत दिएको बताउनुभयो। उहाँले अहिले मुलुकको परिस्थितिको विश्लेषण गरेरै कांग्रेस यो निर्णयमा पुगेको पनि प्रस्ट पार्नुभयो। उहाँले मुलुकको आर्थिक अवस्था, मुलुकको जटिलता, संविधान र लोकतन्त्रको रक्षा, स्थिरता, शान्ति प्रक्रियालाई पूर्णता दिन जनतामाझ गरेका प्रतिबद्धता पूरा गर्न यो विशेष निर्णय भएको बताउनुभयो।

### प्रतिपक्षविहीन हो ?

प्रमुख प्रतिपक्षका रूपमा सदनमा बस्दै आएको नेपाली कांग्रेसले पनि विश्वासको मतको पक्षमा भाग लिएपछि संसद् प्रतिपक्षविहीन भएको बहस चलेको छ। विश्वासको मत दिएपछि नैतिक रूपमा प्रतिपक्ष भन्न नमिल्ने तर्क कतिपयले गरेका छन् तर संवैधानिक र कानुनी रूपमा भने स्पष्ट व्यवस्था छैन। राष्ट्रिय जनमोर्चा र नेमकिपाबाहेक अन्य दल सत्तापक्ष कि प्रतिपक्ष भन्ने बहस सतहमा आएको छ।

सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिकसम्बन्धी ऐनले सरकार गठनका क्रममा समर्थन गरेका बाहेकका दलका नेतालाई विपक्षी दलको नेतामा परिभाषित गरेको छ। विपक्षी दलको नेताको परिभाषामा ‘मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलबाहेक प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दस प्रतिशत वा सोभन्दा बढी सदस्य भएका दलहरूमध्ये सबैभन्दा बढी सदस्य भएको दल’ उल्लेख छ तर अन्य कानुनमा विश्वासको मत दिएमा प्रतिपक्षमा बस्न मिल्ने वा नमिल्ने भन्ने कुनै स्पष्ट व्यवस्था छैन।

- सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिकसम्बन्धी ऐनले सरकार गठनका क्रममा समर्थन गरेका बाहेक दलका नेतालाई विपक्षी दलको नेतामा परिभाषित गरेको छ ।

## हुलाकी सडक निर्माण अवरुद्ध

**भउचप्रसाद यादव**
*काठमाडौँ, पुस २६ गते*

वन तथा निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा हुलाकी सडक आयोजनाको काम अवरोध हुने भएको छ। हुलाकी सडक निर्देशनालयका अनुसार वन तथा निकुञ्जमा पर्ने २५० किलोमिटर सडकखण्डमा आयोजनाको काम अगाडि बढ्न सकेको छैन।

सो क्षेत्रमा आयोजनाको काम अगाडि बढ्न नसक्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न नहुने देखिएको छ। सडकमार्फत कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी तराई/मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्यसहित सरकारले हुलाकी राजमार्गलाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेर काम अगाडि बढाएको हो।

वन र निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा तथा केही वर्षयता कोभिड–१९ को महामारीका कारण निर्धारित समयमा काम सम्पन्न हुन नसक्ने देखिएको हुलाकी सडक निर्देशनालयको भनाइ छ। निर्देशनालयका प्रमुख धर्मेन्द्र झाले सम्बन्धित निकायले काम गर्ने अनुमति नदिँदा आयोजनाको काम अपेक्षित रूपमा अगाडि बढ्न नसकेको बताउनुभयो। उहाँले भन्नुभयो, “काम गर्न अनुमति नपाउँदा वन तथा निकुञ्ज क्षेत्रको २५० किलोमिटर क्षेत्रमा काम अगाडि बढाउन सकिएको छैन। जसले गर्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न नहुने देखिएको छ।”

पटकपटक आग्रह गर्दा पनि वन तथा निकुञ्ज क्षेत्रमा काम गर्न अनुमति पाउन नसकेको उहाँको भनाइ छ। सरकारले आर्थिक वर्ष २०७९/८० सम्ममा यस राजमार्गको निर्माण कार्य सम्पन्न गर्ने निर्धारित समय तय गरेको छ। अब आर्थिक वर्ष २०८२/८३ सम्म आयोजनाको म्याद थप गरी सो अवधिमा काम सम्पन्न गरिने उहाँको भनाइ छ। आयोजनाको अहिलेसम्मको भौतिक प्रगति ८२.५ प्रतिशत छ।


» बाँकी पृष्ठ २ मा



एभरेष्ट बैंक लि. उर्जा ऋणपत्र २०८९
निष्काशन तथा बिक्री खुल्ला २०७९ पुष २५ गते बाट ।
कुल निष्काशन २ अर्ब
अवधि १० वर्ष
एभरेष्ट उर्जा ऋणपत्र २०८९
प्रति कित्ता उर्जा ऋणपत्र रू.१०००/-
वार्षिक ब्याजदर ७.५०%
त्रैमासिक ब्याज भुक्तानी
एभरेष्ट बैंक
EVEREST BANK


## अनुदानका चुला भए बेवारिसे

सिमकोट गाउँपालिकाभित्र छनोटमा परेका सबै घरधुरीले चुलो पाएको भर्पाईसमेत कार्यालयमा पेस गरेका कारण सेवाग्राहीले चुलो पाएको विश्वासमा थियौँ । अब हामी यसको खोजी गर्छौं ।

**राजन रावत**
*हुम्ला, पुस २६ गते*

सिमकोटका बासिन्दाका लागि निःशुल्क उपलब्ध गराउन ल्याइएका ३५७ वटा सुधारिएका चुला नौ महिनादेखि खार्पुनाथमा बेवारिसे बनेका छन् । गत वैशाखमा ती चुलालाई सलिसल्लाबाट खच्चडमा ढुवानी गरिएको थियो । ढुवानीको जिम्मा पाएको कम्पनीले खार्पुनाथ गाउँपालिकामा थन्क्याइदिएपछि ती चुला बेवारिसे बनेका हुन् ।

खार्पुनाथ गाउँपालिकाकी कार्यपालिका सदस्य जसमती शाहीले सिमकोट गाउँपालिकाका लागि ल्याइएका चुला आफ्नो घरछेउमा बेवारिसे अवस्थामा राखिएको बताउनुभयो । “गत वैशाखमा ती ल्याइएका थिए । ती कसका लागि ल्याइएका हुन् भन्ने थाहा हुन सकेको छैन,” उहाँले भन्नुभयो ।

तीमध्ये ११७ थान खार्पुमा त्यत्तिकै मिल्काइएको छ भने २४० थाना ट्याक्टरमालिक कुल रावतले सिमकोट लगेको भए पनि हालसम्म कसैलाई दिनुभएको छैन। उहाँले ती चुलो खार्पुबाट ट्याक्टरमा राखी सिमकोट ल्याउनुभएको थियो। ती चुला आफ्नो घरमा राख्नुभएको छ।

उहाँले ती चुला ढुवानी गर्दाको भाडा र आफ्नो घरमा सुरक्षित राख्दाको घरभाडा नपाएको गुनासो गर्दै भन्नुभयो, “जबसम्म ढुवानी भाडा र घरभाडा हात पर्दैन, तबसम्म चुला कसैलाई पनि दिइँदैन।”

चुलामा ‘नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा लक्षित वर्गमा वितरण’ भनी लेखिएको छ । चुला सिमकोट गाउँपालिकाका लक्षित वर्गका लागि ल्याइएको भए पनि कुन वडा वा बस्तीका लागि ल्याइएका हुन् भन्ने यकिन भएको छैन । उता खार्पुमा खुला आकाशमुनि बेवारिसे बनाइएका चुला घामपानीका कारण खिया लागिसकेका छन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक रणबहादुर थापाले गत आर्थिक वर्ष २०७७/७८ मा सिमकोट गाउँपालिकाका लागि छनोट भएका घरधुरीका लागि टेन्डर प्रक्रियाद्वारा छनोट गरी ती चुला खरिद गरिएको बताउनुभयो । उहाँका अनुसार सिमकोटसम्म पुऱ्याउन जिम्मा लिएको कम्पनीले लक्षित वर्गलाई वितरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

उहाँले प्रतिचुलो आठ हजार पाँच सयका दरले एक हजार ११६ घरधुरीका लागि वितरणको जिम्मा गाल्भा निर्माण सेवासँग सम्झौता भएको जानकारी दिनुभयो । अझै ७५९ चुलाको अत्तोपत्तो छैन। सो कार्यक्रमका लागि केन्द्रले ९४ लाख ९४ हजार पाँच सय रुपियाँ लगानी गरेको छ । “सिमकोट गाउँपालिकाका छनोट भएका सबै घरधुरीले चुला पाएको भर्पाईसमेत कार्यालयमा पेस भएकाले सेवाग्राहीले चुलो पाएको विश्वासमा थियौँ,” उहाँले भन्नुभयो, “अब हामी यसको खोजी कार्य थाल्नेछौँ।”

सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले सोबारे सुरुमा आफूलाई केही पनि थाहा नभएको र धेरैले जिज्ञासा राख्न आएपछि फाइल खोज्ने क्रममा ती चुला वितरण कार्य सम्पन्न भइसकेको थाहा पाएको बताउनुभयो। “दुई वर्षअघि नै पाइसक्नुपर्ने चुला अझैसम्म कसैले पनि पाएको देखिएन। अब यसको छानबिन सुरु गर्छौं।”

खरिद तथा ढुवानीको जिम्मा पाएको गाल्भा निर्माण सेवाका प्रतिनिधि कृष्ण केसीले भौगोलिक विकटता र हिमपातका कारण सबै चुला हुम्लामा पुऱ्याउन नपाएको तर्क गर्दै विस्तृत कुरा गाउँपालिकाको कार्यालयमा गएर बुझ्न भन्नुभयो।



तस्बिर : राजन रावत

**खार्पुमा बेवारिसे रहेका सुधारिएका चुला ।**

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।



कोहलपुर संस्करण | विचार | युगपुरुषको शासकीय कौशल | अन्तर्राष्ट्रिय फुटबलबाट बेल र लोरिसको सन्न्यास २४

वर्ष १२२ | अङ्क २४० | २०७९ साल पुस २७ गते बुधबार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४३ पोहेलागा ४ | 2023 January 11 Wednesday | पृष्ठ : १२+४+४+४ | मूल्य : दस रुपियाँ

# मनमोहनपछि ‘प्रचण्ड’लाई ऐतिहासिक समर्थन

नारायण काफ्ले
*काठमाडौँ, पुस २६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रतिनिधि सभामा अत्यधिक समर्थनसाथ विश्वासको मत पाउनुभएको छ। २७५ सदस्यीय प्रतिनिधि सभामा प्रधानमन्त्री ‘प्रचण्ड’ले २६८ मत पाउनुभयो। प्रधानमन्त्रीको विपक्षमा दुई साना दलका तर्फबाट दुई मत मात्र पर्‍यो।

‘प्रचण्ड’लाई सदनको दोस्रो ऐतिहासिक समर्थन हो। यसअघि नेकपा (एमाले)का तर्फबाट तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सदनमा रहेको उपस्थितिको शतप्रतिशत मत पाउनुभएको थियो। अधिकारीले २०५१ पुस ७ गते प्रतिनिधि सभामा भएको मतदानमा १९८ मत पाउनुभएको थियो। २०५ सदस्यीय तत्कालीन प्रतिनिधि सभामा मतदानमा उपस्थित सबै सदस्यको मत अधिकारीले पाउनुभएको थियो। सभाध्यक्षबाहेक उक्त मतदानका क्रममा छ सदस्य अनुपस्थित भएको प्रतिनिधि सभाद्वारा प्रकाशित संसदीय विवरण पुस्तिकामा उल्लेख छ।

२०५१ सालको राजनीतिक कालखण्डपछि उक्त ऐतिहासिक मत कुनै पनि प्रधानमन्त्रीले पाएका छैनन्। २८ वर्षपछि प्रधानमन्त्री प्रचण्डले सदनमा उपस्थित दुई जनाबाहेक सबैको मत पाउनुभएको हो। ‘प्रचण्ड’लाई आफ्नो दल नेकपा (माओवादी केन्द्र)बाहेक सदनका सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहित नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी दलले विश्वासको मत दिएका छन्। यस्तै प्रतिनिधि सभाका स्वतन्त्र सांसद अमरेशकुमार सिंह, योगेन्द्र मण्डल, लालवीर चौधरी र प्रभु साहले पनि प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिनुभएको छ।

प्रतिनिधि सभामा कांग्रेसका ८९, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका तीन सदस्य छन्। जसमध्ये कांग्रेसबाहेकका अन्य दलका सबै सदस्य उपस्थित थिए। नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले भने विपक्षमा मत दिनुभयो। कांग्रेस, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले भने प्रधानमन्त्रीको समर्थनमा विश्वासको मत दिए पनि सरकारमा सामेल नहुने संसद्बाटै घोषणा गरेका छन्। यसअघि पनि केही साना दलले संसद्बाट प्रधानमन्त्री चुन्ने क्रममा पक्षमा मत दिए पनि सरकारमा सहभागी भएका थिएनन्।

मतदानका क्रममा नेपाली कांग्रेसका तीन सदस्य भने अनुपस्थित हुनुभएको छ। अम्बिका बस्नेत, किशोरसिंह राठौर र मनोरमा शेरचन मतदानमा अनुपस्थित हुनुभएको हो। भ्रष्टाचार मुद्दामा निलम्बनमा परेका कारण कांग्रेसका टेकबहादुर गुरुङको मताधिकार छैन। सभाध्यक्षको भूमिकामा रहनुभएका ज्येष्ठ सदस्यले मताधिकार प्रयोग गर्न पाउनुहुन्न।

- २०५१ सालमा मनमोहन अधिकारीले सदनमा उपस्थित सदस्यको शतप्रतिशत मत पाउनुभएको थियो। २८ वर्षपछि प्रधानमन्त्री प्रचण्डले उपस्थितमध्ये दुई जनाबाहेक सबै सदस्यको मत पाउनुभयो।
- १०४ वर्ष लामो राणा शासन होस् वा ३० वर्ष लामो पञ्चायती निरङ्कुशता वाम-लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो।
- प्रतिनिधि सभामा कांग्रेसका ८९, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका तीन सदस्य छन्।

### राष्ट्रिय सहमतिको विकल्प छैन

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राष्ट्रिय सहमतिको विकल्प नभएको बताउनुभएको छ। मङ्गलबार प्रतिनिधि सभामा दलहरूसँग विश्वासको मत माग्दै उहाँले भन्नुभयो, “राष्ट्रका आधारभूत विषयमा म राष्ट्रिय सहमतिको विकल्प देख्दिनँ।”

प्रधानमन्त्री ‘प्रचण्ड’ले निषेध, अपमान र प्रतिशोध नभई, सहमति, सहकार्य र आपसी विश्वासको राजनीतिलाई अघि बढाउन प्रतिबद्ध रहेको बताउनुभयो। देशमा वामपन्थी र लोकतान्त्रिक शक्ति मिलेर नै परिवर्तन भएको भन्दै उहाँले भन्नुभयो, “१०४ वर्ष लामो राणा शासन होस् वा ३० वर्ष लामो पञ्चायती निरङ्कुशता, वाम-लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो। राष्ट्रिय सङ्कटका संवेदनशील क्षणहरूमा पनि वामपन्थी र लोकतान्त्रिक शक्ति एकै ठाउँमा उभिएका छौँ। हामी मिल्दा देश अगाडि गएको छ, नमिल्दा सङ्कटतिर।”

विस्तृत शान्ति सम्झौता, १२ बुँदे समझदारी, संविधान सभा र सङ्घीय लोकतान्त्रिक गणतन्त्र पनि सहकार्यकै परिणाम भएको प्रधानमन्त्री ‘प्रचण्ड’ले बताउनुभयो। उहाँका अनुसार देशको कायापलट गर्ने हो भने लगभग ६० खर्ब विकास खर्च जुटाउनुपर्छ। त्यसका लागि पनि विश्वासपूर्ण सहकार्य जरुरी छ। राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, प्रमुख आर्थिक विषय एवं रणनीतिक पूर्वाधारलगायतका विषयमा राष्ट्रिय सहमतिको विकल्प छैन।

उहाँले भन्नुभयो, “निरपेक्ष गरिबीमा रहेका झन्डै ५० लाख नेपालीलाई त्यहाँबाट निकाल्न, लाखौँ युवालाई विदेशबाट फर्काएर स्वदेशमै आत्मसम्मानको जीवन दिन पनि हामीबीच सहकार्य हुनैपर्छ। अब पहुँच होइन, विधिको शासन सुरु गर्नु छ।”

सरकारलाई समर्थन गरेका दलहरूबीच बनेको न्यूनतम साझा कार्यक्रम सरकार सञ्चालनको एउटा आधार बनेको प्रधानमन्त्रीले बताउनुभयो। सो अवसरमा प्रधानमन्त्री प्रचण्डले “भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सरल र सहज सार्वजनिक सेवाको प्रत्याभूति, सरकारी सेवामा ‘टाइम कार्ड’ र अनलाइन प्रणाली पनि सरकारका प्राथमिकता हुनेछन्,” भन्नुभयो।



तस्बिर : सुजन गुरुङ

## सभामुखको निर्वाचन माघ ५ गते

इश्वरचन्द्र झा
*काठमाडौँ, पुस २६ गते*

प्रतिनिधि सभाका सभामुखको निर्वाचन माघ ५ गते हुने भएको छ। प्रतिनिधि सभाको मङ्गलबार बसेको बैठकमा ज्येष्ठ सदस्य पशुपतिशमशेर राणाले माघ ५ गते सभामुखको निर्वाचन गर्ने मिति तोक्नुभएको हो।

प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सभाको पहिलो बैठक पुस २५ गते बसेको थियो। बैठकको निर्देशनअनुसार अब सचिवालयका महासचिव डा. भरतराज गौतमले चुनावी कार्यतालिका प्रकाशन गर्नुहुनेछ। माघ ३ गते निर्वाचन कार्यतालिका प्रकाशन गर्न बैठकले नै निर्देशन दिएको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले माघ ३ गते सभामुखको निर्वाचनसम्बन्धी कार्यक्रम सार्वजनिक हुने बताउनुभयो। उहाँले भन्नुभयो, “माघ ४

» बाँकी पृष्ठ २ मा

## कांग्रेस विश्वासको मत दिएर प्रतिपक्ष

अशोक अधिकारी
*काठमाडौँ, पुस २६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच सोमबार साँझ भएको भेटवार्तालि नेपाली राजनीति नयाँ मोडतर्फ अघि बढेको छ। प्रधानमन्त्री ‘प्रचण्ड’को अनुरोधअनुरूप पार्टीभित्र फरक मत हुँदाहुँदै पनि सभापति देउवाले संसद्मा विश्वासको मत दिने निर्णय गराउनुभएको हो।

यससँगै प्रधानमन्त्री ‘प्रचण्ड’ र कांग्रेस सभापति देउवाबीच पुस १० गते पाँचदलीय गठबन्धन टुटेपछि बढेको अविश्वासको पनि अन्त्य भएको छ। कांग्रेस पदाधिकारीबीच मङ्गलबार बिहान भएको छलफलमा विश्वासको मत दिने विषयमा सहमति जुट्न नसकेपछि केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा सभापति देउवाले प्रधानमन्त्री ‘प्रचण्ड’लाई विश्वासको मत दिने प्रस्ताव गर्नुभयो। बैठकबाट उहाँको प्रस्ताव पारित भएपछि कांग्रेस संसदीय दलको बैठकबाट अनुमोदन गरिएको थियो। सभापति देउवाको प्रस्तावमा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री प्रकाशमान सिंह, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसी र केन्द्रीय सदस्य प्रदीप पौडेलले फरक मत राख्नुभएको छ।

महामन्त्री शर्माले भन्नुभयो, “पार्टीभित्र फरक मत, निर्णय कार्यान्वयनमा एकरूपता, कांग्रेस संसदीय दलबाट अनुमोदन भएको प्रस्ताव संसद्मा विश्वासको मत दिएर कार्यान्वयन भयो।”

### प्रमुख प्रतिपक्षी कांग्रेस

उपसभापति पूर्णबहादुर खड्काले समग्र मुलुकको परिस्थिति मूल्याङ्कन गर्दै नेपाली कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेको बताउनुभयो। उहाँले भन्नुभयो, “२०५१ सालमा पनि मनमोहन अधिकारीलाई विश्वासको मत दिएर नेपाली कांग्रेस प्रतिपक्षमा बसेको थियो। अहिले पनि प्रमुख प्रतिपक्षको भूमिका सुरक्षित छ भनेर बोलेरै भोट हालेका छौँ।”

खड्काले विश्वासको मत दिन कुनै सम्झौता नगरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “हामीले यो विशेष निर्णय गरेका हौँ। तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीलाई पनि त्यतिबेला मुलुकको विशिष्ट परिस्थितिलाई ध्यानमा राखेर विश्वासको मत दिएका थियौँ। अहिले पनि विशिष्ट परिस्थितिलाई बुझेर विश्वासको मत दिएका छौँ।”

- सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिकसम्बन्धी ऐनले सरकार गठनका क्रममा समर्थन गरेका बाहेक दलका नेतालाई विपक्षी दलको नेतामा परिभाषित गरेको छ।

उपसभापति खड्काले विश्वासको मत दिनु यो सरकार जोगिने र नजोगिनेसँग सम्बन्धित नरहेको बताउनुभयो। उहाँले नेपाली कांग्रेसले चुनावी अभियानका दौरानमा गरेका प्रतिबद्धताअनुरूप विश्वासको मत दिएको बताउनुभयो। उहाँले अहिले मुलुकको परिस्थितिको विश्लेषण गरेरै कांग्रेस यो निर्णयमा पुगेको पनि प्रस्ट पार्नुभयो। उहाँले मुलुकको आर्थिक अवस्था, मुलुकको जटिलता, संविधान र लोकतन्त्रको रक्षा, स्थिरता, शान्ति प्रक्रियालाई पूर्णता दिन जनतामाझ गरेका प्रतिबद्धता पूरा गर्न यो विशेष निर्णय भएको बताउनुभयो।

### प्रतिपक्षविहीन हो ?

प्रमुख प्रतिपक्षका रूपमा सदनमा बस्दै आएको नेपाली कांग्रेसले पनि विश्वासको मतको पक्षमा भाग लिएपछि संसद् प्रतिपक्षविहीन भएको बहस चलेको छ। विश्वासको मत दिएपछि नैतिक रूपमा प्रतिपक्ष भन्न नमिल्ने तर्क कतिपयले गरेका छन् तर संवैधानिक र कानुनी रूपमा भने स्पष्ट व्यवस्था छैन। राष्ट्रिय जनमोर्चा र नेमकिपाबाहेक अन्य दल सत्तापक्ष कि प्रतिपक्ष भन्ने बहस सतहमा आएको छ।

सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिकसम्बन्धी ऐनले सरकार गठनका क्रममा समर्थन गरेका बाहेकका दलका नेतालाई विपक्षी दलको नेतामा परिभाषित गरेको छ। विपक्षी दलको नेताको परिभाषामा ‘मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलबाहेक प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दस प्रतिशत वा सोभन्दा बढी सदस्य भएका दलहरूमध्ये सबैभन्दा बढी सदस्य भएको दल’ उल्लेख छ तर अन्य कानुनमा विश्वासको मत दिएमा प्रतिपक्षमा बस्न मिल्ने वा नमिल्ने भन्ने कुनै स्पष्ट व्यवस्था छैन।

## हुलाकी सडक निर्माण अवरुद्ध

भउचप्रसाद यादव
*काठमाडौँ, पुस २६ गते*

वन तथा निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा हुलाकी सडक आयोजनाको काम अवरोध हुने भएको छ। हुलाकी सडक निर्देशनालयका अनुसार वन तथा निकुञ्जमा पर्ने २५० किलोमिटर सडकखण्डमा आयोजनाको काम अगाडि बढ्न सकेको छैन।

सो क्षेत्रमा आयोजनाको काम अगाडि बढ्न नसक्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न नहुने देखिएको छ। सडकमार्फत कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी तराई/मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्यसहित सरकारले हुलाकी राजमार्गलाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेर काम अगाडि बढाएको हो।

वन र निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा तथा केही वर्षयता कोभिड-१९ को महामारीका कारण निर्धारित समयमा काम सम्पन्न हुन नसक्ने देखिएको हुलाकी सडक निर्देशनालयको भनाइ छ। निर्देशनालयका प्रमुख धर्मेन्द्र झाले सम्बन्धित निकायले काम गर्ने अनुमति नदिँदा आयोजनाको काम अपेक्षित रूपमा अगाडि बढ्न नसकेको बताउनुभयो। उहाँले भन्नुभयो, “काम गर्न अनुमति नपाउँदा वन तथा निकुञ्ज क्षेत्रको २५० किलोमिटर क्षेत्रमा काम अगाडि बढाउन सकिएको छैन। जसले गर्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न नहुने देखिएको छ।”

पटकपटक आग्रह गर्दा पनि वन तथा निकुञ्ज क्षेत्रमा काम गर्न अनुमति पाउन नसकेको उहाँको भनाइ छ। सरकारले आर्थिक वर्ष २०७९/८० सम्ममा यस राजमार्गको निर्माण कार्य सम्पन्न गर्ने निर्धारित समय तय गरेको छ। अब आर्थिक वर्ष २०८२/८३ सम्म आयोजनाको म्याद थप गरी सो अवधिमा काम सम्पन्न गरिने उहाँको भनाइ छ। आयोजनाको अहिलेसम्मको भौतिक प्रगति ८२.५ प्रतिशत छ।

» बाँकी पृष्ठ २ मा

एभरेष्ट बैंक लि. उर्जा ऋणपत्र २०८९
निष्काशन तथा बिक्री खुल्ला २०७९ पुष २५ गते बाट ।
कुल निष्काशन २ अर्ब
अवधि १० वर्ष
एभरेष्ट उर्जा ऋणपत्र २०८९
प्रति कित्ता उर्जा ऋणपत्र रू.१०००/-
वार्षिक ब्याजदर ७.५०%
त्रैमासिक ब्याज भुक्तानी
एभरेष्ट बैंक
EVEREST BANK

## अनुदानका चुला भए बेवारिसे

सिमकोट गाउँपालिकाभित्र छनोटमा परेका सबै घरधुरीले चुलो पाएको भर्पाईसमेत कार्यालयमा पेस गरेका कारण सेवाग्राहीले चुलो पाएको विश्वासमा थियौँ। अब हामी यसको खोजी गर्छौं।

राजन रावत
*हुम्ला, पुस २६ गते*

सिमकोटका बासिन्दाका लागि निःशुल्क उपलब्ध गराउन ल्याइएका ३५७ वटा सुधारिएका चुला नौ महिनादेखि खार्पुनाथमा बेवारिसे बनेका छन्। गत वैशाखमा ती चुलालाई सलिसल्लाबाट खच्चडमा ढुवानी गरिएको थियो। ढुवानीको जिम्मा पाएको कम्पनीले खार्पुनाथ गाउँपालिकामा थन्क्याइदिएपछि ती चुला बेवारिसे बनेका हुन्।

खार्पुनाथ गाउँपालिकाकी कार्यपालिका सदस्य जसमती शाहीले सिमकोट गाउँपालिकाका लागि ल्याइएका चुला आफ्नो घरछेउमा बेवारिसे अवस्थामा राखिएको बताउनुभयो। “गत वैशाखमा ती ल्याइएका थिए। ती कसका लागि ल्याइएका हुन् भन्ने थाहा हुन सकेको छैन,” उहाँले भन्नुभयो।

तीमध्ये ११७ थान खार्पुमा त्यत्तिकै मिल्काइएको छ भने २४० थाना ट्र्याक्टरमालिक कुल रावतले सिमकोट लगेको भए पनि हालसम्म कसैलाई दिनुभएको छैन। उहाँले ती चुलो खार्पुबाट ट्र्याक्टरमा राखी सिमकोट ल्याउनुभएको थियो। ती चुला आफ्नो घरमा राख्नुभएको छ।



तस्बिर : राजन रावत

**खार्पुमा बेवारिसे रहेका सुधारिएका चुला ।**

उहाँले ती चुला ढुवानी गर्दाको भाडा र आफ्नो घरमा सुरक्षित राख्दाको घरभाडा नपाएको गुनासो गर्दै भन्नुभयो, “जबसम्म ढुवानी भाडा र घरभाडा हात पर्दैन, तबसम्म चुला कसैलाई पनि दिइँदैन।”

चुलामा ‘नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा लक्षित वर्गमा वितरण’ भनी लेखिएको छ। चुला सिमकोट गाउँपालिकाका लक्षित वर्गका लागि ल्याइएको भए पनि कुन वडा वा बस्तीका लागि ल्याइएका हुन् भन्ने यकिन भएको छैन। उता खार्पुमा खुला आकाशमुनि बेवारिसे बनाइएका चुला घामपानीका कारण खिया लागिसकेका छन्।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक रणबहादुर थापाले गत आर्थिक वर्ष २०७७/७८ मा सिमकोट गाउँपालिकाका लागि छनोट भएका घरधुरीका लागि टेन्डर प्रक्रियाद्वारा छनोट गरी ती चुला खरिद गरिएको बताउनुभयो। उहाँका अनुसार सिमकोटसम्म पुर्‍याउन जिम्मा लिएको कम्पनीले लक्षित वर्गलाई वितरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

उहाँले प्रतिचुलो आठ हजार पाँच सयका दरले एक हजार ११६ घरधुरीका लागि वितरणको जिम्मा गाल्भा निर्माण सेवासँग सम्झौता भएको जानकारी दिनुभयो। अझै ७५९ चुलाको अत्तोपत्तो छैन। सो कार्यक्रमका लागि केन्द्रले ९४ लाख ९४ हजार पाँच सय रुपियाँ लगानी गरेको छ। “सिमकोट गाउँपालिकाका छनोट भएका सबै घरधुरीले चुला पाएको भर्पाईसमेत कार्यालयमा पेस भएकाले सेवाग्राहीले चुलो पाएको विश्वासमा थियौँ,” उहाँले भन्नुभयो, “अब हामी यसको खोजी कार्य थाल्नेछौँ।”

सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले सोबारे सुरुमा आफूलाई केही पनि थाहा नभएको र धेरैले जिज्ञासा राख्न आएपछि फाइल खोज्ने क्रममा ती चुला वितरण कार्य सम्पन्न भइसकेको थाहा पाएको बताउनुभयो। “दुई वर्षअघि नै पाइसक्नुपर्ने चुला अझैसम्म कसैले पनि पाएको देखिएन। अब यसको छानबिन सुरु गर्छौं।”

खरिद तथा ढुवानीको जिम्मा पाएको गाल्भा निर्माण सेवाका प्रतिनिधि कृष्ण केसीले भौगोलिक विकटता र हिमपातका कारण सबै चुला हुम्लामा पुर्‍याउन नपाएको तर्क गर्दै विस्तृत कुरा गाउँपालिकाको कार्यालयमा गएर बुझ्न भन्नुभयो।